# जनसङ्ख्या गतिशीलता



# जनसङ्ख्या गतिशीलता

जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल

National Forum of Parliamentarians on Population and Development, NFPPD - Nepal

अनामनगर, काठमाडौं

**यो पुस्तिका नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपालबाट सञ्चालन गरिने जनसङ्ख्या, स्वास्थ्य, विकास र जनसङ्ख्या व्यवस्थापन कार्यक्रमलाई उपलब्ध गराएको प्राविधिक तथा आर्थिक सहयोगबाट तयार गरिएको हो ।**


पहिलो संस्करण : २०७८ असार

छापिएको प्रति : १०००

प्रकाशक : जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल
(National Forum of Parliamentarians on Population and Development, NFPPD – Nepal)
अनामनगर, काठमाडौं ।

फोन नम्वर : ०१५७०६७३४

ईमेल : nfppd2071@gmail.com

वेबसाइट : https://nfppd.org.np/

सम्पादक : मा. दिलकुमारी रावल थापा (पार्वती)

सम्पादन सहयोग : रजत अधिकारी

प्रेस : क्रिएटिभ प्रेस प्रा.लि.
हँाडिगाँउ, काठमाडौं

फोन : ०१-४५२९०५३/५४



© जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल

# सम्पादकीय

विकासको मूलआधार मानवीय स्रोत हो । देशको कुनै पनि विकासका कार्यमा जनसङ्ख्यालाई आधार बनाई योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । जनसङ्ख्या एउटा गतिशील वहुआयामिक विषय हो । जन्म, मृत्यु र बसाइँसराइ जनसङ्ख्या वृद्धिका कारक तत्वहरू हुन् । जन्म र मृत्यु जैविक प्राकृतिक गुण हुन् भने बसाइँसराइ सामाजिक परिवर्तनको गुण हो । नेपालमा जनसङ्ख्या वृद्धिदर विगतका वर्षदेखि क्रमशः घट्दै आइरहेको छ तापनि जनसङ्ख्याको आकार लगातार वृद्धि भइरहेको छ । भौगोलिक हिसावले देशमा जनसङ्ख्याको वितरणमा विषम र असमानता देखिएको छ । गरिबीको दर घटिरहेको छ । विकासका सम्पूर्ण कार्यमा जनसाङ्ख्यिक सूचकलाई देशले नीति तथा योजना निर्माणमा प्रयोग गर्नुपर्दछ ।

मुलुकमा अव्यवस्थित शहरीकरणले गर्दा वातावरण अतिक्रमण भएको छ । देशमा असमान विकासको प्रवृत्तिले गर्दा भविष्यमा खतरा हुनसक्ने देखिन्छ । हाल मुलुकमा शहरीकरणको स्पष्ट वैज्ञानिक ढाँचाको प्रणालीगत शैलीको विकास भएको छैन । नेपालमा बसाइँसराइले गर्दा जनसङ्ख्या वितरणमा असमानता छ । हिमाल र पहाडबाट अधिकांश मानिसहरू तराईमा झरेका छन् । विगतको राजनीतिक द्वन्द्वका कारण मानिसहरू तराई र शहरमा विस्थापित भई एवं बसाइँ सरी बसेका छन् । शैक्षिक जनशक्ति तथा श्रमिक जनशक्ति रोजगार र अध्ययनका लागि विदेश पलायन भएका छन् । महिला र बालबालिकाप्रतिका हिंसाका घटनाहरू दिन प्रतिदिन बढ्दै गइरहेका छन् । विभिन्न जातजातिमा देखिएका परम्परागत बालविवाहका आवृत्तिहरू आशातित रूपले घट्न नसक्दा राज्यलाई थप चुनौती थपिएको छ । जनसङ्ख्याको सही व्यवस्थापन नहुँदा देशमा प्राकृतिक स्रोतको दोहन पनि भएको छ । वातावरणीय प्रदुषणको असरबाट हावापानी र मौसम परिवर्तन भई देश भूमण्डलीय तापक्रमको वृद्धिको मारमा परेको छ । विभिन्न प्रजातिका बिरूवा, जडिवुटी र जनावरहरू लोप भएका र लोप हुने स्थितिमा पुगेका छन् । कोभिड १९ को महामारीको अवस्थाले देशमा व्यवसाय, उद्योगहरू ठप्प भई बेरोजगारको सङ्ख्यामा वृद्धि भएको छ ।

अहिले संघीय शासन प्रणाली कार्यान्वयन गर्न मुलुक अग्रगामी दिशातर्फ उन्मुख छ । यस समयमा हाल राजनीतिक क्षेत्रमा बग्रेल्ती समस्याहरू देखिएका छन् । जनसङ्ख्या र विकासको सन्तुलनमा तादाम्यता देखिइरहेको छैन । विकासका कार्यमा जनसङ्ख्याको तथ्याङ्क र यसका भावी प्रक्षेपणको विश्लेषणका नतिजाहरूलाई देशले ध्यान नदिंदा विकासका कुनै पनि योजनाहरू दिगो हुन नसक्ने, अलपत्र हुने र गुणस्तरहीन भई लगानी खेरजाने चुनौतिको सामना गर्नुपरेको छ । राष्ट्रिय जनगणना २०७८ लाई सम्पन्न गर्न जनप्रतिनिधिहरूको ठुलो जिम्मेवारी रहन्छ । जनसङ्ख्या र दिगो विकासका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्माण गरेको २० वर्षे जनसङ्ख्या रणनीति कार्यान्वयन भइरहेको र यसलाई समयानुकूल परिमार्जित गर्नुपर्ने देखिन्छ । देशले जनसाङ्ख्यीक, भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक, शहरीकरण, बसाइँसराइ, गरिबी न्यूनीकरण र शैक्षिक पक्षहरूका समस्याहरूलाई संघीय शासन प्रणालीअनुरूप समाधान गरी देशमा भइरहेको जनसङ्ख्या लाभांशबाट लाभ लिनु अति आवश्यक छ ।

जनसङ्ख्या, स्वास्थ्य, वातावरण र विकासबिचको सन्तुलनमा देखिएका विभिन्न समस्याहरू, चुनौतिहरू, असर र समाधान एवं सरकारबाट अवलम्वन गरिएका नीति र कार्यक्रमका बारेमा हामीले बालबालिका, महिला सशक्तीकरण, युवा, जेष्ठनागरिक, बसाइँसराइ, कोभिड १९ महामारी, जनसङ्ख्याका विभिन्न आयमहरू र वातावरणका बारेमा सम्बन्धित नीति निर्माता विषयविज्ञ वा अनुभवीहरूलाई लेख लेख्न अनुरोध गरिएको थियो । यिनै बिषयहरूका विविध मुद्दाहरूलाई समटिएर तयार पारिएको "जनसङ्ख्या गतिशीलता"नामक पुस्तिका Knowledge Product को रुपमा प्रकाशित गरिएको छ । यस पुस्तिकामा अभिव्यक्त विचार लेखक स्वयंका हुन् । यसले सस्थाको कुनै प्रतिनिधित्व गर्दैनन् । श्रोत व्यवस्थापन र आवश्यक रायसुझावका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयप्रति हार्दिक आभार व्यक्त गर्दछु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, जनसङ्ख्या व्यवस्थापन महाशाखाका (तथ्याङ्क) उपसचिव श्री कपिल प्रसाद तिमल्सेनाज्यूको अमुल्य सुझाव र प्राविधिक सहयोगप्रति पनि धन्यवाद व्यक्त गर्दछु । साथै महत्वपूर्ण लेखहरू उपलब्ध गराई सहयोग गर्नुभएकाले लेखकज्यूहरूप्रति आभार व्यक्त गर्दछु । भाषा सम्पादन कार्य गरिदिनु भएकोमा प्रा.डा.कृष्णप्रसाद न्यौपानेज्यूप्रति धन्यवाद ज्ञापन गर्दछु । NFPPD कार्य समितिका साथै विभिन्न रायसुझाव प्रदान गर्नुहुने महानुभावहरू, NFPPD का कार्यकारी निर्देशक राम गुरागाँई, कार्यक्रम संयोजक अनामीका राई, प्रशासन तथा लेखा अधिकृत रामबाबु अधिकारी, कार्यक्रम अधिकृत रजत अधिकारी, लेख संकलन तथा सम्पादन कार्यमा सहयोग पुऱ्याउनु भएका सजग गुरागाँईका साथै विविध कार्यमा सहयोग पुऱ्याउनु हुने हिरा रावलप्रति समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**डा. भीष्मनाथ अधिकारी**
महासचिव, जनसङ्ख्या तथा विकासका लागि
सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल

२८ असार, २०७८

# विषयसूची


| | | |
|---|---|---|
| १. | नेपालमा बालबालिका र बाल अधिकार ➲ *दिलकुमारी रावल थापा (पार्वती)* | १ |
| २. | महिला सशक्तीकरण ➲ *महालक्ष्मी उपाध्याय डिना* | ११ |
| ३. | युवा जनसाङ्ख्यिक लाभ ➲ *बद्री पाण्डे* | १९ |
| ४. | जनस्वास्थ्य र कोभिड-१९ महामारी ➲ *डा. भीष्मनाथ अधिकारी* | २७ |
| ५. | नेपालमा जनसाङ्ख्यिक ऐतिहासिकता ➲ *कपिलप्रसाद तिमल्सेना* | ४० |
| ६. | देवतुल्य ज्येष्ठ नागरिक : ज्यूँदा इतिहास, मुलुकका निधि ➲ *कृष्णहरि बास्कोटा* | ५१ |
| ७. | वैदेशिक रोजगार र आन्तरिक बसाइँसराइ ➲ *डा. गणेश गुरूङ्* | ६५ |
| ८. | डिमेन्सिया ➲ *डा. राजिव ओझा* | ७१ |
| ९. | नेपालको जनसङ्ख्या गतिशीलता र विकासमा यसको सम्बन्ध ➲ *डा. कमला लामिछाने* | ८१ |
| १०. | राष्ट्रिय जनगणना र उपयोगिता ➲ *ढुण्डिराज लामिछाने* | ९४ |
| ११. | पर्यावरण र मानव विकास ➲ *धर्म के.सी.* | १०९ |
| १२. | राष्ट्रिय जनसङ्ख्या नीति २०७१ | ११६ |
| १३. | जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल (National Forum of Parliamentarians on Population and Development, NFPPD – Nepal) परिचय | १३३ |

# नेपालमा बालबालिका र बाल अधिकार



➲ दिलकुमारी रावल थापा (पार्वती)

## विषय प्रवेश

संयुक्त राष्ट्र संघको बालअधिकारसम्बन्धी महासन्धि १९८९, यसका इच्छाधिन आलेखलगायत बालबालिकाको मानव अधिकारसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय घोषणा तथा प्रतिबद्धताका प्रावधानहरूलाई नतिजामूलक ढङ्गबाट कार्यान्वयन गर्न नेपाल प्रतिबद्ध रहेको छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिकहकका रूपमा सुनिश्चित गरिएको छ । बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिका रूपमा अवलम्वन गरिएको छ । संवैधानिक व्यवस्थाअनुरूप मौलिकहक कार्यान्वयनका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । ऐनका केही व्यवस्थाको कार्यान्वयनका लागि बालबालिकासम्बन्धी नियमावली २०५१ (दोस्रो संशोधन, २०७६) लागु गरिएको छ । शिक्षा, स्वास्थ्य, सहभागिताजस्ता विषयगत क्षेत्रका कानुनी व्यवस्थाहरूमा बालबालिकाका विषयहरू समावेश गरिएका छन् । संघीयताको कार्यान्वयनसँगै स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्धनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख्य व्यवस्थाहरू समाविष्ट भएका छन् । संवैधानिक तथा कानुनी व्यवस्थाबमोजिम बालबालिका केन्द्रित सेवाप्रवाहका लागि संरचनागत तथा संस्थागत व्यवस्था गरिएका छन् । बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ परिमार्जनको क्रममा रहेको तथा बालबालिकासम्बन्धी १० वर्षे रणनीतिक कार्ययोजना तर्जुमाका क्रममा रहेको छ । यसैगरी बालअधिकार तथा संरक्षणसँग सम्बन्धित सवालहरूको सम्बोधनका लागि निर्देशिका, कार्यविधि, मापदण्डहरू कार्यान्वयनमा रहेका छन् । सरकारी निकाय, गैर-सरकारी संस्था, नागरिक संगठन, विकास साझेदार, नीजि क्षेत्र, सञ्चारमाध्यम सबैको चासो तथा संयुक्त प्रयासस्वरूप बालबालिकाको गुणात्मक तथा मात्रात्मक स्थितिमा सुधार ल्याउन सकिएको छ ।

**संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था**

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ ।

(१) बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मकरण अर्थात् जन्मदर्ताको हक हुनेछ ।

(२) बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।

(४) बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

➲ थापा, राष्ट्रिय सरोकार तथा समन्वय समिति राष्ट्रिय सभाका सभापति एवं NFPPD का अध्यक्ष हुनुहुन्छ ।

(६) बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) बालबालिकालाई बालअनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको विकास, संरक्षण, सहभागिता तथा बालअनुकूल न्यायलगायतका हकहरूको व्यवस्था सुनिश्चित गरिएको छ । यसका साथै मौलिक हकमा सुनिश्चित गरिएका सम्मानपूर्वक तथा स्वतन्त्र भएर बाँच्न पाउने, सञ्चार, सूचना, यातनाविरूद्धको हक, गोपनियताको हक, शिक्षा, स्वास्थ्यको हक आदि बालबालिकाको लागि समेत आकर्षित हुन्छन् । बालबालिकाको सर्वोत्तम हित तथा बालश्रमको अन्त्यलाई राज्यको नीतिका रूपमा अवलम्बन गरिएको छ । यसलाई थप कार्यान्वयन गर्न संयन्त्र निर्माण गर्नु जसरी देखिन्छ ।

**बालबालिकासम्बन्धी ऐन, २०७५**

मौलिक हक कार्यान्वयनका लागि तर्जुमा गरिएको बालबालिकासम्बन्धी ऐन २०७५ ले बालबालिकाका तेह्रवटा अधिकार सुनिश्चित गरेको छ साथै बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि राज्य, परिवार वा संरक्षक, सञ्चार माध्यमको दायित्व, तीनै तहमा संस्थागत/संरचनागत व्यवस्था, सेवाप्रवाहको सुनिश्चितता, बालबालिका विरूद्धका कसूर तथा सजायको समेत प्रबन्ध गरेको छ ।

- बालबालिकासम्बन्धी ऐन, २०७५
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- बालश्रम ऐन, २०५६
- श्रम ऐन, २०७४
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५
- जनस्वास्थ सेवा ऐन, २०७५
- सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५
- जन्म, मृत्यु तथा व्यक्तिगत घटना ऐन, २०३३
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४

लगायत बालबालिकासँग सम्बन्धित अन्य ऐनहरूमा भएका व्यवस्थाहरू कार्यान्वयनमा रहेका छन् । यसैगरी संघीयताको कार्यान्वयनसँगै स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्धनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित व्यवस्थाहरू समाविष्ट हुनुका साथै सोहीबमोजिम कार्यान्वयनमा रहेका छन् । यसैगरी बालअधिकार तथा संरक्षणसँग

सम्बन्धित सवालहरू जस्तै बालविवाह, बालश्रम, बालमैत्री स्थानीय शासन, प्रारम्भिक बालविकास, वैकल्पिक हेरचाह, बालसंरक्षण घटना व्यवस्थापन, मानव बेचविखन तथा ओसारपसार, सडक बालबालिका, अनाथ बालबालिकाको सम्बोधनका लागि रणनीति, निर्देशिका, कार्यविधि, मापदण्डहरू कार्यान्वयनमा रहेका छन् । यसैगरी १५औं आवधिक योजना, दिगो विकास लक्ष्य, संकल्प २१०० मासमेत बालबालिकाका विषयहरूले प्रशस्त स्थान पाएका छन् । राष्ट्रिय बालसंरक्षण प्रणालीको सुदृढीकरणका लागि बालहेल्पलाइन सेवा १०९८, बालबालिका खोजतलास सेवा १०४, खबर गरौं ११४५ सञ्चालनमा रहेका छन् । सडक बालबालिकामुक्त राष्ट्र घोषणा, बालश्रममुक्त स्थानीय तह, बाल विवाहमुक्त स्थानीय तह, पूर्ण खोप, शतप्रतिशत विद्यालय भर्ना, बालमैत्री स्थानीय शासन घोषणाजस्ता अभियानहरू सफलतापूर्वक सञ्चालन भइरहेका छन् । बालविज्याइँमा परेका बालबालिकाका लागि बालसुधार गृह, वैकल्पिक हेरचाहको अन्तिम विकल्पका रूपमा बालगृह, अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनमा रहेका छन् । यी समस्त प्रयासहरूको परिणामस्वरूप बालबालिकासँग सम्बन्धित गुणात्मक तथा सङ्ख्यात्मक सूचकहरूमा उल्लेख्य सुधार आएको छ ।

### संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई सेप्टेम्बर १४, १९९० मा अनुमोदन गरेर नेपालले बालबालिकाको विकास, बालअधिकारको संरक्षण र बाल सहभागिताजस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता प्रकट गरेको छ । यसैगरी नेपालले बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण विरूद्ध व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० लाई २००६ मा अनुमोदन गरेर बालबालिकालाई सो कार्यमा नलगाउने र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका नगराउने दायित्व लिएको छ । यसका अतिरिक्त नेपालले निष्कृष्ट प्रकारका बालश्रम उन्मुलनसम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ लगायतका सन्धिलाई समेत अनुमोदन गरिसकेको छ ।

### वर्तमान अवस्था

नेपालको संविधान, बालबालिकासम्बन्धी कानुनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक व्यवस्थाको कार्यान्वयन, सरकारी निकाय, गैर-सरकारी संस्था, नागरिक संगठन, विकास साझेदार, नीजि क्षेत्र, सञ्चार माध्यम सबैको चासो तथा संयुक्त प्रयासस्वरूप बालबालिकाको गुणात्मक तथा मात्रात्मक स्थितिमा सुधार ल्याउन सकिएको छ । बालबालिकाको अधिकार कार्यान्वयनको वर्तमान अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ :-

| क्र.सं. | सूचक | २०७७/०७८ |
|---|---|---|
| १ | बालबालिकाको सङ्ख्या (जनगणना २०६८) | ११०८४३११ |
| २ | १८ वर्ष मुनिका बालबालिकाको प्रतिशत (जनगणना २०६८) | ४१.८४ |
| ३ | ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत (जनगणना २०६८) | ९.६९ |

| क) | बालबालिकाको बाँच्न पाउने अधिकार | |
|---|---|---|
| १ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा २८ दिनभित्र) | १६ |
| २ | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा १ वर्षभित्र ) | २५ |
| ३ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | २८ |
| ४ | कुपोषण - उचाइअनुसार तौल नपुगेका (६-५९ महिनाका) बालबालिका | २४.३ |
| ५ | कुपोषण - उमेरअनुसार उचाइ नपुगेका (६-५९ महिनाका) बालबालिका | ३१.५ |

| | | |
|---|---|---|
| ६ | कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत | ७७.८ |
| ७ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति दर | ७९.३ |
| ८ | स्वास्थ्य संस्थामा गई प्रसूति गराउने गर्भवती महिला प्रतिशत | ७७.७ |
| ९ | पूर्णरूपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशत | ७०.२ |

| ख) | बाल संरक्षणसंग सम्बन्धित | |
|---|---|---|
| १ | बाल हेल्पलाइनको सङ्ख्या तथा जोखिममा परेका बालबालिकाको बाल हेल्पलाइनमार्फत् सकुशल उद्धार तथा व्यवस्थापन (आ.व. २०७८/७९) | १८/८७९३ |
| २ | सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन (आव २०७२/०७३ देखि हालसम्म) | १७६८ |
| ३ | बालगृहको सङ्ख्या तथा संरक्षित बालबालिकाको सङ्ख्या | ४५७/११३३२ |
| ४ | हराएर उजुरी परेका बालबालिकाको सङ्ख्या (आव २०७८/०७९) | ३४०७ |
| ५ | हराएकामध्ये फेलापरेका बालबालिकाको सङ्ख्या (आव २०७८/०७९) | १९२२ |
| ६ | बालविवाहको प्रतिशत (१५ देखि १९ वर्षका विवाहितको प्रतिशत) | १२.८ |
| ७ | बालविवाहको प्रतिशत (२० देखि २४ वर्षका विवाहितको प्रतिशत) | |
| | १५ वर्ष मुनिका | ५.२ |
| | १८ वर्ष मुनिका | २२.७ |
| ८ | बालश्रमिकको सङ्ख्या | २८६००० |
| ९ | ५ देखि १७ वर्ष उमेरसमूहको बालश्रमको दर | १५.३ |
| १० | जन्मदर्ता दर | ७७.२ |
| १० | बालसुधार गृहको सङ्ख्या तथा बालविज्याइँका घटना | ८/१४३८ |
| ११ | सामाजिक सुरक्षाबाट लाभान्वित बालबालिकाको सङ्ख्या | ८८५०६९ |
| १२ | बेचविखन तथा ओसारपसारबाट पीडित बालबालिका | ७५ |
| १३ | जबरजस्ती करणीबाट पीडित बालिकाको सङ्ख्या | १३९३ |
| १४ | जबरजस्ती करणी उत्पीडनबाट पीडित बालिकाको सङ्ख्या | ३२४ |
| १५ | बालविवाहबाट पीडित बालिकाको सङ्ख्या | ४१ |
| १६ | घरेलु हिंसाबाट पीडित बालबालिकाको सङ्ख्या | १८२ |

| ग | बालबालिकाको विकास | |
|---|---|---|
| १ | पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर | ८७.६ |
| २ | पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेश प्रतिशत | ७०.२ |
| ३ | ५-१२ वर्ष उमेरका विद्यालयबाहिर रहेका बालबालिकाको प्रतिशत | ५.४ |
| ४ | प्राथमिक तहमा खुद भर्नादर | ९७.४ |
| ५ | आधारभूत तहको खुद भर्नादर | ९४.७ |
| ६ | आधारभूत तह पूरा गर्नेको दर | ७५.३ |
| ७ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादर | ७०.८ |
| ८ | कक्षा ११ र १२ मा खुद भर्नादर | ३१.५ |
| ९ | मावि तह (कक्षा ९-१२) मा खुद भर्नादर | ५१.२ |
| १० | आधारभूत शिक्षामा बालिकाको अनुपात | ०.९९ |
| ११ | कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समानता | १.०१ |
| १२ | साक्षरता दर (१५ देखि २४ वर्ष) | ८८.६ |

| | | |
|---|---|---|
| १३ | कक्षा ८ सम्मको टिकाउ दर | ८२.२ |
| १४ | कक्षा १० सम्मको टिकाउ दर | ६४.६ |
| १५ | कक्षा १२ सम्मको टिकाउ दर | २९.२ |

| घ) | बालबालिकाको सहभागितासम्बन्धी | |
|---|---|---|
| १ | बालक्लबको सङ्ख्या (आव २०७४/०७५) | २३६०६ |
| २ | बालमैत्री घोषणा भएका स्थानीय तह | ४७ |

| ङ) | बालबालिकासम्बन्धी ऐन २०७५ को कार्यान्वयनको अवस्था | |
|---|---|---|
| १ | प्रदेश बालअधिकार समिति गठन भएका प्रदेश | १ |
| २ | स्थानीय कार्यविधि तर्जुमा गरिएका स्थानीय तह | ९६ |
| ३ | स्थानीय बालअधिकार समिति गठन भएका स्थानीय तह | ५३ |
| ४ | बालकल्याण अधिकारी तोकिएका वा नियुक्त भएका स्थानीय तह | २७ |
| ५ | बालकोषको स्थापना गरिएका स्थानीय तह | ५७ |

स्रोतः आर्थिक सर्वेक्षण, २०७७/०७८, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालय

## विगतको प्रयास

सहश्राब्दी विकास लक्ष्य (MDG) मा बालबालिकाका सवालमा प्राप्त उपलब्धीहरू

नेपाल सहश्राब्दी विकास प्रगति प्रतिवेदन २०१५ अनुसार नेपालले सहश्राब्दी विकास लक्ष्य ४ अन्र्तगतका सबै लक्षित उद्देश्यहरू हासिल गरिसकेको छ । यसमा शिशु मृत्युदर घटाउने (Infant Mortality Rate - IMR), पाँचबर्ष मुनिका बालबालिकाको मृत्युदर घटाउने (Under-Five Mortality Rate – U5MR), र दादुरा विरूद्धको खोपमा बृद्धि गर्ने उद्देश्य राखिएको थियो । सन् १९९० मा शिशु मृत्युदर प्रति १००० जीवित जन्ममा १०८ जना र सन् २००० मा ६४ जना रहेकामा सन् २०१४ मा घटेर प्रति १००० जीवित जन्ममा ३३ मा आइपुगेको छ । यसैगरी सन् १९९० मा पाँचबर्ष मुनिका बालबालिकाको मृत्युदर प्रति १००० जीवित जन्ममा १६२ जना र सन् २००० मा ९१ जना रहेकामा सन् २०१४ मा घटेर प्रति १००० जीवित जन्ममा ३८ मा आइपुगेको छ । सन् २०१५ मा दादुरा विरूद्धको खोप अभियान/कार्यक्रम मार्फत् एकवर्षका ९२.६ प्रतिशत बालबालिकालाई दादुरा विरूद्धको खोप लगाइएको हुनाले शिशु र बालबालिकाको मृत्युदर घटाउन महत्वपूर्ण योगदान भएको देखिन्छ । तथापी मृत्युदर घट्दै गएको भए तापनि निश्चित जनसङ्ख्यीक समूहभित्र प्रमुख असमानताहरू सम्बोधन गर्नु आवश्यक देखिन्छ । जसद्वारा सहश्राब्दी विकासका लक्षित उद्देश्यहरू चाँडै प्राप्त गरिएको छ ।

## सन् 2030 सम्म पूरा गर्न राखिएका बालबालिकासम्बन्धी दिगो विकासका लक्ष्यहरू

दिगो विकासका लक्ष्यहरू (Sustainable Development Goal) मा बालबालिकाबारे उल्लेख गरिएका कुराहरू

**दिगो विकास लक्ष्य ३ (SDG 3)** - सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थजीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

- नवजात शिशुहरू र पाँचवर्ष मुनिका बालबालिकाहरूको मृत्यु (रोक्न सकिने) लाई अन्त्य गर्ने ।

- परिवार नियोजनलगायत यौन तथा प्रजनन्सम्बन्धी स्वास्थ्यसेवा र सूचना तथा शिक्षामा सर्वसुलभ पहुँच एवं प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति तथा कार्यक्रममा समायोजन गर्ने कार्यलाई सुनिश्चित गर्ने ।
- सर्वसुलभ स्वास्थ्यसेवा, गुणस्तरीय स्वास्थ्यसेवामा पहुँच तथा सबैका लागि सुरक्षित, प्रभावकारी, गुणस्तरीय र उचित मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूमा पहुँच हासिल गर्ने ।

**दिगो विकास लक्ष्य ४ (SDG 4)** – समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

- सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले निशुल्क, न्यायोचित तथा प्राथमिक गुणात्मक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने ।
- सबै छात्रछात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने ।
- क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यवसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा महिला एवं पुरूषहरूको समान पहुँचको सुनिश्चितता गर्ने ।
- शिक्षामा लैङ्गिक असमानताको उन्मुलन गर्ने र अपाङ्गता भएका व्यक्तिलगायत जोखिममा रहेका व्यक्तिहरू, आदिवासी तथा जनजाति र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई सबै तहको शिक्षा तथा व्यावसायिक तालिममा समान पहुँच सुनिश्चित गर्ने ।
- दिगो विकास तथा दिगो जीवनशैली, मानवअधिकार, लैङ्गिक समानता, शान्ति तथा अहिंसात्मक संस्कृतिको प्रवर्द्धन, वैश्विक (global) नागरिकता र सांस्कृतिक विविधताको सराहनाका लागि शिक्षालगायतका माध्यमबाट सिक्न चाहने सबैले दिगो विकास प्रवर्द्धनका लागि आवश्यक ज्ञान तथा सीप प्राप्त गर्ने कुरालाई सुनिश्चित गर्ने ।

**दिगो विकास लक्ष्य ५ (SDG 5)** – लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरूलाई सशक्त बनाउने

- सबै महिला र किशोरीहरू विरूद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने ।
- बेचविखन, यौन र अरू प्रकारका शोषणलगायत सार्वजनिक एवं निजी क्षेत्रहरूमा सबै महिला र किशोरीहरू विरूद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने ।
- बालविवाह, कम उमेरको विवाह, जवर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्नेजस्ता सबै घातक/हानिकारक व्यवहारहरूको अन्त्य गर्ने ।
- सबै तहमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरणको प्रवर्द्धनका लागि नीति तथा कानुनहरूको अवलम्बन गर्ने र तिनलाई सबल बनाउने ।

## पन्ध्रौं योजनामा बालबालिका

संविधानले बालबालिकाको हकलाई मौलिक हककारूपमा व्यवस्था गरी बालबचाउ, बालसंरक्षण र बालविकास एवं बालसहभागिताजस्ता विषयहरू समेटी सर्वाङ्गिण विकासको प्रत्याभूत गरेको छ ।

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ तथा अन्य बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धताअनुरूप नेपाल सरकारले बालअधिकारसम्बन्धी नीति एवं कानुन तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

दिगो विकास लक्ष्यमा बालबालिकाको गुणस्तरीय शिक्षा एवं स्वास्थ्य, सुरक्षित, पहुँचयोग्य र हरित सार्वजनिक स्थलमा पहुँच, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गरी सशक्त गर्नेजस्ता परिमाणात्मक लक्ष्य राष्ट्रिय योजना आयोगको १५औं योजनामा समावेश गरिएको छ । सोहीअनुरूप उक्त विषयलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको छ ।

सबै बालबालिकाको लागि गुणस्तरीय शिक्षा एवं स्वास्थ्यमा सहज पहुँच नहुनु, मनोरञ्जन, बालसहभागिता, बालमैत्री वातावरणको अभावमा विकास र संरक्षण नहुनु, बालश्रमको अवस्था विद्यमान रहनु, अझै पनि सडक बालबालिकाको अवस्था विद्यमान रहनु, असहाय र अनाथ बालबालिकाको संरक्षण तथा उचित व्यवस्थापन हुन नसक्नु, बालविवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसारपसारको अवस्था विद्यमान रहनु, किशोरी शिक्षाको कमी हुनु, कानुनको विवाद र बालबिज्याइँजस्ता समस्याको प्रभावकारी सम्बोधन गरी उनीहरूको भावी जीवनलाई सहज बनाउँदै परिवार र समाजमा पुनर्मिलन र पुनःस्थापना गराउन नसक्नु र वैकल्पिक स्याहारको माध्यमबाट अनाथ बालबालिकाको पुनःस्थापना गर्न नसक्नु यस क्षेत्रका मूल समस्या रहेको १५औं योजनामा उल्लेख गरिएको छ ।

**सरकारी लक्ष्य**

संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गर्नु, संघीय संरचनाअनुसार बालबालिकासम्बन्धी कानुन, नीति, योजना, कार्यक्रम तथा संस्थागत संयन्त्र स्थानीय तहदेखि संघसम्म स्थापना तथा सञ्चालन हुँदै जानु, दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरीसम्बन्धी विषयहरू समावेश हुनु, बालबालिकासम्बन्धी ऐन २०७५ कार्यान्वयनमा आउनु, राज्यबाट बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिइनु, बालबालिकाको संरक्षणसम्बन्धी विषय तीन तहको सरकारको अधिकारक्षेत्रभित्र पर्नु, सरकार, संघसंस्था र नागरिक समाजबिच समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा अभिवृद्धि हुनु, बालअधिकारको संरक्षण तथा प्रवर्द्धनको सवालमा सरोकारवालाहरूमा सचेतना र सहकार्यमा वृद्धि हुँदै जानु यस क्षेत्रका अवसर मानिएका छन् ।

बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज निर्माण गर्ने लक्ष्यका साथ बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हकअधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्नसक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्नेलगायतका विषय योजनामा समेटिएको छ ।

बालबालिका तथा किशोरकिशोरीको अधिकार संरक्षण तथा प्रवर्द्धन गर्नु, बालबालिका तथा किशोरकिशोरी मैत्री वातावरण सिर्जना गर्नु, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने शारीरिक र मानसिकलगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्यलगायत यसका प्रमुख उद्देश्य हुन् ।

**रणनीति**

सरकारले बालस्वास्थ्यमा सुधार गरी बालमृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच वृद्धि गर्ने, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित गर्ने, असहाय, अनाथ, अपांगता भएका, असक्त तथा बेवारिसे बालबालिका तथा

***बालबालिका तथा किशोरकिशोरीको अधिकार संरक्षण तथा प्रवर्द्धन गर्नु, बालबालिका तथा किशोरकिशोरी मैत्री वातावरण सिर्जना गर्नु, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने शारीरिक र मानसिकलगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्यलगायत यसका प्रमुख उद्देश्य हुन् ।***

किशोरकिशोरीलाई राज्यबाट संरक्षण र सम्वर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने, सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालअधिकारको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने तथा विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरूत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पका रूपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीतिअन्तर्गत काम गरिरहेको छ ।

**अपेक्षित उपलब्धि**

सरकारका तीन तहमा बालअधिकार संरक्षण तथा सम्बर्द्धनसम्बन्धी नीति, कानुन, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएको हुने, बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्यसम्बन्धी सेवासुविधामा पहुँच पुगेको हुने, बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्यरूपमा न्यूनीकरण भएको हुने एवं सरकारी निकाय, संस्था, बुवाआमा तथा संरक्षकको बालबालिकाप्रतिको दायित्व अभिवृद्धि भएको हुने अपेक्षा १५औं योजनामार्फत् गरिएको छ ।

## चुनौती तथा समस्या

विज्ञान र प्रविधिको विकास, शहरीकरण, विकसित विश्वव्यापी मूल्य–मान्यता र बदलिँदो परिस्थितिलाई मध्यनजर गर्दै बालअधिकारको संरक्षण र प्रबर्द्धनका क्षेत्रमा प्रभावकारीरूपमा लाग्नु, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, बालसहभागिता र बालमैत्री वातावरणको विकास गर्दै संकट र जोखिममा परेका सबै बालबालिकाको संरक्षण गर्नु, बालविवाह, बालश्रम, हत्या, अपहरण, बालहिंसा, यौन दुर्व्यवहार तथा बलात्कारजस्ता घटनाको अन्त्य गर्नु र असहाय, अशक्त, बाबुआमाविहीन, जोखिममा परेका, सडक बालबालिका एवं कुनै पनि बहानामा बालअधिकारबाट वञ्चित बालबालिकाको उचित संरक्षण र व्यवस्थापन गरी उनीहरूको भविष्य सुनिश्चित गर्नु आवश्यक देखिएको छ । वास्तवमा बालबालिकाको अधिकार कार्यान्वयनमा प्रशस्त उपलब्धी हासिल भए तापनि यस क्षेत्रमा अझै केही चुनौती तथा समस्याहरू रहेका छन् ।

- कानुन, नीति र योजनाको प्रभावकारी कार्यान्वयन गर्नु, तीनै तहको वार्षिक योजनाचक्रमा बालबालिकाको विषयलाई मूलप्रवाहीकरण गर्नु, बालअधिकार तथा बालसंरक्षण प्रणाली सुदृढीकरण गर्नु, विद्यमान कानुनी व्यवस्थाहरूमा सामञ्जस्यीकरण गर्नु, एकीकृत गुणस्तरीय बालमैत्री सेवामा पहुँच सुनिश्चित गर्नु, राज्यका संयन्त्रहरूबिच समन्वय तथा सहकार्य स्थापित गर्नु ।

- संस्थागत संरचनालाई साधनस्रोत सम्पन्न गरी क्षमता अभिबृद्धि गर्नु, आवश्यकरूपमा लगानी बृद्धि गर्नु, पर्याप्त अध्ययन अनुसन्धान तथा सूचना व्यवस्थापन गर्नु, आवश्यकताको पहिचान गरी नतिजामूलक ढङ्गबाट बालबालिकाका सवालका विषयलाई पर्याप्त सम्बोधन गर्नु, उपलब्ध सेवासुविधामा लक्षित बालबालिकाको पहुँच सुनिश्चित गर्नु, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी सोकाआधारमा अग्रगामी दिशा पहिल्याउनु आदि ।

- बालश्रम, बालविवाह, बालबालिका विरूद्ध हुने अमानवीय यौनजन्य हिंसा, दुर्व्यवहार र विभेद, बालबालिकाको गैरकानुनी ओसारपसार (आन्तरिक तथा बाह्य) जस्ता घटनाहरूको अन्त्य गर्नु ।

- अनाथ, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका तथा एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण गर्नेजस्ता कार्यहरू प्रभावकारीरूपमा सम्पन्न गर्नुपर्ने ।

- शिक्षा, स्वास्थ्यलगायत संरक्षणको सेवासुविधाबाट वञ्चित भएका बालबालिकाको विषयलाई समयमै प्रभावकारीरूपमा सम्बोधन गर्नु, विद्यालय शिक्षामा बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउनु, पोषण स्थितिमा उल्लेख्य सुधार ल्याउनु ।

## आगामी प्राथमिकताका क्षेत्र

नेपालले विश्वव्यापी, अन्तराष्ट्रिय, क्षेत्रीयस्तरमा जनाएको प्रतिबद्धता तथा राष्ट्रिय प्राथमिकताको थप प्रभावकारी कार्यान्वयन गर्न १० वटा सूचकसहित तय गरेको सुखी नेपाली समृद्ध नेपालको राष्ट्रिय अभीष्ट पूरा गर्न स्थानीय, प्रदेश तथा संघीय तहमा बालअधिकार कार्यान्वयन, अनुगमन, नियमनसँग सम्बन्धित जिम्मेवार तथा सरोकारवाला निकायमा संवेदनशीलता, जवाफदेहिता र क्रियाशीलता अपरिहार्य छ । विशेषगरी तीनै तहमा बालअधिकार तथा बालसंरक्षण प्रणालीको सुदृढीकरणको लागि बालबालिकाका विषयमा राजनीतिक नेतृत्व तथा अपनत्व र कर्मचारीतन्त्रको सहयोग जुट्नु नितान्त आवश्यक छ । बालबालिकासम्बन्धी ऐन २०७५ बमोजिमका संरचनागत/संस्थागत व्यवस्थाहरूको अनिवार्य कार्यान्वयन गर्नु, विद्यमान कानुनी प्रावधानहरूमा सामञ्जस्यता ल्याउनु, एकीकृत तथा बालमैत्री सेवा प्रवाहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु अबको प्राथमिकताको विषय हुनुपर्दछ ।

*सुखी नेपाली समृद्ध नेपालको राष्ट्रिय अभीष्ट पुरा गर्न स्थानीय, प्रदेश तथा संघीय तहमा बालअधिकार कार्यान्वयन, अनुगमन, नियमनसँग सम्बन्धित जिम्मेवार तथा सरोकारवाला निकायमा संवेदनशीलता, जवाफदेहिता र क्रियाशीलता अपरिहार्य छ ।*

*विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिमी अवस्थामा रहेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि बालहेल्पलाइन सेवा १०९८ को विस्तार तथा सवलीकरण, हराएका, अपहरणमा परेका, बेवारिस फेला परेका, बेचविखनमा परेका, सडकमा आश्रित तथा श्रमिक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा, १०४ को विस्तार तथा सवलीकरणलाई उच्चप्राथमिकतामा राख्नु त्यतिकै जरूरी छ ।*

प्रत्येक प्रदेशमा बालबालिकासम्बन्धी प्रादेशिक ऐनको तर्जुमा तथा प्रदेश बालअधिकार समितिको गठन, परिचालन र क्रियाशीलता, प्रत्येक स्थानीय तहमा बालअधिकार संरक्षण तथा सम्बर्धनसम्बन्धी स्थानीय कानुनको तर्जुमा गरी स्थानीय बालअधिकार समितिको गठन, बालकल्याण अधिकारीको नियुक्ती, समाजसेवी तथा बालमनोविज्ञको सूचीकरण गर्ने, संघ, प्रदेश तथा स्थानीय तहमा बालकोषको स्थापना गर्ने, बालअदालतको गठन गर्ने, प्रत्येक जिल्ला अदालतमा प्रोवेशन (Probation) अधिकारीको नियुक्ती गर्ने, बालसुधारगृहको सवलीकरण तथा बालन्यायको प्रभावकारी सम्पादन गर्नुपर्ने, प्रत्येक जिल्लामा बालमैत्री निगरानीकक्षको स्थापना र सञ्चालन गर्ने, योजना तर्जुमा तथा नीतिनिर्माणमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने, बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्ने, बालबालिकासम्बन्धी बजेटकोडको व्यवस्था गर्ने, बालअधिकारको संरक्षण तथा सम्वर्धनका लागि जिम्मेवार तथा सरोकारवाला निकायमा कार्यरत कर्मचारीहरूको क्षमता विकास, आर्थिक तथा मानवीय स्रोतको सुनिश्चितता, पूर्वाधार तयारी पनि अबको प्राथमिकताको विषय हुनुपर्दछ । यसका साथै विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिमी अवस्थामा रहेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि बालहेल्पलाइन सेवा १०९८ को विस्तार तथा सवलीकरण, हराएका, अपहरणमा परेका, बेवारिस फेला परेका, बेचविखनमा परेका, सडकमा आश्रित तथा श्रमिक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा, १०४ को विस्तार तथा सवलीकरणलाई उच्चप्राथमिकतामा राख्नु त्यतिकै जरूरी छ ।

## निष्कर्ष

नेपालले बालबालिकासम्बन्धी कानुन, नीति, योजना, कार्यक्रम, संस्थागत संरचनामा समयानुकूल सुधार गर्दै बालबालिकाको संरक्षण, व्यक्तित्व विकास र हक, अधिकार प्रवर्द्धन गर्न दृढ संकल्पसहित कार्य गरिरहेको छ ।

यद्यपि तीनै तहको वार्षिक योजनाचक्रमा बालबालिकाको विषयलाई मूलप्रवाहीकरण गर्नु, बालअधिकार तथा बालसंरक्षण प्रणाली सुदृढीकरण गर्नु, विद्यमान कानुनी व्यवस्थाहरूमा सामञ्जस्यीकरण गर्नु, एकीकृत गुणस्तरीय बालमैत्री सेवामा पहुँच सुनिश्चित गर्नु, राज्यका संयन्त्रहरूबिच समन्वय तथा सहकार्य स्थापित गर्नु, बालअधिकारको क्षेत्रमा अझै चुनौतिका रूपमा रहेका छन् । यसका लागि राज्य सञ्चालन तथा सुशासनका तीनै तहबिच कार्यात्मक एकता, समबुझाइ, राष्ट्रिय अभियानहरूमा सहकार्य हुनुका साथै बालबालिकासम्बन्धी ऐन, २०७५ मा व्यवस्था भएबमोजिमका संस्थागत संरचनाको निर्माण तथा सवलीकरणमा राजनीतिक नेतृत्व, अपनत्व तथा कर्मचारीतन्त्रको सहयोग हुनु अपरिहार्य छ ।

## सन्दर्भ सामग्री


- आर्थिक सर्वेक्षण, २०७७/०७८
- नेपाल चाइल्ड लेवर रिपोर्ट, २०२१
- राष्ट्रिय योजना आयोगको पन्धौं योजनासहित विभिन्न प्रकाशनहरू
- राष्ट्रिय बालअधिकार परिषद, २०७८
- केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहुसूचकांक क्लस्टर सर्भेक्षण, २०७६
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, २०७६/७७
- https://mowcsc.gov.np
- https://www.mohp.gov.np

# महिला सशक्तीकरण



➲ महालक्ष्मी उपाध्याय डिना

## मानव विकास र मातृसत्तात्मक पद्धति

मानव उत्पत्तिसंगै जैविकीय अन्तर महिला र पुरुषवर्गको आपसी प्राकृतिकसम्बन्धबाट संसारिक सभ्यताको विकास र जीवनपद्धति स्थापित भएको मानिन्छ । त्यसैले प्रकृतिको प्रतीकका रूपमा महिलालाई आदर गर्दै मातृशक्तिको पूजा उपासन गर्ने परम्परा सुरू हुँदै लामो समयसम्म मातृसत्तात्मक समाज प्रचलनमा भएको विश्वका विभिन्न सभ्यतामा झल्केको देखिन्छ । जस्तै, सिन्धुघाँटीको सभ्यता, दक्षिण एसिया, भारतीय उपमहाद्वीप र दक्षिण भारतमा द्रविड जातिमा देवीपूजा तथा उपासन गर्ने प्रचलन देखिएको र वैद्धिक सभ्यतामा देवीलाई कालीको प्रारम्भिक आकृति मानेका अनेकौ दृष्टान्तहरू पाइएका छन् । त्यसैगरी वेविलोन, युनान र रोमन सभ्यतामा पनि मातृ वा शक्तिको पूजा गर्ने प्रचलन थियो भन्ने विषय विभिन्न पुरातात्त्विक दृश्य सामाग्रीहरूबाट स्पष्ट हुन्छ । शारीरिक वनौट र संरचनाका आधारलाई इङ्गित गर्दै महिलाहरूलाई निर्वल र कमजोर वर्गमा मान्दै विभेद गरिने सस्कृति र परम्पराको थाालनीले पनि धेरै शताब्दी पार गरिसक्यो । जबकी सनातन धर्म-संस्कृतिको कथनअनुरूप महादेवले आफ्नो शिरको जटाबाट निकालिएका दुई शक्तिशाली स्वरूप एक महिला जसलाई काली वा भद्रकाली भनियो भने अर्को पुरुषरूप जसलाई वीरभद्र भनियो । त्यस समयदेखि हालसम्म यी दुवैलाई एकअर्कामा तुलना गर्दा कालीलाई शक्तिशाली मानी उपासन गर्ने प्रचलन हालसम्म कायम रहेको छ । तसर्थ शारीरिक संरचना वीरभद्रभन्दा कालीको वलवान् र भयानक रहेछ भन्ने तथ्य प्रमाणित हुन्छ । कालान्तरमा विस्तारै महिलाको प्रजननशक्तिको पहिचानबाट परिवार र समाज विस्तार गर्ने क्रममा महिलालाई घरेलुकरण गरिंदा आजको स्वरूपमा रूपान्तर भएको हुनसक्ने प्रर्याप्त आधार छन् । यसरी परिवार र समाजको संरचनात्मक निर्माणमा महिलाको प्रजनन शक्तिको महत्त्वलाई सम्मान गर्दै उक्त समयमा महिलालाई परिवार र समाजको संरक्षणको दायित्व निर्वाह गर्न र पुरुषलाई वाह्यकार्य मूलतः परिवारको पालनपोषणका लागि आर्थिक कार्यभारको जिम्मेवारी प्रदान गर्दै महिला र पुरुष समान हुन् भने तापनि तत्कालीन अवस्थामा मात्रृसत्तात्मक पद्धतिको विकास र सम्मान गर्ने प्रथा लामो समयसम्म रहेको र आजसम्म पनि केही जातजाति तथा समाजमा मात्रृसत्तात्मक जीवनशैली कायम छ । विस्तारै पितृसत्ताको विकासबाट पुरुषका नाममा उपासना गर्ने प्रथाको थालनी गरिए तापनि देवीशक्ति प्राप्त गर्न आज पनि उनको उपासनालाई महत्त्व दिने संस्कृति बलियो छ । पितृसत्ता हावी भइरहँदा पुरुष पतिको रूपमा र देवीलाई पत्नीको रूपमा काली र शिव क्रमशः प्रकृति र पुरुषको प्रतीक मानी पूर्वीय दर्शनमा कथाकरण र पुराणहरू लेखिन कुदिन थालिए तर यो तथ्यमा आधारित हो भन्ने पुष्टि भएको छैन् ।

## सशक्तीकरणको परिभाषा र महिला

सशक्तीकरण शब्दलाई विभिन्न तरिकाले परिभाषित गर्नसकिन्छ । स्वतन्त्र, निर्भीक, आत्मविश्वास, समान न्यायको लागि प्रतिवद्ध रहने सशक्त व्यक्ति नै सशक्तीकरणको दायरामा पर्दछ । सशक्तीकरण

➲ उपाध्याय, सविधान सभा सदस्य एवं NFPPD को निवर्तमान अध्यक्ष हुनुहुन्छ ।

अवधारणा बहुआयामिक सामाजिक विकासमा हरेकवर्ग, जातजाति र क्षेत्रभित्र विभेदमा परेका जनसङ्ख्यालाई समान अवसर र अधिकारका लागि सक्षम बनाउने प्रक्रियालाई उक्त शब्दबाट परिभाषित गरिन्छ । विशेषगरी कुनै पनि समुदाय, क्षेत्र र वर्गजस्तै गरिब, महिला, दलित आदि वर्गमाथि भएको असमानताको अन्त्य गर्न र उनीहरूको उत्थानको लागि गरिने क्रियाकलापलाई सशक्तीकरण भनिन्छ । वर्तमान समयमा महिला सशक्तीकरणलाई विशेष जोड दिइरहेको कारण ५१ प्रतिशत महिला जनसङ्ख्या विकास र अवसरको पहुँचमा २० प्रतिशतभन्दा कम साथै हरेकक्षेत्रमा विभेदको भार महिलामाथि रहेकाले सशक्तीकरण शब्द महिलाका सन्दर्भमा अत्याधिक प्रयोग भएको पाइन्छ ।

*स्वतन्त्र, निर्भीक, आत्मविश्वास, समान न्यायको लागि प्रतिवद्ध रहने सशक्त व्यक्ति नै सशक्तीकरणको दायरामा पर्दछ । सशक्तीकरण अवधारणा बहुआयामिक सामाजिक विकासमा हरेकवर्ग, जातजाति र क्षेत्रभित्र विभेदमा परेका जनसङ्ख्यालाई समान अवसर र अधिकारका लागि सक्षम बनाउने प्रक्रियालाई उक्त शब्दबाट परिभाषित गरिन्छ । विशेषगरी कुनै पनि समुदाय, क्षेत्र र वर्गजस्तै गरिब, महिला, दलित आदि वर्गमाथि भएको असमानताको अन्त्य गर्न र उनीहरूको उत्थानको लागि गरिने क्रियाकलापलाई सशक्तीकरण भनिन्छ ।*

महिला विरूद्धका सबै प्रकारका विभेद र हिंसाको अन्त्य गरी महिलाहरूका हकअधिकारको सुरक्षा र प्रर्वधन गर्न नीतिगत, कानुनी र संस्थागत सुधार आवश्यक भएको सबै निकायले महसुस गरेका छन् । राज्यको अधिकारमा आधारित विकासको अवधारणालाई अवलम्वन गर्दै विकासका हरेक कार्यक्रममा महिलाहरूको सहभागिताले विभेदकारी कानुनको संशोधन र समान कानुनी व्यवस्थाबाट महिलाहरूमा भएको अर्न्तनिहित क्षमताको बृद्धि नै महिला सशक्तीकरण हो ।

समाजमा रहेका सबै वर्गको हितका लागि संस्कृति र परम्पराले बनाएको सामाजिक संरचना महिला र पुरुषको सम्बन्धमा मात्र व्याख्या नगरी विभिन्न सामाजिक समुहहरू बिचको असमान शक्ति सम्बन्धलाई सन्तुलित गर्न सामाजिक पहिचान भएका व्यक्तिहरूलाई समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्दै समानताका लागि सशक्तीकरण शब्दले सबैलाई समेटिने विषय वर्तमान परिप्रेक्षमा सान्दर्भिक भएको छ । यसरी महिला सशक्तीकरणलाई परिभाषित गर्दा सबैलाई बराबर अवसर, आत्मसम्मान, विकास र सामाजिक रूपान्तरणमा प्रभाव पार्न दृढता जगाउने कार्य हो । सशक्त महिलाहरूले घर समाजको वातावरणलाई सन्तुलित बनाई आपसी सद्भाव कायम गरी विभेदरहित समाजको निर्माण गर्ने क्षमता राख्दछन् ।

महिलाहरूप्रतिको पूर्वमान्यता मातृशक्तिलाई अपमान गर्दै दोस्रो दर्जाको नागरिककारूपमा हेर्ने र पितृसत्तात्मक संस्कार मौलाउने परम्पराको थालनीले महिलाहरूका वाह्य र आन्तरिक अधिकार कुन्ठित हुनपुगेका छन् । परिणामस्वरूप समग्र विकास र समृद्धिमा प्रतिकूल प्रभावका साथै समाज द्वन्द्व र विखन्डनतिर उन्मुख हुन पुगेको छ । पुरुष हरेककार्यमा पुरुष भएकै कारण सक्षम मानिने संस्कारको प्रादुर्भावले समग्र भाषा, मूल्य, मान्यता र संरचना आदिमा पुरुषत्त्व हावी भएको सामाजिक संरचनाको निर्माणले हरेक दिन हिंसा, हत्या, बलात्कारजस्ता जघन्य अत्याचारको शिकार महिला हुनुपरेको वास्तविकता हाम्रो सामु छर्लङ्ग छ । त्यसैकारण महिला र पुरुषबिच भेदभाव गर्ने संसारका धेरै मुलुकहरू आर्थिक, सामाजिक द्वन्द्वबाट माथि उठ्न सकेका छैनन् ।

## महिला अधिकार, सशक्तीकरण र विद्यमान कानुनी प्रावधान

महिला अधिकार र लैङ्गिक समानताका लागि सशक्तीकरण विषय नेपालको लोकतान्त्रिक पद्धतिको माग र आन्दोलनसंगै उठान हुँदै नेपालको संविधानसम्म आइपुग्दा कानुनले महिलालाई अधिकार

सम्पन्न बनाउने जमर्को गरे तापनि समाजको सोचमा तात्त्विक परिवर्तन र रूपान्तरण भएको देखिँदैन । परम्परागत धारणा, सामाजिक परिवेश, आर्थिक स्थिति, धार्मिक र सांस्कृतिक मान्यता आदिको बहानामा महिला माथि हुने गरेका विभेद हट्न सकेका छैनन् । न्यायपूर्ण समाजको लागि सबै किसिमका विभेदको अन्त्यको लागि महिला सम्मेलन सन् १९९५ बेइजिङ प्रतिबद्धता एक साहसिक अग्रगामी कदम हो भन्न सकिन्छ । उक्त सम्मेलन सबै किसिमका विभेदको अन्त्य, समानता, समान सहभागिता समेतका कानुनहरू निर्माण र कार्यान्वयनमा सबै राष्ट्रलाई संवेदनशील बनाउन सफल भयो । यसरी लामो समयसम्म राजनैतिक, सामाजिक एवम् आर्थिक अधिकारका लागि महिलाहरूले गरेको अनवरत सङ्घर्ष अन्तराष्ट्रिय महत्त्वको विषय बन्नपुग्यो । नेपालका सन्दर्भमा कुरा गर्दा उक्त सम्मेलनभन्दा अगाडि राणाशासन विरूद्धको आन्दोलनसँगै नेपाली महिलाहरूले सुरू गरेका महिला अधिकार र लैंगिक विभेद अन्त्यको आन्दोलन नेपालको संविधान निर्माण सम्म कायम रह्यो । यसैको जगमा र नेपालमा भएका विभिन्न लोकतान्त्रिक सङ्घर्ष, महिला आन्दोलन, २०६२ र २०६३ का जनआन्दोलनपश्चात् संविधानसभाबाट बनेको नेपालको संविधानले महिला अधिकार सुनिश्चितताका लागि सशक्तीकरण आवश्यकता भएको प्रत्याभूति गराएको छ ।

नेपालको संविधानमा महिलाको अधिकार सुनिश्चित गराउन नेपाली महिलाहरूको दशकौंलामो वलिदानबाट मात्र सम्भव भएको हो । यहाँसम्म पुग्नका लागि हजारौंहजार महिलाहरूले आफ्नो जीवन अर्पित गर्दै २००४ अगावैदेखि नेपालको क्रुर राणाशासनको विरूद्धमा होमिएको नेतृत्वलाई साथ दिएको अतुलनीय योगदान अविस्मरणीय छ । महिलाहरूले देखाएको साहसिक कदमको सम्मान गर्दै लोकतन्त्र, महिला हकहित र अधिकार सुनिश्चितताका लागि महिलालाई मतदान गर्नेअवसर प्रदान गरियो । मताधिकार प्राप्तसंगै २०१५ सालको आमनिर्वाचनमा द्वारिकादेवी ठकुरानी निर्वाचित भई एशियाको प्रथम महिलामन्त्री हुन पुगिन् । २०१७ सालमा तत्कालीन राजा महेन्द्र शाहले पञ्चायती व्यवस्था स्थापनार्थ गैरप्रजातान्त्रिक कदमले नेपाली नागरिकका सम्पूर्ण मौलिक अधिकार नियन्त्रण गरे । निर्दलीय पञ्चायती शासनका विरूद्धमा फेरि प्रजातन्त्र स्थापनार्थ लडाइँ लड्नुपर्‍यो । ३० वर्षसम्मको लामो सङ्घर्ष पछि २०४६ सालको जनआन्दोलनद्वारा खोसिएको प्रजातन्त्र पुर्नस्थापना गर्न सफल भइयो । हरेक आन्दोलनमाजस्तै यस आन्दोलनमा महिलाहरूको सहभागिता अर्थपूर्ण रहेको र पितृसत्तात्मक सोचबाट ग्रस्त समाजमा नयाँ तरङ्गका साथ नेतृत्वमा महिलाको सहभागिताको सुरूवात भयो । २०४६ को जनआन्दोलनमा सडकमा उत्रेका महिलाहरूको महत्त्वपूर्ण भूमिकाले पञ्चायती शासनको अन्त्य गर्नमा मद्दत पुगेको वास्तविकता स्वीकार्दै २०४७ को संविधानमा हरेक राजनीतिक पार्टीले संसदमा पाँच प्रतिशत महिलाको उम्मेदवारी संसदमा दिनुपर्ने प्रावधान लेखियो । संवैधानिक प्रावधानअनुसार २०४८ को आम निर्वाचनबाट ५ प्रतिशत महिला पुग्न सफल भए । अत्यन्त न्यून महिलाहरू संसदमा हुँदा पनि महिलाहरूका अधिकार संरक्षणार्थ मुलुकी ऐनमा लेखिएका महिला विरूद्धका असमान कानुन खारेजीमा संसददेखि सडकसम्म आवाज उठाउँदै सामाजिक जागरण र राष्ट्रको ध्यानाकर्षण गर्न सफल भएको मान्नुपर्दछ । क्रमशः महिलाहरू माथि गरिएका विभेदका विषय उजागरण गर्दै वहस र छलफलबाट महिलाका पक्षमा कानुन निर्माण र संशोधन गर्ने काममा सबैको महत्त्वपूर्ण भूमिका रहेको थियो । महिलाको अंश र वंशको अधिकारजस्तो विषय संसदमा प्रस्ताव गरिएको थियो । जुन विषय अनुमोदन गर्न झण्डै एकदशक लागेको थियो ।

त्यसैगरी २०५४ सालको स्थानीय निर्वाचनमा महिलाहरूको अनिवार्य राजनीतिक सहभागिताको प्रावधानले वर्तमान संविधानमा ४० प्रतिशत महिलाहरूको सहभागिता स्थानीय निर्वाचनमा सुनिश्चित गर्न सकिएको हो । नेपालको राजनीतिक विषमताले निम्त्याएको राजसंस्थाबाट सञ्चालित सरकारको अलोकतान्त्रिक पद्धति विरूद्धमा पुनः २०६२/२०६३ को जनआन्दोलनमा महिलाहरूले देखाएको हिम्मत, जोश, जाँगर र निडरताले तत्कालीन सरकारलाई लोकतन्त्रको पक्षमा उभिन वाध्य बनाएको हो । उक्त आन्दोलनको प्रतिफल संविधानसभामा एकतिहाइ महिलाहरू सहभागी हुनसके र २०६३ सालमा भएको कानुनको संशोधनबाट लैङ्गिक विभेदका कानुनी व्यवस्थाहरू खारेज गरियो । पुनर्स्थापित प्रतिनिधिसभा

२०६३ ले राज्यका सम्पूर्ण संरचनामा महिलाहरूको सहभागिता हुनुपर्ने संकल्प प्रस्ताव पारित गरी अन्तरिम संविधानबमोजिम संविधानसभामा ३३ प्रतिशत सुनिश्चित गरियो ।

आन्दोलनको मर्म, भावना र उपलब्धि स्वरूप २०६४ को पहिलो संविधानसभामा सहभागी १९७ जना महिला सभासदहरूले पार्टीको दायराभन्दा माथि उठी संविधानसभामा महिला हकहित, अधिकार र सुरक्षाका लागि मस्यौदा तयार गर्ने क्रममा महिला हक अन्तर्गत, महिला भएकै कारणबाट कुनै पनि किसिमका भेदभाव नगर्ने, प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक, आमाको नामबाटसमेत नागरिकता प्राप्त गर्ने अधिकार, महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य गरेमा कानुनद्वारा दण्डनीय हुने कुराको सुनिश्चितता खोजे । त्यसैगरी पैतृक सम्पतिमा छोरा र छोरीलाई समान हक, वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता, समान कामका लागि समान पारिश्रमिक तथा सामाजिक सुरक्षा, महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण भएमा कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता खोजे । संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेषअवसर प्राप्त गर्ने हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक आदिको सुनिश्चितता खोजियो । यी अधिकारहरू नेपालको संविधान, २०७२ लिपीबद्ध गरी नेपालको संविधान "महिला मैत्री" बनाइयो । नेपालको संविधान अनुसार "सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल" को राज्यका तीन सङ्घ, ७ प्रदेश र ७५३ स्थानीय तहमा स्थानीय निकायसम्बन्धी ऐनले ४० प्रतिशत कार्यकारिणी पदसहित प्रमुख वा उपप्रमुखमा एक महिलाको अनिवार्य उपस्थिति सुनिश्चित गरेको छ ।

नेपालको संविधानले स्वास्थ्य, शिक्षा, रोजगारका साथै महिला विरूद्ध कुनै पनि किसिमबाट हिंसाजन्य वा शोषण गर्न नपाइने र गरिएमा दण्डित हुने व्यवस्थाको किटान गरेको छ । प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्वसम्बन्धी हक हुने भन्ने विषय संविधानमा स्पष्ट गरिएको छ । सामाजिक, राजनीतिक तथा आर्थिकरूपले पछाडि परेका महिलाहरूका लागि सहभागिता र समावेशीकरणका माध्यमबाट राज्यको संरचना तथा सार्वजनिक सेवामा पहुँचको प्रत्याभूति गराउने संवैधानिक अधिकार सुनिश्चित गरिएको छ । संसदमा एकतिहाइ महिलाको अनिवार्य उपस्थिति र राज्यका हरेक निकायमा एकतिहाइ कै प्रावधान, त्यसैगरी स्पष्ट किटान गरिएको राष्ट्रपति वा उपराष्ट्रपति, सभामुख वा उपसभामुख, अध्यक्ष वा उपाध्यक्ष पदमा एक महिला अनिवार्य हुने व्यवस्था छ ।

## महिला सशक्तीकरण र आजको सन्दर्भ

नेपालको संविधानले दिएको अधिकारबाट राजनीतिक, आर्थिक, तथा सामाजिक क्षेत्रमा महिला सहभागितामा उत्साहजनक बृद्धि भएको देखिन्छ । संयुक्त राष्ट्रसंघले निर्धारण गरेको दिगो विकासका लक्ष्यभित्र परेको लैङ्गिक समानता महत्त्वपूर्ण लक्ष्यमा स्पष्ट गरिएको छ । यसले महिला–पुरुषबिचको असमानता न्युनीकरण गर्ने, सम्पति तथा आयस्रोतमा देखिएको असमानता, एउटै कामको ज्यालामा हुने असमानता आदिको अन्त्य गर्ने लक्ष्य लिएको छ । शिक्षा स्वास्थमा महिलालाई समान अवसरजस्ता सबै विषयहरूमा लैङ्गिक समानता कायम गर्ने प्रतिवद्धता नेपालले जनाएको छ ।

राजनीतिमा महिला सशक्तीकरण र सहभागिता : नेपालको संविधान बमोजिम हरेकक्षेत्रमा एकतिहाइ महिलाको सहभागिता सुनिश्चिताबाट संसदका तीन निकाय राष्ट्रियसभा, प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका ४० प्रतिशतमा प्रमुख वा उपप्रमुखमा अनिवार्य महिला सहभागिता रहने कानुनी प्रावधान लागु गरिएको छ । यसै कारणले राष्ट्रका महत्त्वपूर्ण अङ्ग कार्यपालिका एवं राष्ट्रपति वा उपराष्ट्रपतिमा

भिन्न समुदाय मात्र होइन महिलाको प्रतिनिधित्व भएको छ । व्यवस्थापिकाका सबै तहका संसदमा प्रमुख वा उपप्रमुखमा महिला हुने संवैधानिक व्यवस्थाले महिलाहरूको उपस्थिति उक्त स्थानहरूमा सन्तोषजनक छ । त्यसैगरी संवैधानिक सुनिश्चिताको कारण हरेक राजनीतिक पार्टीको संरचनामा पनि महिलाहरूलाई आरक्षण गर्ने परिपाटीको विकासले महिला सशक्तीकरणमा निकै मद्दत पुगेको छ ।

नेपालको संविधान बन्दैगर्दा अन्तराष्ट्रियजगतले राजनीतिमा महिला सहभागिताका सम्बन्धमा उदाहरण दिँदा नेपालको प्रशंसा गर्दै "प्रगतिशील कानुन निर्माताको देश" भन्ने गर्दथ्ये तर आज विश्वमानचित्रमा राजनीतिका निर्णायक तहमा महिलाहरूको सहभागिता वृद्धि नेपालको तुलनामा ज्यादै माथि पुगेको छ । नेपालमा २०६४ को निर्वाचनपछि एकतिहाइ महिला आरक्षणको व्यवस्थाले संसदमा हुँदा एक्कासी गति लिएको थियो । त्यसबेला नेपाल संसारको पाँचौ मुलुकमा गणना गरिएको थियो भने अहिले निकै तल झरेको छ । युरोपका अधिकांश मुलुकहरू अष्ट्रेलिया, न्युजिल्याण्डलगायत अन्य देशमा कोटा र आरक्षणबिना झण्डै ५० प्रतिशतको हाराहारीमा महिलाको उपस्थिति रहेको छ । ५० प्रतिशतभन्दा माथि नाघेका मुलुकहरू रूवाण्डा, क्युवा र युनाइटेड अरव इमिरेट्स आदि राष्ट्रहरू छन् ।

तसर्थ नेपालमा महिलालाई आरक्षण गर्दा महिलाका कारण पुरुषको भाग कटौती भएको सोचबाट माथि उठी संसारमा महिलाहरूको नेतृत्व क्षमताले ल्याएको सकारात्मक परिर्वतनको पहिचान गरी राजनीतिमा महिला सशक्तीकरण र निर्णायक तहमा महिलाको पँहुचमा बृद्धि गराउन जरूरी छ ।

## आर्थिक क्षेत्रमा महिला सशक्तीकरण

नेपालको अर्थतन्त्रमा महिलाहरूको सहभागिता अर्थपूर्ण नै रहेको छ । आर्थिक विकासका लागि महिला सशक्तीकरण महत्त्वपूर्ण देखिन्छ । आर्थिक स्रोत, सम्पति र आयआर्जन महिलाहरूको नियन्त्रणमा हुँदा सही ठाँउमा प्रयोग र परिचालन हुने अनेकौ उदाहरणहरू छन् । कृषि, घरेलु कामकाजलगायत समाज र समुदायमा हुने हरेक क्रियाकलापमा स्वयंसेवक अर्थात् ज्यालाविहीन कार्यमा महिलाहरूको सक्रिय सहमागीता रहँदै आएको छ । परम्परागत अवधारणा र प्रचलनअनुरूप महिलाले आर्थिक लाभविना नै काम गर्ने हो भन्ने मानसिकताको विकास विपरीत हाल यसको रूपान्तरण भएको छ । राज्यले महिलाहरूको ज्यालाविहीन कामलाई प्रत्यक्ष नगद प्रदान नगरे तापनि उत्पादनशील कार्यलाई स्वीकार्दै गार्हस्थ उत्पादनमा समावेश गरेको छ । यस कार्यले समग्र महिलाहरूका लागि सकरात्मक विभेदतिर उन्मुख भएको र समानताको विषयलाई एककदम अगाडि बढाएको छ ।

नेपालको समृद्धिमा कृषि क्षेत्रले महत्त्वपूर्ण स्थान ओगटेको छ । कुल कृषिमा संलग्न जनसङ्ख्याको ७२ प्रतिशत महिला कृषिमा संलग्न रहेको तर उक्त क्षेत्रमा उनीहरूको स्वामित्व १० प्रतिशत मात्र रहेको तथ्याङ्कले देखाउँदछ । कृषिमा महिलाहरूको संलग्नताको कारणले गार्हस्थ उत्पादनमा २८.९ प्रतिशत योगदान पुऱ्याएको छ । साना र मझौला उद्योग क्षेत्रमा पनि महत्त्वपूर्ण संलग्नता रहेको छ भने न्यून सहभागिता ठुला उद्योगमा पनि रहेको छ । विशेषगरी साना र घरेलु उद्योगमा महिलाहरूको सहभागिता आशा लाग्दो देखिएको छ । व्यापारीक क्षेत्रमा महिलाहरूको आकर्षण दिनानुदिन बढिरहेको छ । शिक्षित महिलाहरूको बढ्दो सङ्ख्यासंगै रोजगार, स्वरोजगारमा आर्कषण बढेको र व्यापारव्यवसायमा महिलाहरू उन्मुख भई आत्मनिर्भर बन्दै गएका छन् । पर्यटकीय क्षेत्रमा पनि महिलाहरूको सहभागिता निकै उत्कृष्ट रहेको छ । घरमै बसेर पर्यटकको खानपान र बसाइको व्यवस्थापनमा महिलाहरूको योगदान महत्त्वपूर्ण देखिन्छ । वैदेशिक रोजगारमा महिलाहरूको सङ्ख्यामा निरन्तर बृद्धिको क्रम जारी छ । देशको अर्थतन्त्रमा जोडिने विप्रेषणमा महिलाहरूको पनि उत्तिकै भूमिका रहेको तर विदेशमा महिला कामदारमाथि हुने हिंसाले वैदेशिक रोजगारक्षेत्र निकै जोखिमयुक्त रहेको छ । यसरी समग्र आर्थिक आयआर्जनका क्षेत्रमा महिलाहरूको संलग्नता देखिए तापनि यसबाट प्राप्त आर्थिकस्रोत परिचलानमा एकल निर्णय गर्ने क्षमता र अवसरबाट भने महिलाहरू वञ्चित भएको देखिन्छ ।

विशेषत् अनौपचारिक क्षेत्रमा महिलाहरूको सहभागिता बढी हुँदा प्रत्यक्ष आर्थिक आयआर्जन गर्ने क्षेत्रमा कमी देखिन्छ । आधाभन्दा बढी जनसङ्ख्या ओगटेका महिलाको आर्थिक अवस्थामा केही सुधार आए तापनि समग्र आर्थिक वाडँफाडँमा असमानता रहेको छ । राज्यका तहगत निकायहरू एकआपसका क्षेत्राधिकारबारे अनभिज्ञ रहँदा सहकार्य गर्ने कार्यशैलीको अभाव देखिन्छ । महिलाहरू परम्परागत घरायसी तथा घरेलु कामकाजमा मात्र व्यस्त नरही उत्पादनशील कार्यमा संलग्न भई आर्थिक सशक्तीकरणमा आमुल परिवर्तन गरेका छन् । यद्यपी आर्थिकरूपले घरका प्रमुख पिता वा पतिमा नै आश्रित रहने अवस्थाबाट रूपान्तरण हुँदै एकदशकको अवस्थामा आइपुग्दा नेपाली महिलाहरूले अधिकारका दृष्टिले आर्थिक समृद्धिमा निकै ठुलो फड्को मार्न भने सफल भएको देखिन्छ ।

## सामाजिक न्यायमा सशक्तीकरण र समानता

समाजमा हुने सबै प्रकारका भेदभावको अन्त्य गरी न्यायपूर्ण समाजको स्थापना गर्नु नै सामाजिक न्याय हो । महिलामाथि हुने हिंसा, बलत्कार र हत्या जस्ता जघन्य अपराधका शिकार महिला हुने हाम्रो सामाजिक परिवेश हो । संविधान, ऐन कानुनद्वारा निर्देशित राज्यद्वारा प्रद्धत्त महिलाअधिकार र सुरक्षामा समाजको मौनता महिला सशक्तीकरणको वाधक बन्दैआएको छ । महिला शिक्षा र स्वास्थमा घरपरिवार र समाजले गर्ने विभेदको दायरा अझै साँघुरिन सकेको छैन । सामाजिक चेतना बढाउन पनि महिला शिक्षा अनिवार्यता हुन्छ; "भनिन्छ एक महिला शिक्षित भए घरका सबै परिवार शिक्षित हुन्छन्" । केही दशकदेखि महिला शिक्षाक्षेत्रको अवस्थामा क्रमिक सुधार आए तापनि महिला र पुरुष साक्षरता सङ्ख्यामा झण्डै १२ प्रतिशतभन्दा माथिको अन्तर देखिन्छ । महिलाहरू पुरुषको तुलनामा शिक्षा स्वास्थ्यलगायतका आधारभूत जीवनोपयोगी सुविधाबाट वञ्चित छन् । छोरीको शिक्षा अर्को घरको लागि भन्ने मानसिक सोचबाट आज पनि घरसमाज मुक्त हुनसकेको छैन । महिलाहरूका हरेकक्षेत्रमा बढ्दो सहभागिताको दायरालाई अर्थपूर्ण बनाउनका लागि सङ्ख्यात्मक मात्र नभई गुणात्मक सहभागितामा परिवर्तन र सामाजिक न्याय एवं समानता कायम गर्न महिला शिक्षा अपरिहार्य छ । केही वर्षयता बालिकाहरूको विद्यालय प्रवेश सङ्ख्यामा बृद्धिको आँकडाले शिक्षामा महिलाको अवस्था सन्तोषजनक रहने विश्वास जागेको छ तर शैक्षिक निकायमा सरोकारवालाहरूको ध्यान नपुग्दा ग्रामीण तहका बालिकाहरू विविध कारणले विद्यालय छोड्न बाध्य हुनेको सङ्ख्या उच्च रहनुका साथै स्तरीयशिक्षाको पहुँचमा पुग्न सकेका छैनन् । तसर्थ राज्यले नीतिनिर्माणसहितको आर्थिक व्यवस्थापन गरी सबैका लागि शिक्षानीति कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

*नेपालको संविधानले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने कुरामा सुनिश्चित गरेको छ । सबै दम्पति र व्यक्तिका यौन तथा प्रजनन् स्वास्थ्यको आधारभूत अधिकार, जसमा सन्तानको सङ्ख्या, जन्मान्तरमा निर्णय गर्न पाउने अधिकार संविधानले व्यवस्था गरे पनि आवश्यक सूचना, साधन र सुविधाको पहुँचबाट वञ्चित भएका छन् ।*

त्यसैगरी सामाजिक न्याय र समानताका लागि महिला स्वास्थको अवस्थालाई सुधार्नु जरूरी छ । विभिन्न सामाजिक तथा आर्थिक कारणले महिलाहरू माथिको कार्यबोझ अनि खानपानसमेतमा देखिएको विभेद र सन्तुलित आहारको अभावले स्वास्थस्थिति दयनीय बन्न पुगेको छ । साथै हरेकदिन विश्रामविनाको घरायसी तथा कृषिमा हुने शारीरिक परिश्रम, उमेर नपुगी बच्चा जन्माउने, स्वास्थउपचार तथा मातृशिशु सेवाको अपर्याप्तता आदिका कारण मातृ तथा शिशु मृत्युदर आज पनि अन्य मुलुकको तुलनामा माथि नै छ । यद्यपी यौन र प्रजनन् स्वास्थसम्बन्धी विषयमा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनको निर्णयमा नेपालको सहमतिअनुरूप नेपालको संविधानले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने कुरामा सुनिश्चित गरेको छ । सबै दम्पति र

व्यक्तिका यौन तथा प्रजनन् स्वास्थ्यको आधारभूत अधिकार, जसमा सन्तानको सङ्ख्या, जन्मान्तरमा निर्णय गर्न पाउने अधिकार संविधानले व्यवस्था गरे पनि आवश्यक सूचना, साधन र सुविधाको पहुँचबाट वञ्चित भएका छन् ।

२०७६ सालमै अनुमोदन गरिएको विधेयकमा प्रत्येक किशोरकिशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी शिक्षा, सूचना तथा परामर्श सेवा, विवाहपूर्व तथा पश्चात्को सुरक्षित मातृत्वसम्बन्धी परामर्श अधिकारको व्यवस्था गरिएको छ । महिलालाई सुरक्षित गर्भपतनको अधिकारको व्यवस्था गरिएको छ । महिलालाई स्वास्थमा विशेष अधिकारको कानुनी प्रावधान भए तापनि उक्त अवसर लिन महिलालाई सरल र सहयोग नहुँदा अझै पनि स्वास्थस्थितिमा सुधार हुनसकेको छैन ।

## द्वन्द्व र विपदमा महिला

द्वन्द्व, प्राकृतिक विपद, भूकम्प, बाढीपैरो र वर्तमान कोभिड महामारीबाट बढी प्रभावित र जोखिमको मारमा महिला परेका छन् । मुलुक १२ वर्ष द्वन्द्वमा रहँदा, २०७२ को भूकम्प र प्रत्येक वर्ष हुने बाढीपैरो अनि वर्तमान समयको कोरोना महामारी आदि कारणले भौतिक शरीर गुमाएकाहरूका एकलमहिला र वालबालिकाले भोग्न परेको आर्थिक, सामाजिक पीडा अत्यन्त कारूणिक छन् । विशेषगरी प्रसुतीमा रहेका महिलाको स्वास्थ अवस्थामा गम्भीर प्रभाव पारिरहेको छ । भूकम्पका समयमा पालभित्र बस्न बाध्य महिलामाथि भएको बलत्कार, हिंसा र कोभिड १९ का कारणले निषेधाज्ञाको समय महिला विनापारिश्रमिकको घरायसी सेवामूलक कार्यबोझ तथा उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव परेको छ । शारीरिक तथा मानसिक यन्त्रणाले आत्महत्याजस्तो कार्य समाजमा बढ्दो छ । यसरी सदैव विपद्को अग्रपङ्क्तिमा महिला जोखिममा पर्ने तथ्य स्पष्ट छ ।

समग्र महिला सशक्तीकरणका कानुन र घोषित कार्यक्रमहरूमा उल्लेखित महिलाहरूका लागि विशेष ध्यान दिन राज्य संयन्त्रहरू सक्रिय नहुँदा मुलुकको सर्वाङ्गीण विकासमा असर परिरहेको छ । यस्ता समस्याको निराकरण समाजमा रहेका हरेकवर्गमा जागरण अनिवार्य देखिन्छ । अतः कोभिड महामारीको बेलामा पनि सो विषयलाई ध्यानमा राख्दै यौन तथा प्रजनन् स्वास्थ्यसेवालगायतका स्वास्थ्यसुविधाहरू विनाअवरोध प्रदान गर्ने व्यवस्था मिलाई मातृ मृत्युदर कम गर्ने व्यवस्था गर्न आवश्यक छ । घरभित्रको कामकाजको समतामूलक विभाजनलाई प्रर्वद्धन गर्न स्थानीयदेखि राष्ट्रियस्तरका सूचना केन्द्रहरूको सक्रियता र परामर्शसेवाको अनिवार्य व्यवस्थापन गरी कोरोनाका कारण विपद्मा परेकाहरूको उद्धार जरूरी छ । सेवा प्रदान गर्ने सूचनालाई पनि चुस्तदुरूस्त बनाउँदै सहयोग उपलब्ध गराउँदा प्रतिबन्धका कारण सूचना सहजै पाउन नसक्ने महिलाहरू, उनीहरूका छोराछोरी तथा परिवारलाई प्राथमिकतामा राख्ने नीति बनाई कार्यान्वयन गर्न आवश्यक छ ।

## निष्कर्ष

महिला सशक्तीकरण उचित कार्यक्रम व्यवस्थापन गर्नका लागि नेपालको संविधानद्वारा प्रदत्त सम्पूर्ण अधिकार राजनीतिक, आर्थिक, सामाजिक, स्वास्थ्य र शिक्षासेवाको गतिमा बढोत्तरी गर्दै विद्यमानअसमान शक्ति सन्तुलनको अन्त्यबाट समाजको सही रूपान्तरण गरी समानता कायम गर्न सकिनेछ । समाजमा समान व्यवहार र सम्मानित भएर बाँच्न पाउने महिलाको अधिकारको संरक्षणका लागि राज्यका सबै निकाय सचेत, गम्भीर र उत्तरदायी बन्न जरूरी छ । देशभरिका ७५३ स्थानीय तहमध्ये ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका तथा ४६० गाँउपालिकाहरूमा ३५ हजार जनप्रतिनिधिहरू चुनिएका छन् । जसमा ४० प्रतिशत अर्थात् १४ हजार महिला निर्वाचित भएका छन् । यो सङ्ख्या महिलाको समस्या समाधानका लागि अर्थपूर्ण रहेको छ । महिलाहरूले समस्या एवं गुनासो राख्ने थलो पाएका छन् । महिलाका धेरै समस्या स्थानीय तहमै समाधान हुँदा महिलाहरूमा यसले आत्मबल बढाएको छ । यस ऐतिहासिक उपलब्धिलाई महिलाहरूले स्वीकार्दै

हरेक कामकारवाहीमा सजगताका साथ काम गरिरहेका छन् । यद्यपि स्थानीय तहका अधिकांश उपप्रमुख पदमा महिला निर्वाचित भएकाले न्यायीक समितिको अध्यक्ष हुने कानुनी प्रावधानबाहेक अन्य अधिकारबाट वञ्चित भएका छन् । विकास निर्माण र बजेट निर्धारण अधिकार प्रमुखमा निहित हुँदा लैंगिक उत्तरदायी बजेटमा असमान वितरण रहेको छ । साधनस्रोत र आवश्यक सूचना, प्रशिक्षणको अभावमा निर्णय गर्ने क्षमतामा कमी भएकाले महिलाहरूको क्षमता अभिवृद्धि र सशक्तीकरणमा स्थानीय निकायका हरेक प्रक्रियामा महिला सहभागी गराउने प्रावधानको व्यवस्था जरूरी छ ।

महिलाका प्राप्त अधिकारको संरक्षणार्थ कार्यक्रम कार्यान्वयनमा राज्यका सबै अङ्गहरू निष्क्रिय भएको सरकारका हरेक नीति तथा कार्यक्रमले स्पष्ट गर्दछन् । राज्यका हरेक पूर्वाधार विकास प्रणाली, सम्बन्धित नीतिहरू, संस्थागत प्रक्रिया, कामको वातावरण एवं संस्कृति, कार्यक्रम र बजेट तर्जुमा, सेवा प्रवाह, अनुगमन तथा मूल्याङ्कन र अनुसन्धानकार्यको पहिचान गरी त्यसको सम्बोधनका लागि कानुनको निर्माण गरी महिलालाई मूलप्रवाहीकरणमा समावेश गर्नुपर्दछ । सुविधाबाट वञ्चित भएका महिलालाई निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ । उपलब्ध अवसर, स्रोतसाधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चितता गरिनुपर्छ । यो नगरे कानुनी सजायको प्रावधानको व्यवस्था गर्नुपर्छ । "विकास र समृद्धि" लाई गन्तव्यमा पुऱ्याउन लैङ्गिक विभेदरहित सहभागिता र पूर्ण जनतालक्षित कार्यक्रमले मात्र सम्भव हुन सक्दछ ।

आर्थिक क्षेत्रमा महिलाका लागि वजेट विनियोजनमा लैङ्गिक उत्तरदायी वजेटको केन्द्रीय नीति तथा कार्यक्रम रहेको तर प्रदेश, स्थानीय तहले यस कार्यको अभिभारा लिएका छैनन् । लैङ्गिक वजेट महिलाको शिक्षा, स्वास्थ र महिलाहरूले गर्दै आएका कृषि व्यवसायीक तालिम, सानासाना घरेलु उद्योग सञ्चालनमा सहयोग र अनुदान आदिको व्यवस्थाभन्दा समग्र खानेपानी व्यवस्थापन, सिचाई आदिलाई पनि लैङ्गिक वजेट मै परिभाषित गरेका उदाहरण प्रशस्त छन् । तसर्थ संघले नीतिनिर्माण र कार्यान्वयनका लागि उत्तरदायित्व वहन गर्ने, प्रदेशले शिक्षा, स्वास्थ र समावेशिका अवधारणाको कार्यान्वय गर्ने र स्थानीय तहले प्रत्यक्ष लगानी गरी महिलाहरूको आर्थिक विकासमा अभिवृद्धि गराउने जिम्मेवारी वहन गर्नु जरूरी देखिन्छ । यसरी सबै निकायको सहकार्यबाट गरिबीको रेखामुनी रहेका जनसङ्ख्याको ठुलो सङ्ख्या महिलाको आर्थिक उत्थानले मात्र देशको विकास र समृद्धिमा टेवा पुग्नेछ ।

अन्तमा नेपालपक्ष भई अनुमोदन गरिएका अन्तराष्ट्रिय अनुवन्धअन्तर्गत दिगो विकास र सहस्राब्दी लक्ष्यका केही विषयमा नेपालले महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकेको छ भने केहीमा आंशिक प्राप्ति र केही विषय सुरु गर्न सकेको अवस्था छैन । लक्ष्यमा पुग्न नसकेका विषयहरूमा गरिबी र भोकको निवारण, समानता, समावेशी, द्रुतगतिको शहरीकरणको प्रतिकुलता, अस्तव्यस्त शहर, स्वस्थ वातावरण, विप्रेषणमा निर्भर आर्थिक अवस्था, भष्ट्राचार शून्यता आदि विषयलाई २०३० सम्ममा पूरा गर्ने प्रतिवद्धता नेपालले जनाएको छ । उक्त प्रतिवद्धताहरू पूरा गर्नका लागि राज्यका सबै निकाय सचेत र गम्भीर हुनुका साथै कार्यशैलीको गतिमा आएको मन्दगतिको अन्त्य गर्ने लक्ष्य र उदारता अपनाउनु पर्दछ ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान
- HIRD Himal Innovative Development and Research Pvt.Ltd, Research Paper
- Beijing 25 Review
- Progress of Women in Nepal, 1995- 2015, Government of Nepal
- नेपाल सरकारको बजेट वक्तव्यहरू
- राष्ट्रिय योजना आयोग, पन्ध्रौं योजना पुस्तिका

# युवा जनसाङ्ख्यिक लाभ



➲ श्री बद्रीप्रसाद पाण्डे

## नेपालमा युवा र युवा जनसाङ्ख्यिक अवस्था

कुनै पनि राष्ट्रका लागि युवा शक्ति परिवर्तनका संवाहक हुन् । यो शक्तिविना कुनै पनि सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरण सम्भव छैन । नेपालमा पनि सामाजिक तथा राजनीतिक परिवर्तन तथा शैक्षिक आन्दोलनमा युवाहरूको महत्त्वपूर्ण सहभागिता, संलग्नता तथा नेतृत्व रही आएको छ । एउटा भनाइ छ कि "युवाहरूको पेटमा परिवर्तनको भोक लुकेको हुन्छ र त्यो भोक जहिले पनि अतृप्त हुन्छ ।" यो भनाइले पनि युवाहरूको प्रवृत्ति र महत्त्वलाई यति सशक्तरूपमा प्रष्ट्याउँछ कि परिवर्तनका पर्याय नै युवाहरू हुन् । उनीहरूमा भएको परिवर्तनको भोकले राष्ट्रका विविधपक्ष र क्षेत्रमा परिवर्तन तथा विकासका लागि उनीहरूको स्वभाविक क्रियाशीलता, खोज तथा रचनात्मक क्रियाकलापमा सहभागी तथा संलग्नतामा जोड दिन्छ । यस्तो विशेषता र प्रवृत्ति हुने युवाहरूलाई भने विभिन्न देश, निकाय तथा सङ्घसंस्थाहरूले विभिन्न तरिकाले परिभाषित गरेको पाइन्छ । युवाको परिभाषा गर्ने क्रममा शारीरिक मानसिक तथा उमेरगत कुरालाई मुख्यआधार मानेर गरिएको पाइन्छ । जसअनुसार शारीरिक तथा मानसिक विकासका दृष्टिकोणले युवा भन्नाले किशोर अवस्था र वयस्क अवस्थाबिचको उमेर समूहलाई जनाउँदछ । संयुक्त राष्ट्रसङ्घ र विश्व बैंकजस्ता अन्तराष्ट्रिय संस्थाहरूले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ । पछिल्लोपटक संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को धारा २२५० (UNSCR 2250) को सन्दर्भमा युवाको उमेर समूहलाई १८ देखि २९ वर्षको समयलाई मानेको पाइन्छ यद्यपि धेरै देश तथा संस्थाहरूले १५ वर्षदेखि ३५ वर्ष उमेर समूहलाई समेटेर युवाको परिभाषा गरेको पाइन्छ ।

नेपालको सन्दर्भमा युवाको परिभाषामा एकरूपता पाइँदैन । युवाको परिभाषा गर्ने निकायहरूमा विशेषतः राष्ट्रिय युवा परिषद्, युवा तथा खेलकुद मन्त्रालय, कृषि मन्त्रालय रहेका छन् । यी निकायहरूले आफ्नो कार्यक्षेत्र तथा उद्देश्यअनुसार रणनीतिकरूपमा युवाको परिभाषा गरेको पाइन्छ । जस्तो, बालबालिकासम्बन्धी ऐनले १८ वर्षभन्दा कम उमेरकालाई बालबालिका मान्दछ भने कृषि मन्त्रालयले १८ वर्षदेखि ५९ वर्ष र श्रम ऐनले ५० वर्ष उमेरसम्मका व्यक्तिलाई सक्रिय युवा मान्दछ । राष्ट्रिय युवा परिषद्ले मूलतः उमेर तथा सक्रियताका आधारमा युवा मानेको पाइन्छ । राष्ट्रिय युवा परिषद्ले निर्माण गरेको राष्ट्रिय युवा नीति तथा राष्ट्रिय युवा परिषद् ऐन २०७२ अनुसार १६ देखि ४० वर्षको जनसङ्ख्यालाई युवा मानिन्छ । यस सन्दर्भमा राष्ट्रिय युवा परिषद्ले निर्माण गरेको युथभिजन सन् २०२५ मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको पाइन्छ । परिषद्को १६-४० वर्ष उमेरसमूहलाई उमेर मान्ने परिभाषालाई आधार मानेर हेर्दा वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालको युवा जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेको छ । यो युवा जनसङ्ख्यामा लैङ्गिक विवरणमा केही फरक रहेको पाइन्छ । जस्तो राष्ट्रिय जनगणना तथा घरधुरी सर्वेक्षण २०६८ अनुसार नेपालको जनसङ्ख्यामा लैङ्गिक अनुपात ९४ रहेको छ । यसको

➲ पाण्डे, संबिधान सभा सदस्य एवं NFPPD को उपाध्यक्ष हुनुहुन्छ ।

अर्थ प्रति १०० महिलामा पुरुषको सङ्ख्या ९४ जना रहेका छन् । यो महिला र पुरुष अनुपात युवाका दुवै उमेर समूह, जस्तै १६ देखि २५ र २६ देखि ४० वर्षमा ८३ अर्थात् एउटै रहेको देखिन्छ । यसरी हेर्दा नेपालको जनसाङ्ख्यिक संरचनामा केटाकेटी र वयस्क तथा वृद्धवृद्धाको तुलनामा युवाहरूको जनसङ्ख्या उल्लेख्य रहेको देखिन्छ । यो जनसङ्ख्या समकालीन समयमा युवाहरूको जनसङ्ख्या बढी रहेकाले निःसन्देह श्रमशक्तिको रूपमा सक्रिय जनसङ्ख्या हो । जुन राष्ट्रिय अर्थतन्त्र तथा विकास र परिवर्तनका लागि पनि गतिशील समूह हो ।

## युवा जनसङ्ख्याको जनसाङ्ख्यिक लाभको सम्भावना

जनसाङ्ख्यिक लाभ (Demographic Dividend) भन्नाले कुनै पनि देशको जनसङ्ख्यामा आश्रित जनसङ्ख्याभन्दा श्रमशक्तिको अनुपात उल्लेख्य रहेको अवस्थालाई बुझिन्छ । अझ विस्तृतरूपमा भन्दा जनसाङ्ख्यिक लाभ त्यस्तो अवस्था हो जसमा प्रजननदरमा आएको तीव्र घटोत्तरी वा गिरावटको परिणामस्वरूप देशको आर्थिक वृद्धिको उच्चसम्भावना हुन्छ । यस्तो अवस्थामा वृद्धवृद्धा र केटाकेटीहरूको जनसङ्ख्याभन्दा युवाहरूको जनसङ्ख्या उल्लेख्य रहेको हुन्छ । सामान्यतः कुनै पनि देशमा यस्तो खालको जनसाङ्ख्यिक लाभको अवस्था आएपछि २० देखि ३० वर्षसम्म रहने गर्दछ तर नेपालमा भने यस लाभको अवस्थाको सुरूवात सन् १९९२ देखि भएर झण्डै ५५ वर्ष (सन् २०४७) सम्म रहनेछ । जसमध्ये २५ वर्ष नेपालले गुमाइसकेको छ (रा.यो.आ.सन् २०१७) । विशेषतः प्रजनन दरमा कमी आउनु भनेको बालबच्चाहरूको आहारविहार, स्वास्थ्य, शिक्षालगायत गुणस्तरीय जीवनयापनका लागि गर्नुपर्ने लगानी न्यून हुन्छ । अर्कोतर्फ वृद्धवृद्धाहरूको जनसङ्ख्या युवाको भन्दा कमी हुनेहुनाले उनीहरूको हेरचाह, पालनपोषणका लागि आवश्यक जनशक्ति तथा स्रोतको कमी हुँदैन । त्यसको विपरित यो अवस्थामा देशका लागि आवश्यक जनशक्ति उपलब्ध हुने र सक्रिय श्रमशक्तिको प्रचुर उपलब्धताले गर्दा आर्थिक वृद्धि, विकास तथा समुन्तिको आधार सिर्जना भएको हुन्छ ।

> ***जनसाङ्ख्यिक लाभ त्यस्तो अवस्था हो जसमा प्रजननदरमा आएको तीव्र घटोत्तरी वा गिरावटको परिणामस्वरूप देशको आर्थिक वृद्धिको उच्चसम्भावना हुन्छ । यस्तो अवस्थामा वृद्धवृद्धा र केटाकेटीहरूको जनसङ्ख्याभन्दा युवाहरूको जनसङ्ख्या उल्लेख्य रहेको हुन्छ ।***

नेपालको जनसङ्ख्याको विद्यमान संरचनालाई हेर्दा जनसाङ्ख्यिक लाभको दृष्टिले उच्चतम अवस्थामा रहेको देखिन्छ । माथि उल्लेख गरेझैं नेपालको कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत युवाहरूको जनसाङ्ख्यिक लाभ (Demographic Dividend) को अवसरलाई पूँजीकृत गरी मुलुकको आर्थिक सम्वृद्धिमा युवाको योगदानलाई सुनिश्चित गर्नसकिन्छ । युवा अवस्था भनेको आँट, क्षमता, उच्च मनोबलले भरिएको उर्जाशील अवस्था हो । यदि यो उमेर समूहका जनशक्तिलाई देशले समुचित प्रयोग गरी उद्यमशील बनाउन सकेमा देशको आर्थिकबाटो सवल र सफल बन्नसक्दछ । राष्ट्रिय विकासमा युवाउमेर समूहको सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक र आर्थिक अधिकारहरूको पूर्णउपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताको लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेषअवसर प्रदान गर्न नेपालमा नीतिगत तथा संवैधानिक व्यवस्था गरिएको छ । संयुक्त राष्ट्रसङ्घले तय गरेको दिगो विकास लक्ष्य २०३० र राष्ट्रिय युवा परिषद्ले निर्माण गरेको युथभिजन २०२५ लेसमेत युवाको विकास र सहभागितामा विशेष जोड दिएको छ ।

## जनसाङ्ख्यिक लाभको उपयोगमा नेपालको अवस्था

युवाहरूको विविध क्षमता तथा जनसाङ्ख्यिक लाभलाई उपयोग गर्न नेपाल सरकाले २०६५ सालमा छुट्टै युवा तथा खेलकुद मन्त्रालय र २०६६ सालमा 'राष्ट्रिय युवा नीति' जारी गरेको थियो । त्यस्तै २०७२ सालमा राष्ट्रिय युवा परिषद्को गठन भयो । यसका साथै अन्य प्रयासहरू पनि भएका

छन् । यद्यपी युवाको क्षमता र नेतृत्व विकास तथा परिचालनमा भने खासै परिवर्तन देखिएको छैन । यसमा युवाहरूको परिचालन तथा सहभागिता राज्यको प्राथमिकतामा नपरेको कारण पनि हुनसक्दछ । युवा जनसाङ्ख्यिक लाभको अवस्था के कस्तो छ भनेर निर्क्यौल गर्नको लागि ग्लोबल मोनिटरिङ रिर्पोट २०१५/१६ ले प्रस्ताव गरेको मापदण्डलाई आधार मानेर हेर्नु उचित हुन्छ । उक्त रिर्पोटअनुसार जनसाङ्ख्यिक लाभको अवस्थालाई चारभागमा हेरिनुपर्दछ । (क) पूर्व जनसाङ्ख्यिक लाभको अवस्था (Pre-dividend), (ख) प्रारम्भिक जनसाङ्ख्यिक लाभको अवस्था (Early-dividend), (ग) उत्तर जनसाङ्ख्यिक लाभको अवस्था (Late-dividend) र (घ) पश्च जनसाङ्ख्यिक लाभको अवस्था (Post-dividend) । पूर्व जनसाङ्ख्यिक अवस्था भन्नाले कुनै पनि देशको जनसङ्ख्याको अवस्था जनसाङ्ख्यिक लाभमा प्रवेश गर्नुपूर्वको अवस्था हो । विभिन्न देशमा जनसङ्ख्या प्रक्षेपणहरूले यो अवस्था आउने सूचकहरूलाई निर्धारण गर्दछन् । त्यस्तै प्रारम्भिक जनसाङ्ख्यिक लाभको अवस्थामा कुनै पनि देशको जनसङ्ख्या त्यस्तो विन्दुमा प्रवेश गर्दछ जहाँ युवाहरूको जनसङ्ख्या बढ्दोक्रममा हुन्छ र प्रजननदरमा क्रमशः कमी हुँदै आउँछ । देशमा अस्थायीरूपमा काम गर्ने श्रमशक्तिको उच्च वृद्धि हुन पुग्दछ भने आश्रित जनसङ्ख्या दरमा गिरावट आउँछ । जसले गर्दा साधनस्रोतलाई आर्थिक विकासमा लगाउन तथा पारिवारिक कल्याणमा खर्च गर्नमा स्वतन्त्रता प्राप्त हुन्छ । त्यस्तैगरी उत्तर जनसाङ्ख्यिक लाभको अवस्थामा कुनै पनि देशको जनसङ्ख्या त्यस्तो विन्दुमा पुग्दछ जहाँ देशको आर्थिक विकासले उच्चगति लिन्छ भने प्रजननदर र मृत्युदर घट्दोरूपमा पुग्दछ । यो अवस्थाले पनि देशमा श्रमशक्तिको बढोत्तरीको अवस्था सिर्जना गर्दछ भने युवाहरूको जनसङ्ख्या वृद्धिमा तुलनात्मकरूपमा कमी आउने वा स्थिर हुनपुग्दछ । अर्कोतर्फ यो अवस्थामा पनि सक्रिय जनसङ्ख्या बढी हुनाले आश्रित जनसङ्ख्या न्यून हुन्छ । जनसाङ्ख्यिक लाभको अन्तिमचरण भनेको पश्च जनसाङ्ख्यिक लाभको अवस्था हो । यो अवस्थामा कुनै पनि देशको जनसङ्ख्यामा प्रजनन दर र मृत्युदरमा कमी आउँछ भने वृद्धवृद्धाको सङ्ख्यामा उल्लेख्य वृद्धि हुनपुग्दछ । जसले गर्दा केटाकेटीहरूको तुलनामा वृद्धवृद्धाहरूको स्याहारसुसार तथा स्वास्थ्यमा युवा जनशक्ति लाग्नुपर्ने हुन्छ भने देशमा परनिर्भर जनसङ्ख्यामा वृद्धि हुँदैजान्छ । यो अवस्थामा देशको साधनस्रोतको महत्त्वपूर्ण हिस्सा पेन्सन, औषधी उपचार तथा कल्याणकारी सेवामा खर्च हुन्छ ।

यसरी हेर्दा कुनै पनि देशको जनसाङ्ख्यिक लाभ कुन अवस्थामा छ भनेर विश्लेषण तथा नीतिनिर्माण गरिनुपर्दछ । नेपालमा जनसाङ्ख्यिक लाभ ५५ वर्ष (सन् १९९२ बाट सुरू भएको र २०४७ मा सकिने) रहने भए पनि नेपालले जनसाङ्ख्यिक लाभ उठाउन सकिरहेको छैन । संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष २०१७ (UNFPA, 2017) ले नेपालमा भएका जनगणनाका प्रतिवेदन तथा जनसङ्ख्या प्रक्षेपणको आधारमा जनसङ्ख्याको अवस्था चित्रण गरेको छ । जसअनुसार जनगणना २०४८ मा पूर्व जनसाङ्ख्यिक लाभको अवस्था देखिन्छ भने २०६८ पछि प्रारम्भिक चरणमा रहेको जनसाङ्ख्यिक लाभ हाल जनगणनाको २०७८ सेरोफेरोमा आउँदा उत्तरजनसाङ्ख्यिक लाभको अवस्थामा प्रवेश गर्न थालेको प्रक्षेपणमा देखिन्छ । अब ३० वर्षजति मात्र यस्तो जनसाङ्ख्यिक लाभको अवस्था बाँकी रहने देखिन्छ । यस्तो अवस्थामा पनि नेपालको ठुलो युवा जनशक्ति श्रम तथा रोजगारीका लागि देश बाहिर रहेको अवस्था विद्यमान छ । सक्रिय जनसङ्ख्याको ठुलो हिस्सा रोजगारीको खोजीमा विभिन्न मुलुकमा क्रियाशील छ । प्रत्येक वर्ष ५ लाख युवाहरू रोजगारीका लागि श्रमबजारमा प्रवेश गर्ने जनसङ्ख्या मध्ये ३ लाखभन्दा बढी आप्रावासनमा जान बाध्य छन् । स्वदेशमा रहेका मध्ये १० प्रतिशतले मात्र रोजगारी पाउन सक्ने अवस्था विद्यमान रहेको छ । बाँकी ९० प्रतिशत रोजगारीको खोजीमा भौतारिरहन विवश हुन्छन् । अन्तर्राष्ट्रिय श्रमसंगठन-आइएलओ (२०१४) को प्रतिवेदनअनुसार नेपालमा पूर्ण-बेरोजगारी दर १९.२ प्रतिशत र अर्ध-बेरोजगारी दर २८.३ प्रतिशत छ । आप्रावाशनमा जाने ९० प्रतिशत युवाहरू छन् भने श्रम मन्त्रालयको तथ्याङ्कअनुसार दैनिक १५ सय युवाहरू कामका लागि विदेशिने र ५ सयको हाराहारीमा विदेशबाट फर्किने गर्दछन् । यसरी दैनिक एकहजार युवाहरू रोजगारी तथा अन्य उद्देश्यले पलायनको अवस्था रहेको छ । तथ्याङ्कअनुसार छिमेकी देश भारतलाई छोडेर ६० लाखभन्दा

बढी नेपाली विदेशमा रोजगारीका लागि गएका छन् । यहाँ विचारणीय कुरा के छ भने छिमेकी देश भारतमा पनि उल्लेख्यरूपमा युवाहरू रोजगारीका लागि जाने गर्दछन् यद्यपि त्यसको कुनै व्यवस्थित तथा विश्वसनीय तथ्याङ्क उपलब्ध हुँदैन । यसरी हेर्ने हो भने नेपालले युवा जनसङ्ख्यालाई विदेशमा निर्यात गरी प्राप्त बिप्रेषणबाट मुलुकको अर्थतन्त्र धानेको अवस्था छ । यो युवाहरूको लागि मात्र नभएर देशकै लागि बिडम्वनाको कुरा हो । यसरी तथ्याङ्ककै आधारमा हेर्दा नेपालले जनसाङ्ख्यिक लाभको अवसरलाई कत्ति पनि उपयोग गर्न नसकेको अवस्था देखिन्छ ।

## जनसाङ्ख्यिक लाभ उपयोगका चुनौती तथा समस्या

नेपालको जनसङ्ख्याको संरचनालाई हेर्दा निकै क्रियाशील, उत्पादकत्वपूर्ण र आर्थिक विकासका लागि अति गतिशील रहेको देखिन्छ । युवाहरू अधिक भएको जनसङ्ख्याको देशको आर्थिक, सामाजिक, पूर्वाधार तथा अन्य क्षेत्रमा परिचालन गर्न अति आवश्यक हुन्छ । कुनै पनि देशमा जनसाङ्ख्यिक लाभको अवस्था जहिले पनि आउँदैन । यो विरलै हुने एक घटनाकै रूपमा लिनुपर्दछ । ग्लोबल मोनिटरिङ रिर्पोट २०१५/१६ अनुसार नेपाल मात्र नभएर एसियाका धेरै राष्ट्रहरू जनसाङ्ख्यिक लाभको उपयोग गर्नबाट चुकिरहेका छन् । युवा जनसङ्ख्यालाई अवसर नदिएका देशहरू विकासोन्मुक तथा अतिकम विकासित देशहरू नै देखिन आएका छन् । विद्यमान समयमा नेपालको जनसाङ्ख्यिकी यस्तो अवस्थामा रहेको छ कि यसले अवसर र चुनौती दुवैको सँगै प्रतिनिधित्व गरिरहेको छ । यसरी आएको अवसरलाई उपयोग गर्ने सन्दर्भमा युवाहरूमा कत्ति पनि लगानी गरिएको पाइँदैन । यदि मानव संशाधन विकासका लागि राज्यबाट लगानी नगर्ने हो भने त्यसको असर तत्कालिन र दीर्घकालीन दुवै पर्नजान्छ ।

राष्ट्रको आर्थिक विकासका लागि युवा उद्यमशीलताको महत्त्वपूर्ण भूमिका हुन्छ तर नेपालले मानव संसाधन विकासका लागि लगानी गर्न सकिरहेको छैन । त्यसको प्रतिविम्व युवा विकास सूचकाङ्कमा देखिन्छ । विश्व युवा विकास सूचकाङ्कमा नेपालको अवस्था १४५औं स्थानमा रहेको छ । यसको अर्थ नेपाली युवाको सहभागिता अर्थतन्त्रका हरेकक्षेत्रमा पछाडि रहेको भन्ने हुन्छ । नेपालले पनि जनसाङ्ख्यिक लाभांशको फाइदा नउठाई युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् । युवा विकास सूचकाङ्कको स्तरमा तल रहनु भनेको राष्ट्रले युवाहरूमा न्यून लगानी गरेको वा प्राथमिकता समूहमा नपरेको भन्ने हुन्छ । यहाँ स्पष्ट देखिन्छ कि नेपालमा उत्तरजनसाङ्ख्यिक लाभको अवस्थाको जुन अवसर छ, त्यसको उच्चतम् उपयोग गर्नमा धेरै चुनौती तथा समस्याहरू रहेका छन् । यसको सबैभन्दा ठुलो चुनौतीकारूपमा जनसाङ्ख्यिक परिवर्तनलाई सम्बन्धित सरकार, विभिन्न निकायहरू, योजना आयोगलगायतले गम्भीरतापूर्वक नलिनु देखिएको छ । जनसाङ्ख्यिक चक्रको अध्ययन तथा त्यसको तयारी नगरिनु अर्को चुनौती तथा समस्याकारूपमा रहेको छ ।

नेपालमा जनसाङ्ख्यिक लाभ एक्कासी आएको होइन र यो एक्कासी आउने कुरा पनि होइन । जनसाङ्ख्यिक संरचनामा आउने परिवर्तनको स्पष्ट अनुमान तथा प्रक्षेपण गर्नसकिन्छ । जसबाट जनसाङ्ख्यिक लाभको अवस्था कहिले सिर्जना हुँदैछ भन्ने स्पष्ट चित्र प्राप्त हुन्छ तर त्यसबारे बहुआयामिक अध्ययन, अनुसन्धान, तयारी आदि कार्यमा नेपाल चुकिसकेको छ । यस्ता कार्यहरूमा केवल औपचारिकता निर्वाह गर्ने प्रतिवेदनहरू तयार गरिनु र तिनीहरूले दिएका सुझावहरूलाई पनि गम्भीरतापूर्वक ग्रहण नगरिने प्रवृत्ति रहेको छ । यो जनसङ्ख्याको व्यवस्थापनदेखि लिएर देशको समग्र विकासका लागि समेत चुनौती हो । युवा परिचालन तथा उनीहरूको क्षमता विकास, उद्यमशीलतामा सहभागी गराउने आदि कार्यमा नेपालको साझा राष्ट्रिय सोच नै बन्न सकेको देखिँदैन । वास्तवमा भन्ने हो भने युवाको उल्लेख्य जनसङ्ख्या भएको हालको जनसाङ्ख्यिक अवस्थामा युवा परिचालन र प्रतिनिधित्वलाई पूर्णतः वेवास्ता गरिएको छ । नीतिनिर्माण, कार्यक्रम कार्यान्वयन तथा राजनीतिक तथा

राज्य सञ्चालनमा युवाहरूको महत्त्वपूर्ण अनुपात हुनुपर्ने हो तर त्यस्तो हुन सकिरहेको छैन । युवा परिचालन तथा प्रतिनिधित्वको सवालमा राज्य, राजनीतिक पार्टीहरूका साथै विभिन्न सङ्घसंस्थाहरूमा संकुचित दृष्टिकोण रहेको पाइन्छ । त्यसको विरूद्ध चित्रण विभिन्न विधायिकीय भूमिकाका निकाय तथा कार्यक्रम कार्यान्वयनमा देखिन्छ । जस्तो प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनबाट १३ जना मात्र सांसदहरू निर्वाचित भएका छन् । जुन कुल सदस्य सङ्ख्याको ७.९५ प्रतिशत हो । जब कि युवाहरूको जनसङ्ख्या कुल जनसङ्ख्याको ४० प्रतिशत हाराहारी रहेको छ । यसरी हेर्दा नेतृत्व विकास तथा सहभागीताका सवालमा अति नै कम युवाहरू संसदमा प्रतिनिधित्व गरेको देखिन्छ । यसले के देखाउँछ भने कुनै पनि राजनीतिक दलका सचेतक युवा उमेरका छैनन् । संसदमा देखिने युवा प्रतिनिधिलाई हेर्दा पुरानो राजनीतिक स्वार्थका लागि संसदमा पुगेका छन् । नेपालको शान्ति प्रक्रिया, राज्य पुनःसंरचना तथा राष्ट्र निर्माणमा युवाको अर्थपूर्ण सहभागिता गराइएको भए पनि नीति निर्माणमा उनीहरूको भूमिका गौण रहेको देखिन्छ । कुनै पनि देशको आर्थिक विकासका लागि युवा जनसङ्ख्या महत्त्वपूर्ण मानिन्छ । जुन देशले युवा जनसङ्ख्यालाई पूर्णरूपमा देशको विकासमा उपयोग गर्न सक्दछ त्यो देशको आर्थिक विकासका साथै मानव विकाससमेत उच्चदरले वृद्धि हुने गर्दछ । स्वीडेन, डेनमार्क, नर्वे, फिनल्याण्डजस्ता स्कानडेभियन मुलुकहरूका साथै क्यानडा आदि देशहरूको सामाजिक, आर्थिक तथा मानव विकास उच्च हुनुको मूल कारण उक्त देशहरूका युवालाई राज्यले अधिकतम् परिचालन गर्नु हो । जनसङ्ख्या र विकास एकअर्काका परिपूरक हुन् । जनसङ्ख्याको उचित व्यवस्थापनविना कुनै पनि देशको विकास सम्भव हुँदैन ।

## जनसाङ्ख्यिक लाभको उपयोग तथा जनसङ्ख्या व्यवस्थापनका उपाय

समृद्धिका लागि सम्भाव्यताको क्षेत्र पहिचान गरेर त्यसको बुद्धिमत्तापूर्ण उपयोगको आवश्यकता पर्दछ । सम्भावनाका क्षेत्रहरूमध्ये जनसाङ्ख्यिक लाभको अवस्था एक हो । जनसङ्ख्या विकासका लागि साधन र साध्य दुवैको उत्तिकै अपरिहार्यता रहन्छ । जनसङ्ख्याको आकार, बनोट, वितरणका आधारमा त्यसको परिचालनबाट नै देशका आर्थिक समृद्धि हासिल गर्नसकिन्छ । केही अध्ययनले देखाएअनुसार जुन देशमा युवा जनशक्तिको सङ्ख्या बढी हुन्छ त्यस देशको अर्थतन्त्रले फड्को मार्ने गरेको पाइन्छ यद्यपी त्यसको पूर्वशर्त भनेको उनीहरूको उचित व्यवस्थापन र परिचालन हो । नेपालमा पनि त्यस्तो खालको अध्ययनका निष्कर्ष लागु हुने हो भने देशले लिएको समृद्धिको लक्ष्य प्राप्त गर्न कठिन छैन । यहाँको जनसङ्ख्या १९६८ मा ५६ लाख ३८ हजार ७ सय ४९ रहेकामा २०६८ मा आइपुग्दा बढेर २ करोड ६४ लाख ९४ हजार ५ सय ४ पुगेको अवस्था छ । नेपालमा शहरी जनसङ्ख्या वि.सं. २०२८ सालमा ४ प्रतिशत, २०३८ सालमा ६.४ प्रतिशत, २०४८ सालमा ९.१ प्रतिशत, २०५८ सालमा १४.२ प्रतिशत र २०६८ सालमा बढेर १७.२ प्रतिशत पुगेकामा हाल २९३ शहरीक्षेत्रको जनसङ्ख्या ६० प्रतिशतभन्दा बढी पुगिसकेको छ । यसको सही व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ जुन समृद्धि हासिल गर्नको लागि अत्यावश्यक हुन्छ ।

नेपालमा यति उत्पादनशील जनसङ्ख्याको प्रधानता रह्यो कि सबै विकासोन्मुख राष्ट्रहरूले यसलाई लोभलाग्दो र सुन्दर भविष्यको सूचकको रूपमा व्याख्या गर्दछन् तर यो उत्पादनशील जनसङ्ख्यालाई अवसरकोरूपमा उपयोग गर्ने कि गुमाउने भन्ने कुरा सरकारका नीति तथा कार्यक्रमहरूमा भर पर्दछ । नेपालमा 'जनसाङ्ख्यिक लाभ'ले नयाँ बहसको प्रारम्भ भएको छ । बालबालिकाको सङ्ख्या घट्दो छ । अघिल्लो जनगणनाले ४ जना बच्चा जन्माउनु पर्ने बाध्यतामा भएका आमाहरूले २०६८ को जनगणनामा आइपुग्दा २ जना बच्चामा सीमित भइसकेको अवस्था थियो । जुन सरकारले चाहेको दुई मात्र सन्तानको लक्ष्यअनुसारको विन्दुमा थियो । यसले गर्दा एकातिर बालबच्चाको लालनपालनमा खर्च हुने रकम घटेको छ भने अर्कातर्फ काम गरी खाने जनसङ्ख्या बढेको छ । यसले आर्थिक उत्पादनको प्रचुर सम्भावना रहेको तथ्य उजागर गर्दछ ।

युवा जनसङ्ख्यालाई कसरी स्वदेशमा राखेर रोजगारी दिने, जसले गर्दा उनीहरूले कमाएको पैसा स्वदेशमा नै उपयोग होस् भन्नेमा सरकारले योजना बनाउन ढिलो गर्नुहुँदैन । सरकारले ५ वर्ष भित्रमा युवा जनसङ्ख्यालाई स्वदेशमै रोक्ने कार्यक्रम ल्याउने तथा त्यसको सफल कार्यान्वयन गर्न सक्यो भने बाँकी ३० वर्ष जतिमा जनसाङ्ख्यिक लाभकारूपमा रहेका युवाशक्तिको उपयोग गर्न सकिने जनसङ्ख्याविद्हरू बताउँछन् । जनसङ्ख्याविद् प्राध्यापक रामशरण पाठक भन्छन्, "अबको ध्यान भनेको विद्यालय तथा कलेज, क्याम्पस उमेरको जनसङ्ख्यालाई गुणस्तरीय शिक्षा दिने र उत्पादित जनशक्तिलाई उत्पादनमूलक काममा सरिक गराउने हो" । त्यसैले राष्ट्रको मुख्य लक्ष्य युवा अर्थात् "बोनस पपुलेसन"लाई कसरी स्वदेशमै उपयोग गर्ने भन्ने मै केन्द्रित हुनुपर्दछ ।

नेपालको जनसङ्ख्याको वर्तमान संरचनालाई केलाएर जनसङ्ख्याविद्, विभिन्न संस्थाहरूका अध्ययन र अनुसन्धानले 'युवाहरूको देश र जनसाङ्ख्यिक लाभको अवस्था' त भनेको छ तर दैनिक राहदानी बनाउन लागेको भीड हेर्दा जनसाङ्ख्यिक लाभको अवस्थालाई उपयोग गर्नसक्ने स्थिति चाहिँ देखिएको छैन । वैदेशिक रोजगारीको लागि लागेको लस्कर हेर्दा देशको जनसाङ्ख्यिक लाभलाई नेपालले क्रमशः गुमाउँदै गएको देखिन्छ । यो अवस्थाले हामी जन्मदर र मृत्युदर घट्दा पनि खुशी भएका थियौं । त्यसको फल खान नपाउँदा दुःखी हुने अवस्था सिर्जना हुँदैछ । आर्थिकरूपले सक्रिय जनसङ्ख्या विदेशिने क्रम बढिरहेको छ । यो अवस्था हेर्दा देशलाई जनसाङ्ख्यिक लाभको फाइदा उपयोग गर्न चुनौतीपूर्ण देखिन्छ । कति नेपालीहरू रोजगारीका लागि विदेश गएका छन् भन्ने त्यसको विश्वसनीय तथ्याङ्क तथा हिसाव-किताबसमेत सरकारसँग छैन तर खाडी मुलुक र अन्य देशहरूमा रोजगारीका लागि जानेको केही वर्षको तथ्याङ्क हेर्दा जनसाङ्ख्यिक लाभ 'आयो-गयो' भन्नुपर्ने अवस्था नआउला भन्न सकिन्छ । जनसाङ्ख्यिक लाभांश आफै प्राप्त हुँदैन । जबसम्म अहिलेका युवाहरूको तीव्र बसाइँसराइलाई रोकेर स्वदेशमै रोजगारी दिन सकिँदैन तबसम्म जनसाङ्ख्यिक लाभांश देशले उपायोग गर्नसक्दैन ।

जनसङ्ख्या व्यवस्थापनको क्षेत्र बहुपक्षीय सरोकारको विषय हो । हाल नेपालमा जनसङ्ख्याको क्षेत्रीय वितरणमा असन्तुलन बढिरहेको अवस्था छ । युवा तथा ज्येष्ठ नागरिकको सङ्ख्या बढिरहेको छ । नेपालमा वर्तमानमा युवाको बाहुल्यता भए पनि युवाशक्ति विदेश पलायन भएको छ । अव्यवस्थित आन्तरिक बसाइँसराइ बढिरहेको छ । अन्तर्राष्ट्रिय बसाइँसराइ पनि बढिरहेकै छ । यसले आर्थिक तथा सामाजिक विकासमा असन्तुलन सिर्जना गरेको छ । एकातर्फ अव्यवस्थित शहरीकरण, अव्यवस्थित वस्तीको विकास भएको छ भने अर्कातर्फ ग्रामीण समुदाय सहारा विहीन वृद्धवृद्धाहरूको आश्रमस्थलजस्तो बन्नपुगेको छ । श्रम, सीप भएका युवाहरू ग्रामीण क्षेत्रमा शून्य हुँदै गइरहेको अवस्था छ । ग्रामीण क्षेत्रको उर्वर जमिन बाझिँदै गइरहेको छ भने कृषि, पशुपालन, व्यापार, व्यवसाय संकटमा पर्दैगइरहेका छन् । यस्तो परिस्थितिलाई अन्य ग्रामीण क्षेत्रमा व्यवसायिक कृषि तथा पशुपालन व्यवसाय, कृषिमा आधारित ग्रामीण पर्यटन आदिको विकास गर्न युवा जनशक्तिलाई परिचालन गर्नसकिन्छ । हाल धेरैजसो ग्रामीण क्षेत्रमा विद्युत, खानेपानी, यातायात, शिक्षा, सञ्चारजस्ता विकासका पूर्वाधार सिर्जना हुँदै गइरहेको देखिन्छ तर आन्तरिक र अन्तर्राष्ट्रिय बसाइँसराइका कारण ग्रामीण क्षेत्रमा निर्माण भएका पूर्वाधारहरूको विकासले मात्र युवाहरूलाई आकर्षण गर्न सकेका छैनन् । जनसङ्ख्यासँग सम्बन्धित समस्या तथा चुनौतीको प्रकृति स्थानअनुसार फरकफरक हुनेहुँदा जनसङ्ख्या व्यवस्थापनसम्बन्धी कार्यक्रम केन्द्रबाट निर्धारण गरिनुभन्दा स्थानीय स्तरबाटै पहिचान गरी सम्बोधन गरिनुपर्दछ । यसो भएमा युवा जनसङ्ख्याको प्रभावकारी व्यवस्थापन गर्नसकिन्छ । यसरी पहिचान भएका कार्यक्रमहरूलाई स्थानीयस्तरको विकास योजना प्रक्रियामा समावेश गरी सञ्चालन गर्न सकिएमा जनसङ्ख्या व्यवस्थापन तथा सन्तुलित विकासको लक्ष्य सहजरूपमा प्राप्त गर्नसकिन्छ ।

हाल देश बाहिर रहेको युवा जनसङ्ख्यालाई सरकारले विशेष रणनीतिक योजना तर्जुमा गरेर क्रमशः रोजगारीको सिर्जना गरी स्वदेशमा भित्र्याउन सके नेपालको आर्थिक तथा सामाजिक विकासले ठुलो फड्को मार्ने देखिन्छ । श्रम आदान-प्रदान गर्ने राष्ट्रहरूबिच उनीहरूले निर्वाह गर्नुपर्ने दायित्व तथा

जिम्मेवारीको स्पष्ट मार्गचित्रसहित समझदारी गर्न सम्बन्धित निकायलाई पृष्ठपोषण दिनुपर्दछ । युवा जनसङ्ख्या नै जनसाङ्ख्यिक लाभांश भएकाले तिनबाट राष्ट्रिय उत्पादनमा उचित लाभ प्राप्त गर्न उपयुक्त अवसरको सिर्जना गर्नु अति आवश्यक देखिन्छ । जनसाङ्ख्यिक लाभांश हुने हिस्सा र खासगरी युवा समूहलाई रोजगारमूलक कार्यमा उपयोग गर्न आवश्यक छ ।

वर्तमान परिप्रेक्ष्यमा विद्यमान प्रणालीलाई सूचना प्रविधीकरणमार्फत् दक्ष तथा अर्द्धदक्ष युवाहरूका निम्ति नविन रोजगारीका अवसरहरू सिर्जना गर्नसकिन्छ । यस अन्तर्गत विद्युतीय व्यापार (e-commerce), विद्युतीय शिक्षा (e-education), विद्युतीय सिकाइ (e-learning), विद्युतीय सरकार (e-goverment), र विद्युतीय सुशासन (e-governance) आदिलाई लिन सकिन्छ । सुशासन र समृद्धि सूचना प्रविधीकरणविना सम्भब छैन र त्यसका निम्ति सूचना प्रविधिसम्बन्धी ज्ञानआर्जन गरेका हजारौं युवा जनशक्तिको खाँचो छ । अहिले विकसित मात्र होइन कम विकसित राष्ट्रका युवावर्गको आकर्षण सूचना प्रविधि (Information Technology) को क्षेत्र हो । यकिन तथाङ्क नभेटिए पनि सूचना प्रविधिका दक्ष जनशक्ति बाहिरिने र स्वदेशमै पनि आउटसोर्सिङमार्फत् समृद्ध राष्ट्रहरूका सूचना प्रविधियुक्त कामहरू गरेर मनग्य आम्दानी गर्ने कम्पनी र व्यक्तिहरू छन् । अहिले प्रायः ग्रामीण बस्तीहरूमा विद्युत, इन्टरनेट सेवा विस्तार भइरहेको अबस्थामा, राज्यले सूचनाप्रविधि शिक्षा, तालिम र उद्योगलाई प्राथमिकतामा राखी विद्यमान नीतिको पालन र नियममा समयानुकुल परिवर्तन गर्नुपर्ने देखिन्छ । यसमार्फत् डिजिटल नेपालको सपना साकार पनि हुने र विनाकुनै ठुलो पूर्वाधार र लगानी आउटसोर्सिङमार्फत् विदेशी मुद्रा आर्जन गर्न पनि सकिने प्रशस्त सम्भावना देखिन्छ ।

रोजगारीका क्षेत्र प्रर्वद्धन गर्दा खासगरी कृषिको आधुनिकीकरण, औद्योगिक विकास, सूचना प्रविधीकरण, र विस्तार, व्यापार एवं युवा जनसङ्ख्याले रोजगारी पाउन सक्ने क्षेत्रलाई पहिचान गरी प्राथमिकता दिनु आवश्यक देखिन्छ । युवालाई स्वावलम्बनका माध्यमबाट हुने स्वरोजगार कार्यक्रमका लागि प्रोत्साहित गरिनुपर्दछ । यसका लागि सम्बन्धित मन्त्रालयले अन्य सरोकारवाला निकायसँग समन्वयको आवश्यकता पर्दछ । सरकारी, गैरसरकारी वा नीजि क्षेत्र एवम् सहकारिताका माध्यमबाट समेत वित्तीय व्यवस्थापन गर्ने निकायमार्फत् युवाका लागि रोजगारी सिर्जना हुनेगरी ऋण तथा प्राविधिक सहायतालाई प्राथमिकता दिन सकिन्छ । वैदेशिक रोजगारबाट फर्केका युवाले आर्जन गरेको सीप तथा साधनस्रोतलाई राष्ट्रिय उत्पादन वृद्धिका निमित्त प्रयोग गर्न प्रोत्साहनको आवश्यकता पर्दछ । बदलिएको राज्य पुनर्संरचनाअनुसार जनसङ्ख्या व्यवस्थापनलाई स्थानीय तहबाट सञ्चालन गर्न युवाको परिचालनका लागि आवश्यक नीति निर्माण तथा अन्य व्यवस्थाहरू केन्द्रीय तथा प्रदेशस्तरबाट गरिनु आवश्यक छ । प्रदेशअनुसार जनसाङ्ख्यिक सन्तुलन, सरकारी स्तरबाट ठुलो मात्रामा रोजगारी सिर्जना, मुलुकको आवश्यकताको आधारमा प्राविधिक शिक्षामा जोड, बसाइँसराइलाई निरूत्साहित गर्ने कार्यक्रममा जोड दिनुपर्ने देखिन्छ । यसरी युवाशक्तिलाई क्रमशः स्वदेशको हितमा परिचालन गर्नसके देशको आर्थिक तथा सामाजिक र मानव विकासमा समेत महत्त्वपूर्ण योगदान पुग्दछ ।

## सन्दर्भ सामग्री


- नेपाल कानुन आयोग २०६६, राष्ट्रिय युवा नीति २०६६, नेपाल कानुन आयोग, काठमाडौं: नेपाल ।
- राष्ट्रिय युवा परिषद् (२०७१), नेपाली युवाको तथ्याङ्कीय झलक, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर, नेपाल ।
- राष्ट्रिय युवा परिषद् २०७२, राष्ट्रिय युवा नीति २०७२, नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर ।

- सङ्घीय संसद सचिवालय २०७५, प्रतिनिधि सभा नियमावली, २०७५ तथा संसदीय विवरण पुस्तिका (२०६३-०६४) । नेपाल सरकार, सङ्घीय संसद सचिवालयको कार्यलय, सिंहदरबार, काठमाडौं ।
- सूचना तथा सञ्चार प्रविधि नीति, नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं (२०७२) ।
- श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, वार्षिक श्रम बुलेटिन, नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, मिनभवन, काठमाडौ (२०७७) ।
- National Planning Commission (2017). *Demographic Changes of Nepal: Trends and Policy Implications*. Government of Nepal, National Planning Commission, Singhdarbar, Kathmandu.
- UNFPA (2017). *Population Situation Analysis of Nepal (With Respect to Sustainable Development).* UNFPA Nepal, Kathmandu, Nepal.
- The Global Monitoring Report (GMR, 2015/16). *Achiving the dempgraphic dividend: An operational tool for country-specific investment decision-making in pre-dividend countries*. Retrived on 20 July, 2021 from: https://documents1.worldbank.org/curated/en/781891550815372274/pdf/Demographic-Dividend-Operational-Tool-for-Pre-Dividend-Countries.pdf

# जनस्वास्थ्य र कोभिड-१९ महामारी



डा. भीष्मनाथ अधिकारी

मानव सभ्यता अघि बढ्दैजाँदा विभिन्न कालखण्डमा विभिन्न रोगहरूले मानवलाई प्रभाव पार्नथाले । कालान्तरमा सामूहिक आवास बन्नथाले । क्रमशः ठुला, मझौला र साना शहरहरू बन्नथाले । अन्तरशहर र देशहरूका बिचमा यात्रा हुनथाले । एकठाउँका मानिस आवश्यकता वा रहरका कारणले बसाइँसराइ हुनथाल्यो । महत्वाकांक्षाले विभिन्न युद्ध र विभिषिकाहरू हुनथाले । आवश्यकताले विभिन्न खोजका खातिर यात्रा हुनथाले । पछिल्लो समयमा आएर पर्यटन क्षेत्र व्यापकरूपमा अगाडि बढ्यो । मानव अन्य जनावर र वनस्पतीबिचको सम्बन्ध जोडिन पुग्यो । यी यावत कुराहरूले मानवजाती विभिन्न समयमा महामारीको दुष्चक्रमा पर्ने गरेका छन् ।

विश्वभरको स्वास्थ्य समस्या हेर्ने हो भने विश्वस्वास्थ्य संगठन भन्छ : स्वास्थ्य र वातावरण, द्वन्द्वग्रस्त क्षेत्रमा स्वास्थ्य सेवा, स्वच्छ र गुणस्तरीय स्वास्थ्य सेवा, औषधीमा आमजनताको पहुँच, सङ्क्रामक रोगको नियन्त्रण, महामारीको पूर्वतयारी, खतरनाक उत्पादनबाट नागरिकको सुरक्षा, स्वास्थ्यमा लगानी, युवाहरूको स्वास्थ्यसुरक्षा र नागरिकहरूको विश्वास आर्जन गर्नु आजको महत्त्वपूर्ण अभिभारा हो । यी कुराहरूलाई व्यवस्थापन गर्न नसके स्वास्थ्य क्षेत्रले गम्भीर समस्या भोग्नुपर्ने आकलन गरिएको छ । त्यसैगरी निम्न दश रोगका कारणले सबैभन्दा बढी संसारभरका मानिसहरूले मृत्युवरण गर्नुपरेको छ ।

१. मुटुको रक्तावरोध
२. स्ट्रोक (झड्का)
३. फोक्सोसम्बन्धी पुरानो अवरोध
४. तल्लो श्वास प्रणालीको सङ्क्रमण
५. नवजात शिशुको समस्या
६. उपल्लो श्वास प्रणाली र फोक्सो क्यान्सर
७. अल्जाइमर र डिमेन्सिया
८. झाडापखालाका रोगहरू
९. मधुमेह
१०. मृगौलाका रोगहरू

त्यसैगरी कमजोर आय भएका देशहरूमा निम्न रोगहरूका कारणले धेरै मानिसहरूको मृत्यु हुने गरेको छ ।

१. नवजन्मजातको समस्या
२. श्वास प्रश्वासको प्रणालीका रोग (तल्लो)
३. मुटुमा रक्त अवरोधका समस्या
४. स्ट्रोक

अधिकारी संबिधान सभा सदस्य एवं NFPPD का महासचिव हुनुहुन्छ ।

५. झाडापखाला
६. मलेरिया (औलो ज्वरो)
७. सडक दुर्घटना
८. टि.बी.
९. एच.आइ.भी.एड्स
१०. कलेजोको सिरोसिस

अहिले पनि प्रतिवर्ष एककरोड मानिसलाई टि.बी. लाग्छ । १५ लाख मान्छे यसै रोगका कारणले मर्छन् । करिब ३० करोड मानिसहरू हेपाटाइटिस-बि बाट ग्रसित भएका हुन्छन् । मलेरिया, कुष्ठरोग, इन्फुन्जा, दादुराबाट ग्रसितको सङ्ख्यामा पनि ख्याल पुऱ्याउन पर्नेछ ।

## महामारी भनेको के हो र विगतमा यसले पारेको प्रभाव

महामारी (pandemic) एउटा त्यस्तो रोग हो जसले जनसङ्ख्याको ठुलो हिस्सालाई प्रभाव पार्दछ । त्यो महामारी हो जसले लाखौँ, करोडौँ मानिसहरूलाई असर पुऱ्याउन सक्छ । समाजलाई छिन्नभिन्न पार्नसक्छ र अर्थतन्त्रलाई कमजोर या ध्वस्त पार्नसक्छ । भौगोलिकरूपमा भन्दा देशको केही भाग, सिङ्गो देश, एउटा वा अन्य महादेशहरू वा सिङ्गो विश्वलाई असर पुऱ्याउँदछ । रोगको रोकथाम गर्नु निगरानी बढाउनु र रोग विरूद्धको प्रतिकार्य क्षमता अभिवृद्धि गर्नु जरूरी छ । महामारी संसारभर फैलनसक्ने भएकाले एउटा देशको पूर्वतयारी मात्र पर्याप्त हुँदैन । सबै देशहरू लागि पर्नुपर्ने हुन्छ । यस सन्दर्भमा विगतमा भएका महामारीका बारेमा संक्षिप्त चर्चा गरौँ :

*महामारी (pandemic) एउटा त्यस्तो रोग हो जसले जनसङ्ख्याको ठुलो हिस्सालाई प्रभाव पार्दछ । त्यो महामारी हो जसले लाखौँ, करोडौँ मानिसहरूलाई असर पुऱ्याउन सक्छ । समाजलाई छिन्नभिन्न पार्नसक्छ र अर्थतन्त्रलाई कमजोर या ध्वस्त पार्नसक्छ । भौगोलिकरूपमा भन्दा देशको केही भाग, सिङ्गो देश, एउटा वा अन्य महादेशहरू वा सिङ्गो विश्वलाई असर पुऱ्याउँदछ । रोगको रोकथाम गर्नु निगरानी बढाउनु र रोग विरूद्धको प्रतिकार्य क्षमता अभिवृद्धि गर्नु जरूरी छ ।*

१. **430 BC :** एथेन्समा ज्वरो, तिर्खा, घाँटी र जिब्रो र रगत र रातो छाला र घाउहरू भएको रोग देखा पऱ्यो । सम्भावित टाइफाइड, यसका कारणले करिब दुईतिहाई जनसङ्ख्याले मृत्युवरण गर्नुपरेको थियो ।

२. **165 AD: Antonine Plague** : ज्वरो आउने, घाँटी दुख्ने, झाडापखाला लाग्ने, छालामा घाउ हुने, पिप जम्ने, यो प्रारम्भिक विफर हुनसक्छ । जर्मन र रोममा फैलिएको यो रोगले मार्कस अउरिरियस नामक राजाको समेत मृत्यु भएको कथन सुन्न पाइन्छ ।

३. **250 AD Cyprian Plague :** झाडा लाग्ने, बान्ता हुने, घाँटीमा घाउ, ज्वरो र हातखुट्टा कुहिने लक्षणसहितको रोगले इथियोपिया, अफ्रिका, रोम, इजिप्टलाई गाँजेको थियो । यो रोगले बेलाबेलामा तीन शताब्दीसम्म समस्या पारेको थियो ।

४. **541 AD, Justinian Plague:** करिब दुई शताब्दीसम्म दुःख दिएको यो रोगले ५ करोड मानिसको ज्यान लिएको थियो । तत्कालिन समयमा त्यो जनसङ्ख्या २६ प्रतिशत हुनआउँथ्यो । यो इजिप्ट, प्यालेष्टिन र मध्यपूर्वमा फैलिएको थियो ।

**५. एघारौँ शताब्दी, कुष्ठरोग :** सर्वप्रथम यो रोग युरोपमा फैलिएको थियो । ढिलो गरी फैलने यो रोगले शरीरमा घाउ हुने र हातखुट्टाका औँलाहरू झर्ने र चलाउन नसक्ने लक्षणहरू देखापर्ने गर्छन् । पहिलापहिला यस रोगलाई देवताबाट पापीहरूलाई दिइएको सजायको रूपमा बुझिन्थ्यो ।

**६. 1350, The Black Death :** विश्वको एकतिहाई जनसङ्ख्याले मृत्युवरण गर्न परेको यो रोग एशिया र युरोपमा फैलिएको थियो । दोश्रो ठुलो फैलावट रहेको यो प्लेग थियो । यसले वेलायतमा ठुलो आर्थिक संकट ल्याएको थियो ।

**७. 1492: The Columbian Exchange :** युरोप, स्पेनका मानिसहरू क्यारेवियन क्षेत्रमा जाँदा विफर, दादुरा र प्लेगजस्ता रोग र किटाणुहरूसंगै गएका कारणले त्यो क्षेत्रका ९० प्रतिशत आदिवासीहरूको मृत्यु भएको थियो । जनस्वास्थ्यमा पारेको गम्भीर प्रभावले गर्दा युद्धमा असर गरेको र कृषि उत्पादनमा गम्भीर प्रभाव परेको पाइन्छ ।

**८. 1665, The Great Plague of London:** लण्डनमा बसोबास गर्ने २० प्रतिशत जनसङ्ख्याको मृत्यु भएको थियो । यो प्लेग रोग सार्नका लागि कुकुर र बिरालाको भूमिका रहन्छ भन्ने भ्रममा लाखौं कुकुर र बिरालालाई मारिएको थियो ।

**९. 1855, प्लेगको तेश्रो महामारी :** यसले करिब डेढकरोड मानिसलाई सताएको थियो । यसले चीन र भारतमा गम्भीर प्रभाव पारेको थियो ।

**१०. 1875, फिजीमा दादुराको महामारी :** यसले करिब ४० हजार फिजीका मानिसहरूलाई मारेको थियो । यो अन्यत्रबाटै सरेको पाइन्छ ।

**११. 1889, रसियन फ्लु :** साइवेरिया, कजाकस्तान, फिनल्याण्ड र पोल्याण्ड हुँदै सम्पूर्ण युरोपमा र त्यसपछि उत्तर अमेरिकामा फैलिएको यो रोगले एकवर्षमा तीनलाख साठीहजार मानिसको ज्यान लिएको थियो ।

**१२. 1918, स्पेनिस फ्लु :** युरोप, अमेरिका र एशियामा फैलिएको यो महामारीले करिब पाँचकरोड मानिसको ज्यान गएको थियो । कुनै औषधी र खोपको आविष्कार नभएका कारण यसको गम्भीर प्रभाव परेको थियो ।

**१३. 1957, एशियन फ्लु :** हङकङ, चाइना हुँदै अमेरिका, युरोप पुगेको यो फ्लुका कारण सुरूमा चौधहजारको ज्यान गएकोमा १९५८ मा दोश्रो वेभका कारण करिब ११ लाख मानिसको ज्यान गएको थियो ।

**१४.1981 HIV/AIDS:** १९८१ म पहिलो केस पाइएको यस रोगले शरीरको प्रतिरोधी क्षमतामा ह्रास ल्याउँछ । ज्वरो आउने, टाउको दुख्ने र लिम्फको ग्रन्थीको दुखाइ हुन्छ । रगत र यौन संसर्गबाट यो रोग सर्ने गर्दछ । यो रोगले तीनकरोड पचासलाख मानिसको ज्यान लिइसकेको छ । हाल औषधीका कारण यो रोगबाट हुने मृत्युदर केही घटेको छ ।

**१५. 1987, झाडा बान्ताको महामारी :** सानोआन्द्रमा सङ्क्रमण भएर भएको झाडावान्ताले रसियाका मात्र १० लाख मानिस मरेका थिए । यसैगरी यो महामारी भारत, वेलायत, स्पेन, अफ्रिका, इन्डोनेसिया, चीन, जापान, इटाली, जर्मनी र अमेरिकामा फैलिएको थियो ।

**१६. 2003 SARS:** यो रोग सुरूमा चमेरो, बिरालो हुँदै मानिसमा आइपुगेको हो । श्वासप्रश्वासको समस्या देखिने यो रोगमा सुख्खा खोकी, ज्वरो, टाउको र शरीरको दुखाइ हुन्छ । यो रोग मूलतः खोकी र हाच्छ्युँबाट सर्दछ ।

**१७. 2019 कोभिड १९ (कोरोना) :** कोभिड १९ को नाम विश्व स्वास्थ्य संगठनले Co= Corona, Vi= Virus, D= Disease, 19= 2019 Corona virus disease 2019 राखेको हो । यो सन् २०१९ मा देखिएकाले यसको पछाडि १९ राखिएको हो । नयाँ रोग भएकाले यसको नयाँ नाम जुराइएको हो । यो संसारका अधिकाँश देशहरूमा फैलिएको छ । विश्व स्वास्थ्य संगठनले यसलाई महामारी भनेको छ । ३० जनवरी २०२० मा अन्तराष्ट्रियरूपमा सार्वजनिक स्वास्थ्य आपतकालको घोषणा गरिएको थियो भने ११ मार्च २०२० मा यसलाई विश्वव्यापी महामारी भनी घोषण गरिएको थियो ।

कोरोनाभाइरस आनुवंशिक संरचनामा RNA भएको भाइरस (विषाणु) को समूहलाई वैज्ञानिकहरूले कोरोना भाइरस नामाकरण गरेका हुन् । भाइरसको बाह्यरूप श्रीपेच (मुकुट) जस्तै भएकाले यसलाई अङ्ग्रेजीमा कोरोना भनिएको हो । संसारभर कोरोनाभाइरस नै सजिलै बुझिने प्रचलित नाम रहनगएको छ ।

## कोभिड १९ को सङ्क्रमण हुँदा के हुन्छ ?

यो भाइरस मानिसको नाक, मुख र आँखाबाट शरीरभित्र प्रवेश गर्दछ । सङ्क्रमित मानिसको संसर्गमा रहने मानिसहरूलाई यो भाइरस सर्न सक्दछ । नाक र मुखबाट निस्किएका ससाना छिटामा भाइरस रहेका हुन्छन् । उस्तो अवस्थामा तिनका वरपर रहेका मानिसहरूमा यो भाइरस छिर्न, टाँसिन सक्दछ । सङ्क्रमित व्यक्तिले सरसमान छोएर हात नधोइ आफ्नो अनुहार छुँदा कोरोनाभाइरस शरीरमा छिर्न सक्दछ । भाइरसले पहिला घाँटी, श्वासनली र फोक्सोमा असर गर्दछ । क्रमिकरूपमा ती अङ्गका कोषहरूलाई आफ्नो नियन्त्रणमा लिई आफ्नो सङ्ख्या बृद्धि गर्न थाल्छन् । गम्भीर असर पुऱ्याउन सक्छन् ।

**(क) सामान्य लक्षण**

१. ज्वरो, कामज्वरो
२. सुख्खा खोकी
३. थकावट

**(ख) मध्यम लक्षण**

१. शरीरमा पिडा र दुखावट
२. घाँटी दुख्नु
३. पखाला लाग्नु
४. आँखा रातो हुनु
५. टाउको दुख्नु
६. स्वाद र गन्ध हराउनु
७. छालामा दाग देखिनु
८. खुट्टा हातका औंलाहरूको रङ्ग खुइलिनु

**(ग) कडा लक्षण**

१. श्वास प्रश्वासमा कठिनाइ
२. छाती दुख्नु र अठ्याएको महसुस हुनु
३. बोली अवरूद्ध हुनु
४. हिंडडुल गर्न नसक्नु

## लक्षण नदेखिए पनि रोग सर्न सक्ने अवस्था

लक्षण देखिएका मानिसले सार्न सक्दछन् तर केही मानिसहरूलाई सङ्क्रमण भए तापनि कुनै गम्भीर लक्षण देखिँदैन तर उनीहरूले थाहै नपाई अरूलाई भाइरस सारिदिन सक्छन् । उक्त लक्षण देखिए भने घरमै अरूबाट अलग्ग बस्न विश्व स्वास्थ्य सङ्गठनले सुझाव दिएको छ । झन्डै ८० प्रतिशत मानिसमा सामान्य खालको सङ्क्रमण हुन्छ तर ज्वरो आएको छ, खोकी लागेको छ र सास फेर्न गाह्रो भएको छभने चिकित्सकसँग परामर्श गर्नुपर्छ किनभने ती लक्षणले श्वासप्रश्वास प्रणालीमा भएको सङ्क्रमण वा अन्य गम्भीर समस्यातिर सङ्केत गर्छन् ।

## शरीरमा पिडा किन हुन्छ ?

सङ्क्रमण जसलाई पनि हुनसक्छ । सङ्क्रमित व्यक्तिको संसर्गमा आउने व्यक्ति तथा कोभिड-१९ बिरामीको उपचारमा खटिने स्वास्थ्यकर्मीमा भाइरस सर्ने सम्भावना उच्च हुन्छ । त्यसैले सबैले आफू सुरक्षित हुने उपाय अवलम्बन गर्नुपर्छ । अरु गम्भीर रोग भएका व्यक्ति र वृद्धवृद्धालाई सङ्क्रमण भयोभने यो भाइरसले धेरै नै दुःख दिन सक्छ । यदि रोग अझै गम्भीर हुँदै गयोभने भाइरस विरूद्ध प्रतिरक्षा प्रणालीको अधिक सक्रियता त्यसको कारण हुनसक्छ । प्रतिरक्षा प्रणाली सक्रिय हुँदा शरीरमा फैलिने रसायनले शरीरमा जलन हुनसक्छ तर त्यसलाई सावधानीपूर्वक सन्तुलन मिलाउनु पर्नेहुन्छ । धेरै जलन भइरहे शरीरमा निकैधेरै हानि पनि हुनसक्छ । "भाइरसले प्रतिरक्षा प्रणालीमा असन्तुलन ल्याउन थाल्योभने शरीरमा धेरै जलन हुनसक्छ । त्यस्तोबेला के भइरहेको हो थाहा नहुन पनि सक्छ ।

## न्युमोनिया कसरी हुन्छ ?

फोक्सोमा हुने जलन नै निमोनिया हो । मुखबाट सासनली हुँदै हामीले फेर्ने सास अर्थात् वायु फोक्सोमा भएका ससाना कोठामा पुग्छ । यस्तोबेला कसैकसैलाई त सास फेर्न सहज बनाउने भेन्टिलेटरको सहायता चाहिन्छ ।

चीनबाट प्राप्त तथ्याङ्कअनुसार १४ प्रतिशत बिरामी यस्तो अवस्थामा पुगेका छन् । बिरामी भएका ६ प्रतिशत व्यक्ति मात्र अतिगम्भीर बिरामी हुने गरेको पाइएको छ । यति बेलासम्म शरीर निस्तेज हुनथाल्छ र मृत्यु हुने सम्भावना बढी हुन्छ । त्योबेला मानिसको रोग प्रतिरोध गर्ने प्रणाली नियन्त्रणभन्दा बाहिर पुगिसकेको हुन्छ र पूरै शरीरभित्र क्षति पुगिरहेको हुन्छ । यस्ताबेला बिरामीको रक्तचाप डरलाग्दो तहमा झरेर अङ्गहरूले काम नगर्ने वा पूरै विफल हुने 'सेप्टिक सक' भनिने अवस्था आउन सक्छ । फोक्सोमा धेरै जलन भएर बिरामीले सास फेर्न नसक्ने अवस्था उत्पन्न भएपछि बाँच्नको लागि पर्याप्त अक्सिजन प्राप्त हुँदैन । त्यस्तोबेला मिर्गौलाले रगत सफा गर्न पनि सक्दैन । आन्द्रामासमेत क्षति पुग्नथाल्छ । यदि प्रतिरक्षा प्रणालीले भाइरसलाई जित्न सकेनभने त्यो शरीरको सबै भागमा पुग्नथाल्छ र त्यसले अरू धेरै क्षति पुऱ्याउन थाल्छ ।

## मृत्युदर

द लान्सिट मेडिकल जर्नलमा प्रकाशित एउटा अध्ययनले सङ्क्रमण भएका व्यक्तिमध्ये झन्डै ०.६६ प्रतिशतको मृत्यु हुने अनुमान गरेको छ । यो मृत्युदर मौसमी फ्लू अर्थात् रूखाखोकीबाट हुने मृत्युदरभन्दा धेरै हो । फरक उमेर समूहका व्यक्तिमा फरक मृत्युदर देखिएको छ । इम्पिरिअल कलेज लन्डनको अनुमानअनुसार ८० वर्षभन्दा माथिका कोभिड-१९ बिरामीको मृत्युदर औसतभन्दा १० गुना बढी र ४० वर्षमुनिका बिरामीमा धेरै कम हुन्छ । चीनमा ४४,००० बिरामीको अभिलेखको अध्ययन गर्दा मधुमेह, उच्च रक्तचाप वा मुटु वा फोक्सोको समस्या भएका बिरामीको कोरोनाभाइरसका कारण मृत्यु हुने सम्भावना कम्तीमा पाँचगुना बढी पाइयो ।

## पिसिआर परीक्षण

पिसिआर स्वाब टेस्टले रसायनहरूको सहयोगबाट भाइरसको आनुवंशिक संरचनालाई बढाएर हेर्न सघाउँछ । त्यसैले स्वाबका नमुनालाई प्रयोगशालामा विभिन्न चरणको प्रक्रिया पार गराएपश्चात् मात्र भाइरस देखिन्छ । कोरोनाभाइरसको परीक्षण गर्दा तपाईँले सङ्क्रमण छ या छैन भन्ने परिणाम प्राप्त गर्नुहुन्छ ।

सो नतिजामा नमुनामा कतिमात्रामा भाइरस थियो र ती कति सक्रिय सङ्क्रमण गराउन सक्ने खालका थिएभन्ने उल्लेख हुँदैन । ठुलोमात्रामा सक्रिय भाइरस आफ्नो शरीरबाट निष्काशन गरिरहेको व्यक्ति र सङ्क्रमणबाट निको भइसकेको छ तर मृत भाइरसका कण निष्काशन गरिरहेको व्यक्ति दुवैबाट सङ्कलित नमुनाको परीक्षण गर्दा यो विधिले भाइरसको उपस्थिति भएको सङ्केत गर्छ । कोरोनाभाइरस सङ्क्रमण पत्ता लगाउन प्रयोग भइरहेको प्रचलित विधिले पुरानो सङ्क्रमणको मृत भाइरस वा भाइरसका अंश पनि देखाउने गरेको आशङ्का विज्ञहरूले गरेका छन् । कोरोनाभाइरस सङ्क्रमण भएका अधिकांश मानिसहरूले एक साताजति मात्र अरूलाई भाइरस सार्न सक्छन् तर हप्तौँपछि पनि उनीहरूको परीक्षण गरिए भाइरस देखिन सक्छ । एउटा अनुसन्धानले ० देखि १६.७ प्रतिशत false positive हुनसक्ने औंल्याएको छ ।

## एन्टिजेन परीक्षण

समुदायमा रहेका कोभिड १९ सङ्क्रमितहरूको व्यापक खोज गर्दै आवश्यक प्रक्रियाको अवलोकन गर्दै कोभिड १९ संङ्क्रमणको चक्र तोड्ने हिसावले यो परीक्षण गरिन्छ ।

## कोभिड-१९ को उपचार

अन्य जीवाणुको उपचारका लागि बनाइएका एन्टिबायोटिकले भाइरसलाई मार्न सक्दैनन् । कोभिड-१९ हुँदा देखिने लक्षणहरूको उपचार हुन्छ । अधिकांश मानिसमा तिनको शरीरको प्रतिरोधात्मक क्षमता सक्रिय भएर बिस्तारै निको हुनथाल्छ ।

## कसरी सुरक्षित हुने ?

विश्व स्वास्थ्य सङ्गठनकाअनुसार कोरोनाभाइरसबाट जोगिन आधारभूत र सबैभन्दा महत्त्वपूर्ण उपाय भनेको सरसफाइ गर्नु नै हो ।

**हात धुनेः** नियमितरूपमा साबुनपानीले हात धुनुहोस् वा गुणस्तरीय स्यानिटाइजर दल्नुहोस् । यसो गर्दा हातमा भएका भाइरसहरू मर्छन् ।

**नछुने** : नाक, मुख र आँखा नछुनुहोस् किनभने हातले दूषित ठाउँ छोएको हुनसक्छ अनि हात नधोई अनुहार छुँदा भाइरस शरीरभित्र छिर्नसक्छ ।

**खोक्दा होस पुर्‍याउने** : खोक्दा वा हाछ्युँ गर्दा सफा रूमाल वा टिस्युपेपरले नाक र मुख छोप्नुहोस् अथवा हात उचालेर कुहिनाले ढाक्नुहोस् । त्यसो गर्दा भाइरस फैलिन पाउँदैन ।

**फ्याक्ने** : दूषित रूमाल र टिस्युपेपर सुरक्षितरूपमा तुरून्त फाल्नुहोस् । त्यसो गर्दा भाइरसयुक्त छिटाबाट अरु मानिसलाई जोखिम हुँदैन ।

**सामाजिक दुरी** : एकअर्काभन्दा दुईमिटरको दूरीमा बस्नुहोस् । त्यसो गर्दा एकव्यक्तिमा भएका भाइरस अर्कोमा सजिलै पुग्न सक्दैनन् ।

**हिँडडुल नगर्ने** : भिडभाडमा नजानुहोस् । सकेसम्म घरमै बस्नुहोस् । त्यसो गर्दा भाइरस फैलिने सम्भावना कम हुन्छ ।

**हात नमिलाउने** : बाहिर जाँदा वा अरु व्यक्तिलाई भेट्दा हात नमिलाउनुहोस् । नमस्कार गरेर वा हात हल्लाएर पनि अभिवादन गर्नसकिन्छ ।

**घर सफा राख्ने** : घरलाई प्रत्येक दिन सफा राख्नुहोस् ।

## सङ्क्रमण भए घरमा कसरी आइसोलेसनमा बस्ने ?

कोरोनाभाइरसको सङ्क्रमण विश्वव्यापीरूपमा बढेसँगै जोखिम न्यूनीकरणका लागि आग्रह गरे पनि सम्बद्ध विज्ञले भने कुनै पनि बेला सेल्फ आइसोलेसन वा सेल्फ क्वारन्टिनमा जानुपर्नेतर्फ सचेत गराएका छन् । सेल्फ आइसोलेसनको वा सेल्फ क्वारन्टिनको अवस्था भनेको कसैको सम्पर्कमा नआई एक्लै बस्नु वा निगरानीमा राखिनु हो तर तिनमा केही भिन्नता छन् । आफूमा भएको सङ्क्रमण आफ्नो परिवारका सदस्यलगायत अरूलाई नसरोस् भन्नका लागि नियमित मास्क लगाउने र बोल्दा, खोक्दा, हाँच्छ्यु गर्दा अरूबाट दूरी कायम गरेर रूमाल, टिस्युपेपर वा कुहिनाले नाक, मुख छोप्ने गरौं । कोरोना सङ्क्रमणको शंका निवारण नभएसम्म वा सङ्क्रमण निको भएसम्म आफूलाई अरूबाट अलग्याई क्वारेन्टाइन वा आइसोलेसनमा राखौं ।

उमालेको तातो पानी नियमित पिउने, नुनपानी वा उमालेको वेसारपानी पिउने, लसुन, अदुवा, वेसारजस्ता आयुर्वेदिक गुणयुक्त पदार्थ खानामा प्रयोग गर्ने, सन्तुलित भोजन, नियमित व्यायाम र योगाजस्ता क्रियाकलापहरूको प्रत्यक्ष भूमिका कोरोना सङ्क्रमण नियन्त्रणका सम्बन्धमा केही हदसम्म राम्रै देखिन्छ । वैज्ञानिकरूपमा भने पुष्टी हुन बाँकी छ । त्यसैले यस्ता क्रियाकलापलाई कोरोना सङ्क्रमण नियन्त्रणको उपायको सट्टा व्यक्तिको रोग प्रतिरोधात्मक क्षमता बढाउने र स्वास्थ्यवर्द्धक क्रियाकलापकारूपमा बुझी निरन्तरता दिंदै सङ्क्रमण रोकथामका उपाय र सावधानी अपनाउनु आवश्यक देखिएको छ ।

## कोरोना सङ्क्रमणका चरण

विश्व स्वास्थ्य संगठनले कोरोना सङ्क्रमणदेखि महामारीसम्मको अवधिलाई निम्न ४ चरणमा विभाजन गरेको छ :

(१) **कोरोना प्रभावित देशहरूबाट सङ्क्रमित व्यक्तिको आगमन:** यति बेलासम्म देशभित्र कसैलाई पनि सङ्क्रमण भएको हुँदैन । अनियन्त्रित आवागमनको कारण प्रभावित देशहरूबाट सङ्क्रमित व्यक्तिको आगमन भएपछि सङ्क्रमण फैलिने सम्भावना रहन्छ ।

(२) **स्थानीयमा सर्नु:** यस चरणमा सङ्क्रमित व्यक्तिसँगको असावधानीपूर्ण र असुरक्षित सम्पर्कबाट परिवारका सदस्यहरू र साथीभाइमा सङ्क्रमण हुन्छ ।

(३) **समुदायमा सर्नु:** सङ्क्रमण समुदायमा फैलिसकेको हुन्छ । यस अवस्थामा सङ्क्रमित व्यक्तिहरूका सम्पर्कमा आएका व्यक्तिहरूलाई पहिचान गर्न नसक्ने भइसकेको हुन्छ ।

(४) **महामारी:** यस अन्तिम चरणमा भाइरसको ठुलो क्षेत्रमा व्यापकरूपमा फैलावट भइसकेको हुन्छ । सङ्क्रमणले महामारीको रूप लिई स्थानीय तथा राष्ट्रिय क्षमताको नियन्त्रण बाहिर पुग्छ ।

## नेपालमा कोरोना

वर्तमान विश्वपरिवेशमा बढ्दो अन्तरसम्बन्ध, अन्तरसम्पर्क र आवागमनले कोभिड १९ लाई वृहत् भूगोलमा फैलिन सघायो । यसबाट नेपालसमेत अछुतो रहन सकेन ।

नेपालमा पाँचजनाको कोरोना परीक्षण गर्दा एकजनाभन्दा बढीमा सङ्क्रमण देखिने गरेको छ । त्यस्तै एकजनाले अर्को एकजनालाई कोरोना सारिरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । नेपालमा कुल पिसिआर परीक्षणमध्ये १७ प्रतिशतमा कोरोना पोजिटिभ देखिएको छ । तथ्याङ्कअनुसार श्रीलंकाको मृत्युदर उच्च छ । श्रीलंकामा प्रति १० लाखमा ७ जना, नेपालमा १ जना र पाकिस्तानमा ०.३२ को मृत्यु भइरहेको छ । श्रीलंकामा सङ्क्रमितमध्ये ६.३५, पाकिस्तानमा १.४९ प्रतिशत र नेपालमा १.१८ प्रतिशतको मृत्यु भएको छ ।

## कोरोना भेरिअन्ट

विश्व स्वास्थ्य सङ्गठनकाअनुसार गतवर्षको अक्टोबर महिनामा भारतमा पहिलोपटक बि.१.६१७ भेरिअन्ट पुष्टि भएको थियो । डब्ल्युएचओले मे १२ तारिखमा जनाएअनुसार त्यो दिनसम्म ४४ देशमा उक्त भेरिअन्ट देखिएको थियो । नेपालमा पुष्टि भएको नयाँ प्रकारको कोरोनाभाइरस सबै उमेरसमूहमा धेरै सङ्क्रामक र जोखिमपूर्ण रहेको अध्ययनहरूबाट पाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो भेरिअन्टलाई खोपले काम नगरेको भन्ने विषयका तथ्याङ्कहरू उपलब्ध छैनन् । दक्षिणअफ्रिकी भेरिअन्टका सम्बन्धमा सुरूमा अनुमान गरिएभन्दा खोप बढी प्रभावकारी देखिएको छ । युके सरकारका वैज्ञानिक सल्लाहकारहरूले 'आफूहरू युकेभेरिअन्टभन्दा यो बढी सङ्क्रामक भएकोमा विश्वस्त रहेको र यसको सङ्क्रमणदर ५० प्रतिशतसम्म बढी हुन सक्ने' बताएको छ । सामाजिकदूरी कायम गर्ने, मास्क लगाउनेलगायत जनस्वास्थ्यका जेजति मापदण्ड सुन्दै आएका छौँ त्यसलाई सबैले निरन्तरता दिनुपर्ने हुन्छ । जुनसुकै भेरिअन्ट भए पनि सबैभन्दा मुख्य कुरा जनस्वास्थ्यका मापदण्डको पालनामा सबैजना चनाखो, सचेत र सजग हुनुपर्ने हुन्छ ।

## सङ्क्रमणपछि बालबालिकामा देखिएको एमआइएस-सी

मल्टिसिस्टम इन्फ्लामेटरी सिन्ड्रोम इन चिल्ड्रेन एमआइएस-सी भएर अस्पताल ल्याइने बालबालिकाको सङ्ख्या बढ्न थालेको विशेषज्ञहरूले बताएका छन् । एमआइएस-सी भएका बालबालिकाका शरीरका विभिन्न प्रणाली र अङ्गहरूमा एकैपटक असर गर्ने हुँदा विभिन्नखाले लक्षणहरू देखापर्ने चिकित्सकहरूको भनाइ छ । बालबालिकामा प्रायः उच्चज्वरो आउनेगरेको छ । त्यसबाहेक पेट दुख्ने, पखाला र बान्ता हुने एवम् शरीरमा डाबर देखिने पनि हुनेगरेको छ । कोभिड निको भएपछि प्रतिक्रिया बिस्तारै कम हुनुपर्नेमा प्रतिरक्षा प्रणालीले शरीरभरिका अङ्गलाई गलत सूचना दिएर बढी सक्रिय बनाउँदा एमआइएस-सीको अवस्था आउने गरेको छ । विश्वका तथ्याङ्क हेर्दा एमआइएस-सी कोभिड भएका बालबालिकामध्ये प्रतिदुईहजारमा करिब तीनजनालाई यस्तो हुने देखिएको छ । कोभिडका बिरामी सामान्य, मध्यम र गम्भीर खालका भएजस्तै एमआइएस-सीका बिरामी पनि सामान्य, मध्यम र गम्भीर प्रकृतिका हुन्छन् र बिरामीको अवस्था हेरेर त्यसैअनुसार उपचार गर्नुपर्ने हुन्छ । सामान्य बिरामीका हकमा उपचार खासै खर्चिलो नभए पनि गम्भीर बिरामीका लागि उपचार निकै खर्चिलो हुने चिकित्सकहरू बताउँछन् । इन्ट्रभिनस इम्युनोग्लोबुलिन (आइभिआइजी) भन्ने औषधि छ ।

## पोष्ट कोभिड सिम्टम्स

कोरोनाभाइरसको सङ्क्रमणमुक्त भइसकेपछि पनि लामो समयसम्म शरीरमा विभिन्न लक्षणहरू रहिरहन्छन् । त्यसलाई पोष्ट कोभिड सिम्टम्स भनिन्छ । दोस्रो लहरको कोरोना सङ्क्रमणमा यस्तो समस्या बढी देखिएको छ । यस्ता समस्याहरूलाई बेवास्ता गर्दा ज्यानसमेत जानसक्ने चिकित्सकहरू बताउँछन् । धेरै व्यक्तिहरू पोष्ट कोभिड सिमटमबारे अनविज्ञ नै छन् । त्यसैले कोरोना रिपोर्ट नेगेटिभ आएपछि देखिएका विभिन्न लक्षणहरूलाई बेवास्ता गर्छन् ।

लङ कोभिडका लक्षणका कारणले मानिसको स्थायी अङ्ग फोक्सो र मुटुलाई असर पर्नसक्छ । यस्तै पोस्ट इन्सेन्टिभ केयर सिन्ड्रोम, पोस्टभाइरल फटिग सिन्ड्रोम र कोरोनाभाइरसका लक्षण निरन्तर देखिन सक्छन् । केही मानिसहरूका लागि कोभिड-१९ सङ्क्रमण एक दीर्घकालीन रोग भएको स्पष्ट भएको छ,' अध्ययन प्रतिवेदनमा भनिएको छ । 'पोष्ट कोभिड सिम्टम्समा विभिन्न लक्षणहरूको सम्मिश्रण हुनेभएकाले सबैलाई यही नै लक्षण देखिन्छ भन्न सकिँदैन ।' उनी भन्छन्, 'कसैलाई लामो समयसम्म खोकी लागिरहने, ज्वरो आइरहने, अलिकति हिँड्दा पनि सास फेर्न गाह्रो हुने समस्या हुन्छ । केही बिरामीहरूमा भने डिप्रेसन र एन्जाइटीजस्ता समस्याहरू पनि देखिन सक्छन् ।' त्यस्तै कसैलाई निमोनिया भएर अस्पताल भर्ना गरिएको छ वा हाइलेभलको अक्सिजन दिएर भेन्टिलेटरमा नै राखिएको छ भने उनीहरूको फोक्सोमा दाग रहेको हुनसक्छ । जसले पछि श्वास फेर्न गाह्रो हुने र स्वाँ-स्वाँ हुने समस्या हुन्छ भने कसैको फोक्सो नै खराब गर्न पनि सक्छ तर पोष्ट कोभिडका लक्षण देखिँदैमा आत्तिने डराउने गर्नु भने हुँदैन । प्रशस्तमात्रामा पानी पिउने, स्वस्थ र पोषिलो खानेकुरा खाने, नियमित व्यायाम गर्नुपर्छ । अक्सिजन दिएर अस्पताल भर्ना भएका बिरामीहरू घर फर्केपछि हिँड्दा ६ मिनेट पल्स अक्सिमिटरले अक्सिजन लेबल नाप्नुपर्छ । त्यसरी नाप्दा अक्सिजको मात्रा घटेर ९२ भन्दा तल गयोभने चिकित्सकको सल्लाह लिनुपर्ने छ । पिसिआर नेगेटिभ आए पनि बिरामीलाई पूर्णरूपमा निको नभएको हुनसक्छ । त्यसैले अस्पतालबाट डिस्चार्ज भएर गएका बिरामीहरू २ हप्तासम्म अस्पताल अर्थात् चिकित्सकको सम्पर्कमा बस्नुपर्छ र केही समस्या भए तुरुन्त अस्पताल जानुपर्छ ।

## कोभिड-१९ विरुद्ध खोपहरू

खोपहरूले रोग लगाउन सक्ने भाइरस, ब्याक्टेरिया वा अन्य माइक्रोअर्गनिज्मजस्ता सङ्क्रामक एजेन्टको नक्कल गरी प्रतिरक्षाको काम गर्दछन् । यिनीहरूले हाम्रो प्रतिरक्षा प्रणालीलाई द्रुत तथा प्रभावकारीरूपमा यी एजेन्टहरूको विरूद्धमा लड्नका लागि सिकाउँछन् । परम्परागतरूपमा खोपहरू शरीरको प्रतिरक्षा प्रणालीलाई सम्झाउन सक्नेगरी कुनै सङ्क्रामक एजेन्टको कमजोररूपलाई प्रयोग गरेर बनाइन्थ्यो । यसरी हाम्रो प्रतिरक्षा प्रणालीले हामीलाई बिरामी बनाउनुअघि नै त्यो एजेन्टलाई तत्काल चिनेर त्यसका विरूद्ध लड्नसक्छ । कोभिड-१९को खोप विकास गरिरहेका कतिपय उत्पादकहरूले अहिले यसरी नै खोप बनाइरहेका छन् । अन्य सम्भावित खोपहरूले नयाँ पद्धतिको प्रयोग गरेका छन् । जसलाई आरएनए र डिएनए खोप भनिन्छ । सिनोफार्म र सिनोभ्याक दुवैले विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) बाट आकस्मिक प्रयोगको अनुमति पाइसकेका छन् ।

कोभिड-१९ विरूद्ध नेपालमा दुईवटा खोपहरू मुख्यरूपमा प्रयोगमा आइरहेका छन् । ती हुन्, कोभिसिल्ड र भेरोसेल । कोभिसिल्ड खोपको विकासकर्ता युनिभर्सिटी अफ अक्सफोर्ड र एस्ट्राजेनिका

हो भने खोप उत्पादन गर्ने भारतको कम्पनी सिरम इन्स्टिच्युट अफ इण्डिया हो । यो खोपको प्रभावकारिता ७० प्रतिशत रहेको छ ।

भेरोसेल खोप कोभिड-१९ विरुद्ध दिइने खोप हो । यो खोप नेपाल सरकारलाई चीन सरकारबाट अनुदानमा प्राप्त भएको छ । 'भेरोसेल' नामको यो खोप चीनको सिनोफर्मअन्तर्गत बेइजिङ इन्स्टिच्युट अफ वायोलोजिकल प्रोडक्ट्सबाट उत्पादन गरिएको हो । भेरोसेल खोप 'इनाक्टिभेटेड' खोप हो । यो खोपले शरीरमा रोगविरुद्ध लड्ने प्रतीरक्षा क्षमताको विकास गर्दछ । यो खोप प्रभावकारी तथा सुरक्षित छ । यो खोप लगाउँदा अन्य खोपहरूजस्तै सामान्य असरहरू देखिन सक्छन् । यसका सामान्य असरहरूमा खोप लगाएको ठाउँमा सुन्निने, दुख्ने वा रातो हुनसक्ने, टाउको दुख्ने, ज्वरो आउने, जिउ दुख्ने, थकान वा आलस्य महसुस हुने, वाकवाकी लाग्ने, मांसपेशी वा जोर्नी दुख्ने, बान्ता आउने आदि रहेका छन् । यस्ता सामान्य असरहरू बिस्तारै ठिक भएर जान्छन् तर पहिलो खोप लगाउँदा एनाफाइलेक्सिस प्रतिक्रियाजस्तो छाला रातो हुने, सुनिने, आँखा सुनिने, श्वास फुल्ने, बेहोस आदि हुन सक्छ । रक्तचाप कम भएको छ भने एलर्जी भएकाहरूले पनि दोस्रो लिँदा साथै गर्भवती तथा स्तनपान गराइरहेकाले विशेषज्ञसँग सल्लाह लिएर मात्र खोप लगाउनुपर्छ ।

सबैलाई पुग्नेगरी खोपको परिमाण एकैपटक उपलब्ध हुन नसक्ने भएकाले यो खोप प्राथमिकताका आधारमा चरणबद्धरूपमा सबैलाई क्रमशः दिइएको छ । मुटुरोग, श्वासप्रश्वाससम्बन्धी समस्या, मधुमेह सुगर, सिकलसेल एनिमियाजस्ता स्वास्थ्य समस्या भएकाहरूले पनि यो खोप लिन सकिन्छ । यसका साथै १८ वर्षमुनिका बालबालिका र गर्भवतीमा सबैमा खोप प्रभावकारी देखिन्छ । सङ्क्रमण भइरहेकाबेला यो खोप लगाउन मिल्दैन र सक्रमणमुक्त भएको ३० दिनपछि ९० दिनसम्म पनि स्वास्थ्यकर्मीको सल्लाहमा लगाउन सकिन्छ ।

यो खोपले कोरोनाभाइरस रोग लाग्नबाट बचाउँछ । खोप लगाइसकेपछि यो रोग लागिहालेमा पनि गम्भीर बिरामी हुनबाट बचाउँछ । विश्व स्वास्थ्य संगठनकाअनुसार कोरोनाभाइरसको सङ्क्रमण भएर निको भएकालाई पनि फेरि यो सङ्क्रमण हुनसक्ने हुनाले खोप लगाउनुपर्छ । सङ्क्रमण निको भएपछि बन्ने एन्टिबडी शरीरमा कति लामो समयसम्म रहन्छ भन्ने यकिन थाहा नभएकाले पनि सबैले खोप लिनु आवश्यक छ ।

खोप लिएपछि पनि जनस्वास्थ्यका मापदण्डहरू पालना गरिरहनुपर्छ । जस्तो भीडभाडमा नजाने, मास्कको अनिवार्य प्रयोग, अर्को व्यक्तिसँग २ मिटर दूरी कायम गर्ने तथा बेला-बेलामा साबुनपानीले हात धुने । खोप उपलब्ध छ/छैन आफ्नो नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरिरहनुपर्छ । आम मानिसहको कौतुहलतालाई समाधान गर्दै स्वास्थ्यसंस्था र स्वास्थ्यकर्मीलाई सम्मान गर्दै सबै मानिसलाई खोप उपलब्ध गराउनु राज्यको दायित्व हो भने जनस्वास्थ्यका मापदण्डहरू अपनाउनु नागरिकको कर्तव्य हो । चीन, अमेरिका, जर्मनी, बेल्जियम, भारत, बेलायत, नेदरल्याण्ड, रसिया स्वीजरल्याण्ड, दक्षिणकोरिया, ब्राजिल र दक्षिणअफ्रिका खोप उत्पादन गर्ने प्रमुख देशहरू हुन् ।

## अबको बाटो

कोभिड १९ विश्वव्यापी महामारी भएकाले विगतबाट हामीले केही सिक्न जरूरी छ । मानवस्वास्थ्य कति गम्भीर हो भन्ने कुरा संसारका धनी र गरिब देशहरूले ठुलो महत्त्वका साथ बुझेको हुनुपर्छ ।

हामीले धेरै अप्ठ्यारो बेहोर्नुपऱ्यो । आम मानिसको बिचमा फैलिएको त्रासले गर्दा सामाजिक र आर्थिक जीवनका सम्पूर्ण क्रियाकलापहरू ठप्प हुनपुगे । विकास निर्माण र अध्ययन अनुसन्धानका कार्यहरूमा ठुलो कठिनाइ बेहोर्नुपऱ्यो । उचित नियम कानुन र निर्देशिकाको अभावमा नयाँ औषधी खरिद, स्वास्थ्यमा नयाँ प्रविधिको प्रवेश र प्रयोग हुनसकेन । राष्ट्रिय महत्त्वका कार्यक्रमहरू हुन सकेनन् । पर्यटनक्षेत्र ध्वस्त प्रायः हुनपुग्यो । आन्तरिक र बाह्य पर्यटनमा ठुलो संकट आइपऱ्यो । जहाजहरू उड्न पाएनन् । धेरैको रोजगारी गुम्यो । महिलामाथि हिंसा बढ्यो । बालविवाहको सङ्ख्यामा बढोत्तरी भयो । गरिबहरू झन् गरिब हुनपुगे । मानसिक रोगको समस्या अत्याधिक बढ्यो । आत्महत्याजस्ता क्रियाकलाप अत्याधिकरूपमा हुनथाले । निजी क्षेत्रबाट सेवा प्रदान गरिने अस्पतालका सेवामा अत्याधिक शुल्कले जनता नराम्रोसँग प्रभावित भए । खोप खरिदका लागि राज्यले ऋण लिनुपर्ने स्थिति देखा पऱ्यो । खोप लगाउन नीजिक्षेत्रलाई खास महत्त्व प्रदान गरिएन । युवाहरू सामुदायिक संघसंगठनहरूलाई खासै परिचालन गरिएको देखिएन । यी कारणहरूले गर्दा आगामी दिनमा यस किसिमका क्रियाकलापहरू गर्न उपयुक्त हुने देखिन्छ ।

### जनचेतनाको लागि कार्यक्रम

हुनत कोभिड १९को सुरूवातदेखिनै रेडियो, टि.भि. पत्रपत्रिका र टेलिफोन सन्देशमार्फत् जनचेतनाको कार्यक्रम, जानकारी प्रदान गरिएको छ तर त्यति मात्र प्रभावकारी छैन । प्रत्येक विश्वविद्यालय, कलेज, विद्यालय, राजनीतिक दलका प्रत्येक भेला, बैठक, जनअभियान, युवा र महिलाहरूको भेला र आमसभाहरूमा मानव जीवनमा रोग सार्न सक्ने, ब्याक्टेरिया, भाइरस, फङ्गस बारेमा स्पष्ट बुझिने भाषामा जानकारी दिन जरूरी छ । व्यक्तिगत, सामुदायिक र व्यापारिक केन्द्रहरूमा सरसफाइको प्रोटोकल निर्माण गरी लागु गर्नु जरूरी देखिन्छ । आम सञ्चारका माध्यमहरूमा जनचेतनाका लागि व्यापक प्रचारप्रसार गर्नु जरूरी छ । स्वास्थ्य जीवनशैली अपनाउन आमजनताहरूलाई अभिप्रेरित गर्नु उपयुक्त हुने देखिन्छ ।

### अस्पताल

सरूवारोग र सबैभन्दा बढी मृत्यु हुने रोगहरूको जिम्मा लिन सरकार नै लागि पर्नुपर्ने हुन्छ । निजी क्षेत्रलाई अनियन्त्रित तरिकाले छोड्दा जनताहरू व्यापक मारमा परेका छन् । सरूवारोग अस्पतालको स्थापना, हाल सञ्चालित अस्पतालहरूमा सरूवारोग युनिटको स्थापना गर्नु जरूरी छ । यसो हुन नसके यस्ता महामारीले भयानकरूप लिनसक्ने देखिन्छ । अन्तराष्ट्रियरूपमा मान्यताप्राप्त औषधीको खरिदमा छोटोछरितो तरिकाले स्वीकृत प्रदान गर्नुपर्ने दायित्व सरकारको रहने हुनाले यसतर्फ ध्यान जानु जरूरी छ ।

### जनशक्ति व्यवस्थापन

अस्पतालहरू छन् । दक्ष जनशक्ति डाक्टर, नर्स र प्यारामेडिकल स्टाफको कमीले ठुलो समस्या पर्नेगरेको छ । ज्यानको जोखिम मोलेर बिरामीको सेवामा खटिएका स्वास्थ्यकर्मीहरूको मनोवल उच्च बनाउन सकिएको छैन । उनीहरू स्तरीय सेवासुविधाबाट बञ्चित रहेका छन् । क्रिटिकल केयर र इमरजेन्सीमा काम गर्ने डाक्टर नर्सको मात्र होइन समग्रमा डाक्टर नर्सको अभाव कम गर्न सरकारले यथासिघ्र काम थाल्नुपर्ने देखिन्छ । ल्याव, आइसियु भेन्टिलेटर सञ्चालन गर्नसक्ने जनशक्ति पूर्तिगर्नु आजको प्रमुख दायित्व हो । हरेक अस्पतालमा अक्सिजनप्लान्ट चालु अवस्थामा राख्न जरूरी छ ।

इमरजेन्सीलाई चाहिने जीवनरक्षक औषधी, जनशक्ति र रोगनिदानका टुल्सहरू तन्दुरुस्त अवस्थामा राख्न कडा निर्देशन र कार्यान्वयन हुन जरूरी देखिन्छ ।

**खोप**

कोभिड-१९ भाइरसबाट सर्ने रोग भएकाले यसको विश्वासिलो औषधी आविष्कार भएको छैन । यसको विकल्प भनेको खोप नै हो । खोपले यसको बिरूद्ध लड्ने इम्युनिटी निर्माण गर्दछ र यो रोग कडारूपले लाग्न पाउँदैन । बिरामीको मृत्यु हुने सम्भावना एकदम कम हुनजान्छ । त्यसैले प्राविधिक र आर्थिक क्षमता पुगे एक्लै नभए संयुक्त लगानीमा भए पनि खोप उत्पादन केन्द्र स्थापना गर्न ढिला गर्नुहुँदैन । आम जनतालाई जति सक्यो छिटो खोप लगाउन पाए, उद्योग, व्यापार, पर्यटन, कृषि, अध्ययन आदिमा सकारात्मक प्रभाव पर्ने देखिन्छ र अर्थतन्त्र चलायमान हुनजान्छ । यस अवस्थामा देश प्रगतिको पथमा अगाडि बढ्नसक्ने देखिन्छ ।

**गरिबहरूलाई सहयोग**

राज्यले कोभिड-१९ नियन्त्रणमा नआइन्जेलसम्म उनीहरूको आधारभूत जीवनयापन गर्न नियन्त्रित आर्थिक सहायता प्रदान गर्न जरूरी छ । खोप लगाएर विकास निर्माणमा उनीहरूलाई सहभागी गराउनु उपयुक्त हुने देखिन्छ ।

**पर्यटन उद्योगलाई टेवा**

पर्यटन व्यावसायलाई व्यापकरूपमा टेवा दिनु जरूरी छ । उनीहरूको ऋणको व्याज तिरीदिनु जरूरी छ । पर्यटन व्यवसायमा लागेका उद्योगहरूका कर्मचारीहरूलाई प्रदान गर्नुपर्ने तलबमा सहुलियत दिनु राम्रो हुनेदेखिन्छ । आन्तरिक पर्यटनमा सरकारको ध्यान जानु जरूरी छ ।

**कृषिमा आत्मनिर्भरताको अभियान**

कृषि क्षेत्र हाम्रो मेरूदण्ड हो । यसमा केही राहतका प्याकेज ल्याएर उत्पादन बृद्धि र आत्मनिर्भरतालाई व्यापक अभियान सञ्चालन गर्नु जरूरी छ । धान, तरकारी, दुध, माछा, मासु, अण्डा र फलफुल हाम्रा धेरै प्रयोग गरिने खाद्यान्नहरू हुन् । यसमा विशेष आकर्षक प्याकेज र बजारीकरणको व्यवस्थापन गर्नु जरूरी छ । तीनै तहमा बजारीकरणको व्यवस्थापन गर्नु जरूरी छ । तीनै तहका सरकारले समन्वयात्मक ढङ्गले काम गरी यो कोभिड-१९ को कहरबिच पनि राम्रो फल प्राप्त हुनेछ ।

**प्रविधिको प्रयोग**

कोभिड-१९ नियन्त्रण गर्न चाइना, जापान, दक्षिणकोरिया, अमेरिका आदि देशहरूले आर्टिफिसियल इन्टेलिजेन्सलाई व्यापक प्रयोगमा ल्याएका छन् । यसले रोगको अवस्था, बिरामीको स्थिति, सम्भावित क्षतिलगायतका कुराहरू सम्बन्धित व्यक्ति र अधिकारीलाई प्रदान गर्दछन् ।

**अर्थतन्त्र चलायमान गराउने र राष्ट्रिय अभियान सञ्चालन**

यो कोभिड १९ले चुनौती मात्र ल्याएको होइन, उचित व्यावस्थापन गर्नसकेमा ठुलाठुला कुराहरू पनि प्राप्त हुन सक्नेछन् । करौडौँ वृक्षारोपण गर्न सकिनेछ । हजारौँ पोखरी र चौताराहरू निर्माण गर्न सकिने छ । विकास निर्माणमा स्थानीय जनसहभागितालाई व्यापक बनाउन सकिने देखिन्छ । राज्यको कार्ययोजना, ठोस नीति, जनपरिचालन गर्ने क्षमता, अपिल गर्नसक्ने क्षमता, स्पष्ट खाका हुन जरूरी

छ । मानव सभ्यतामाथि लागेको यो कालो बादलबाट मुक्ति पाउन सरकार, नीजि क्षेत्र, आम जनता, अन्तराष्ट्रिय जगत सबैको एकीकृत पहल भएमा आफ्नो लयमा फर्किन धेरै समय नलाग्ने अनुमान गर्नसकिन्छ ।

## सन्दर्भ सामाग्री


- http:/www.who.org
- http:/www.who.int.diseases
- http:/www.who.int.nepal
- Corona virus disease situation report
- नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कोभिड जानकारी
- MOHP Nepal Covid- 19
- अनलाइन मिडियाहरू, अनलाइन खबर, सेतोपाटी, रातोपाटी
- www.history.com
- अन्य विविध लेख रचनाहरू

# नेपालमा जनसाङ्ख्यिक ऐतिहासिकता



कपिलप्रसाद तिमल्सेना

## पृष्ठभूमि

कुनै निश्चित भौगोलिक वा राजनैतिक क्षेत्रभित्र निश्चित समयावधिमा बसोबास गर्ने मानिसहरूको कुल संङ्ख्या नै जनसङ्ख्या हो । राज्य हुनका लागि आवश्यक न्युनतम् तत्त्वहरू मध्येको एउटा महत्त्वपूर्ण तत्त्व जनसङ्ख्या हो जसलाई विकासको साधक र भाजक दुवैरूपमा लिने गरिन्छ । यसका अतिरिक्त विकासको प्रतिफलको आधारभूत तत्त्व, परिचालक र प्रयोगकर्ता अर्थात् उत्पादक र उपभोक्ता नै जनसङ्ख्या हो । जनसङ्ख्या एउटा गतिशील चर हो र समयक्रमका विभिन्न घटनाहरूले यसलाई परिवर्तन गरिरहेका हुन्छन् । जनसङ्ख्या परिवर्तनका प्रमुख तत्त्वहरूमा जन्म, मृत्यु र बसाइँसराइलाई मानिन्छ । यी तीन तत्त्वहरूमध्ये कुनै एकमा मात्र परिवर्तन आएमा कुनै पनि स्थानको जनसङ्ख्याको आकार, बनावट तथा स्थलगत वितरणमा प्रभाव पर्दछ । जनसङ्ख्याले एकातिर विकासको माग गर्दछ भने अर्कोतिर विनासको कारक पनि बनिरहेको हुन्छ । यो राज्यलाई अस्तित्व दिने महत्त्वपूर्ण तत्त्व हो र यसले विकास निर्माणको आधार तय गर्दछ । जनसङ्ख्या सामाजिक, आर्थिक, राजनैतिक तथा वातावरणीय जुनसुकै किसिमको विकासको भाजक (डिनोमिनेटर) पनि हो । तसर्थ जनसङ्ख्या र विकासबिच अन्योन्याश्रितसम्बन्ध रहेको हुन्छ । जनसङ्ख्याकै आधारमा देशमा उपलब्ध स्रोतसाधनको उचित परिचालन र विकासकार्यको निर्धारण गर्ने गरिन्छ । जनसङ्ख्याको आकार, संरचना, वितरण, उतारचढाव एवं भाषिक, सांस्कृतिक, धार्मिक र लैङ्गिक विशेषताका आधारमा वितरणमुखी कार्यक्रमको सट्टामा प्रमाणमा आधारित योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा अन्य विविधपक्षको व्यवस्थापन गरिन्छ । यसका लागि प्रथमतः गतिशील चरकारूपमा रहेको जनसङ्ख्यालाई नै व्यवस्थापन गर्नुपर्नेहुन्छ ।

जनसङ्ख्या व्यवस्थापन भनेको कुनै पनि देशमा उपलब्ध स्रोतसाधन र त्यहाँको विद्यमान जनसङ्ख्याबिच तादाम्यता कायम गर्न उल्लिखित जनसङ्ख्याको आकार, संरचना, बनोट, संरक्षण र वितरण र परिचालनसम्बन्धी योजना, सङ्गठन, निर्देशन र नियन्त्रण गर्ने व्यवस्थापकीय कार्य हो । त्यसैले जनसङ्ख्यामा आएको परिवर्तन अर्थात् जनसाङ्ख्यिक सङ्क्रमणले देशको समग्र विकासमा पार्ने प्रत्यक्ष प्रभावलाई मनन गरेर जनसङ्ख्या व्यवस्थापनको पक्षलाई विशेष महत्त्व दिइनुपर्दछ । यसका लागि खासगरी विकासका विभिन्न गतिविधिहरूमा जनसङ्ख्या व्यवस्थापनसम्बन्धी विषयलाई प्राथमिकतापूर्वक सम्बोधन गरिनु पर्दछ । आधुनिक नेपाल निर्माणमा जनसङ्ख्या नै विकासको मूलआधार र देशको अस्तित्व स्थापना गर्ने एक मूलमापक भएकाले यसलाई हरेक दृष्टिकोणले आधारभूत तत्त्व मानिन्छ । जनसङ्ख्या व्यवस्थापनका लागि अपरिहार्य आवश्यकता भनेको यससम्बन्धी सूचनाको उपलब्धता नै हो । जनसाङ्ख्यिक सूचना प्राप्त गर्नका लागि तथ्याङ्कका प्राथमिक र द्वितीय स्रोतहरू प्रयोग गरिन्छन् । राष्ट्रिय जनगणना, व्यक्तिगत घटना पञ्जीकरण प्रणाली, जनसाङ्ख्यिक नमुना सर्वेक्षण, प्रशासनिक अभिलेख, सेवा प्रदानसम्बन्धी संस्थागत अभिलेख, अध्ययन, अनुसन्धान र विषयगत अन्तराष्ट्रिय प्रकाशन आदि जनसाङ्ख्यिक तथ्याङ्कका प्रमुख श्रोतहरू हुन् ।

तिमल्सेना जनसङ्ख्या व्यवस्थापन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका उपसचिव हुनुहुन्छ ।

उपलब्ध श्रोतहरूको अधिकतम उपयोग गरी जनसङ्ख्या व्यवस्थापनका लागि आवश्यक सूचना उत्पादन गरी परम्परागत सोचभन्दा माथि उठेर सुझबुझका साथ अगाडि बढ्नुपर्दछ । जनसङ्ख्या व्यवस्थापनको अवसरकारूपमा देशको मूलकानुन संविधानले जनसाङ्ख्यिक तथ्याङ्कको महत्त्वलाई उजागर गर्दै जनसङ्ख्यालाई प्राथमिकतामा राखेको छ । यस अवसरमा जनसङ्ख्याको उचित व्यवस्थापनका लागि राजनीतिक, प्रशासनिकलगायत सम्बन्धित सरोकारवलाहरूले सही दिशा निर्देश गर्नेतर्फ विशेष ध्यान दिन जरूरी देखिन्छ ।

## जनसङ्ख्यासम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था

### नीतिगत व्यवस्था

*छुट्टै जनसङ्ख्यासम्बन्धी पहिलो नीति वि.सं. २०७१ सालमा जनसङ्ख्या नीति, २०७१ तयार गरी लागु गरिएको छ । उक्त जनसङ्ख्या नीतिले जनसङ्ख्याको परिवर्तन वा बृद्धिलाई प्रभाव पार्ने तथा उपस्थित जनसङ्ख्याको व्यवस्थापन र गुणस्तर अभिवृद्धिमा ध्यान दिने सोचका साथ मूलतः जनसङ्ख्यालाई सबै तह र निकायबाट सम्पादित हुने क्षेत्रगत विकास प्रक्रियाहरूमा एकीकृत गरी कार्यक्रमहरू सञ्चालन मार्गदर्शन गरेको छ ।*

नेपालमा वि.स. २०२२ अगाडिसम्म जनसङ्ख्यालाई शक्ति र स्रोतकारूपमा लिने गरिन्थ्यो । नेपालको प्रथम र दोस्रो योजनामा पुनर्वास कार्यक्रमका अतिरिक्त जनसङ्ख्याको विषयलाई खास सम्बोधन भएको वृद्धिलाई नियन्त्रण गर्ने अभिप्राय राखेर जनसङ्ख्यासम्बन्धी नीति तर्जुमा गरिएको थिएन यद्यपी त्यस समयमा अप्रत्यक्षरूपमा भए पनि जनसङ्ख्या नीतिनिर्माणका निमित्त अग्रसर भई परिवार नियोजन संघको स्थापना गरिएको थियो । तेस्रो पञ्चवर्षीय योजनादेखि जनसङ्ख्या वृद्धिदरलाई नियन्त्रण गर्ने उद्देश्यले योजनावद्धरूपमा कार्यनीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने चलनको सुरूवात गर्न थालिएको थियो । छैटौं योजनाको पहिलो वर्षमा राष्ट्रिय जनसङ्ख्या आयोगको पुनर्गठन भएपश्चात् जनसङ्ख्याको क्षेत्रलाई व्यापक तुल्याई यससम्बन्धी नीति, रणनीति, लक्ष्य तथा कार्यक्रमहरू निर्धारण गरिएको थियो । जनसङ्ख्यालाई बहुक्षेत्रीय, बहुपक्षीय विषयकारूपमा स्थापित गर्दै जनसङ्ख्या तथा विकाससम्बन्धी २० बर्षे (२०६७ –२०८७) दीर्घकालीन योजना (पपुलेशन पर्स्पेक्टिभ प्लान) तयार गरी कार्यान्वयनको चरणमा छ । आवधिक योजनाहरूमा विषयगत नीतिकारूपमा जनसङ्ख्याका विषयहरूलाई समेटिएको अवस्थामा सम्बन्धित नीतिहरू तय गरिँदै आइएको भए तापनि छुट्टै जनसङ्ख्यासम्बन्धी पहिलो नीति वि.सं. २०७१ सालमा जनसङ्ख्या नीति, २०७१ तयार गरी लागु गरिएको छ । उक्त जनसङ्ख्या नीतिले जनसङ्ख्याको परिवर्तन वा बृद्धिलाई प्रभाव पार्ने तथा उपस्थित जनसङ्ख्याको व्यवस्थापन र गुणस्तर अभिवृद्धिमा ध्यान दिने सोचका साथ मूलतः जनसङ्ख्यालाई सबै तह र निकायबाट सम्पादित हुने क्षेत्रगत विकास प्रक्रियाहरूमा एकीकृत गरी कार्यक्रमहरू सञ्चालन मार्गदर्शन गरेको छ । यसबाट दीर्घकालीन विकासका लक्ष्य प्राप्ति हुने अपेक्षा लिइएको छ ।

### संस्थागत व्यवस्था

सन् १९६८ भन्दा पहिला जनसङ्ख्यासम्बन्धी कार्यक्रम हेर्ने निकायकारूपमा राष्ट्रिय योजना आयोग/सचिवालयलाई तोकिएको थियो भने सन् १९६८ मा यससम्बन्धी कार्यक्रमको जिम्मेवारी लिन राष्ट्रिय जनसङ्ख्या आयोगको स्थापना गरिएको थियो । तत्कालीन समयमा जनसङ्ख्या नीतिको आवश्यकता महसुस गरी सन् १९७४ मा एक टास्कफोर्स गठन गरेर पुनः सन् १९७५ मा जनसङ्ख्या नीति समन्वय बोर्ड स्थापना गरिएको थियो । त्यसपछि सन् १९८२ मा राष्ट्रिय जनसङ्ख्या आयोगको स्थापना गरियो । जनसङ्ख्यासम्बन्धी कार्यक्रम सञ्चालन र नियमन कार्यहरू सन् १९९० मा पुनः राष्ट्रिय योजना आयोगले नै हेर्ने गरी तोकिएको थियो । सन् १९९१ मा राष्ट्रिय जनसङ्ख्या समिति

गठन गरी यसलाई जनसङ्ख्याका धेरै आयामहरूलगायत यसको व्यवस्थापनको पाटालाई हेर्ने जिम्मेवारी तोकिएको थियो । सन् १९९५ मा जनसङ्ख्या तथा वातावरण मन्त्रालय स्थापना गरियो । सन् २००५ मा स्वास्थ्य मन्त्रालयमा जनसङ्ख्यालाई गाभेर स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्थापना गरियो । त्यसपश्चात् सन् २००८ मा जनसङ्ख्या विधा हेर्ने गरी अलग्गै सचिवको पदस्थापना गरी जिम्मेवारी तोकिएको थियो । फलस्वरूप सन् २००९ बाट स्थानीयस्तरमा जनसङ्ख्या व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सुरु गरिएको थियो । जनसङ्ख्या व्यवस्थापनका कार्यक्रमहरूले विस्तारै गतिलिन सुरु गर्न लाग्दैगर्दा सन् २०१५ मा नेपाल सरकारले जनसङ्ख्यालाई वातावरण मन्त्रालयमा गाभेर जनसङ्ख्या तथा वातावरण मन्त्रालयकारूपमा स्थानान्तरण गरेको थियो । त्यसको तीनवर्ष पनि व्यतित नभै सन् २०१८ मा स्वास्थ्य मन्त्रालयमा नै जनसङ्ख्यालाई समाहित गरी एउटा जनसङ्ख्या व्यवस्थापन महाशाखा रहने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पुनःस्थापित गरिएको छ । हाल जनसङ्ख्याका मुद्दाहरू सम्बोधन एवं समाधान गर्ने उद्देश्यका साथ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालयलगायतका मन्त्रालयहरू सक्रिय छन् भने राष्ट्रिय योजना आयोगले योजना, कार्यक्रम र क्रियाकलापहरू सञ्चालन गर्न जिम्मेवाररूपमा अग्रणी भूमिका निर्वाह गरिरहेको छ । जनसङ्ख्या विधालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा कार्यान्वयन गर्न संस्थागत बन्दोबस्त गरिएका निकायहरूमा वास्तविक जनसङ्ख्यासम्बन्धी आँकडा सङ्कलन गर्ने केन्द्रीय तथ्याङ्क विभाग, समाज कल्याण परिषद्, परिवार नियोजन सङ्घ, त्रिविवि केन्द्रीय जनसङ्ख्या शिक्षण विभाग, राष्ट्रसङ्घीय निकाय (विश्व स्वास्थ्य सङ्गठन, संयुक्त राष्ट्र सङ्घ बालविकास कोष), अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन, जनसङ्ख्या र विकासका लागि संसद मञ्च र गैरसरकारी संस्थाहरू संलग्न रहेका छन् । जनसङ्ख्याको व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने सन्दर्भमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेतृत्वदायी र संयोजनकारी भूमिका निर्वाह गरेको छ यद्यपी यस मन्त्रालयलाई सबै क्षेत्र र पक्षबाट समान दृष्टिकोण र दूरगोचरसहितको चक्षुद्वारा गहिराइको सोच र कल्पना गरिनुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

## नेपालको जनसङ्ख्याका विशेषता

***नेपालको जनसङ्ख्याका प्रमुख विशेषता***

*घट्दो मृत्यु दर,*
*प्रजनन दर क्रमशः घट्दै गरेको छ,*
*औसत आयुमा वृद्दि,*
*जनसङ्ख्याको असमान वितरण,*
*लैङ्गिक असमानता क्रमशः घट्दै,*
*युवाहरूको वाहुल्यता,*
*मातृ तथा शिशु मृत्युदर घट्दै गरेको तर सङ्ख्या उच्च रहेको,*
*जेष्ठ नागरिकको जनसङ्ख्या क्रमशः वढ्दै गरेको,*
*अव्यवस्थित आन्तरीक वसाई सराई,*
*युवा जनशक्ति विदेश पलायन ।*

नेपालमा जनसङ्ख्या वृद्धिदर घट्दोक्रममा रहेको भए तापनि क्षेत्रीय वितरणमा असन्तुलन बढिरहेको छ । त्यसैगरी प्रतिस्थापन स्तरभन्दा तल नै रहने गरी प्रजनन दर क्रमशः घटिरहेको र मृत्युदर पनि घटिरहेको अवस्था छ । नेपालमा जनसङ्ख्याका विशेषताहरूलाई टिपोट गर्दा मातृ तथा शिशु मृत्युदर हाल घटिरहेको तर अझै पनि उच्च रहेको, नव शिशु मृत्युदर उच्च तथा स्थिर रहेको र औसत आयु बढिरहेको, युवाहरूको बाहुल्यता रहेको, जेष्ठ नागरिकहरूको सङ्ख्या क्रमशः बढिरहेको र युवा जनशक्तिको वैदेशिक पलायनमा वृद्धि भएको, जनसङ्ख्याको असमान वितरण रहेको, अव्यवस्थित आन्तरिक बसाइँसराइ र बढ्दो अन्तर्राष्ट्रिय बसाइँसराइको अवस्था रहेको, अत्याधिक शहरीकरण भइरहेको, लैङ्गिक असमानता कायमै रहेको पाइन्छ । जनसङ्ख्याका कतिपय विशेषताका सूचकहरू व्यवस्थापनका दृष्टिकोणबाट अवसरकारूपमा लिनसकिने खालका छन् भने कतिपय विशेषताहरू समस्याकारूपमा स्थापित छन् ।

## जनसङ्ख्या व्यवस्थापनमा सामना गर्नु परेका समस्या तथा चुनौती

सङ्घीय गणतान्त्रिक संविधान कार्यान्वनमा आएको झण्डै ६ वर्ष, लोकतन्त्र स्थापना भएको १५ वर्ष, बहुदलीय व्यवस्था पुनर्स्थापना भएको ३० वर्ष र प्रजातन्त्र प्राप्तिको ७० वर्ष भएको सन्दर्भमा कोभिड-१९ जस्तो विश्वव्यापी महामारी संसारका अन्य देशमाजस्तै नेपालले सामना गर्न कठिन एक सङ्कट ल्याएको अवस्थामा देशले अबको विकासको सवालमा मूलतः जनसङ्ख्यालाई नै प्रमुख आधार मान्नुपर्ने देखिन्छ । जनसङ्ख्या व्यवस्थापनमा कैयौं समस्याका चाङहरू पनि विद्यमान रहेका छन् तर यसका लागि राजनीतिज्ञ होस् वा प्रशासक, योजनाकार होस् वा जनसङ्ख्याविद, जोकोहीले आफू र आफ्नो लागि भन्ने सङ्कुचित धारणाभन्दा माथि उठेर देश र जनतालाई सर्वोपरी ठानी समृद्धिको आकाङ्क्षालाई केन्द्रविन्दुमा राखी विकासका कार्यक्रमहरू समावेश र कार्यान्वयनमा समस्या भए पनि गर्नुपर्दछ तर व्यवहारतः जनसङ्ख्या व्यवस्थापनमा कैयौं समस्याका चाङहरू पनि विद्यमान रहेका छन् । यस्ता समस्याहरू समयमै पहिचान गरी सम्भावित सबै किसिमका चुनौतीको सामना गर्नसक्ने समार्थ्य राख्नुपर्दछ । मुख्यगरी व्याप्त गरिबी, न्यूनसाक्षरता, रूढीवादी संस्कार तथा अन्धविश्वास, अल्पदर्शी सोच, अस्थिर तथा अव्यवहारिक नीति एवं उपल्लो तह र तप्कामा रहेका राजनैतिक र प्रशासनिक वर्गहरूले जनसङ्ख्या व्यवस्थापनलाई प्राथमिकता नदिने लगायतका कारणहरूले गर्दा नेपालको जनसङ्ख्या व्यवस्थापनमा देहाय बमोजिमका समस्याहरू रहेका पाइन्छन् ।

### नीतिगत समस्या

नेपालमा वयस्कतासम्बन्धी कानुन, स्पष्ट नीति र कार्यक्रम दृष्टिकोण/निर्माण नगरिएकै कारणले निराश वयस्क उमेर समूहलाई राजनैतिक दलहरूले पनि दलीय स्वार्थपूर्तिका लागि सुरक्षाकवचकारूपमा दुरूपयोग गरिरहेका छन् । फलस्वरूप सम्भावना र जोखिमको अवधि भनिने उच्चत्तम क्रयशक्ति भएको यो समूहको जनशक्तिलाई उत्पादनशील कार्यमा उपयोग गर्नुपर्नेमा त्यो क्षमतालाई सही सदुपयोग गर्न सकिएको छैन ।

### संस्थागत समस्या

नेपालमा सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबाट संविधानले परिकल्पना गरेबमोजिम जनसङ्ख्यासम्बन्धी विद्यमान कानुन, नीति, रणनीति एवम् कार्यनीतिहरूलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मात्र कार्यक्रम मानी अन्य सबै तहका सरोकार निकायहरूले यसलाई प्राथमिकता प्रदान नगर्नु नै जनसङ्ख्या व्यवस्थापनको प्रमुख चुनौती हो । यसका साथै, जनसङ्ख्या विधालाई हेर्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाहेक संघ, प्रदेश र स्थानीय तहमा कुनै पनि निकाय सक्रिय छैनन् ।

### व्यवस्थापकीय र कार्यगत समस्या

अत्याधिक शहरीकरणले उपत्यका, शहर र तराईमा जनसङ्ख्याको चाप अत्याधिक बढ्दा स्रोतसाधनको सन्तुलित वितरण र उपयोगमा चुनौती थपिएको छ भने अर्कोतिर बसाइँसराइका कारणले पिउने पानीका स्रोत संरक्षण, खुला क्षेत्र व्यवस्थापन र वनजङ्गल संरक्षण, स्वास्थ्य, शिक्षा र सुरक्षालगायतका आधारभूत सेवा संरचनाको माग सम्बोधन गर्नमा कठिनाइ भइरहेको छ । व्यवस्थापकीय जनसङ्ख्या व्यवस्थापनका चुनौती र समस्याहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ ।

क. किशोरकिशोरीसम्बन्धी जीवनोपयोगी सीप सेवा प्रदानमा कमी, छिटो विवाह गर्ने चलन, गुणात्मक प्रजननस्वास्थ्यमा महिलाको पहुँच तथा पुरुषको सहभागितामा कमी, परिवार नियोजनका गुणस्तरीय साधनको उपलब्धता, छनोट तथा प्रयोगमा कमीजस्ता प्रजननसम्बन्धी समस्याहरू ।

ख. उमेर तथा लिङ्गअनुसारको रोगहरूको प्रकोप, स्थानअनुसार रोगको प्रकोप, सर्ने तथा नसर्ने रोगहरू बढ्नु तथा दुर्घटना र मृत्युका कारणहरू पहिचानमा कठिनाइ ।

ग. आन्तरिक बसाइँसराइ, अन्तर्राष्ट्रिय बसाइँसराइ, अव्यवस्थित शहरीकरण, व्यवस्थित बस्तीको विकासमा कमी, बसोबासमा असमान जनसङ्ख्या वितरणको अवस्था, जनसङ्ख्यालाई प्रदान गरिने स्वास्थ्य, शिक्षा, भौतिक सुविधा जस्तैः यातायात (सडक), विद्युत, खानेपानी, बैङ्क, कृषि तथा उद्यमसम्बन्धी समस्याहरू ।

घ. अवसर तथा साधनस्रोत परिचालनमा लैङ्गिक विभेद कायम रहनु । मूख्यतयाः शिक्षा, स्वास्थ्य, रोजगारी ज्यालाजस्ता क्षेत्रमा हुने विभेद, उद्यमका लागि पाइने सुविधा, विभिन्न उपभोक्ता समिति तथा अन्य अनौपचारिक निकायमा हुने प्रतिनिधित्वमा असमानतासम्बन्धी समस्याहरू ।

ङ. जातिगत, धार्मिक तथा समुदायगत भिन्नताको अध्ययन, विविधताको संरक्षण, वृद्धवृद्धाको व्यवस्थापन, स्थानीय संस्कृतिको जगेर्ना, जनसङ्ख्यालाई पायक पर्ने स्थानमा हाटवजार व्यवस्थापन, घाट तथा धार्मिक एवं सांस्कृतिक भेला हुने स्थानको व्यवस्थापन आदिमा कमी ।

च. जनसङ्ख्या व्यवस्थापनका मुद्दाहरूलाई सूचना र सञ्चारमा ल्याउन स्थानीय वा राष्ट्रिय साधन जस्तै विद्युतीय भिडियो वा रेडियो तथा छापा माध्यमको उपयोगमा कमी ।

छ. जनसङ्ख्यासम्बन्धी नियमित विवरण सङ्कलन, फारामहरूको विकास, रोजगारी, शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा जातिगत, लिङ्गगत तथा उमेरगत विवरण अद्यावधिकीकरण, तथ्याङ्कमैत्री प्रविधिमैत्री अभिलेख प्रणालीको विकास, विशेषज्ञबाट गरिने नियमित विश्लेषण, अनुसन्धानका निचोडलाई योजनामा रूपान्तरण तथा तथ्याङ्क व्यवस्थापनमा कमजोरी ।

जनसङ्ख्याको आकार र संरचनालाई भूगोल, समाज तथा क्षमता अनुकूल बनाउनु, बसाइँसराइलाई व्यवस्थित गर्नु र पर्यावरणीय सन्तुलन कायम राख्नु नै जनसङ्ख्या व्यवस्थापनका लागि नेपालले सामना गरिरहेका प्रमुख चुनौतीहरू हुन् । जनसङ्ख्याको वनावटलाई कुन अवस्थामा लैजाँदा देशको भूगोल, समाज अनि क्षमता अनुकूल हुन्छ भन्ने विषयमा वैज्ञानिक अनुसन्धानको कमीका कारण जनसङ्ख्या वृद्धिदरलाई कायम राख्ने वा नियन्त्रण गर्ने वा बढावा दिने भन्ने विषय अन्योलमा रहेको छ । उदाहरणका लागि शहरहरू घनाबस्ती र जनसाङ्ख्यिक चापका कारण समस्याग्रस्त छन् भने कतिपय पहाडी तथा हिमाली जिल्लाहरूमा न्युनजनसङ्ख्याका कारण विकासका कार्यमा गतिप्रवाह हुन सकेको छैन । महिला र पुरुषबिच हुनुपर्ने जनसाङ्ख्यिक सन्तुलन, कुलजनसङ्ख्यामा बालबालिका, युवा तथा जेष्ठ नागरिकको हुनुपर्ने आदर्श अनुपातजस्ता विषयहरूको अध्ययन अनुसन्धानको कमीका कारण राज्यले यस सन्दर्भमा ठोस नीति अबलम्बन गर्न कठिनाई परिरहेको छ । त्यसैगरी विद्यमान अव्यवस्थित बसाइँसराइका कारण स्वास्थ्य, शिक्षालगायत अन्य भौतिक सुविधा तथा शान्ति सुरक्षामासमेत थप चुनौती सिर्जना भइरहेका छन् । अव्यवस्थित आन्तरिक बसाइँसराइले एकातर्फ ग्रामीण क्षेत्र जनसङ्ख्याविहीन हुँदैछ भने अर्कोतर्फ अव्यवस्थित शहरीकरणले शहरमा थप समस्या उत्पन्न भइरहेको छ । बाह्य बसाइँसराइ व्यवस्थित हुन नसक्दा उर्जाशील श्रमशक्ति विदेशी भूमिमा न्यूनवेतन तथा अमर्यादित कष्टकर जीवनयापन गर्न वाध्य छन् । यसका साथै विभिन्न किसिमका हिंसा तथा रोगव्याधिबाट ग्रस्त हुनुपरेको छ । यी र यस्तै समस्याहरूका कारण पर्यावरणीय असन्तुलनजस्तो घातक चुनौतिको थप सामना गर्नुपर्ने अवस्था सिर्जना भएको छ । वनजङ्गलको अवैध फडानी नियन्त्रण गर्नेदेखि लिएर मानव सिर्जित फोहर विसर्जनको सही व्यवस्थापन गर्ने सम्मका कार्य प्रभावकारीरूपमा गर्न नसक्दा वातावरणीय अनुकूलतामा प्रतिकूल असर देखापर्न थालेको छ । फलस्वरूप विभिन्न किसिमका रोगव्याधिदेखि बाढी, पहिरो, डढेलोजस्ता विपद्को सामना गर्नु परिरहेको छ ।

## राज्यबाट भएका प्रयास

राज्यले उपलब्ध स्रोतसाधनलाई सन् १९५० – १९८० को समयावधिमा परिवार नियोजनको प्रयोगमार्फत् प्रजननलाई नियमन गर्न, सन् १९८० – २००७ को समयावधिमा महिला र नवजात शिशुको स्वास्थ्यमा केन्द्रीत हुँदै मृत्युदरलाई सुधार गर्न र २००७ देखि हालसम्मको समयावधिमा बसाइँसराइलाई नियमन गर्न ध्यान केन्द्रीत गरेको देखिएको छ । अन्तर्राष्ट्रियस्तरमा आयोजित विभिन्न सम्मेलन तथा

सभाहरूमा नेपालले प्रतिवद्धता जनाएअनुसार राज्यले राष्ट्रियरूपमा प्रतिबद्धता व्यक्त गर्दै स्रोतसाधनले भ्याएसम्म वाञ्छित लक्ष्य हासिल गर्नका निमित्त सोहीअनुसार गतिविधिहरू सञ्चालन गरिरहेको छ । नेपाल बहुसूचकाङ्क सर्वेक्षण २०१९ को नतिजाले महिला प्रजनन दर २.० भन्दा तल झरेको देखिएपछि जनसङ्ख्याको नियन्त्रणभन्दा पनि जनसङ्ख्याको व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । १५औं पञ्चवर्षीय योजनामा प्रतिबद्धता जनाई लागु गरेको दिगो विकास लक्ष्यलगायतका हरेक कार्यक्रममा जनसङ्ख्या व्यवस्थापन कार्यक्रम नीतिगतरूपमा प्राथमिकतामा परेको छ । जनसङ्ख्या वृद्धिमा सन्तुलन, प्रजनन स्वास्थ्यमा सुधार, प्रजनन अधिकारको पृष्ठपोषण, बालविवाहमा कमी, सुरक्षित मातृत्वलगायतका क्षेत्रमा नेपालले ठुलो प्रगति गरिसकेको भए तापनि यस क्षेत्रमा अझै धेरै काम गर्न बाँकी छ । जन्मथलो छाडेर अन्यत्र बसाँइसराई गर्नुपर्ने बाध्यताको अन्त्य गर्नका लागि सबै ठाँउमा आवश्यक पूर्वाधारहरूको निर्माण गरी व्यवस्थित बसोबासको व्यवस्था मिलाई अव्यवस्थित शहरीकरण रोक्नेतर्फ राज्यले ध्यान दिइरहेको छ ।

## जनसङ्ख्या व्यवस्थापनका लागि आगामी कार्यदिशा

नेपाल पूर्णरूपमा सङ्घीय ढाँचामा रूपान्तरण भैरहेको वर्तमान परिप्रेक्ष्यमा समग्र नेपाल, प्रादेशिक र स्थानीय तहसम्मको जनसङ्ख्या व्यवस्थापनका लागि नयाँ संरचनाहरूको निर्माण गर्ने, नयाँ परिस्थिति र अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुकुल हुनेगरी नयाँ जनसङ्ख्या नीति, जनसङ्ख्या दिर्घकालीन योजना नयाँ परिवेशअनुसार अद्यावधिक गर्ने, व्यवस्थित शहरी बस्ती विकास गर्ने, यस क्षेत्रमा लगानी वृद्धि गर्ने, परम्परागत मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्ने, व्यवसायिक दक्ष जनशक्ति विकास गर्न जोड दिँदैजानु आजको टड्कारो आवश्यकता हो । अवसर र सम्भावनाहरूको भरपुर उपयोग गर्न सकेमा राष्ट्रिय अर्थतन्त्रमा जनसङ्ख्या व्यवस्थापनले अझ बढी योगदान दिन सक्नेदेखिन्छ । यसका लागि गुणात्मक सुधारका पक्षलाई नीतिगत, संस्थागत, व्यवस्थापकीय र कार्यविधिगतरूपमा तथा जनसङ्ख्या सङ्क्रमणसँग सम्बन्धित विधाका पाटोमा अलगअलग छुट्याइ तत्काल, मध्यकालिन तथा निरन्तर तरिकाले देहायअनुसारका सुझावहरूलाई समावेश गर्दै जान सकियो भने जनसङ्ख्या व्यवस्थापनको क्षेत्रमा सुधार ल्याउन सकिन्छ ।

### नीतिगत सुझाव

- विद्यमान जनसङ्ख्या नीति र दीर्घकालीन जनसङ्ख्या योजनाको कार्यान्वयन पक्ष र यसको प्रभाव मूल्याङ्कनको लेखाजोखा गर्दै नयाँ जनसङ्ख्या नीतिमा गरिब, महिला, बालवालिका, जेष्ठ नागरिक, लोपोन्मुख, दलित, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका सवालमा आर्थिक, सामाजिक र राजनैतिक एवं सांस्कृतिक आयामसँगै जोडेर सम्बोधन गर्नुपर्ने ।

- खाद्यान्नको उत्पादन अनुपातभन्दा जनसङ्ख्या बृद्धिको अनुपातमा खाद्यान्नको उत्पादन धेरै नै कम भएरहेकाले यसको चाप र स्थितिलाई हेरी नियन्त्रणका निमित्त प्राथमिक तहदेखि उच्च तहसम्म प्रजनन उमेरका सबै किशोरकिशोरीलाई विद्यालयस्तरदेखि नै यौन शिक्षा र प्रजनन स्वास्थ्य, शिक्षा परिवार योजना र सुरक्षित मातृत्वसम्बन्धी अध्यापनमार्फत् जनसङ्ख्या शिक्षाको ज्ञान पुऱ्याउन प्रभावकारी पठनपाठनमा जोड दिनुपर्ने ।

- कतिपय स्थानहरूमा बालविवाह संस्कृतिकैरूपमा झाँगिएर गएको र नेपालमा बालविवाह गर्ने जनसङ्ख्या १२ प्रतिशत रहेकाले यस्तो कार्यलाई निरूत्साहित गर्दै विवाह गर्ने उमेर कम्तिमा २२ वर्ष भएको हुनुपर्ने गरी कानुनी प्रावधान बनाई कडाइका साथ लागु गर्ने ।

- जनसङ्ख्या व्यवस्थापनका विविध पक्षहरूलाई दिगो विकास लक्ष्य, मानव अधिकारमा आधारित, लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मान्यताअनुरूप दीर्घकालीन तरिकाले कोही पनि

नछुटोस् (लिभ नो वान बिहाइण्ड) भन्ने आधारभूत कुराहरूलाई हृदयङ्गम गरेर अन्तरसम्बन्धित विषय जस्तैः आवधिक योजना, नीति तथा कार्यक्रमलाई समायोजन गर्दै कार्यक्रमहरू आवद्ध, प्रस्तुतीकरण र इमान्दारीपूर्वक कार्यान्वयन गर्ने ।

- बसाइँसराइलाई व्यवस्थापन गर्नका निमित्त पहाडी क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण, आवश्यक सेवासुविधाहरूको व्यवस्था, शान्ति सुरक्षा र अनुकूल वातावरण निर्माण गरी आगामी दिनहरूमा खाद्यान्नमा पूर्णरूपमा परनिर्भर बन्नुपर्ने अवस्थालाई रोक्ने गरी जनसाङ्ख्यिक लाभांशलाई मुलुकको समृद्धि र विकासमा अधिकतम उपयोग गर्नुपर्ने ।

**संस्थागत सुझाव**

- राज्यको समग्र तथ्याङ्क क्षेत्रलाई एकद्वार प्रणालीबाट सङ्कलन, विश्लेषण, प्रकाशन, अनुगमन, सर्वेक्षण अनुमति दिने, कारवाही गर्ने आदि सम्पूर्ण कार्यहरू सम्पादन गर्नेगरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जनसङ्ख्या, गृह मन्त्रालयअन्तर्गतको पञ्जीकरण, केन्द्रीय तथ्याङ्क विभाग आदिलाई समेटी छुट्टै जनसङ्ख्या मन्त्रालय बनाउनुपर्ने ।

- जनसङ्ख्या नीति तथा दीर्घकालीन जनसङ्ख्या योजनाले परिकल्पना गरेअनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत जनसङ्ख्या व्यवस्थापन विभाग तथा जनसङ्ख्या सूचना प्रणालीको विकास यथाशीघ्र गर्नुपर्ने ।

- जनसङ्ख्या व्यवस्थापनलाई समेत समावेश गरी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्र समानुकुल परिमार्जन गर्दै प्रदेशस्तरसम्म विकास र विस्तार गर्ने ।

- जनसङ्ख्या र यससँग सम्बन्धित सूचकहरू तहगतरूपमा प्रवाह हुनेगरी सबै तहमा युनिट स्थापना तथा सक्षम कर्मचारीको व्यवस्था गरिनु पर्ने ।

- तीनै तहका सरकारहरूमा जनसङ्ख्या व्यवस्थापनका समग्र आयामहरूलाई आन्तरिकीकरण (डोमेस्टीकेसन) गर्ने ।

- संस्थागत क्षमतामा अभिवृद्धि र अपर्याप्त संसाधनलाई पुनः नयाँ स्वरूपमा तहगत सञ्चारमा ल्याउन प्रयोगयोग्य बनाउने ।

**व्यवस्थापकीय सुझाव**

ठुलो मात्रामा असमानता, निरक्षरता, गरिबी र कथित अज्ञानका बाबजुद नेपाली नागरिकले आफूलाई सक्षम तुल्याउन तीनै तहका व्यवस्थापकले गरिरहेका प्रयासलाई निरन्तरता दिँदै अझ परिष्कृत ढङ्गले कार्यक्रम सञ्चालन गर्ने ।

- तीन तहको जिम्मेवारी स्पष्टसँग परिभाषित हुनेगरी कर्मचारीको जिम्मेवारी तोक्नुपर्ने ।
- क्षेत्रगतरूपमा समन्वय प्रणालीको विकास गर्नुपर्ने ।

**कार्यविधिगत सुझाव**

- राजनैतिक तहबाट बनेका नीति, कानुन, कार्यविधि र मापदण्ड कार्यान्वयनमा कर्मचारीतन्त्रबाट प्रतिवद्धता, सक्रियता र जवाफदेही निर्धारण, मापन र पुरस्कार एवं दण्ड व्यवस्था कार्यान्वयन गर्नुपर्ने ।

- लक्षित तथा राष्ट्रिय कार्यक्रमहरू आपूर्तिभन्दा मागका आधारमा तय गरिनुपर्ने ।

- साझा अधिकारको प्रयोगको ढाँचा, आधार र मापदण्ड तयार गर्नुपर्ने ।
- कसले कहाँ नियमन गर्ने हो स्पष्टतासहित तहगतरूपमा नियमनकारी ढाँचा तयार गरी कार्यान्वयन गरिनुपर्ने ।
- सङ्गठन संरचना पुनरावलोकन, परिमार्जन तथा उपयुक्त आकार तथा सङ्ख्यामा बहुसीपयुक्त कर्मचारीको व्यवस्था गर्ने ।
- सबै प्राथमिक स्वास्थ्य सेवा, गाउँघर क्लिनिक, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पतालबाट स्वास्थ्य सेवा र परिवार नियोजनका स्थायी र अस्थायी साधनको सर्वसुलभ एवं समुचित वितरण हुनेगरी पद्दतिको विकास गर्नुपर्ने व्यवस्था मिलाउने ।
- पुनर्स्थापन (रिसेटलमेन्ट) व्यवस्थापन, एउटा प्रदेशबाट अर्को प्रदेशमा मानिसको प्रवेश गराउन उद्दत कारकतत्त्व तान्ने (पुल) र घचेड्ने (पुस) तथा डिपेन्डेन्सी सिन्ड्रोमलाई व्यवस्थापन गर्ने गरी नीति बनाउनुपर्ने ।
- विदेशबाट फर्कने युवाशक्तिलाई स्वदेशमा उनीहरूको सीप र क्षमताका आधारमा व्यवस्थापन गर्नका निमित्त व्यवहारिक नीति एवं रणनीति लागु गर्नुपर्ने ।
- जनसाङ्ख्यिक सङ्क्रमणका क्षेत्रसँग सम्बन्धित आँखाबाट हेर्दा आगामी कार्यदिशा देहायअनुसार हुनु वाञ्छनीय हुनेछ ।

## बालबालिका संरक्षण गर्ने सन्दर्भमा

आजको लगानी सोह्रवर्षमा आम्दानी भनेजस्तै शिशु जन्मेको कम्तीमा पनि २ वर्षसम्म पोषणयुक्त खानेकुरा, आहारव्यवहारमा अधिकतम लगानी गर्ने, ६ महिनासम्म पूर्णस्तनपान गर्नुपर्नेसम्बन्धी पैरवीमा अभिवृद्धि गर्नेजस्ता कार्यक्रमले बालबालिकाको शारीरिक र मानसिक विकास हुनेहुनाले त्यसतर्फ सम्बन्धित सबैको ध्यान जानुपर्दछ । बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि विद्यालयमा, स्वास्थ्य संस्थामा, गाउँपालिका तथा वडा कार्यालयमा, सार्वजनिक स्थल तथा निर्माणका कार्यहरूमा बालअधिकार मापदण्डको विकास गर्नुपर्दछ । जस्तैः प्रत्येक वडामा न्युनतम् एक बालउद्यान निर्माण गर्ने, बाल पुस्तकालय र वाचनालय, बाल सृजना केन्द्रको स्थापना गर्ने, सार्वजनिक स्थलहरू पूर्णरूपमा धूम्रपान तथा मदिरापान निषेधित क्षेत्र कायम गर्ने, बालबालिकाहरू रहने सार्वजनिक स्थलको कम्तीमा ५० मिटरसम्मको क्षेत्रलाई धूम्रपान तथा मद्यपान निषेधित क्षेत्र कायम गर्नुपर्दछ साथै लागुऔषध बेचबिखन तथा प्रयोग नियन्त्रणमा निकै कडाइका साथ लाग्नुपर्दछ ।

## युवा शक्तिलाई परिचालित गर्ने सन्दर्भमा

बहुआयामिक गरिबीलाई सम्बोधन गर्दै आगामी दिनमा जनसाङ्ख्यिक लाभांशमा रहेका धेरैभन्दा धेरै युवा जनशक्तिलाई राष्ट्रिय विकासमा समाहित गराएर समृद्ध नेपाल, सुखी नेपालीको आकांक्षा साकार पार्नका लागि विकास, वातावरण र जनसङ्ख्याबिचको सन्तुलन कायम गरी पेशागत विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र सबलीकरणको आवश्यकता छ । आगामी करिब २० वर्षभन्दा बढी अवधिसम्म रहने जनसङ्ख्या लाभांश भएको अनुकूल समयावधिमा हामीले यो जाजल्यवान युवा जनशक्तिलाई भरपुर क्रियाशील बनाउने तर्फ नीति, रणनीति, कार्यनीति र सार्थक कार्यान्वयन ढाँचाको विकास र विस्तार ढिला नगरी यथासीघ्र प्रयोगमा ल्याउनुपर्दछ ।

## महिला सशक्तीकरण परिचालित गर्ने सन्दर्भमा

राज्यमा रहेको असमानता आज धनी र गरिबबिच मात्र सीमित छैन । असमानता सक्ने र नसक्नेबिच पनि बढ्दो छ । आर्थिक असमानतालाई हल गर्न राज्यले प्रजनन स्वास्थ्य र अधिकारहरूजस्ता अन्य असमानताहरूबाटै समाधान खोज्न थाल्नुपर्दछ र महिलालाई उनीहरूको पूर्ण सम्भाव्यता महसुस गर्नबाट रोक्ने सामाजिक, संस्थागत तथा अन्य अवरोधहरूलाई चिर्दै अघि बढ्नुपर्दछ । यद्यपि उक्त नीतिहरूको प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिएको छ । प्रजनन स्वास्थ्य र महिलाका अधिकारहरूलाई सम्बोधन गर्नका निमित्त हाल यथेष्ट कानुन, नीति तथा रणनीतिहरू कार्यान्वयनमा छन् । त्यसैले यौन तथा प्रजनन स्वास्थ्य अधिकार प्राप्तिका लागि महिलालाई सशक्त बनाउन एउटा बलियो, विश्वसनीय र अधिकारसम्पन्न कार्यान्वयन संरचनाको स्थापना गरिनुपर्दछ । महिला आफैमा रहेको पितृसत्तात्मक सोच, हानिकारक सामाजिक कुप्रथा तथा अन्धविश्वासजस्ता घातक समस्याहरूलाई जरैबाट निराकरण गर्न सबै तह र तप्काका निकायहरूमा अधिकतम चेतनामूलक गतिविधि, छलफल, बहस, पैरवीजस्ता कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ । अर्कोतर्फ महिलाले भोग्नु परिरहेका महिला हिंसाको अवस्था हेर्दा प्रत्येक पाँच महिलामा एक महिलाले जीवनभरीमा आफ्नै घनिष्ठबाट भौतिक हिंसा र प्रत्येक आठ महिलामा एक महिलाले यौन हिंसाबाट प्रताडित हुनुपरिरहेको छ । तसर्थ महिला विभेद र हिंसा नियन्त्रणमा चुनौती देखापरिरहेको अवस्थामा व्यवहारमा देखिने गरी लैङ्गिक समानता सुनिश्चित गर्न कानुनको विवेकपूर्ण कार्यान्वयन गरी अपराधिक क्रियाकलापमा संलग्न जोकोहीलाई हदैसम्मको कानुनी कारवाही गरिनुपर्दछ ।

## जेष्ठ नागरिकको अनुभव र क्षमतालाई आन्तरिकीकरण (डोमेस्टीकेसन) गर्ने सन्दर्भमा

जेष्ठ नागरिकहरूको चाहना, सीप, अनुभव, क्षमतासहितको खण्डिकृत तथ्याङ्क सङ्कलन र संग्रह गरी वेभपेजमार्फत् सूचनाप्रवाह गर्नसकिन्छ । जेष्ठ नागरिकहरूसँग भएको अमूल्य सीप र अनुभवअनुसार आयआर्जनका क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । गरिब, अति वृद्ध तथा अपाङ्गता भएका जेष्ठ नागरिकलाई घरदैलो प्रणालीमा आधारित स्वास्थ्य सेवा तथा अन्य सुविधाहरू प्रदान गर्नुपर्दछ । निजी क्षेत्रसमेतको सहभागिता अभिबृद्धि गर्नका लागि जेष्ठ नागरिकहरूको मनोरञ्जन, सीपको प्रयोग, अध्ययन, खेलकुदलगायतका क्षेत्रमा दिवा हेरचाह केन्द्रसहितका जेष्ठ नागरिकमैत्री स्थलहरूको निर्माण र सहुलियत दरमा सेवा प्रदान गर्न मनोरञ्जन सेवाप्रदायकहरूलाई प्रोत्साहन गर्नुपर्दछ । बन्दी जेष्ठ नागरिकहरूलाई विशेष सुविधाहरू, जस्तैः सुलभ स्वास्थ्य सेवा र सम्मान आदि प्रदान गर्ने कार्यहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ साथै जेष्ठ नागरिकको दिनचर्यालाई सक्रिय, स्वस्थ र आत्मनिर्भर बनाउन शारीरिक तथा मानसिक तन्दुरूस्ती अनुकूल व्यापार व्यवसायमा संलग्न गराउने, कृषि कर्ममा लगाउने, पारिवारिक संलग्नता (सँगै बस्ने, पकाउने, खाने, बालबच्चा हेर्ने) मा सक्रिय बनाउन सकिन्छ ।

## अपाङ्ग, असहाय, लोपोन्मुख, पिछडिएका र अल्पसङ्ख्यकलाई परिचालित गर्ने सन्दर्भमा

नीति निर्माता र कार्यान्वयन गर्ने संस्थाको लैङ्गिक सम्वेदनशील मानसिकता (जेण्डर सेन्सेटिभ माइन्ड सेट) लाई निरूत्साहित गरिनुपर्ने देखिन्छ । विभिन्न वर्ग, लिङ्ग, क्षेत्र, समुदाय र जातजातिबिच हुने व्यवहारगत विभेद हटाउने खालका कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने देखिन्छ । त्यसैगरी अपाङ्गता भएका व्यक्ति, असहाय, लोपोन्मुख, पिछडिएका र अल्पसङ्ख्यकलाई मूलधारमा ल्याउन रणनीतिक तबरले उनीहरूमा रहेको क्षमतालाई विवेकपूर्ण उपयोग गर्ने गरी परिचालन गर्नुपर्दछ ।

## गरिब, वैदेशिक रोजगारी सन्दर्भमा

देशमा रहेको घरपरिवार गरिबीलाई कम गर्न स्वदेश वा विदेशीमा रोजगारी दिलाउनेतर्फ ध्यान दिनुपर्दछ । सकेसम्म युवालाई विदेश पलायन हुनबाट रोक्न स्वदेशमै अवसरहरू उपलब्ध गराउन विभिन्न आयामसँग सम्बन्धित उद्यमहरू स्थापना गर्नुपर्दछ । कुनै पनि व्यक्तिलाई वैदेशिक रोजगारीमा जानबाट रोक्न मिल्दैन र सकिँदैन पनि । वैदेशिक रोजगारीसम्बन्धी समस्याहरूको पहिचान गरेर सुधार गर्नेतर्फ राज्यले ठोस पहल गर्नु जरुरी देखिन्छ । यसका लागि दक्ष कामदार उत्पादन रणनीति व्यवस्थित गरी, आजको विश्वव्यापीकरणको युगमा जबरजस्ती मुलुक छनोट गरिने कार्यलाई समाधान गर्ने गरी गन्तव्य मुलुकको विविधीकरण गर्दै वैदेशिक रोजगारी क्षेत्रलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउनका लागि नीतिगत तथा व्यवहारगत समाधान खोजिनुपर्ने देखिन्छ । वैदेशिक रोजगारमा रहेका मानवीय अनुहारको सामाजिक मूल्यको अध्ययन गर्नु जरुरी भएको छ । यस सन्दर्भमा हाल प्रमुख समस्याकारूपमा विकसित कोभिड महामारीका कारणले शिथिल अर्थतन्त्रलाई गतिहीन अवस्थामा जान रोक्दै खल्बलिएको अवस्थालाई पुनः वैज्ञानिक ढङ्गले उजिल्याउनका निमित्त नयाँ मार्ग (रोडम्याप) विकास गरी लागु गर्नुपर्दछ ।

## अनुगमन तथा मूल्याङ्कन र अनुसन्धानसम्बन्धी व्यवस्था

प्रमाणमा आधारित शासकीय व्यवस्थाविना दिगो विकास हासिल गर्न सकिँदैन । प्रभावकारी शासकीय व्यवस्थाले प्रगति अनुगमन गर्न र नेतृत्वलाई उनीहरूद्वारा सञ्चालित क्रियाकलाप र उपलब्धीहरूलाई जवाफदेही र उत्तरदायी बनाउनको लागि सदैव गुणस्तरीय तथ्याङ्कको माग गर्दछ । दिगो विकासमा सकारात्मक प्रभाव पार्न र नीति प्रक्रियालाई आकार दिन जनसाङ्ख्यिक, जनस्वास्थ्य, मानव अधिकार, आप्रवासी, आर्थिक वृद्धि, रोजगारी र जलवायु परिवर्तनसँग सम्बन्धित उपयुक्त र वास्तविक अन्तरसम्बन्ध पहिचानार्थ तथ्याङ्कमा लगानी गर्दा हरेक असम्भवलाई सम्भव बनाउँदछ ।

जनसङ्ख्या व्यवस्थापन सम्बोधन गर्ने निकायहरूले आआफ्ना कार्यक्रमको अनुगमन, मूल्याङ्कन र सार्वजनिकीकरण गर्न आवश्यक पर्ने सूचना, तथ्याङ्क र प्रमाण सङ्कलन गर्नुपर्दछ । यिनै सूचनामा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्ने दिशामा अझै पनि हामी चुकिरहेका छौं । योजना, कार्यक्रम र क्रियाकलापहरूको तर्जुमा, कार्यान्वयन र अनुगमन मापन गर्न आवश्यक आधारभूत कुरा भनेकै जनसङ्ख्यासम्बन्धी सूचना भएकाले विवेकपूर्ण प्रयोगका लागि सही र भरपर्दो सूचना तयार गर्ने दिशामा हाम्रा गतिविधिहरू चलायमान हुनुपर्दछ । अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरणका सूचकहरूलाई समेत समावेश गरिनुपर्दछ । जनसङ्ख्या व्यवस्थापनका लागि भोलिका कर्णधार बालबालिका र किशोरकिशोरी, उर्जाशील सक्रिय युवा र महिलासम्बन्धी विधामा व्यापक अध्ययन अनुसन्धानको आवश्यकता रहेको छ । जनसङ्ख्यासम्बन्धी अध्ययन र अनुसन्धानलाई संस्थागत गर्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र केन्द्रीय तथ्याङ्क विभागले नेतृत्वदायी भूमिका निर्वाह गर्दै खोजमूलक तथा नतिजामूलक परिणामप्राप्त गर्ने गरी लगानी गर्नुपर्दछ ।

## उपसंहार

नेपालमा बढ्दो जनसङ्ख्याका कारण सामाजिक र वातावरणीय द्वन्द्वमा बढोत्तरी भएको छ । घनाजनसङ्ख्या अवस्थित ग्रामीण र शहरी क्षेत्रमा बढेको अपराध र हिंसा नियन्त्रणमा कठिनाई, रोजगारीका लागि युवाको विदेश पलायन, साइबर अपराध आदिले पनि जनसाङ्ख्यिक असन्तुलन ल्याएको छ । नेपालमा वर्षेनी नयाँ खालका चुनौतीहरू देखा परेका छन् । आन्तरिक बसाइँसराइ र अन्तरदेशीय बसाइँसराइले नेपालको जनसङ्ख्या बनोटमा अस्थिर बनेको, जन्मदर क्रमशः घट्दो छ र मृत्युदर पनि उस्तै घटेको, पचास प्रतिशतभन्दा बढी जनसङ्ख्या तराईमा देखिनु र तीसलाखभन्दा

बढी नेपाली नागरिक विदेशमा रहेको देखिनु गम्भीर विषय हो भन्ने कुरा मनन गर्नुपर्दछ । परिणामतः नेपालमा उच्च शहरीकरण र अव्यवस्थित बसाइँसराइका कारण जनसङ्ख्या व्यवस्थापनमा जटिलता थपिएका छन् । जनसङ्ख्या व्यवस्थापनका विषय तीनै तहका सरकारसँग अन्तरसम्बन्धित रहेकाले यी मुद्दाहरूलाई कुशल र बुद्धिमत्तापूर्वक सम्बोधन गर्न नसकेमा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक सबै क्षेत्रमा गम्भीर असर पर्नसक्ने देखिन्छ । मुलुकले जनसङ्ख्या, प्राकृतिक स्रोतसाधन र आर्थिक गतिविधिबिच सन्तुलन कायम गर्नसक्ने गरी शहरीकरण र बसाइँसराइलाई व्यवस्थित गर्ने उपाएको खोजी गर्दै जनसङ्ख्याको व्यवस्थापनमा बुद्धिमत्तापूर्ण हिसाबले क्षमता व्यवस्थापनमा अभिबृद्धि गरी उपलब्ध वित्तीय स्रोतसाधनको विवेकपूर्ण परिचालन गर्ने रणनीतिक सोच अख्तियार गर्न जरूरी छ । तसर्थ, एकीकृत जनसङ्ख्यासम्बन्धी छाता नीति लागु गरी स्थलगत क्षेत्रीय विकास र जनसङ्ख्याबिच क्षेत्रीय सन्तुलन खोजी गर्दै जनसङ्ख्या र वातावरणबिचको सन्तुलन कायम राखिनु पर्दछ । जनसङ्ख्या व्यवस्थापन स्रोतसाधनको परिचालनदेखि क्षमता विकास, अनि उत्तरदायित्वदेखि जिम्मेवारीसम्म सबै सरोकारवालाहरूले उपयुक्तरूपले बहन गरी अर्थतन्त्र र समाजमा पार्ने प्रभावलाई सूक्ष्मढङ्गले केलाउन नसके परिणाम अरु प्रतिकूल बन्नसक्छ ।

## सन्दर्भ सामग्री


- कानुन किताव व्यवस्था समिति, नेपालको संविधान (२०७२), बबरमहल, काठमाडौं ।
- पन्ध्रौं योजना २०७६/७७-२०८०/८१, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार ।
- निजामती सेवा पत्रिका, वर्ष ४१/अङ्क २, लोक सेवा आयोग, २०७८
- जेष्ठ नागरिकसम्बन्धी स्रोत पुस्तिका, २०६९
- तिमल्सेना, कपिलप्रसाद (२०७७), जनसङ्ख्या नीति तयारीका क्रममा महिला समूहसँग छलफल कार्यक्रममा प्रस्तुतीकरण कार्यपत्र
- निरौला, ढुण्डीराज (२०७६) राज्य कौशलका आधारभूत पक्षहरू, सोपान मासिक
- रानामगर, उदय (२०७७), सार्वजनिक व्यवस्थापन, सार्वजनिक प्रशासन, विकास प्रशासन र नेपालको अर्थतन्त्र, पैरबी प्रकाशन
- Adhikary Prasad, Govinda (2020), Evolution of Population Policy in Nepal
- Ministry of Health and Population, Population and Development Issues in Nepal, 2012
- UNFPA, Population Situation Analysis of Nepal (With Respect to Sustainable Development), 2017
- UNDP NEPAL: Youth Strategy 2018-2022, UNDP, 2017
- https://nepal.unfpa.org/en/publications/%E0%A4%B5%E0%A4%BF%E0%A4%AD%E0%A4
- https://www.bbc.com/nepali/news-56029840
- https://ekantipur.com/ampnews/2014-06-10/390560.html?is_ifooter=1
- https://www.nijamatikhabar.com/archives/1609

# देवतुल्य ज्येष्ठ नागरिक : ज्यूँदा इतिहास, मुलुकका निधि



➲ कृष्णहरि बास्कोटा

## पहिलो खण्ड : नेपालको पृष्ठभूमि

मात्रृ देवो भवः पितृ देवो भवः अर्थात् माता पिता देवतुल्य हुन् । ज्येष्ठ नागरिकले विगतमा गरेको योगदानलाई स्मरण गर्दा आज हामी जहाँ छौं त्यसको श्रेय उहाँहरूलाई नै जान्छ । बाउन्न ठक्कर त्रिपन्न घुस्सा खाएका यी परिपक्व ज्येष्ठ नागरिकको अनुभवलाई वर्तमान पुस्तालाई हस्तान्तरण गर्नुपर्छ । आगो ताप्नु मुडाको कुरा सुन्नु बुढाबुढीको भनेझैं मुलुकको सम्वृद्धिमा ज्येष्ठ नागरिकलाई साथमा लिएर अघि बढ्नु समयको माग हो ।

नेपालमा ज्येष्ठ नागरिकहरू सामाजिक, आर्थिक र स्वास्थ्य सुरक्षालगायत राज्यबाट प्राप्त हुनुपर्ने सेवा सुविधाबाट बञ्चित छन् । उनीहरू अन्य समूहको तुलनामा पीडित, कुण्ठित र दयनीय अवस्थामा गुज्रिएका छन् । ज्येष्ठ नागरिकको रेखदेख र सहयोग गर्ने व्यक्तिहरूको अभाव घरभित्रै पनि खड्कँदो छ भने भएकाहरूमा पनि वृद्धावस्था व्यवस्थापनको सीप एवं अनुभवको अभाव छ ।

गाउँबाट शहर, शहरबाट विदेशमा हुँदै वसाइँसराइ र बढ्दो वैदेशिक रोजगारीका कारण ज्येष्ठ नागरिकको हेरचाह र पालनपोषणमा चुनौती थपिँदै गएको छ यसर्थ नेपाल सरकारले ज्येष्ठ नागरिकको सुरक्षामा तत्कालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तथा कार्यक्रम तय गर्नुपर्छ ।

ज्येष्ठ नागरिकको वहुमूल्य ज्ञान, सीप र अनुभवलाई समग्र समाज र राष्ट्रको हितमा परिचालन गर्नुपर्छ । आम सचेतीकरण, सम्वाद र सहकार्यमार्फत् अन्तरपुस्ताबिचको दूरी कम गरी ज्येष्ठ नागरिकलाई आफ्नो परिवारमा खुसीपूर्वक बस्ने वातावरण सिर्जना गर्नुपर्छ । ज्येष्ठ नागरिक संरक्षणसम्बन्धी समाजमा जनचेतना अभिवृद्धि गर्नुपर्छ । ज्येष्ठ नागरिक स्याहारकर्तालाई तालिम सञ्चालन गर्नुपर्छ । ज्येष्ठ नागरिकहरू स्वंयलाई पनि आर्थिक सुरक्षाका साथै आत्मनिर्भरताको लागि क्षमताअनुसार आयमूलक एवं सीपयुक्त तालिम दिनुपर्छ । ज्येष्ठ नागरिक मुलुकमा भार होइनन् । यी मुलुकका अमुल्यनिधि हुन भनी बुझ्न ढिला गर्नुहुँदैन ।

### ज्येष्ठ नागरिकसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था

नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको हक लेखिएको छ । जसअनुसार ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ । यसैगरी मुलुकमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ जारी भएको छ । यस ऐनमा वर्तमान संविधानअनुसारका समसामयिक संशोधनको प्रयास भैरहेको छ । जस्को विधेयक संसदमा विचाराधिन अवस्थामा छ ।

यस ऐनको प्रस्तावनामा ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्ने र निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने कुरा लेखिएको छ । यसको अक्षरशः कार्यान्वयन गरिनु पर्छ । यस ऐनको दफा ३ मा ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने कुरा लेखिएको छ भने दफा ४ मा ज्येष्ठ नागरिकको पालनपोषण तथा

---

➲ बास्कोटा राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका कार्यकारी सदस्य, नेपाल सरकारका पूर्व प्रमुख सूचना आयुक्त एवं पूर्व सचिव हुनुहुन्छ)

हेरचाह गर्नुपर्ने कुरा उल्लेखित छ । ऐनको दफा ५ मा ज्येष्ठ नागरिकलाई मर्का परेमा उजुरी दिनसक्ने व्यवस्था छ भने दफा ६ मा आफूखुश गर्न पाउने कानुनी व्यवस्था छ । यसैगरी ऐनको दफा १७ मा ज्येष्ठ नागरिक कल्याणकोष खडा गरिने प्रतिवद्धता उल्लेख गरिएको छ भने दफा २५ मा ज्येष्ठ नागरिकलाई परिचयपत्र उपलब्ध गराउने प्रावधान छ । कानुनका यिनै प्रावधान मात्रैको पूर्णकार्यान्वयन हुनसके पनि ज्येष्ठ नागरिकको कष्टकर जीवन सहजतातर्फ रूपान्तरित हुनेथियो ।

हाम्रो मुलुकमा ज्येष्ठ नागरिकसम्बन्धी नियमावली २०६५ पनि जारी भई कार्यान्वयनमा रहेको छ । यस नियमावलीको नियम ८ ज्येष्ठ नागरिकको अभिलेख तयार गर्नुपर्ने प्रावधान छ भने नियम १२ मा वृद्धाश्रमलगायतको न्यूनतम् पूर्वाधार तथा सुविधाको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ । जसअनुसार नेपालमा वृद्धाश्रम वा ज्येष्ठ नागरिक दिवासेवा केन्द्र सञ्चालन गर्दा कम्तीमा दुईरोपनी क्षेत्रफलमा आवश्यकताअनुसार ज्येष्ठ नागरिक मैत्रीभवन र फर्निचरको व्यवस्था गर्नुपर्छ साथै वृद्धाश्रम र दिवासेवा केन्द्रमा शौचालय, स्नानगृह, भान्छा र भण्डारकक्ष, भोजनकक्ष, अध्ययनकक्ष र टि.भी.कक्ष, प्राथमिक उपचारकक्ष, प्रतीक्षालय र पुस्तकालयको व्यवस्था हुनुपर्छ । यस अतिरिक्त स्वच्छ पिउने पानीको व्यवस्था हुनुका साथै भवनका कोठाहरूमा हावा र प्रकाशको पहुँचका लागि पर्याप्त झ्यालहरू भएको हुनुपर्छ । यसर्थ कानुनले निर्धारण गरेका न्यूनतम् मापदण्ड पूरा भएनभएको एकीन गर्न निरीक्षण र अनुगमनको कामलाई चुस्त र दुरूस्त गर्न जरूरी छ ।

### *नेपालमा ज्येष्ठ नागरिक*

- *नेपालको संबिधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनी स्पष्ट पारेको छ ।*
- *ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्ने र निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने कुरा प्रस्तावनामा लेखिएको छ ।*
- *ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५मा अभिलेख तयार गर्नुपर्ने ,बृद्धाश्रम लगायतको न्यूनतम् पूर्वाधार तथा सुविधाको व्यवस्था गर्नु पर्ने प्राबधान पनि रहेको छ*
- *पन्ध्रौं पंचवर्षिय योजनामा ज्येष्ठ नागरिकको लागि सुरक्षित, समावेशी, पहुचयोग्य, हरित तथा सार्बजनिक खुल्ला ठांउमा पहूच सर्बसुलभ तुल्याउने प्रतिबद्धता व्यक्त गरिएको छ । जीवन सहज, सुरक्षित र सम्मानीत हुनुपर्ने सरकारको मान्यता रहेका भनी उल्लेख छ ।*
- *ज्येष्ठ नागरिकको पक्षमा उजागर भएका बहसका मुद्धाहरू : बृद्धाश्रम र दिवा सेवा केन्द्रको प्रबन्ध, सार्वजनिक यातायातमा छुट सुबिधा, शिक्षा र बौद्धिक विकास, स्वास्थ्य सेवा, घर, जग्गा, अपार्टमेण्ट खरिदमा सुबिधा, बैक बाट ऋण, मासिक भत्तामा सुधार, अधिकारमा आधारित भत्ता, सामाजिक रूपान्तरणको खांचो, ज्येष्ठ नागरिकको क्षमताको उपयोग, बुद्यौली रोगको निशुल्क उपचार, सुबिधासम्पन्न एवं नमूना मिलन केन्द, ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना ।*

**पन्ध्रौं पञ्चवर्षीय योजना**

नेपाल सरकारले जारी गरेको मुलुकको पन्ध्रौं पञ्चवर्षीय योजनामा ज्येष्ठ नागरिकको लागि सुरक्षित, समावेशी, पहुचयोग्य, हरित तथा सार्वजनिक खुल्ला ठाउँमा पहुँच सर्वसुलभ तुल्याउने प्रतिवद्धता व्यक्त गरिएको छ । यसैगरी सरकारले जेष्ठ नागरिकको संरक्षण, स्याहारसुसार र सुरक्षा गर्न वृद्धाश्रम, दिवासेवा केन्द्र, यातायातमा सुविधा, औषधोपचार तथा सामाजिक सुरक्षाभत्ता दिइआएको कुरा योजनामा लेखिएको छ । जेष्ठ नागरिकको जीवन सहज, सुरक्षित र सम्मानीत हुनुपर्ने सरकारको मान्यता छ ।

सरकार स्वयंले ज्येष्ठ नागरिकलाई दिइएका सुविधा र सुरक्षा पर्याप्त छैनन् । उनीहरूका ज्ञान र सीप हस्तान्तरण गर्न सकिएको छैन । असक्तको सेवा गर्न सकिएको छैन । त्यस्तै विभिन्न रोगको उपचार गर्न सकिएको छैन भनी समस्याको पहिचान गरिएको छ । यसर्थ समस्याको गहिराइमा पुगी निदानको उपायमा जानुपर्छ । यस पन्ध्रौं पञ्चवर्षीय योजनामा पारिवारिक र सामाजिक माध्यमबाट जेष्ठ नागरिकलाई सम्मान गर्ने र जोखिममा रहेकालाई सहायता गर्ने भनिएको छ । जेष्ठ नागरिकको अनुभव युवापुस्तामा हस्तान्तरण गर्ने सरकारी प्रस्ताव छ । यी सबै सरकारी प्रतिवद्धता पूरागर्न जिम्मेवार निकायहरू मन, वचन र कर्मले व्यवहारमा खरो उत्रिनुपर्छ । यो बहुक्षेत्रीय विषय भएकाले सबै मन्त्रालय र निकायहरूले ज्येष्ठ नागरिकको पक्षमा आआफ्नो स्थानबाट आवश्यक पहल गर्न पछि पर्नुहुँदैन ।

**बजेट वक्तव्य**

आगामी आ.व.२०७८।७९ को लागि २०७८ जेठ १५ गते बजेट जारी हुँदा ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाभत्ता वृद्धि भएको छ तर सरकारले मासिक पाँचहजार भत्ता पु¥याउने प्रतिवद्धता जनाएकामा यो रकम चारहजार मात्र पुगेको छ । यसैगरी आगामी वर्षको बजेट वक्तव्यमा एकसय शैयाभन्दा ठुला स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकका लागि अलग वार्ड स्थापना गरी उपचार गरिने प्रतिवद्धता पनि व्यक्त गरिएको छ साथै ज्येष्ठ नागरिकका लागि मिलन केन्द्र, दिवासेवा केन्द्र र आरोग्य आश्रम सञ्चालन गरिने कुरा बताइएको छ ।

यस अतिरिक्त काठमाडौंको गोठाटारमा अस्पतालको सुविधासहित पाँचसय क्षमताको ज्येष्ठ नागरिक आवास निर्माण गरिने कुरा बजेट वक्तव्यमा परेको छ । बजेट वक्तव्यमा ज्येष्ठ नागरिकका लागि निशुल्क औषधोपचार र संरक्षणको प्रतिवद्धताका साथै अल्जाइमर्सलगायत बुढ्यौलीका रोगबाट प्रभावित ज्येष्ठ नागरिकको पनि निशुल्क औषधोपचारको व्यवस्था हुने कुरा व्यक्त भएको छ । यी बजेट वक्तव्यका बुँदाहरू कर्णप्रिय छन् । जसको हुबहु कार्यान्वयन हुनुपर्छ भन्ने आम ज्येष्ठ नागरिकहरूको विचार रहेको छ ।

## दोस्रो खण्ड : विश्व परिवेश

स्वास्थ्य सेवा र खानपिनमा आएको सुधारले विश्वमा ज्येष्ठ नागरिकहरूको जनसङ्ख्या द्रुतगतिमा वृद्धि हुँदैछ । विश्वमा वर्तमानमा ६० वर्ष माथिको जनसङ्ख्या १३ प्रतिशत छ भने नेपालमा ८.२६ प्रतिशत जनसङ्ख्या रहेको २०६८ सालको जनगणनाले देखाएको छ ।

जेष्ठ नागरिकको विश्व जनसङ्ख्या वार्षिक ३% ले बढिरहेको र सन् २०५० सम्ममा करिब २१% हुने अनुमान छ । सन् २०५० मा ज्येष्ठ नागरिकको कुल सङ्ख्या १० वर्ष मुनिका कुल बालबालिकाभन्दा बढी हुनेछ । एक प्रक्षेपणकाअनुसार आगामी सन् २०२५ मा इटली र जापानको कुल जनसङ्ख्याको ३४ प्रतिशत जनसङ्ख्या ज्येष्ठ नागरिकको हुनेछ । यसैगरी सन् २०२५ मा जर्मनीको ३२.२ प्रतिशत, स्पेनको ३१.४ प्रतिशत, बेलायतको २९.४ प्रतिशत, फ्रान्सको २८.७ प्रतिशत, चिनको २८.६ प्रतिशत, भारतको १३.१ प्रतिशत र नेपालको १२ प्रतिशत हुनेछ । नेपाली समाज सन् २०३० देखि एजिंग सोसाइटीमा प्रवेश गर्नेछ भने सन् २०५६ देखि एज्ड सोसाइटीमा प्रवेश गर्ने अनुमान रहेको छ ।

**अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस (१ अक्टोवर)**

संयुक्त राष्ट्रसङ्घ (UN) ले १९९० डिसेम्वर १४ मा अक्टुवर १ लाई International Day of Older Persons (अन्र्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस) को रूपमा मनाउने प्रस्ताव पारित गरेको थियो । तत्पश्चात् सन् १९९१ को १ अक्टुवरमा सर्वप्रथम यो दिवस सदस्य राष्ट्रहरूले मनाइ आरम्भ गरेको हो । नेपालमा पनि प्रौढकल्याण सङ्घ नेपाल नामक संस्थाले सन् १९९६ मा औपचारिकरूपमा दिवस

मनाउन सुरूवात गऱ्यो । यस कार्यलाई राष्ट्रिय ज्येष्ठ नागरिक संस्था सञ्जाल नेपाल (हालको महासङ्घले) निरन्तरता दिँदै आइरहेको सन्दर्भमा सन् २००७ देखि नेपाल सरकार, हालको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पनि महासङ्घसंगको सहकार्यमा नियमितरूपमा यो दिवस मनाउँदै आएको छ ।

यो दिवसको सन्र्दभमा मुख्यतः ज्येष्ठ नागरिकको मानव अधिकार, आर्थिक, सामाजिक, स्वास्थ्यसुरक्षा सुनिश्चितका लागि राज्यका विभिन्न निकायलगायत अन्य सरोकारवाला निकायहरूसंग वहसपैरवी गर्दै समग्र ज्येष्ठ नागरिकको हकअधिकार संरक्षण र सम्वर्द्धनको पक्षमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू आयोजना गर्रिदै आएको छ । सन् २०२० अक्टुवर १ को अवसरमा संयुक्त राष्ट्रसङ्घले विश्वव्यापी महामारीलाई नै लक्षित गरी "Pandamics: Do they change who we address age and ageing?" नेपालीमा "महामारीमा : वुढ्यौली र उमेरको कारण ज्येष्ठ नागरिकलाई गरिने हाम्रो सम्बोधनमा परिवर्तन ल्याउछ" ? भन्ने रहेको छ । यस वर्षको दिवसमा राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घले सातैवटा प्रदेशमा मुख्यमन्त्रीसहितको प्रदेशस्तरीय र प्रधानमन्त्रीसंग राष्ट्रियस्तरमा कार्यक्रमको आयोजना गरेको थियो र यसै पङ्त्तिकारबाट कार्यपत्र प्रस्तुती भएको थियो ।

### विश्व अल्जाइमर चेतना दिवस (२१ सेप्टेम्बर)

प्रत्येक वर्षको सेप्टेम्वर २१ लाई विश्व अल्जाइमर चेतना दिवसकारूपमा मनाइन्छ । यसको थालनी सन् १९९४ मा स्कटल्याडको एडिनवरा शहरबाट भएको थियो । Alzheimer Disease International द्वारा सञ्चालित यस दिवसको दिन संसारभरिका अल्जाइमरसम्बन्धी काम गर्ने सङ्घसंस्थाहरूले अल्जाइमर तथा डिमेन्सियाबारे जनचेतना जगाउने कार्यक्रमहरू आयोजना गर्दछन् । यो रोगको बारेमा एल्वाइ अल्जाइमरले सन् १९०६ मा एक पत्रिकाको लेखमार्फत् जानकारी गराएका हुन् । जसको कारण यस विस्मृति-रोगलाई उनकै नाममा "अल्जाइमर रोग" भन्न थालिएको हो । एल्वाई अल्जाइमर जर्मनी नागरिक हुन् । उनी एक न्युरोपेथोलजिष्ट थिए ।

यसै सिलसिलामा नेपालमा पनि यस विषयमा सन् २००८ बाट अर्थात् विगत १३ वर्षदेखि (तत्कालिन राष्ट्रिय ज्येष्ठ नागरिक संस्था सञ्जाल) राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घ तथा नेपाल सरकारले सयुक्तरूपमा यस दिवसलाई मनाउँदै आएको छ । यसमा सन् २०१२ देखि अलजाइमर विस्मृति समाज–नेपालसमेतको संयुक्त आयोजनामा दिवस मनाइँदै आइएको छ । यसैअनुरूप सन् २०२० मा २७ औं विश्व अल्जाइमर चेतना दिवस मनाइयो । यस वर्षको नारा "Let's talk about dementia" अर्थात् "डिमेन्सिया रोगबारे चर्चा गरौं" भन्ने रहेको छ साथै सेप्टेम्वर महिनालाई अल्जाइमर मन्थ पनि भनिन्छ ।

### ज्येष्ठ नागरिकप्रति गरिने दुर्व्यवहार विरूद्ध विश्व चेतना दिवस (१५ जुन)

विश्वका अन्य मुलुकमा जस्तै हाम्रा घर-परिवार, छर-छिमेक र समाजमा पनि ज्येष्ठ नागरिक माथि दुर्व्यवहार हुने गरेको छ । आपसी विश्वास र निर्भरताको सीमाभित्र रहेर गरिने कुनै पनि त्यस्तो कामको सिलसिलामा वा ज्येष्ठ नागरिकले प्राप्त गर्नुपर्ने सम्मानित व्यवहारका अभावका कारणले विभिन्न माध्यमबाट ज्येष्ठ नागरिकहरूलाई शारीरिक, आर्थिक र मनोवैज्ञानिकरूपमा क्षति पुऱ्याउँदछ भने त्यसलाई ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहार भनिन्छ । विश्वमा ज्येष्ठ नागरिकहरूको सङ्ख्यामा आएको उच्च वृद्धिदरसंगै उनीहरू माथि विभिन्न प्रकारका दुर्व्यवहारहरूमा पनि द्रुतगतिमा वृद्धि भइरहेको छ ।

हाम्रो देश नेपालको सन्दर्भमा घर, परिवार, समाजदेखि सार्वजनिक सेवाप्रदायक निकायहरूबाट दुर्व्यवहारका विभिन्न घटनाहरू घटिरहेका छन् । खासगरी घर, परिवारबाट हुने दुर्व्यवहार पीडितपक्षले आफ्नो र आफ्नै परिवारको समाजमा बेइज्जत हुने डरका कारणले त्यस्तो घटना बाहिर आउन

दिँदैनन् र सम्बन्धित पक्षलाई सूचना दिन मान्दैनन् । साथै विभिन्न सार्वजनिक सेवाप्रदायक निकायबाट हुने अधिकांश दुर्व्यवहारलाई पनि आफ्नै इज्जत र प्रतिष्ठाका कारणले चुप लागेर ज्येष्ठ नागरिकहरू बस्दछन् ।

उपर्युक्त तथ्यलाई दृष्टिगत गरी International Network for Prevention of Elder Abuse (INPEA) नामक अन्तर्राष्ट्रियस्तरमा दुर्व्यवहारसम्बन्धी कार्य गर्ने संस्थाले सन् २००६ देखि प्रत्येक वर्षको जुन १५ तारिखलाई "ज्येष्ठ नागरिक दुर्व्यवहार विरूद्ध विश्व चेतना दिवस"कारूपमा मनाई ज्येष्ठ नागरिकप्रति हुने दुर्व्यवहारको विषयमा खोज र अनुसन्धान गर्ने कार्यको सुरूवात गर्नथाल्यो । दुर्व्यवहारसम्बन्धी प्रचारप्रसार गर्ने क्रममा संयुक्त राष्ट्र सङ्घमासमेत घच्घच्याउन थाल्यो र संयुक्त राष्ट्र सङ्घले पनि सन् २०११ को निर्णयअनुसार २०१२ देखि यो दिवसलाई औपचारिकरूपमा मनाउन थालेको छ । तत्पश्चात् संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्रहरूले यो दिवस विश्वभर मनाउने गरेका छन् । नेपालमा पनि यो दिवस २००७ देखि राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घले विभिन्न जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरी मनाउँदै आइरहेकोमा सन् २०१२ देखि हालको नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसंग संयुक्तरूपमा विभिन्न चेतनामूलक कार्यक्रमहरू आयोजना गरी मनाउँदै आइरहेको छ । यस वर्षको नारा "Lifting Up Voices" अर्थात् "ज्येष्ठ नागरिक दुर्व्यवहार विरूद्धको आवाज बुलन्द गरौं" भन्ने रहेको छ ।

### मानव अधिकार घोषणापत्र

सन् १९४८ मा जारी भएको विश्वव्यापी मानव अधिकार घोषणापत्रमा मुख्य ५ वटा मान्यता रहेका छन् । जसअनुसार स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादा हो । यी ज्येष्ठ नागरिकले उपभोग गर्न पाउनुपर्छ ।

### कोभिड सङ्क्रमणमा ज्येष्ठ नागरिकलाई विश्वव्यापी राहत

कोभिडको सङ्क्रमणमा विभिन्न मुलुकले ज्येष्ठ नागरिकलाई केन्द्रित गरी राहत वितरण गरेका छन् । संयुक्तराज्य अमेरिकाले आफ्ना नागरिकलाई प्रतिव्यक्ति १२ सय अमेरिकी डलर उपलब्ध गराएको छ भने जापान सरकारले प्रतिव्यक्ति १ लाख येन उपलब्ध गराएको छ । ज्येष्ठ नागरिकलाई नगद अनुदान दिने राष्ट्रहरू भने थुप्रै छन् ।

छिमेकी मुलुक भारतमा भारू १ हजार नगद अनुदान दिइएको छ भने अर्जेटिनामा करिव ४७ अमेरिकी डलर, अष्ट्रेलियामा ७५० डलर, कोलम्बियामा २४० डलर, सिंगापुरमा ६८.५ डलर, ट्युनिसियामा ६८ डलर, टर्कीमा २३० डलर र युक्रेनमा ३५ डलर एकमुष्ठ नगद अनुदान दिइएको छ । यस्तो नगद अनुदान दिने मुलुकमा हङकङ, ग्वाटेमाला, केन्या, बोलिभिया, इरान, ताइवानलगायत छन् । मोनटेंगोले ५० युरो नगद अनुदान प्रदान गरेको छ ।

कोरोनाले फैलाएको त्रासका कारण आफ्ना मुलुकका ज्येष्ठ नागरिकमा प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न कैयौं मुलुकले मासिक सामाजिक सुरक्षाभत्ता र पेन्सन रकम एडभान्समा दिने कार्य आरम्भ गरेका छन् । यसमा कोष्टारिका, मेक्सिको, पेरू, दक्षिण अफ्रिकालगायतका मुलुक पर्दछन् । यसै संकटको घडीमा ज्येष्ठ नागरिकको मासिक भत्ता बढाउने मुलुकमा ब्राजिल, उज्वेकिस्तानलगायत पर्छन् । भत्ता दिने कार्यलाई खुकुलो तुल्याउनेमा बेलायत, इटालीलगायत छन् । कोलम्बिया, इन्डोनेसियालगायतले भविष्यमा लागु हुनेगरी यसै समयमा भत्ता वृद्धिको घोषणा गरेका छन् । अर्जेटिना, अर्मेनिया, टर्कीलगायतले अतिरिक्त सुविधाको घोषणा गरेका छन् । छिमेकी मुलुक चीनले बेग्लै ढङ्गले ज्येष्ठ नागरिकलाई राहत प्रदान गरेको छ ।

पोल्याण्ड र साउथ कोरियाले वालबच्चालाई सुविधा बढाएका छन् भने स्पेन, एलसाल्भाडोर र बोलिभियाले क्रमशः घरविहीनलाई सुविधा, धाराबत्तीको शुल्क छुट र ज्येष्ठ नागरिकले लिएको ऋण

माफीको घोषणा गरेका छन् । आयरल्याण्ड, पोर्चुगल, न्युजिल्याण्डले स्वरोजगारमा संलग्न रहेकालाई र स्वीट्जरल्याण्डले बेरोजगारलाई सघाएका छन् । न्युजिल्याण्डमा कार्यसमय कटौती गरिएको छ भने स्वीडेनमा घोषित सुविधा पाउने सरल व्यवस्था लागु गरिएको छ । अर्मेनियाले २ महिनालाई पुग्ने खाद्य सामाग्री उपलब्ध गराएको छ भने रसियाले ज्येष्ठ नागरिकलाई औषधि र खाद्यान्न राहतमा उपलब्ध गराएको छ । ट्रिनिडी एण्ड टोवागोले ज्येष्ठ नागरिकलाई बिमाको माध्यमबाट राहत उपलब्ध गराएकोजस्ता दृष्टान्त विश्वमा थुप्रै छन् ।

## तेस्रो खण्ड : ज्येष्ठ नागरिकसम्बन्धी मुद्दा

विश्वमै ज्येष्ठ नागरिकको जनसङ्ख्या वृद्धिसंगै उनीहरूसंग सम्बन्धित मुद्दाहरू पनि सतहमा आएका छन् । आफ्नो उत्पादनशील जीवन मुलुक र जनतालाई समर्पण गरी उमेरले पाको भएका मानिसहरूले सामाजिक सुरक्षाभत्ता पाउनु उनीहरूको अधिकार हो भन्ने तथ्य प्रमाणित भैसकेको छ । नेपालमा पनि संविधानको मौलिक हकको प्रबन्धका साथै यससम्बन्धी कानुन नै जारी भएपछि यस विषयले उच्चमहत्त्व पाउनु स्वभाविकै हो । हाल नेपालभित्र ज्येष्ठ नागरिकको पक्षमा उजागर भएका बहसका मुद्धाहरू तल प्रस्तुत गरिएको छ ।

### वृद्धाश्रम र दिवासेवा केन्द्रको प्रबन्ध

हाल नेपालमा ११५ वटा वृद्धाश्रम र ९४ वटा दिवासेवा केन्द्र सञ्चालनमा रहेका छन् । यी वृद्धाश्रम तथा दिवासेवा केन्द्रहरूको नियमित निरीक्षण, सुपरिवेक्षण अनुगमन गर्नुपर्छ । ती कानुनले तोकेको मापदण्डअनुसार सञ्चालन हुनुपर्छ । सातै प्रदेश र ७५३ पालिकाले वृद्धाश्रम निर्माण गरी निशुल्क सञ्चालन गर्नुपर्छ । जेष्ठ नागरिक मिलन केन्द्र, जेष्ठ नागरिक चौतारो वा जेष्ठ नागरिक आरोग्य आश्रम तयार गरी निःशुल्करूपमा सञ्चालनमा ल्याउनुपर्छ ।

ज्येष्ठ नागरिकलाई मनोरञ्जन एवं शारीरिक योगा तथा व्यायाम गर्नका लागि ज्येष्ठ नागरिक वाटिका/पार्कको स्थापना गर्नुपर्छ । कम्तीमा हाललाई केन्द्र र प्रदेशस्तरमा नयाँ प्रविधियुक्त भौतिक सुविधासम्पन्न ज्येष्ठ नागरिक दिवासेवा केन्द्रको स्थापना गर्नुपर्छ किनभने ज्येष्ठ नागरिकहरूका दिनचर्यामा सहजता ल्याउन सकियोस् ।

विभिन्न वर्षका बजेटमा सातै प्रदेशमा जेष्ठ नागरिक ग्राम बनाउने, आरोग्य आश्रम बनाउने, सार्वजनिक निजी साझेदारीमा जेष्ठ नागरिक ग्राम बनाउने भने पनि सो काम हुन सकिरहेको छैन । यस कार्यका लागि पहल हुनुपर्छ । पटकपटकको बजेटवक्तव्यको प्रतिवद्धताअनुरूप सबै जिल्लामा जेष्ठ नागरिकको स्वास्थ्यसेवा र बासस्थानसहितको एकीकृत आरोग्यआश्रम अभियानकैरूपमा खोल्नुपर्छ । निजीक्षेत्रको सोसल कर्पोरेट रेस्पोन्साविलिटीमा यस क्षेत्रमा पनि लगानी गर्ने गरी सहजीकरण गर्नुपर्छ ।

### सार्वजनिक यातायातमा छुट सुविधा

बस, मिनीबस, टेम्पो, ट्याक्सी, हवाइजहाजलगायत सबै सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकलाई कम्तीमा ५० प्रतिशत छुट दिने र सिट छुट्याउने व्यवस्था गर्नुपर्छ । हाल सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई छुट र सुविधा दिनेसम्बन्धी कार्याविधि २०७० जारी भई बसमा २ सिट छुट्याउने र ५० प्रतिशत भाडामा छुट दिने व्यवस्था छ । यसका लागि पेन्सनपट्टा, मतदाता परिचयपत्र वा जुनसुकै परिचयपत्र देखाए पनि सुविधा पाउने प्रबन्ध गर्नुपर्छ ।

सबै हवाइजहाजमा ज्येष्ठ नागरिकले छुट सुविधा पाउने प्रबन्ध गर्नुपर्छ । यस्तो छुट सुविधा पनि कम्तीमा ५० प्रतिशत हुनुपर्छ । यस्तो छुट सुविधा रेल र जलमार्गको सेवामा पनि प्रदान गर्नुपर्छ । सामान्यतः जेष्ठ नागरिक सवार मोटरको ट्राफिक प्रहरीबाट चेकजाच नगर्ने प्रबन्ध हुनुपर्छ । यस अतिरिक्त जेष्ठ नागरिकले आफ्नो प्रयोजनका लागि मोटर किन्दा राजश्वमा आधा छुट दिनुपर्छ र

पछि निजको नामबाट अर्काको नाममा नामसारी गर्दा भने छुट दिइरहनु पर्दैन । हाल यो सुविधा विदेशी कुटनीतिज्ञहरूलाई प्रदान गरिएको छ ।

### शिक्षा र बौद्धिक विकास

जेष्ठ नागरिकहरूले पनि विहानवेलुका करिव २।२ घण्टा लेखपढ गर्ने प्रबन्ध गर्नुपर्छ । यसका लागि पुस्तकालय, वाचनालय वा ज्येष्ठ नागरिकमैत्री साइवर क्याफे खुल्नुपर्छ । यदि कुनै ज्येष्ठ नागरिकले पिएच्डी वा एम्फिल गर्छु भनेमा छात्रवृत्तिको प्रबन्ध गर्नुपर्छ । यसमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अघि बढिसकेको छ । जेष्ठ नागरिकले कुनै स्कुल वा कलेजमा प्राध्यापनको इच्छाजाहेर गरेमा प्रतिसेसन न्युनतम् पारिश्रमिक दिने कोषको प्रबन्ध गर्नुपर्छ ।

जेष्ठ नागरिकद्वारा लिखित पुस्तक साझा प्रकाशन वा एकेडेमीले मुद्रित गरिदिनुपर्छ साथै स्कुल र कलेजको पाठ्य सामाग्रीमा बुढेसकाल जीउने कला र उनीहरूप्रति गर्नुपर्ने सम्मानको विषय समावेश गर्नुपर्छ ।

### स्वास्थ्य सेवा

प्रत्येक अस्पतालमा जेष्ठ नागरिकको उपचारको विज्ञ चिकित्सक, उपकरण, वार्ड र बेडको व्यवस्था गर्नुपर्छ । हामीले जेरियार्टिक वार्ड खडा गर्न ढिला गर्नु हुँदैन । हालै सरकारले बजेट वक्तव्यमार्फत् एकसय बेड माथिका सबै अस्पतालमा जेरियार्टिक वार्ड स्थापना गर्ने घोषणा गरेको छ ।

यस विषयमा विज्ञ चिकित्सक उत्पादन गर्न छात्रवृत्ति दिन जरूरी छ । ज्येष्ठ नागरिकको उपचारका लागि विशिष्टिकृत छुट्टै राष्ट्रिय अस्पताल निर्माण गर्नुपर्छ । ज्येष्ठ नागरिकका लागि आवश्यक मल्टिभिटामिन र क्याल्सियम वितरण गर्नुपर्छ । नेपाल सरकारले ७५ वर्षमाथि उमेर समूहका मुटुरोगी विपन्न भएमा निशुल्क अपरेसन गरिदिने व्यवस्था गरेको छ । यो उमेर ७० वर्षमा झार्नुपर्छ । ज्येष्ठ नागरिकलाई सबै उपचारमा सरकारी र सामुदायिक अस्पतालमा निशुल्क र निजी अस्पतालमा ७५ वा ५० प्रतिशत छुटमा सेवा पाउने व्यवस्था गर्नुपर्छ । जेष्ठ नागरिकलाई निशुल्क एम्बुलेन्स सेवा दिने र छुटमा एयरएम्बुलेन्स सेवा दिने प्रबन्ध गर्नुपर्छ ।

### घर, जग्गा, अपार्टमेण्ट खरिदमा सुविधा

जेष्ठ नागरिकलाई घरजग्गा खरिदमा राजश्व छुट दिनुपर्छ । हाल सरकारले महिलाको नाममा रजिष्ट्रेशन पारित गर्दा ५० प्रतिशतसम्म छुटको व्यवस्था गरेकाले ज्येष्ठ नागरिकका हकमा पनि यसको प्रबन्ध गर्नसकिन्छ । यसैगरी कुनै कम्पनीले अपार्टमेण्ट निर्माण गर्दा कम्तीमा १० प्रतिशत घर वा फ्ल्याट ज्येष्ठ नागरिकलाई २५ प्रतिशत छुटमा दिने गरी ऋस सब्सिडीको प्रबन्ध गर्नुपर्छ । यही प्रबन्ध घडेरी प्लटिङ्ग गर्नेका हकमा पनि लागु गर्नसकिन्छ । यस अतिरिक्त सबै डिपार्टमेण्ट स्टोरमा ज्येष्ठ नागरिकको सामानको कक्ष पनि छुट्टै हुनुपर्छ ।

### बैङ्कबाट ऋण र बिमाको सुविधा

सरकारको वर्तमान नीतिले ज्येष्ठ नागरिक सरकार र परिवारको आश्रित हुन वाध्य भएका छन् । निश्चित उमेरपछि बैङ्कले ऋण नदिने र बिमा कम्पनीले बिमा नगर्ने व्यवस्था छ । यसबाट ज्ञान, सीप र क्षमता भएका तथा केही आर्थिकहैसियत भएका ज्येष्ठ नागरिक पनि केही गर्न नपाउने स्थितिमा छन् । यसमा सुधार जरूरी छ ।

सरकारले योगदानमा आधारित स्वस्थ्य बिमाका लागि जेष्ठ नागरिकको प्रिमियम सरकारले नै तिरिदिने व्यवस्था छ । यो बिमारकम हाल एकलाख रहेको छ । यसलाई बढाई क्रमशः ५ लाख र १० लाख पुर्‍याउनुपर्छ । साथै यो सुविधा करिब ३० लाखको सङ्ख्यामा रहेका सबै ज्येष्ठ नागरिकले

पाउनुपर्छ । हाल सरकारले केही सीमित जिल्लाबाट धिमागतिमा मात्रै यो कार्यक्रम सञ्चालन गरिआएको छ ।

### अर्थोपार्जजन, स्वरोजगार र व्यवसाय करमा छुट

कुनै जेष्ठ नागरिक आफैले सञ्चालन गर्ने व्यवसाय भए आयकरमा ५० प्रतिशत छुट दिनुपर्छ । जेष्ठ नागरिकलाई स्वाबलम्वनका लागि प्राइम लोकेसनमा (एयरपोर्ट, सिंहदरवार आदि) कारोवार गर्न दिनुपर्छ । जेष्ठ नागरिकको आफ्नै आम्दानीको बैङ्कको बचत खातामा ५० प्रतिशत अतिरिक्त व्याज दिनुपर्छ । यसैगरी आफैले कुनै व्यवसाय गर्ने गरी २५ लाखसम्मको ऋण लिएमा ३ प्रतिशतसम्म व्याज लाग्ने प्रबन्ध गर्नुपर्छ । साथै सो परियोजनाको बिमा गरी प्रिमियममा सरकारले अनुदान दिनुपर्छ । जेष्ठ नागरिक उत्थान कार्यक्रम घोषणा गरी व्यवसायका लागि बिउपूँजी दिने प्रबन्ध गर्नुपर्छ । ज्येष्ठ नागरिकले पनि व्यवसाय गर्नसक्ने गरी बैङ्क र बिमा कम्पनीहरूले सहजीकरण गर्नुपर्छ ।

### पुरस्कारको व्यवस्था

मुलुकभरीका जेष्ठ नागरिकमध्ये उत्कृट काम गर्ने, योगदान गर्ने १० प्रतिभालाई बर्षेनी १० लाखका दरले पुरस्कृत गर्ने गरी कोषको व्यवस्था गर्नुपर्छ । हाल सरकारले प्रायः सबै विधाका प्रतिभालाई पुरस्कृत गरिआएको छ साथै विभिन्न पेशागत सङ्घसंगठनले पनि यस्तो व्यवस्था गरेका छन् । यसर्थ ज्येष्ठ नागरिक भएर पनि व्यवसाय गर्ने, कृति प्रकाशन गर्ने, सार्वजनिक सेवामा संलग्न रहने र बिबिध प्रतिभा प्रर्दशन गर्नेलाई पुरस्कृत गर्ने प्रणाली आरम्भ गर्नुपर्छ । राष्ट्रपतिबाट वर्षेनी वितरण गरिने तक्मामा ज्येष्ठ नागरिक पनि अटाउनु पर्छ । विभिन्न सञ्चारमाध्यमले पनि ज्येष्ठ नागरिकका अनुभवलाई असल अभ्यासको रूपमा संकलन गरी प्रकाशन र प्रसारण गर्नुपर्छ ।

### ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने

जुनसुकै ठाउँमा जेष्ठ नागरिकको छुट्टै लाइनको व्यवस्था हुनुपर्छ । हाम्रा सुविधाहरू अन्तराष्ट्रिय मापदण्डअनुसारको हुनुपर्छ । सामान्यतः सार्वजनिक सेवामा ज्येष्ठ नागरिकलाई छुट्टै लाइन र अग्राधिकारको व्यवस्था छ तर कैयौं स्थानमा ज्येष्ठ नागरिक हेपिने गरेकाले यसमा सुधार गर्नुपर्छ ।

चाडपर्व, मेला, कार्यक्रममा ज्येष्ठ नागरिक पछाडि पर्ने, युवाहरू उभिएर उनीहरूलाई कार्यक्रम हेर्नबाट छेकिदिने र हल्ला गरेर सुन्न नदिने उदण्डता बढेको छ । सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकले हात दिएमा मोटर नरोक्ने गरिन्छ । यी सबैको सम्बोधनका लागि नैतिक शिक्षामा जोड दिनुपर्छ । सबै केटाकेटीलाई ज्येष्ठ नागरिकलाई सम्मान गर्ने र सबै क्षेत्रमा अग्राधिकार र प्राथमिकता दिन घर, स्कुल, कलेज र कार्यस्थलमा सिकाउनुपर्छ ।

### स्थानीय सरकारको जिम्मेवारी

सङ्घीय सरकारले दिएको भत्ताको अतिरिक्त प्रदेश सरकार र स्थानीय सरकारले पनि ज्येष्ठ नागरिकहरूलाई केही सुविधा दिनुपर्छ । जुन पालिकाले आमाबुवालाई मासिक खर्च पुग्ने गरी सामाजिक सुरक्षा भत्ता दिन्छ त्यो र आमाबुवाको सम्पत्ति सेखपछि पालिकामा जाने कानुन बनाउन सकिन्छ । हाल केही पालिकाले परिचयपत्र बितरण गर्ने, केहीले यातायातमा सहुलियत दिने, कसैले सिरक, कसैले थर्मस, कसैले लौरो बाँढेका छन् । केही पालिकाहरूले निशुल्क होलवडी चेक गरिदिने, कसैले चस्मा बितरण गर्ने, कसैले स्वास्थ्य शिविर सञ्चालन गर्ने गरेका छन् ।

### स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा समावेश भएका निम्न प्रावधानको कार्यान्वयनमा खरो उत्रिने

(क) सङ्घ र प्रदेश कानुनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन गर्ने ।(ख) ज्येष्ठ नागरिकको पनि लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन र वितरण गर्ने (ग) ज्येष्ठ नागरिक क्लब, दिवासेवा केन्द्र, भेटघाट

स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने (घ) ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने (ङ) ज्येष्ठ नागरिक, असक्तहरूको व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने । यसरी स्थानीय तहहरू ज्येष्ठ नागरिकको पक्षमा खुलेर प्रस्तुत हुनुपर्छ ।

## चौथो खण्ड : आगामी गोरेटो

ज्येष्ठ नागरिकको नेपाली पृष्ठभूमि, विश्वपरिवेश तथा उनीहरूसंग सम्बन्धित मुद्धाहरूको व्याख्यापछि आगामी गोरेटो पहिल्याउने कोसिस गरेको छ । जसलाई तल बुँदागतरूपमा प्रस्तुत गरेको छ ।

### सम्पत्तिमा अंशको हक हटाउने

नेपालमा ज्येष्ठ नागरिकका अनेक समस्याको जड सम्पत्ति नै हो यसर्थ ज्येष्ठ नागरिकलाई सम्पत्तिका कारणबाट हुने दुर्व्यवहारबाट सुरक्षित गराउन वर्तमान कानुनमा आधारभूतरूपमै संशोधन गर्नुपर्छ । जसअनुसार ज्येष्ठ नागरिकले आर्जेको सम्पत्तिमा इच्छापत्रको व्यवस्था हुनुपर्छ । जुन इच्छापत्र ज्येष्ठ नागरिकले चाहेकाबखत सहजै रद्ध हुने कानुनी व्यवस्था गर्नुपर्छ ।

यस्तो इच्छापत्रका २ वटा विकल्प हुनेछन् । पहिलो विकल्पअनुसार यस्तो इच्छापत्र आफ्नो सन्ततीलाई प्रदान गरिनेछ । दोस्रो विकल्पअनुसार आफ्नो सम्पत्ति सरकारले कानुन निर्माण गरी खडा गरेको अधिकारिक ट्रष्टको नाममा जारी गरिनेछ । यसको आधारभूत सिद्धान्तअनुसार हालका ज्येष्ठ नागरिकले हासिल गरेको पैत्रिक सम्पत्ति वा आफूले आर्जन गरेको सम्पत्तिमा निजहरू जीवित छउन्जेल अंश नलाग्ने प्रष्ट कानुनी प्रबन्ध गर्नुपर्छ ।

अधिकांश पश्चिमी मुलुकमा छोराछोरीको निश्चित उमेर पुगेपछि ती आफ्नै खुट्टामा उभिन्छन् र आमाबुबाको सम्पत्तिमा दावी नगर्ने गरी घर छोड्छन् । आफ्ना आमाबुबा उमेरले अशक्त हुँदैजाँदा आफू छोरा वा छोरी हुनुको कर्तव्य निर्वाह गर्छन् तर सम्पत्ति वा अंशको माग गर्दैनन् । ती विकसित कहलिएका छन् ।

दोस्रो विकल्पअनुसार ज्येष्ठ नागरिकले आफ्नो भविष्यको सुरक्षाका लागि आफ्नो सम्पत्ति सरकारले कानुन निर्माण गरी तोकेको आधिकारिक ट्रष्टमा हस्तान्तरण गरी बाचुन्जेल सेवासुविधा पाउन सक्नेछन् । यसरी ट्रष्टमा दिइएको सम्पत्ति पनि ज्येष्ठ नागरिकले चाहेकाबखत रद्द गरी आफूखुसी गर्न पाउने कानुनी व्यवस्था गर्नुपर्छ । यसपछि सम्पत्तिकै कारण ज्येष्ठ नागरिकहरूले झैझमेला व्यहोर्नु नपर्ने हुन्छ ।

### सन्तानले पालनपोषण गर्नपर्ने

आफूसंग सम्पत्ति नहुने तर छोराछोरी आर्थिकरूपमा सक्षम छन् भने ज्येष्ठ नागरिकले छोराछोरीको आर्थिक हैसियतअनुसार मानाचामल दावी गर्न पाउने कानुनी व्यवस्था गर्न जरूरी छ । हाल संसदमा विचाराधिन ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ को संशोधनमा ज्येष्ठ नागरिकले आफ्ना सन्तानको मासिक आर्जनको १० प्रतिशतसम्म दावी गर्न पाउने कानुनी व्यवस्था प्रस्तावित गरिएको छ ।

वर्तमान कानुनमा ज्येष्ठ नागरिकलाई आर्थिकहैसियत तथा इज्जत आमदानीअनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ भनिएको छ । यसको प्रचलनका लागि कानुनको व्याख्या हुन जरूरी छ ।

प्रत्येक आमाबाबुले आफ्ना सन्तानलाई जन्माउँछन्, हुर्काउँछ, खाइनखाई पढाउँछन्, लेखाउँछन्, आयआर्जन गर्नसक्ने गरी सक्षम तुल्याउँछन् । यसरी उनीहरूले आयआर्जन गर्नसक्ने उमेरमा आर्जन गरेको रकम बैङ्कमा नराखी सन्तानको उन्नति, प्रगतिका लागि केटाकेटीमाथि लगानी गर्छन् । यस्तो

लगानीको प्रतिफल आफू आर्थिकरूपमा कमजोर हुँदाकाबखत माग गर्नु प्राकृतिक न्यायको सिद्धान्त अनुकुल नै हुनेछ ।

**राज्यको विशेष संरक्षण**

सन्तान नभएका र भए पनि आर्थिकहैसियत नभएका विपन्न ज्येष्ठ नागरिकको जिम्मेवारी राज्यले लिनुपर्छ । नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकको हकको व्यवस्था छ । यसअनुसार ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ ।

सामाजिक सुरक्षाको हकअनुसार हाल ज्येष्ठ नागरिकहरूले मासिक भत्ता पाइरहेका छन् तर विशेष संरक्षणको हक भने प्रचलनमा आएको छैन । यसर्थ यस हकको प्रचलनका लागि ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ मा प्रबन्ध गरिएको "असहाय ज्येष्ठ नागरिक" र "अशक्त ज्येष्ठ नागरिक"लाई राज्यले पूर्णसंरक्षण दिनुपर्छ ।

कानुनमा "असहाय ज्येष्ठ नागरिक" भन्नाले (१) जीवनयापन गर्ने कुनै आधार, आयश्रोत वा सम्पत्ति नभएको (२) पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको (३) परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नुपरेको भनिएको छ ।यसैगरी "अशक्त ज्येष्ठ नागरिक" भन्नाले शारीरिक वा मानसिकरूपले अशक्त ज्येष्ठ नागरिक सम्झनु पर्छ भनिएको छ । यिनीहरूलाई राज्यले अनिवार्यरूपमा आवासीय सेवा दिनुपर्छ । यी वाहेकका ज्येष्ठ नागरिकलाई राज्यले जीवनयापन गर्न पुग्नेगरी सामाजिक सुरक्षा भत्ता दिनुपर्छ ।

**मासिक भत्तामा सुधार**

२०५१ सालबाट सयबाट आरम्भ भएको मासिक भत्ता आ.व. २०७८/०७९ देखि ४ हजार पुगेको छ । विश्वव्यापी प्रचलनलाई हेर्दा कुल ग्राहस्थ्य उत्पादनको इटालीमा १६ प्रतिशत, फ्रान्समा १४ प्रतिशत तथा भारतमा ४ प्रतिशत बजेट सामाजिक सुरक्षामा छुट्याइन्छ । नेपालमा कुल ग्राहस्थ्य उत्पादनको करिव २ प्रतिशत बजेट मात्रै विनियोजन भएको अवस्था छ ।

भत्ता वितरणमा ज्येष्ठ नागरिकलाई उमेरसमूहमा वर्गीकरण गर्नसकिन्छ । जसअनुसार (१) ७० देखि ७९ वर्षका लागि मासिक ५ हजार भत्ता दिने (करिब १० लाख) । (२) ८० देखि ८९ वर्षका लागि मासिक १० हजार दिने (करिब १,८१,३१४ जना) । (३) ९० देखि ९९ वर्षका लागि मसिक २५ हजार दिने (करिब २६,७२९ जना) । (४) १०० वर्षमाथिका लागि मासिक ५० हजार दिने । (करिब ३,५६६ जना) । यसबाट सरकारलाई ठुलो आर्थिकभार पर्दैन ।

भत्ता वितरणमा बैङ्किङ सेवा नपुगेको स्थानमा नगद नै वितरण गर्ने प्रणाली लागु गर्नुपर्छ । बैङ्किङ सेवा टाढा भएको दूरदराजका क्षेत्रहरूमा भेण्डिग मेशिनमार्फत् रकम वितरण गर्नसकिन्छ । वृद्धाश्रममा रहेकाहरू मध्ये जसको नागरिकता छैन, उनीहरूलाई वृद्धाश्रमको सिफारिशमा मासिकभत्ता दिनुपर्छ । यसैगरी सत्तरी वर्ष माथिका व्यक्ति जसको नागरिकता छैन उनीहरूलाई गाउँपालिका वा नगरपालिकाको सिफारिसमा मासिकभत्ता दिनुपर्छ । यसरी मासिकभत्ता वितरण गर्दा ऐनको परिभाषाअनुसारका शर्त पूरा गरेका आधारमा "असहाय ज्येष्ठ नागरिक" र "अशक्त ज्येष्ठ नागरिक"को पहिचान गरी (परिचयपत्र वितरण गरी) उनीहरूलाई मासिक भत्ता दोब्बर दिनुपर्छ ।

ज्येष्ठ नागरिकले प्राप्त गरेको मासिकभत्ता निजले आफूखुसी गर्न पाउने कानुनी प्रबन्ध गर्नुपर्छ । ज्येष्ठ नागरिकलाई पनि वर्षभरिमा निजले छनोट गरेको एउटा पर्वमा एकमहिनाको भत्ता बराबर पर्वखर्च दिनुपर्छ । ज्येष्ठ नागरिकको मासिकभत्ताको बैङ्क खाता अलग्गै हुनेछ । यसमा अर्को थप रकम जम्मा गर्न पाइने छैन र यस्तो रकम बैङ्कमा जम्मा भएकै दिनबाट बैङ्कले एकवर्षको मुद्धति

खाता बराबरको व्याज दिन आरम्भ गर्नेछ । यस्तो भत्ता पाउने उमेर साविकमा ७५ वर्षबाट ७० वर्षमा झारिएको थियो । अब यो उमेर ६५ वर्षमा झार्नुपर्छ ।

**अधिकारमा आधारित भत्ता**

हाल सरकारले सबैभन्दा तल्लो तहको अदक्ष कामदार, मजदुरको लागि मासिक न्यूनतम पारिश्रमिक रू १५ हजार निर्धारण गरेको छ । सरकारी निकायको संयन्त्रमा दैनिक न्यूनतम ज्याला दररेट तोक्ने प्रचलन यद्यापी छ । यसमा औषत् न्यूनतम दैनिक करिब एकहजार ज्याला दर तोकिएको बुझिएको छ । यस हिसाबले ज्येष्ठ नागरिकले मासिक रू ३० हजार सामाजिक सुरक्षा भत्तावापत पाउनुपर्ने देखिन्छ ।

नेपालको संविधानको धारा ३३ मा रोजगारीको हकको व्यवस्था छ । यस मौलिक हकको कार्यान्वयन गर्न बनेको रोजगारीको हकसम्बन्धी ऐन २०७५ को दफा २२ मा निर्वाहभत्ताको व्यवस्था गरिएको छ । यसमा सरकारले वर्षको कम्तीमा १०० दिनको रोजगारी उपलब्ध गराउने प्रत्याभूति गरिएको छ । यदि प्रत्याभूति गरिएको रोजगारी दिन नसकिएमा सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रमिकको आधा रकम निर्वाह भत्तावापत दिने भनिएको छ । यो रकम मासिक १५ हजार हुनआउँछ । यस हिसावले ज्येष्ठ नागरिकले पनि मासिक १५ हजार भत्ता पाउनु पर्ने प्रष्ट हुन्छ ।  यो उनीहरूको अधिकारको विषय हो । सरकारको निगाह होइन ।

**सामाजिक रूपान्तरणको खाँचो**

ज्येष्ठ नागरिकसम्बन्धी ऐनमा ज्येष्ठ नागरिकप्रति सम्मान गर्नुपर्ने कुरा लेखिएको छ । यसको व्यापक उपयोग हुने वातावरण निर्माण गर्नुपर्छ । यसका लागि पर्चा, पम्पप्लेट, होडिङ्गवोर्ड, वाल पेन्टिङ्गको प्रबन्ध गर्नुपर्छ । यसैगरी नाटक, कविता, कथा आदि प्रतियोगिता गराउनुपर्छ ।

स्कुलको प्राथमिक स्तरदेखि कलेजको उच्चशिक्षा अध्ययनसम्मको पाठ्य सामाग्रीमा ज्येष्ठ नागरिकलाई सम्मान, हेरचाह र दायित्ववोध हुने प्रकृतिको विषयवस्तु समावेश गर्नुपर्छ साथै सबै प्रकारका तालिम कार्यक्रममा पनि यसको सत्र समावेश गर्नुपर्छ । सबै वडामा ज्येष्ठ नागरिकलाई कसरी स्याहार गर्ने भनी परिवारका सदस्यहरूलाई अनिवार्य र नियमितरूपमा तालिम दिनुपर्छ । चाडपर्वमा सबै जात, समुदाय, वर्गले ज्येष्ठ नागरिकको अनिवार्य आर्शीवाद लिने परम्परालाई उच्च महत्त्व दिनुपर्छ ।

तीन तहका सरकार र सबै सङ्घसंस्थाले सबै प्रकारका कार्यक्रमहरूको उद्घाटन, समापन, पुरस्कार वितरण, पुस्तक विमोचनलगायतका कार्यक्रम ज्येष्ठबाट गराउनुपर्छ । यस्ता कार्यक्रममा मन्त्री, सचिवलगायतका पदाधिकारी प्रमुख अतिथि हुनु भनेको कन्फिक्ट अफ इन्ट्रेसका रूपमा बुझिनुपर्छ । नेताको नाममा मात्रै होइन समाजमा योगदान पुर्‍याएका ज्येष्ठ नागरिकको नाममा पनि सडक, पार्कलगायतको नामाकरण गर्नुपर्छ । जन्म दिवस, न्वारन, पास्नी, विबाह, व्रतबन्धलगायतमा फजुलखर्च गर्नुको सट्टा ज्येष्ठ नागरिकको हितमा काम गर्न, कोषमा रकम जम्मा गर्न आम नागरिकमा राष्ट्रियस्तरमा आह्वान गर्नुपर्छ ।

ज्येष्ठ नागरिकलाई सम्मान गर्न कुन जिल्ला, कुन शहर, कुन गाउँ, कुन टोल उत्कृष्ट छ भनी पहिचान गर्ने परम्पराको थालनी गर्नुपर्छ । समाजमा, सामाजिक काममा सार्वजनिक पदाधिकारीको सट्टा पाका उमेरका मानिसलाई क्रमशः आसनग्रहण गराउने, सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्छ । अन्य मुलुकका असल अभ्यासको खोजी गरी हामी सुहाउँदो ढङ्गले अनुशरण गर्नुपर्छ । हाम्रो मूलध्येय ज्येष्ठ नागरिकमैत्री हुने गरी सामाजिक रूपान्तरण गर्नुपर्छ ।

### ज्येष्ठ नागरिकको क्षमताको उपयोग

तीन तहका सरकारले परामर्शदाता, सल्लाहकार, स्वयंसेवक, सञ्चालक सदस्यलगायतका पदमा नियुक्ति गर्दा सर्वप्रथम योग्य ज्येष्ठ नागरिकलाई अग्राधिकार दिने नीति लिनुपर्छ । स्थानीय तहको प्रत्येक वडामा ज्येष्ठ नागरिक स्रोतकेन्द्रको स्थापना गर्नुपर्छ । यस केन्द्रले ज्येष्ठ नागरिकको प्रोफाइल तयार गरी उनीहरूको क्षमतालाई राष्ट्र निर्माणमा उपयोग गर्न सक्नुपर्दछ ।

कुनै ज्येष्ठ नागरिकले व्यवसाय वा स्वरोजगार गर्ने भए २५ लाखसम्मको सरल व्याज दरको ऋण दिने गरी ज्येष्ठ नागरिक च्यालेन्ज फण्ड खडा गर्नुपर्छ । यस्तो कोषबाट ज्येष्ठ नागरिकलाई बीउपूजी दिने र प्राइम लोकेसनमा व्यवसाय गर्न दिनुपर्छ । यसमा एयरपोर्ट, सिंहदरवार, प्रदेश मन्त्रालय परिसर, पालिकाका कार्यालयलगायत मानिसहरू भेला हुने चोकहरू हुन सक्छन् ।

ज्येष्ठ नागरिकले व्यवसाय गर्नसक्ने गरी बैङ्कले ऋण दिनुपर्छ । बिमा कम्पनीहरूले ज्येष्ठ नागरिक र व्यवसायको बिमा गरिदिनुपर्छ । ज्येष्ठ नागरिकहरू विभिन्न ज्ञान, सीप र अनुभवयुक्त रहने हुँदा कुन ज्येष्ठ नागरिकको ज्ञान, सीप र क्षमता के कति छ त्यसको निर्क्योल सरकारी क्षेत्र, निजी क्षेत्र, गैससबाट उचित मौका दिनुपर्छ । यसैगरी प्रशासनिक काम, हेल्पडेक्स सञ्चालन, स्कुलमा शिक्षक, तथ्याङ्कको व्यवस्थापन, सालबसाली फाइल अभिलेख, समीक्षालय व्यवस्थापन, पुस्तकालय सञ्चालन, थिंकट्याङ्कलगायतको भूमिकामा ज्येष्ठ नागरिकलाई मौका दिनुपर्छ । ज्येष्ठ नागरिकमा भएको ज्ञान र सीपको उपयोगबाटै राष्ट्र निर्माण सम्भव छ ।

### बुढ्यौली रोगको निशुल्क उपचार

१०० बेड माथिका सबै अस्पतालमा ज्येष्ठ नागरिकको उपचारका लागि विज्ञ चिकित्सकको दरवन्दी र उपकरणसहितको जेरियाट्रिक वार्डको व्यवस्था गर्नुपर्छ । हाल अल्जाइमरका लागि १ लाख उपलब्ध गराउने गरी ९ वटा अस्पताललाई यो अधिकार तोकिएको छ । यस्तो अधिकार १०० बेडमाथिका सबै अस्पतालमा विस्तार गर्नुपर्छ । हाल अल्जाइमर, मुटुरोग, मृर्गौला रोगीलाई सरकारले विशेष उपचार गर्ने व्यवस्थाअनुसार १ लाखसम्म आर्थिक सहायता दिने गरेकोमा यो रकम क्रमशः ५ लाख र १० लाखमा वृद्धि गर्नुपर्छ । यस अतिरिक्त हाल ज्येष्ठ नागरिकका लागि गरिएको १ लाखको बिमा रकम पनि क्रमशः ५ लाख र १० लाखमा वृद्धि गर्नुपर्छ ।

ज्येष्ठ नागरिकलाई आवश्यक मल्टिभिटामिन र क्याल्सियम निशुल्क वितरणको साथमा वर्षमा एकपटक निःशुल्क निमोनिया, फ्लु भ्याक्सिन लगाउने प्रवन्ध मिलाई दिनुपर्छ । यसलाई ज्येष्ठ नागरिक भत्ता रकम बुझ्ने समयसम्म मिलाएर लैजानुपर्छ । ज्येष्ठ नागरिकलाई तीन तहका सरकारले सबै उपचारमा सरकारी र सामुदायिक अस्पतालमा निशुल्क उपचारको प्रबन्ध गर्नुपर्छ साथै निजी अस्पतालमा कम्तीमा ५० प्रतिशत छुटमा सेवा पाउने व्यवस्था गर्नुपर्छ ।

ज्येष्ठ नागरिकलाई निशुल्क एम्बुलेन्स सेवा हुनुपर्छ र कम्तीमा ५० प्रतिशत छुटमा एयरएम्बुलेन्स सेवा दिने प्रबन्ध गर्नुपर्छ । ज्येष्ठ नागरिकलाई आवश्यक पर्ने प्रायजसो प्रेसर, सुगर, कोलेस्ट्रोल, दम, मुटु रोग विरूद्ध सेवन गर्ने औषधीहरूलाई जेनेरिक औषधी उत्पादन गर्ने व्यवस्था मिलाई केही निश्चित प्रतिशत छुट दिने प्रवन्ध मिलाइनु पर्दछ । यसरी उमेर ढल्किँदै गएपछि बुढ्यौलीका कारण सिर्जित रोग निशुल्क उपचार हुनुपर्छ ।

### सुविधासम्पन्न एवं नमुना मिलन केन्द्र

आम ज्येष्ठ नगरिकका लागि प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिकको भेटघाट, अनुभवको आदनप्रदान, मनोरन्जनलगायतका लागि ज्येष्ठ नागरिक अत्याधुनिक दिवासेवा केन्द्र स्थापना गर्नुपर्छ । यसैगरी ज्येष्ठ नागरिकलाई मनोरञ्जन एवं शारीरिक योग तथा व्यायाम गर्नका लागि ज्येष्ठ नागरिक

वाटिका/पार्कको स्थापना गर्नुपर्छ । ज्येष्ठ नागरिकका लागि एकीकृत आरोग्य आश्रम खोल्नुपर्छ । ज्येष्ठ नागरिक मिलन केन्द्र, ज्येष्ठ नागरिक चौतारो सञ्चालनमा ल्याउनुपर्छ । ज्येष्ठ नागरिक ग्राम निर्माण गर्नुपर्छ । ज्येष्ठ नागरिकको स्रोत केन्द्र, सूचना केन्द्र, पुस्तकालय, रेष्टुरा खोल्ने अवधारणामा जानुपर्छ । ज्येष्ठ नागरिककै लागि विशेष आवासका लागि अपार्टमेण्टको प्रणालीमा जानुपर्छ । सुपरमार्केटमा ज्येष्ठ नागरिकको खण्ड छुट्याउनुपर्छ ।

अन्तरपुस्ता ज्ञान र सीप हस्तान्तरणका लागि इच्छुक र योग्य ज्येष्ठ नागरिकलाई स्कुल र क्याम्पसमा कक्षा लिने व्यवस्था गर्नुपर्छ । ज्येष्ठ नागरिकको अनुभव प्रकाशित र प्रशारित गर्न आमसञ्चार माध्यमलाई उत्प्रेरित गर्ने नीति अख्तियार गर्नुपर्छ साथै ज्येष्ठ नागरिकका लागि निर्माण गरिने सबै संरचनामा युवा, केटाकेटीलगायत भ्रमणमा आउने आकर्षक थलो भएपछि स्वतः ज्येष्ठ नागरिकप्रति सम्मान गर्ने परम्परामा वृद्धि हुनेछ । यसबाट ज्येष्ठ नागरिकले सबैलाई आर्शीवाद दिनेछन् र मुलुकको भलो हुनेछ ।

**ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना**

ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ को दफा १७ मा ज्येष्ठ नागरिक कल्याण कोष खडा गर्नुपर्ने कानुनी व्यवस्था छ तर हालसम्म यस्तो कोषको स्थापना गरिएको छैन । वर्तमान अवस्थामा सरकारले ज्येष्ठ नागरिकलाई दिइआएको भत्ता वार्षिक बजेटबाट प्रदान गरिएको छ । यदि कुनै दिन सरकारको राजश्व असुली कम भएमा चाहेर पनि भत्ता भुक्तानी गर्न नसकिने हुनसक्छ । यस्तो अनफण्डेड भत्तालाई फण्डेडमा रूपान्तरित गर्नुपर्छ । यसका विभिन्न विकल्पहरू हुनसक्छन् ।

पहिलो विकल्पअनुसार नेपालमा रहेका बैङ्कहरूमा खोलिएका बैङ्क खातामा रहेको रकम लामो समयदेखि कसैले पनि दावी गरेको छैन भने यस्तो रकम ज्येष्ठ नागरिक विशेष कोषमा सारिदिनु पर्छ । यस्तो प्रबन्ध भारतमा गरिएको छ । राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घबाट यसको पहल भैरहेको छ । महासङ्घले नेपाल राष्ट्र बैङ्कका गभर्नरसंग बैठक गरी पत्राचार गरेको छ । यस्तो रकम अरबौ रहेको अनुमान छ । यसमा ठुलो माथापच्चिसाको जरूरत छैन ।

दोस्रो विकल्पअनुसार सामाजिक सुरक्षा कर १ प्रतिशत लगाउने र यस्तो रकम कोषमा जम्मा गर्ने हो भने कोषमा वर्षेनी ५।७ अर्व रकम जम्मा हुनेछ । हुनतः हाल यसै शीर्षकको कर असुली भैरहेको छ । यहाँ प्रस्तावित गरिएको भन्दा भिन्न किसिमले उपयोग भैरहेको छ । यसका लागि हालको कुनै करको दर एक प्रतिशतले घटाई नयाँ कर प्रस्तावित गर्नसकिन्छ ।

तेस्रो विकल्पअनुसार कुनै पनि ज्येष्ठ नागरिकले आफ्नो शेषपछि मेरो सम्पत्ति ज्येष्ठ नागरिक विशेष कोषमा जाने गरी इच्छापत्र जारी गर्ने कानुनी व्यवस्था गर्नुपर्छ । यसबाट पनि केही वर्षमै कोषमा ठुलो धनराशी जम्मा हुनेछ । यस्ता मनकारी ज्येष्ठ नागरिको पङ्ति ठुलो छ ।

यसरी माथि वर्णन गरिएका आगामी पाइलाहरूका प्रस्तावित बुँदाहरूको कार्यान्वयनका लागि आवश्यक पहल गर्नु हामी सबैको कर्तव्य हो । आखिर सबै जना एकदिन ज्येष्ठ नागरिक हुनैपर्छ । जे रोप्यो सोही फल्छ र त्यसको उपयोग गर्न पाइने हुन्छ । यसर्थ यस क्षेत्रमा सबैले समयमै लगानी गर्दा पाको उमेरको जीवन सम्मानजनक र सुखी खुसीयुक्त हुनेछ ।

## सन्दर्भ सामाग्रीहरू


- नेपालको संबिधान
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ र नियमावली, २०६५
- राष्ट्रिय योजना आयोगद्वारा जारी भएको पन्ध्रौं पञ्चवर्षीय योजना

- नेपाल सरकारका बजेट वक्तव्यहरू
- संयुक्त राष्ट्र संघबाट जारी मानव अधिकार घोषणा पत्रलगायतका दस्तावेजहरू
- महिला बालबालिका मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएका विभिन्न नीति तथा कार्यक्रमहरू
- राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका प्रकाशनहरू
- बास्कोटा, कृष्णहरिद्वारा लिखित ज्येष्ठ नागरिक : मुलुकका निधि
- बास्कोटा, कृष्णहरिद्वारा लिखित एवं प्रकाशित ज्येष्ठ नागरिकसम्बन्धी लेखहरू
- स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

# वैदेशिक रोजगार र आन्तरिक बसाइँसराइ



डा. गणेश गुरूङ

## पृष्ठभूमि

नेपालले विधिवत्रूपमा आफ्ना नागरिकको जनगणना पहिलोपटक सन् १९११ मा वा एकसय दसवर्ष पहिले गरेको थियो । हरेक दसवर्षमा गरिने जनगणना यस वर्ष अर्थात् सन् २०२१ मा हुन लागेकोमा कोभिडको कारणले रोकिएको छ, जुन एघारौँ जनगणना हो । भारतमा पनि नेपालले जनगणना गर्ने वर्षमा नै हरेकपटक गणनावर्ष पर्न आउँछ । जसले गर्दा तथ्याङ्क हिसाबमा समन्वयन गर्न सजिलो पर्दछ । जुन काम अहिलेसम्म हुनसकेको छैन । जस्तै उदाहरणमा कति नेपाली भारतमा काम गर्छन् वा कति नेपालीमूलका मानिस भारतमा नै बसोबास गर्दछन् र त्यस्तैगरी कति भारतीय नेपालमा काम गर्दछन् भन्ने तथ्याङ्क एउटै वर्षमा लिन पाए दुई देशबिचको सम्बन्ध सुधारमा ठोस आधार सिर्जना हुनसक्थ्यो ।

नेपालको जनसङ्ख्याको कुरा गर्दा अहिले वैदेशिक रोजगार र आन्तरिक बसाइँसराइले (एउटा पालिकाबाट अर्को पालिकामा सर्ने) प्रमुख भूमिका खेलेको देखिन्छ । दुई/चारवर्ष अगाडिसम्म दैनिक नै पन्ध्रसय युवा वैदेशिक रोजगारमा जान्थे भने आन्तरिक बसाइँसराइ गाउँगाउँबाट मोटरबाटो भएको सानो बजार/शहरतिर र मधेसमा खासगरी हिमाली/पहाडी गाउँ नै रित्तो हुनेगरी एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरेका थिए । माथिका यी दुवै कारणले गर्दा नेपालको जनसङ्ख्यामा ठुलो प्रभाव परेको छ । त्यसैले यस आलेखमा दुबै विषयमा चर्चा गरिएको छ ।

## वैदेशिक रोजगार

नेपालमा रोजगारको अभावका कारणले वैदेशिक रोजगारमा जाने प्रचलन पुरानै चलन हो । यसको उदाहरण सन् १२६० ताका नै नेपाली कलाकार अरनिकोको नेतृत्वमा ८० जना नेपाली ल्हासामा काम गर्न गएका थिए । हुनत यसलाई नेपाली इतिहासमा अचेलजस्तो वैदेशिक रोजगार नभनी कलाकारिता प्रदर्शन भनिए तापनि श्रम दिई ज्याला लिएपछि त्यो रोजगार नै थियो । खाली फरक अहिले प्रायः अदक्षश्रमिक बढी जान्छन् । त्यसबेला अरनिकोसँग गएका सबै दक्ष कालिगढहरू थिए । त्यसैगरी वीर बलभद्र कुँवर पनि ब्रिटिश इस्टइन्डिया कम्पनीसंग सम्झौता हुनु अगाडि नै सिख महाराज रञ्जित सिंहको पल्टनमा भर्ती भई काम गरेका थिए ।


यसरी नेपालीहरू ब्रिटिश र भारतीय सेनामा जान थालेको नै २०६ वर्ष भैसक्यो तर खाडीराष्ट्र र मलेसियामा गैरसैनिक कार्यमा वैदेशिक रोजगारमा नेपाल सरकारले श्रमस्वीकृति दिएर पठाउन थालेको सन् १९८६ वा ३६ वर्ष पहिलेदेखि सुरूवात भएको हो ।

विक्रम संवत् २०४२ बाट नेपाल सरकार श्रम विभाग पछिआएर वैदेशिक रोजगार विभागबाट स्वीकृति लिएर जानेको सङ्ख्या ४० लाखभन्दा बढी भैसकेको छ र १३२ राष्ट्रमा काम गर्न गएको देखिन्छ । गएकामध्ये कति नेपाल फर्के र कति फेरि वैदेशिक रोजगारमा गए भन्ने नेपाल सरकारसँग तथ्याङ्क

गुरूङ, राष्ट्रिय योजना आयोगका पूर्व सदस्य हुनुहुन्छ ।

नहुनाले वास्तविकतामा कति नेपाली वैदेशिक रोजगारीमा छन् भन्ने यकिन गर्न सकिरहेको छैन । माथिको तथ्याङ्कमा भारतमा काम गर्न गएकाको तथ्याङ्क समावेश छैन ।


### १. श्रम स्वीकृति लिनेको सङ्ख्या (महिला र पुरूष)




श्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय : नेपालको श्रम वैदेशिक रोजगार प्रतिवेदन २०२०


सुरूसुरूमा वैदेशिक रोजगारमा जाने पोखरा र धरान वरपरका जिल्लाबाट बढी र राई, लिम्बु, मगर, गुरूङ् जातीबाट बढी जाने गर्दथे यसो हुनुको कारण यी जातिका धेरै वर्षबाट लाहुर जाने प्रथासँग सम्बन्धित थिए तर अहिले आएर वैदेशिक रोजगारमा जाने प्रदेशको हिसाबमा सबैभन्दा बढी प्रदेश १ र २ बाट क्रमशः २४.४ प्रतिशत र २४.२ प्रतिशत जाने गरेका छन् भने सबैभन्दा थोरै जाने सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेश क्रमशः २.६ प्रतिशत र ३.२ प्रतिशत जाने गरेको पाइएको छ । सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशबाट यति थोरै मात्रामा श्रम स्वीकृति लिएर जानको कारण यी दुई प्रदेशबाट भारतमा जाने कारणले हो ।

### २. वैदेशिक रोजगारमा जाने कुन प्रदेशमा कति ?




श्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय : नेपालको श्रम वैदेशिक रोजगार प्रतिवेदन २०२०


## ३. नेपाली महिला वैदेशिक रोजगारको लागि जाने प्रमुख गन्तव्य देश




श्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय : नेपालको श्रम वैदेशिक रोजगार प्रतिवेदन २०२०

यसरी जानेमा चाखलाग्दो गरी सुरुमा पहाडी जिल्लाका पहाडी मूलका मानिस मात्र हुन्थे र अहिले आएर तराईका जिल्लाका युवाहरू पनि जानथाले । पहिलेपहिले भारतको हरियाणा, पञ्जाब र भारतकै अन्य शहरमा खेतिपातीको काम गर्नजान्थे । पहिले पुरुषहरू मात्रै जानेगर्दथे भने अब आएर नेपाली महिलाहरू पनि जानथाले । खासगरी नेपाली महिलाको रोजाइ घरेलु कामदारको क्षेत्रमा रहेको छ । यो संसार भरिनै बढी माग भएको क्षेत्र हो । झन तेलले धनी भएका राष्ट्रमा त घरेलु कामदार भनेको सामाजिक प्रतिष्ठा पनि हुन गएको छ । नेपाली महिलाको तलब र सुबिधाको हिसाबले इजरायल, जापान र कोरिया सबैभन्दा प्राथमिक रोजाइका देश हुनभने नेपाली महिला २०१७ र १८ को तथ्याङ्कको हिसाबले बढी वा ७७ प्रतिशत युएई, कतार, मलेसिया, जोर्डन र कुवेत पर्दछन् (माथि तालिका नं. ३ हेर्नुहोस्) ।

## ४. नेपाली युवाहरूको वैदेशिक रोजगारीका लागि प्रमुख गन्तव्य देश




श्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय : नेपालको श्रम वैदेशिक रोजगार प्रतिवेदन २०२०

नेपाली युवाहरू सन् २०१७ र १८ को तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी मलेसिया (२९.४ प्रतिशत), कतार (२९.१ प्रतिशत) युएई (१७ प्रतिशत ) र साउदिअरब (११.६ प्रतिशत) गएको देखिन्छ भने सन् २०१८ र १९ मा सबैभन्दा बढी कतार (३१.८ प्रतिशत) युएई (२६.५ प्रतिशत) र साउदी अरबमा (१९.५ प्रतिशत) गएको देखिन्छ । कतारमा सबैभन्दा बढी जानुको कारण त्यहाँ सन् २०२२ मा बिश्वकपको आयोजनाको लागि ठुल्ठुला निर्माणकार्य भइरहेका छन् । निर्माणकार्य समाप्त भएपछि कामदार जाने सङ्ख्या अवश्य पनि घट्नेछ ।

यसरी वैदेशिक रोजगारमा जाने युवाले वार्षिक आर्थिक वर्ष २०७६/७७ मा मात्र आठखर्ब ७५ अर्ब २७ करोड वा हरेक दिन २ अर्ब ३९ करोड रूपैयाँ बिप्रेषणको रूपमा पठाई देशको अर्थतन्त्र र गरिबी घटाउन सहयोग पुगेको छ । जुन नेपालको कुल ग्राहस्थ उत्पादनको २६ प्रतिशत हो र यसमा हुन्डीबाट आउने बिप्रेषण पनि जोड्ने हो भने बिप्रेषण नेपालको अर्थतन्त्रमा टेवा दिने सबैभन्दा ठुलो क्षेत्र हुन जानेछ । नेपालको गरिबीको रेखामुनि बस्ने ४२ प्रतिशतबाट २५ प्रतिशतमा घटाउन सबैभन्दा बढी योगदान बिप्रेषणको नै भएको छ । अनौठो कुरा त कोभिडको समयमा बिप्रेषण गत वर्षभन्दा झन बढ्दैछ ।

यति हुँदा पनि वैदेशिक रोजगार समस्यामुक्त भने छैन । वैदेशिक रोजगारमा जाँदा हुने ठगी, शून्यलागत सरकारले घोषणा गरे पनि अधिकतम रकम तिर्नुपर्ने, रोजगार दाताबाट शोषण, महिलाको हकमा शारीरिक शोषण सीपको र भाषाको अभावमा न्यूनतम् ज्यालामा काम गर्नुपर्ने, कतिको कार्यक्षेत्रमा मृत्यु हुनु, नेपालमा फर्केपछि उपयुक्त काम नपाउनु र फर्केपछि एकीकृत कार्यक्रम नहुनुजस्ता थुप्रै समस्याहरू छन्, जुन सम्बोधन हुनु जरूरी छ ।


## नेपालको आन्तरिक बसाइँसराइ

कुनै पनि देशको वा स्थानको जनसङ्ख्याको कुरा गर्दा त्यहाँको जनसङ्ख्याको आकारप्रकार, स्वरूप, प्रकृति र बसाइँसराइ प्रमुख विषय हुन् । नेपालमा पनि बसाइँसराइ जनसङ्ख्या अध्ययनको एक महत्त्वपूर्ण पाटो हो । नेपालको बसाइँसराइको तथ्याङ्क राख्ने काम मूलतः स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई जिम्मा दिइएको छ ।

तथ्याङ्कको रेकर्ड राख्ने हिसाबमा नेपालमा बसाइँसराइको तथ्याङ्क राम्रो नै मानिन्छ । त्यसैमाथि हरेक जनगणनामा पनि बसाइँसराइसम्बन्धि तथ्याङ्क लिने गरिन्छ । सन् १९६१ को जनगणनाबाट बसाइँसराइसम्बन्धि तथ्याङ्क लिने गरिए यता सबै जनगणनामा यो विषय पर्दै आएको छ भने राष्ट्रियस्तरमा सञ्चालित नेपाल जीवनस्तर सर्वेक्षण सन् १९९५/९६ देखि सन् २०१०/११ सम्मको सबै नेपाल जीवनस्तर सर्वेक्षणमा बसाइँसराइ एक प्रमुख विषय बन्दै आएको छ भने २०७४/७५ मा केन्द्रीय तथ्याङ्क विभागले छुट्टै सर्वेक्षण गरेको छ तर प्रतिवेदन अझै आउन सकेको छैन । विश्व बैङ्कको आर्थिक सहयोगमा नेपाल विकास अध्ययन संस्थानले सन् २००९ मा राष्ट्रियस्तरको वैदेशिक रोजगारमा गएकाको मात्र देशव्यापी सर्वेक्षण गरी प्रकाशमा ल्याएको छ जुन आवधिक बसाइँसराइको एक पाटो हो ।

सन् २०११ को जनगणनाको नतिजाअनुसार १०,०५,१०९ मानिसले एउटा विकास क्षेत्रबाट अर्को विकास क्षेत्रमा बसाइँसराइ गरेका छन् जबकी त्यसबेलाका अञ्चलहरूमा बसाइँ सर्नेको सङ्ख्या २०,८८,१७० थियो जुन दोब्बर बन्न आउँछ । त्यसबेला मध्यमाञ्चलले सबैभन्दा बढी बसाइँसराइमा आकर्षण गर्न सफल भएको थियो । पूर्वाञ्चलबाट ४४ प्रतिशत, पश्चिमाञ्चलबाट ४५ प्रतिशत आकर्षित थिए भने पश्चिमाञ्चल दोश्रो ठुलो बसाइँसराइको केन्द्रबिन्दु थियो । मध्यामाञ्चल र पश्चिमाञ्चल बढी आकर्षणको केन्द्र हुनुको कारण काठमाडौँ उपत्यकाको र पोखरा उपत्यकाको शिक्षा, स्वास्थ्य र

यातायातको सुबिधा हुनुपर्दछ । २०११ को जनगणनाअनुसार सबैभन्दा बढी बसाइँसराइ गर्ने जिल्ला स्याङ्जा जहाँ कुल बसाइ सर्ने मध्ये ३३ प्रतिशत अर्थात् १,२६,९४३ जना बसाइँसराइ गरेको पाइएको थियो ।




श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणनामा आधारित पपुलेसन मोनोग्राफ पेज न.३५३

माथिका तथ्याङ्क सन् २०११ को जनगणनामा आधारित दशवर्ष पुरानो भैसकेको छ तर अर्को जनगणना सम्पन्न नभएसम्म र प्रतिवेदन नआएसम्म २०११ को जनगणनालाई नै आधार मान्नुपर्ने हुन्छ तर यसबिचमा केन्द्रीय तथ्याङ्क विभागले नै नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ सम्पन्न गरी प्रतिवेदन प्रकाशन गरिसकेको छ । जसअनुसार नेपालमा आफू जन्मेको ठाउँभन्दा अर्को पालिकामा बस्दै आएको सङ्ख्या ३६.२ प्रतिशत रहेको देखाएको छ ।

## बसाइँसराइ गरेको जनसङ्ख्या

| प्रदेश | बसाइँ सरेकाको जनसङ्ख्या (हजारमा) | कुल जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश १ | १८५४ | ३८.१ |
| प्रदेश २ | १६७३ | २७.९ |
| बागमती | २९१२ | ४७.३ |
| गण्डकी | १०१४ | ४०.२ |
| लुम्बिनी | १६२२ | ३३.७ |
| कर्णाली | ४८४ | २६.१ |
| सुदुर पश्चिम | ९५२ | ३३.८ |
| नेपाल | १०५१० | ३६.२ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग : नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८

यस तथ्याङ्कले के देखाउँछ भने धेरै जनसङ्ख्या एउटा पालिकाबाट अर्को पालिका बसाइँ सर्नेक्रम जारी छ भन्ने जनाउँछ । ३६.२ प्रतिशत बसाइँ सर्नेमा बिदेशबाट बसाइँ सर्ने पनि पर्दछन् र यी खासगरी महिलाहरू बिदेशबाट बिबाह भई आउनेमा पर्दछन् ।

## वैदेशिक रोजगार र आन्तरिक बसाइँसराइको सम्बन्धमा

पहिले वा सन् १९६० भन्दा पनि पहिले नेपाली जो ब्रिटिस र भारतमा लाहुरे भएर जान्थे र पैसा कमाएर ल्याउँथे । ती सबैजना आ-आफ्ना थातथलो/गाँउघरमा बसोबास गर्थे । बाहिर कहीकतै बसाइँसराइ गर्ने गर्दैनथे । बरू गाँउमा राम्रो गैरीखेत किन्दथे वा खरको छानालाई ढुङ्गाको छाना र पछिआएर टिनको छाना फेर्दथे । यसरी त्यसबेलाको वैदेशिक रोजगार र बसाइँसराइसँग प्रत्यक्षसम्बन्ध थिएन । त्यसबेला पनि एक ठाँउबाट अर्को ठाँउ बसाइँ सर्ने क्रम थियो तर त्यो बसाइँसराइ वैदेशिक रोजगारबाट कमाएर ल्याएको विप्रेषणसँग प्रत्यक्षसम्बन्ध थिएन बरू त्यसबेला हुने बसाइँसराइ नयाँ ठाँउबाट समृद्धि, जीविकोपार्जन सुदृढ बनाउन र पुरानो ठाँउमा अभावका कारण नयाँ उपाय खोज्न सरेका हुन्थे ।

सन् १९५० तिरबाट नेपालमा मलेरिया उन्मुलन कार्यक्रम सुरूभई नेपालको तराई भूभाग र नेपालका उपत्यकाहरूमा (जस्तै पोखरा उपत्यका) बिस्तारै बसोबास गर्नलायक भएपछि नेपालका उपत्यकाहरूमा र खासगरी तराई जिल्लाहरूमा पहाडी जिल्लाहरूबाट मानिस बसाइँसराइको ओइरो नै लागेको थियो । जसले गर्दा त्यसबेला राजा बीरेन्द्रले आफ्नो भाषणमा नै बसाइँसराइको बारेमा लामो बयान गरेका थिए भने कवि भूपि शेरचनले बसाइँसराइबारे कविता लेखेका थिए जुन उनको किताब घुम्ने मेचमाथि अन्धो मान्छेमा समाबेस छ । लेखक लिलबहादुर क्षेत्रीको बहुचर्चित उपन्यास बसाइँ पनि यसै सन्दर्भमा आधारित छ ।

अब लर्को लाग्नेगरी औलो नियन्त्रण भएका कारण तराई र उपत्यकामा बसाइँ सर्नेक्रम सन् १९८० ताकानै रोकियो तर १९८० पछि वैदेशिक रोजगारमा नयाँ लाहुरेहरूको सुरूवात भयो जो गैरसैनिक काममा जाने र खासगरी तेलका कारण सम्पन्न हुँदै गरेका खाडीका राष्ट्रहरू साउदीअरब, ओमन, कतार, बहराइन, संयुक्तराष्ट्र अरब र कुवेत जाने क्रम बढ्न थाल्यो र पछि नेपाली युवाहरूको गन्तव्य मुलुक मलेसिया पनि थपियो । अहिले नेपालबाट खाडी राष्ट्रहरूमा र मलेसियामा दैनिक १२०० देखि १५०० सम्म जान थालेका थिए (अहिले कोभिड १९ का कारणले रोकिएको छ) र यी वैदेशिक रोजगारमा जाने युवाहरू प्रायः ग्रामीण भेगका छन् । यसरी गाउँगाउँबाट हुलकाहुल वैदेशिक रोजगारीमा लर्को लागेर जानेक्रम अद्यापी छँदैछ । यिनै वैदेशिक रोजगारीमा गएका युवाहरूले पठाएको पैसाले देशको अर्थतन्त्रलाई चलायमन बनाएको छ र हरेक परिवारको गरिबी घटाउन सहयोग पुगेको छ । पैसा पठाउन थालेपछि पहिले आफ्नो ऋण र आधारभूत आवश्यकता पूरा गरेपछि बिस्तारै वैदेशिक रोजगारमा गएका युवाकी श्रीमती बच्चा पढाउनको लागि नजिकको बजार वा जिल्ला सदरमुकाम वा नजिकको शहरमा परिवार लिई सर्ने गर्दछन् । यसरी बसाइँ सर्ने क्रमलाई माओवादी जनयुद्ब काल (सन् १९९६-२००६) ले झन बढावा दिएको थियो ।

वैदेशिक रोजगारबाट निरन्तर पैसा आउँदै गरेपछि बिस्तारै बजारतिर नै आफूलाई पायकपर्ने ठाउँतिर र आफ्नो आर्थिक क्षमताअनुसारको ठाउँमा घरघडेरी किनी बिस्तारै घरजम बसाइ गाउँबाट बसाइँ सर्ने क्रम जारी छ । त्यसैले आज हिमाल, पहाड र तराईका गाउँहरू रित्तो भएका छन् । त्यसैले वैदेशिक रोजगारमा जानु भनेको प्रायः आफ्नो पुरानो गाउँबाट बसाइ सर्नु भने पनि हुन्छ । यस कारण वैदेशिक रोजगार र नेपालको आन्तरिक बसाइँसराइको प्रत्यक्षसम्बन्ध छ भन्नुमा कुनै अत्युक्ति नहोला ।

# डिमेन्सिया



डा. राजिव ओझा

## परिचय

प्रविधि, रोगको निदान र उपचारको समयसँगै विकास हुँदै गएको परिप्रेक्ष्यमा व्यक्तिको औसतआयु बढ्दै गएको अवश्य छ । सरूवा रोगको निवारणमा उल्लेखनीय उपलब्धी हासिल गरेर ती रोगहरू नियन्त्रणमा आउँदै गर्दा नसर्ने रोगहरूले अबको मानव समुदायमा असर बढ्दै गरेको पाइएको छ । औसतआयु बढ्दै गएकाले उमेरसँगै देखिने रोगहरू जस्तै उच्च रक्तचाप, मधुमेह, हृदयघात, मस्तिष्कघात आदि देखापर्ने क्रममा डिमेन्सिया पनि एक महत्त्वपूर्ण समस्याका रूपमा उदाउँदै छ ।

डिमेन्सिया अथवा मनोभ्रंश एउटा दिमागमा विकार हरूले असर गरेका कारण उत्पन्न हुने लक्षणहरूको सङ्ग्रह हो । यो आफैमा निर्दिष्ट रोग हैन । सम्झिन सक्ने क्षमता, कार्यसम्पादनको क्षमता, सिक्नसक्ने क्षमतामा र व्यवहार, सोच्नसक्ने क्षमता, सामाजिक अन्तरसम्बन्धको क्षमता आदि विस्तारै ह्रास हुँदैजानु यसका मुख्य लक्षण हुन् । यसका साथै भाषासम्बन्धी बुझाइ, ज्ञान लिनसक्ने क्षमता, स्थानसम्बन्धी ज्ञान र विवेकमा समेत कमी हुँदै गएको देख्न सकिन्छ । यी संज्ञानात्मक क्रियाकलापहरू बिग्रेको आधारमा डिमेन्सियाको पहिचान गरिन्छ । अन्योलता, व्यक्तित्व परिवर्तन, उदासिनता, स्मरणशक्तिको क्षयजस्ता मानसिक तथा मनोवैज्ञानिक समस्याहरू सुरूवातमा हुने लक्षणहरू हुन् । दैनिक क्रियाकलापमा पुरानो अवस्थाको कार्यक्षमताबाट उल्लेखनीय ह्रास आउनु र अन्य व्यक्तिको सहायताको आवश्यकता पर्दैजानु यो समस्याको नियति हो । बिरामीका आफन्तजन अझै बढी पीडित हुनेहुनाले यसको रोकथाम तथा उपचारमा विशेष महत्त्व दिनुपर्ने देखिन्छ ।

*डिमेन्सिया अथवा मनोभ्रंश एउटा दिमागमा विकारहरूले असर गरेका कारण उत्पन्न हुने लक्षणहरूको सङ्ग्रह हो । यो आफैमा निर्दिष्ट रोग हैन । सम्झिन सक्ने क्षमता, कार्यसम्पादनको क्षमता, सिक्नसक्ने क्षमतामा र व्यवहार, सोच्नसक्ने क्षमता, सामाजिक अन्तरसम्बन्धको क्षमता आदि विस्तारै ह्रास हुँदैजानु यसका मुख्य लक्षण हुन् ।*

डिमेन्सियाको समस्याले पछिल्लो समयमा हाम्रो समाजलाई निकै पिरोल्दै आएको देखिन्छ । विरामी व्यक्तिको जीवनको उत्तारार्धको समयमा विरामीको हेरचाह गर्नुपर्ने आफन्तजनलाई एउटा बोझको अनुभव हुनु अस्वभाविक हैन । सो समयमा मनोवैज्ञानिक तथा मानसिक सन्तुलन अवश्य पनि चाहिन्छ । उपचार गर्दैगर्दा पनि उल्लेखनीय सुधार नदेखिने तर रोगका कारणले मृत्युवरण गर्न पनि नसकेको अवस्थामा बिरामीमा डिमेन्सियाको समस्याले हेरचाह अझै जटिल बनाउने गर्छ । त्यसैले विरामीको गुणस्तरीय जीवनका निम्ति गरिने उपचार पद्धतिहरूका विभिन्न आयामहरूको बारेमा बिरामीको हेरचाह गर्ने आफन्तजनलाई विस्तृत अवगत गराउनु जरूरी हुन्छ र उपचारको उद्देश्यको निर्क्योल गर्दा बिरामी, आफन्तजन र आवश्यकतालाई मध्यनजर गर्नुपर्ने हुन्छ ।

डा. ओझा, Neurology Department, Tribhuvan University, Teaching Hospital मा प्राध्यापन गर्नुहुन्छ ।

## समस्याको रूपरेखा

वृद्धहरूको जनसङ्ख्या बढ्दैजाँदा डिमेन्सियाको समस्या पनि विश्वभर द्रुतरूपमा वृद्धि हुँदै गइरहेको छ । यो रोग जोकोहीलाई पनि हुनसक्छ । पछिल्लो समयमा यो कम उमेरका जनसङ्ख्यामा पनि बढी देखिन थालेको छ । ६५ वर्षको उमेरभन्दा अगाडि नै डिमेन्सिया भएमा जवान आरम्भ डिमेन्सिया (younger onset dementia) भन्ने गरिन्छ । वेलायतमा ८ लाख पचासहजारभन्दा बढी डिमेन्सियाका बिरामी रहेको र ४२ हजारको उमेर ६५ भन्दा मुनि पाइएको छ । संयुक्त राज्य अमेरिकामा मात्र सन् २०१२ मा ६५ वर्षमाथिका करिव ५२ लाख व्यक्तिहरूमा अल्जाइमर रोगको समस्या रहेको तथ्याङ्कले देखाउँछ । उक्त तथ्याङ्कअनुसार सन् २०२५ सम्म त्यो सङ्ख्या ६७ लाख पुग्ने अनुमान गरिएको छ । सन् २०१७ को तथ्याङ्कले अल्जाइमर रोगलाई ६५ वर्ष उमेर माथिका वृद्धवृद्धाहरूमा मृत्युको छैटौं प्रमुख कारण भनी बताएको छ । सो रोगको आर्थिकभारको हिसाब गर्दा १५७ देखि २१५ खर्ब अमेरिकी डलर खर्च जोडिएको देखिन्छ । त्यो आर्थिकभार सन् २०४० सम्म दुईगुणाले बढ्ने अनुमान गरिएको छ । सोचनीय विषय के छभन्दा लगभग ६० प्रतिशत डिमेन्स्सियाका बिरामीहरू हाम्रोजस्तो विकासोन्मुख मुलुकमा रहेको पाइन्छ र ती बिरामीहरूको जनसङ्ख्या सन् २०५० सम्म ७१ प्रतिशत हाम्रोजस्तो देशहरूमा हुने प्रक्षेपण पनि गरिएको छ । सन् २०२० मा विश्व स्वास्थ्य संगठनको तथ्याङ्कअनुसार विश्वमा ५ करोड जनसङ्ख्या डिमेन्सियाको समस्याले ग्रसित छन् । जसमध्येमा ६० प्रतिशत अल्जाइमर रोग प्रमुख कारण भनिएको छ । १ वर्षमा करिब १ करोड डिमेन्सियाका नयाँ बिरामीहरू थपिने गरेकाले समस्या विकराल हुने अवश्यम्भावी छ । यो दरमा प्रत्येक ३.२ सेकेन्डमा एक डिमेन्सियाको बिरामी थपिने देखिन्छ । उमेर छिप्पिँदै जाँदा शरीर पनि कमजोर हुनेगर्छ । दृष्टि र श्रवणशक्ति पनि कमजोर हुँदैजान्छ । सामान्य दूरी तय गर्न र दैनिक क्रियाकलाप गर्न पनि धौधौ हुन्छ । त्यसमाथि डिमेन्सियाको समस्याले जीवनयापनमा कठिनाइ कयौंगुणाले बढ्नेगर्छ । प्रबिधिको विकासले मनुष्यको औसतआयु बढेको हुनाले डिमेन्सियाको समस्या हाल अग्रपङ्क्तिमा आउन खोज्दै छ । डिमेन्सियाका कारण मृत्यु हुने अधिकांश व्यक्तिहरू नर्सिङ तथा केयरहोममा प्राणत्याग गर्ने गरेको पाइन्छ । थोरै जनसङ्ख्या मात्र आफ्नो घरमा पारिवारिक रेखदेखमा प्राणत्याग गर्ने सौभाग्य प्राप्त गर्छन् । यस समस्याले विरामीको अवस्था दयनीय हुने कुरा त बिदितै छ । साथमा बिरामीको हेरचाह गर्ने व्यक्तिले पनि उत्तिकै दुःख पाएको अनुभव बताउने गर्छन् । हरेक दिन विरामीसँगको धैर्यताको परीक्षामा आफन्तजन कुनै समयमा चुक्नु स्वभाविक पनि हो ।  त्यसैले विरामीका साथसाथै हेरचाह गर्ने आफन्तजनलाई मानसिक तथा मनोवैज्ञानिक टेवा पुग्ने किसिमका सेवासुविधाहरूको बारेमा गम्भीर हुनु आजको आवश्यकता हो ।

विद्यमान सामाजिक मूल्यमान्यतालाई ठेस नपुग्ने गरी गुणस्तरीय उपचारको परामर्श दिनसक्नु चिकित्सकको दायित्व हो । भौगोलिक तथा साँस्कृतिक भिन्नताले पनि डिमेन्सियाको उपचारको प्रकार, गुणस्तर तथा लक्ष्यमा प्रभाव पारेको पाइन्छ । उदाहरणको निम्ति दक्षिणी अमेरिकामा बिरामी ठिक हुने झिनोआश हुँदा पनि उपचारको लागि अन्तिम श्वाससम्म सघनकक्षमा भए पनि राखेर उपचार गर्न पछि हट्दैनन् । जेजस्तो व्यक्तिगत संस्कार भए पनि मूल्यमान्यतालाई सम्मान गर्दै वैज्ञानिक उपचारका लागि परामर्श दिनुपर्ने हुन्छ ।

## कारक तत्वहरू

केही अनुसन्धानहरूले डिमेन्सियालाई अशिक्षा तथा गरिबी, उच्च रक्तचाप, मधुमेह, निष्क्रिय जीवनशैली, श्रवणशक्तिमा कमी, धुम्रपान, मदिरासेवन, एक्लोपन, डिप्रेसन, वातावरण प्रदूषण, दुर्घटनाबाट मस्तिष्कमा चोट र मोटोपन गरी कुल १२ कारक तत्वहरूसँग जोडिएको पुष्टि गरेका छन् । लगभग ३५ देखि ४० प्रतिशत डिमेन्सियाका बिरामीहरू यिनै जोगिन सकिने १२ वटा कारक तत्वहरूले भूमिका खेलेको पाइन्छ ।

**उमेर :** उमेर आफै पनि अल्जाइमर रोगको एउटा प्रमुख कारण हो । ६० वर्ष उपरान्त प्रत्येक दश वर्षमा यसको जोखिम दुईगुणा बढ्नेगर्छ । ८५ प्रतिशत डिमेन्सियाका बिरामीहरू ७५ वर्ष उमेर माथिका वृद्धवृद्धाहरू हुनेगर्छन् । नर्सिङ तथा केयरहोममा भर्ना भएका ५० प्रतिशत बिरामी डिमेन्सियाले पीडित हुने अनुमान छ तर यति भन्दै गर्दा डिमेन्सिया सबै बुढाबुढीलाई हुन्छ भन्ने हुँदैन र यो बुढ्याउलीको सामान्य हिस्सा हो भनेर भन्न पनि मिल्दैन । यो धेरैजसो विभिन्न कारकतत्त्व भएका व्यक्तिमा दिमाग तथा स्नायु रोगको कारणले हुनसक्छ भनेर बुझ्नुपर्छ ।

**वंशाणु :** बाबुआमामा अल्जाइन्मर रोग रहेछ भने सन्तानमा त्यसको जोखिम दुईगुणाले बढी हुन्छ । विभिन्न जिनहरूको अध्ययनले अलजाइमर रोगलाई वंशाणुगत कारणसँग जोड्न सफल भएको छ तर जिनहरूलाई नै दोष लगाउन मिल्ने जम्मा १ प्रतिशत अल्जाइमर रोगीहरू मात्र हुनेगर्दछ । कोषको विभिन्न जिनमा हुने म्युटेसनलाई अल्जाइमरको कारण मानिएको छ । वंशाणुगत अल्जाइमरको विशेषता कम उमेरमा नै लक्षणहरू देखिनु मानिन्छ ।

**उच्च रक्तचाप :** लामो समयको अध्ययनअनुसार जीवनको मध्ये उमेर अर्थात् ४०-४५ वर्ष उमेर हुँदा उच्च रक्तचापको समस्या देखिएमा कालान्तरमा डिमेन्सियाको एक कारकतत्त्वकारूपमा यसलाई मानिन्छ । उच्च रक्तचापले दिमागका रक्तनलीहरूमा रगतको सम्वाहनलाई असर गर्ने हुनाले स्नायु प्रणालीमा क्षति पुऱ्याउने काम गर्छ । जसले गर्दा स्मरणशक्तिमा कमी हुनेहुन्छ । सिकाइसम्बन्धी विकार उत्पन्न हुनेगर्छ । जसलाई vascular dementia पनि भनिन्छ । अध्ययनमा करिब २५ देखि ५० प्रतिशत डिमेन्सियाका बिरामीहरूमा vascular dementia देखिएको छ । अल्जाइमर रोग पछिको दोश्रो प्रमुख कारणकारूपमा स्थापित भैसकेको छ । यो अल्जाइमर र भस्कुलर डिमेन्सिया एउटै व्यक्तिमा पनि बढी पाइएको छ । ६५ वर्ष उमेर माथिका लगभग २ प्रतिशत बिरामीहरूमा यस्तो भास्कुलर डिमेन्सिया देखिने गरेको छ । यस्तो डिमेन्सिया बिस्तारै व्यक्तिको स्मरणशक्ति र सिक्नसक्ने क्षमतालाई असर गर्दैजान्छ । कतिपय अवस्थामा सूक्ष्म लक्षणहरू मात्रै देखापर्ने गर्छन् जसलाई बुढ्यौउलीको समस्या भनेर वास्ता गरिँदैन । यस्तो डिमेन्सियामा अरू डिमेन्सियाजस्तै डिप्रेसन, दृष्टिभ्रम, सुस्तता आदि पनि देखिनेगर्छ । त्यसैले ४५-६५ वर्ष उमेरतिर रक्तचाप १३०/८०(mmHg) भन्दा कम हुनुपर्ने अध्ययनहरूले सिफारिस गरेका छन् ।

**मधुमेह तथा कोलेस्टेरोल :** मधुमेह रोगमा रगतमा सुगरको मात्रा नियन्त्रणमा नहुँदा व्यक्तिको स्मरणशक्तिलगायत ससाना कार्यकुशलतामा ह्रासआउने अध्ययनले देखाएको छ । रगतमा सुगरको मात्रा बढी र कम हुनु दुवैले डिमेन्सियामा उत्तिकै भूमिका खेल्ने अध्ययनमा देखिएको छ । मस्तिष्कमा सुगर प्रशोधन गर्नसक्ने क्षमतामा कमीका कारणले डिमेन्सिया हुनसक्ने भनेर भनिएको छ । HbA1C ले रगतमा विगत ३ महिनाको सुगरको अवस्था जनाउने गर्छ । HbA1C जति बढी हुन्छ त्यति नै डिमेन्सियाको समस्या बढी हुने गरेको पाइएको छ । रगतमा कोलेस्टेरोलको मात्रा बढी हुने व्यक्तिहरूमा डिमेन्सियाको जोखिम बढी देखिने गरेको छ ।

**जीवनशैली र वातावरण :** निष्क्रिय जीवनशैली, अशिक्षा, चुरोट, रक्सी सबै डिमेन्सियालाई कुनै न कुनै तरिकाले बढाउने कुरा सत्य सावित भएको छ । त्यस्तै दुर्घटना भएर टाउकामा चोटपटक लाग्नु पनि डिमेन्सियाको कारणमा मानिन्छ । शरीरमा संक्रमण, वातावरणमा प्रदूषण पनि सबै डिमेन्सियाका कारक मानिने गर्छ । विशेषगरी धुम्रपानलाई निकै खराब तत्त्वकारूपमा पुष्टि गरिएको देखिन्छ । मुटुसम्बन्धी रोगलाई अत्यन्तै नराम्रो मानिने धुम्रपानले मस्तिष्कमासमेत स्नायु प्रणालीमा नकारात्मक असर पार्नेदेखिन्छ ।

**मोटोपन :** हाल बढ्दै गरेको मोटोपनले आउँदो भविष्यमा डिमेन्सियाको समस्या धेरै गुणा बढ्ने अनुमान गरिएको छ । डिमेन्सियाको समस्या भएका व्यक्तिहरूको जीवनलाई फर्केर अध्ययन गर्दा

अधिकांश व्यक्तिहरूमा मध्यउमेरको सेरोफेरोमा मोटोपना रहेको पाइएको छ । अधिकांश नसर्ने रोगहरूमा मोटोपनलाई कारकतत्त्व मानिँदै आएकामा डिमेन्सियासँग पनि यसलाई जोडेर हेर्ने गरिएको छ । त्यसैले त विशेषरूपमा पेटको मोटोपनलाई एउटा भयावह रोगकैरूपमा मान्न थालिएको छ । दक्षिण एसियामा यसले धेरै चर्चा पाइरहेको देखिन्छ ।

## लक्षणहरू

डिमेन्सियामा प्रारम्भिक लक्षणमा स्मरणशक्ति कमजोर हुँदैजाने देखिन्छ । अल्जाइमर रोगमा विशेष गरी समय र स्थानको स्मरणमा असर पर्नेगर्छ । भर्खर घटेका कुराहरूको स्मरण (Recent memory) गर्ने क्षमतामा कमी हुनु यस रोगको लक्षण हो । हालसालै घटेका घटनाहरू बिर्सनेक्रम बढ्दै गएर पुराना स्मृतिहरू पनि बिर्सिने हुन्छ । सिक्नसक्ने क्षमता, सीप आर्जन गर्ने क्षमता, भाषा बुझ्नसक्ने क्षमता, सामाजिक व्यवहार, इष्टमित्र र स्वजनसँग अन्तक्रिया, आफ्नो दैनिक क्रियाकलाप जस्तै बजार जानुआउनु, खाना पकाउँदा पकाउँदै बिर्सिनु आदिमा समस्या देखिँदै जान्छ ।

केही व्यक्तिहरूमा चिड्चिडाहट, उत्तेजना, विनाकारण धेरै खुसी हुने, आत्तिने, असामाजिक व्यवहार, भट्किने, समाजबाट एक्लिने, विक्षिप्तता, दृष्टिभ्रम, एक्लै हिँड्ने, बहुलठ्ठीपन, मतिभ्रम आदि पनि देख्न सकिन्छ । बिरामीको निद्रा पनि खण्डित हुने र धेरै समय बेडमा जागै बसिरहनुका साथसाथै गन्धहरू पनि थाहा नपाउने हुनसक्छ । उक्त कुरा परिवारका सदस्यले चिकित्सकलाई भेट्दा भन्ने गरेको पाइन्छ । अल्जाइमर रोगले बिरामीलाई त गलाउँदै लैजान्छ साथमा परिवारमा हेरचाह गर्ने कठिनाइले समयसँगै दिक्दारी बढ्दै जानेगर्छ । कुनै अवस्थामा बिरामी निष्क्रिय रहने, कुनै समयमा उत्तेजित हुने, अभद्र व्यवहार, अश्लीलता प्रदर्शन गर्नुले यस रोगको उपचारक्रममा निकै तनाव महसुस हुनेगर्छ । परिवारजनमा निराशा पनि उत्तिकै देखिने गर्छ ।

## उपचार

अल्जाइमर रोगको उपचारमा केही औषधीहरू प्रयोग गर्नेगरिन्छ । Donepezil, Galantamine, Rivastigmine लगायत memantine नामका औषधीहरूले केही फाइदा भने देखाउने गर्छन् । यी औषधीहरूले दिमागको स्नायु प्रणालीमा रसायनिकतत्त्वको सन्तुलन मिलाएर काम गर्नेगर्छ । अन्य रोगहरूमा जस्तो आशालाग्दो सुधार नदेखिए पनि केही हदसम्म सुधार देखिने हुनाले चिकित्सकको सल्लाहबमोजिम औषधी प्रयोग गर्नसकिन्छ ।

औषधीहरू मात्र नभएर विभिन्न लक्षणहरूलाई व्यवाहरिक उपायहरू अपनाउन सकिन्छ । उदाहरणका लागि छट्पटी हुँदा ध्यान समस्याबाट हटाएर अरु क्रियाकलापमा केन्द्रित गराउने विधिलाई "Distraction and Redirection" भन्ने गरिन्छ । बिरामी आक्रामक र उत्तेजित हुँदा धैर्य गरेर शान्त प्रतिक्रिया दिने बानी विकास गर्दा त्यो उत्तेजना आफै शान्त हुने गरेको देखिन्छ । निदाउने समय र उठ्ने समय सकेसम्म एउटै समय राख्ने प्रयास गर्दा उत्तेजना, छट्पटी र निद्राको समस्या कम भएको पाइन्छ । सक्रियता बढाउने हेतुले केही व्यायामहरू र संगीतद्वारा उपचार (music therapy) पद्धतिले व्यक्तिको अन्तस्करणलाई स्वस्थ राख्न मद्दत गर्छ । नृत्य, नाटक कलाले पनि व्यक्तिलाई प्रफुल्लित बनाउन मद्दत गरेको पाइन्छ र सक्रिय संलग्नताले रोगका लक्षणहरूसँग जुध्न बिरामी र परिवारलाई सहयोग पुऱ्याएको पाइन्छ । शरीर मालिस गर्ने, तेल लगाउने र नुहाउने प्रकृतिका क्रियाकलापले पनि बिरामीका लक्षणहरू नियन्त्रण भएको परिवारले भन्ने गर्छन् । तसर्थ प्रभावकारी औषधीको विकास नहुँदासम्म यो डिमेन्सियाको समस्यालाई हेरचाह गर्ने व्यक्तिले घरेलु उपायहरूलाई भरपुर प्रयोग गर्नुको विकल्प नहुनसक्छ । यस्तो अवस्थामा रेखदेख गर्ने व्यक्तिहरूलाई पनि रोगको प्रकृति र गैरऔषधीय उपचारका बारेमा मनोवैज्ञानिक परामर्श गर्नुले बिरामीहरू नर्सिङ होम तथा

केयर होममा भर्ना हुने सङ्ख्या कम हुने देखिन्छ । भविष्यमा उमेर बढ्दै जाँदा जो कोहीलाई पनि यो समस्या देखिन सक्ने हुनाले यस रोगका लक्षणहरूलाई आत्मसात गरेर सकारात्मक दृष्टिकोणका साथ उपचार गर्नु नै आजको आवश्यकता हो ।

कलाद्वारा उपचार (Art therapy) अर्थात् कलाको माध्यमबाट व्यक्तिलाई जीवनमा सार्थकता, आत्मविश्वास, सामाजिक सक्रियता, स्नायु प्रणालीमा चुस्तता आदि प्राप्त गर्ने मौका मिल्नसक्छ । स्मरणशक्तिलाई चुनौती दिने किसिमका कार्यहरूले स्मृतिहरूलाई ताजा बनाउने र प्रोत्साहन गरेर बिरामीलाई केही फाइदा पुऱ्याउन सकिन्छ ।

डिमेन्सियाको समस्यामा मनोवैज्ञानिक लक्षणहरू पनि देखिने हुनाले विवेकपूर्ण तवरले व्यवस्थापन गर्नुपर्ने हुन्छ । व्यवहारमा परिवर्तन, चिड्चिडाहट आदि शरीरमा संक्रमण, औषधीहरूको साइड इफेक्ट वा रोग आफैले गर्दा पनि हुन्छ । त्यसैले रोग र किटाणुको संक्रमणलाई छुट्याउनु अपरिहार्य हुन्छ । पिसाबको सङ्क्रमण, दिमागको सङ्क्रमणले डिमेन्सियाका लक्षणहरू अझै जटिल हुनसक्ने हुन्छन् । डिमेन्सियाका बिरामीमा हेर्ने र सुन्ने शक्ति कम हुँदा छट्पटी बढ्ने हुनसक्छ । प्रायः बिरामीहरूमा दृष्टि र स्वर्णशक्ति दुवैमा कमजोरी देखिने हुनाले त्यसलाई सुदृढ गर्नुपर्ने हुन्छ । चस्मा, सुन्ने यंत्रहरूले सो कार्यलाई सहयोग पुऱ्याउन सकिन्छ । इष्टमित्रहरू सँग अन्तरसंवाद नहुनाले डिमेन्सियाका लक्षणहरू बिग्रिँदै जाने हुनसक्छ । तसर्थ बुढ्यौलीको समस्या भनेर दृष्टि र स्वर्ण कमजोरीपनलाई यत्तिकै छोड्न मिल्दैन । बिरामीको संवाद गर्ने माध्यमलाई बलियो बनाउन प्रयास गर्नुपर्छ ।

## मनोवैज्ञानिक उपचार

डिमेन्सियामा मनोविज्ञानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले बिरामीको हेरचाह गर्ने परिवारका सदस्यलाई मनोवैज्ञानिक परामर्श जरूरी हुन्छ । निम्न मनोवैज्ञानिक उपचारका कदमहरू स्वजनले लिएमा लक्षणहरूको व्यवस्थापन गर्नसकिन्छ ।

१. दैनिक क्रियाकलापमा समयको नियमितता
२. बिरामिले नरूचाउने कुराहरूबाट टाढा राख्ने
३. दुखाइ, कब्जियतलगायत स्वास्थ्य समस्याहरू नियमित निक्यौल गर्ने
४. बिरामीका कुराहरूमा ठाडो असहमति नजनाउने ।
५. शारीरिक अन्तक्रिया, जस्तैः स्पर्श गर्ने, आँखामा हेर्ने, टाउको सुम्सुम्याउने, मालिस गर्ने, बराबर उचाइमा बसेर मायालु कुरा गर्ने, फोटो आदि देखाउने ।
६. बिरामीसँग सुस्त बोल्ने, मधुर स्वरमा कुरा गर्ने, प्रतिक्रियाको लागि हतार नगरी धैर्य गर्ने ।
७. गालिगलौज नगर्ने, औंला नतेर्सयाउने, धम्कीको स्वर नबोल्ने ।
८. बिरामीले रूचाउने कार्यहरू, खाना, दृश्यहरू देखाएर संलग्न बनाइरहने ।
९. आफ्ना कुराले बिरामी आक्रामक हुने स्थिति आएमा कोठाबाट केही समय बाहिर निस्किने र शान्त भैसकेपछि पुनः संवाद गर्ने ।
१०. उत्तेजित गराउने कुराहरूको प्रसङ्ग नै बन्द गर्ने र पुनः नदोहोऱ्याउन हेक्का राख्ने ।
११. मायाको भाव दर्साउने र बिरामीको मर्म बुझेको अनुभूति दिलाउने ।

डिमेन्सियाका बिरामीमा विशेष गरेर निद्रा नपर्ने, जागाराम रहने, दिउँसो झुम्म हुने आदि समस्या देखापर्ने गर्छन् । साँझ पर्ने समयमा छट्पटी पनि बढ्ने हुन्छ । यस्तो समस्याको समाधानका लागि बस्ने वातावरणमा परिवर्तन ल्याउन सकिन्छ । जस्तै कोठालाई राति आध्यारो बनाउने, दिउसो उज्यालो बनाउने, राति ध्वनि र आवाजहरू कम गर्ने, राति बारम्बार उठ्न कम गर्ने आदि गर्न सकेमा निद्रामा गुणस्तर र नियमितता प्राप्त गर्नसकिन्छ ।

डिमेन्सियाका बिरामीहरूमा एकोहोरोपन र महत्त्वहीनता महसुस हुँदा दिक्दारी बढ्नेहुन्छ । कुनै न कुनै समयमा यी बिरामीहरू डिप्रेसनको सिकार भएको पाइन्छ । यस्तो अवस्थामा व्यक्तिले आफ्नो कुरा प्रकट गर्न आक्रामक र उत्तेजक हुनसक्ने हुन्छ । समस्या जटिल भएमा मनोचिकित्सकको सल्लाहअनुसार औषधी सेवन गर्नसकिन्छ । यस्तो डिमेन्सियाका बिरामीलाई औषधी प्रयोग गर्दा विशेष ध्यान पुऱ्याउनु पर्नेहुन्छ । रूघाखोकीमा दिने औषधीहरूले लक्षणलाई बल्झाउन सक्नेहुन्छ । डायजेपाम (Diazepam) जस्ता औषधीहरूले पनि उत्तेजना शान्त गर्नुको साटो झन बढाउने गरेको पाइन्छ । त्यसैले यस्ता बिरामीको उपचारमा औषधी प्रयोग गर्न निकै ध्यान दिनुपर्ने हुनाले चिकित्सकको सल्लाह लिनु राम्रो हुन्छ ।

## के यसको रोकथाम छ त ?

रोकथाम गर्ने उपायले पुरै रोकथाम गर्न नसकिए पनि धेरै हदसम्म फाइदा हुनसक्ने कुरा छिटो र कम उमेरमा रोग लाग्नबाट बचाउन सकिन्छ । यस रोगका लागि ठोस प्रभावकारी औषधी विकास हुनेक्रममा छन् तर हालको अवस्थामा लक्षण न्युनीकरण र रोकथाम नै उपचारको मुख्य पाटो रहेको छ । ४० प्रतिशत डिमेन्सियाका बिरामीहरूले समस्याको निदानपश्चात् आफूलाई हेला गरेको महसुस गर्ने गरेको अध्ययनले देखाएको छ । चारजनामध्ये एकजनाले आफ्नो समस्या सामाजिक तिरस्कारको भयले लुकाउने गरेको पाइएको छ । यस समस्याका रोकथामका उपायहरूका बारेमा पनि केही चर्चा गर्नु उत्तम रहनेछ । डिमेन्सिया रोकथामका लागि कुनै पनि उमेर ढिला वा छिटो भन्ने हुँदैन अर्थात् सकेसम्म सानो उमेरबाटै ध्यान दिनु राम्रो हुन्छ ।

### शिक्षा प्राप्ति

मस्तिष्कको विकास भ्रुण अवस्थादेखि सुनौलो हजार दिनमा अधिकतम् विकास हुने कुरा सर्वविदित नै छ । तत्पश्चात् स्नायु प्रणालीको विकास (neuroplasticity) किशोरावस्थामा अधिक हुनेहुँदा शिक्षा प्राप्तिलाई डिमेन्सिया रोकथाममा महत्त्वपूर्ण अङ्ग मानिएको छ । २० वर्ष उमेरपश्चात् शिक्षा आर्जनले धेरै भूमिका नखेल्ने हुनाले किशोरावस्थासम्म गुणस्तरीय उच्च शिक्षासम्म हासिल गर्न सकेमा पछि डिमेन्सिया कम देखिनसक्छ । मस्तिष्कलाई कलिलो उमेरमा विकास गर्न संरचनात्मक अभ्यासहरू स्कुलको पाठ्यक्रममा समावेश गर्न नीतिगत निर्णय गरेमा सरकारको योगदान ठहरिनेछ ।

### नियमित व्यायाम

नियमित व्यायाम गर्ने व्यक्तिहरूमा डिमेन्सियाको समस्या कम रहेको पाइएको छ । व्यायाम र डिमेन्सियाको ठोस सम्बन्ध पुष्टि हुनेक्रममै रहेको छ । रक्तचाप, डायबिटिज, मोटोपन सबै डिमेन्सियका कारकतत्त्वहरू मानिएकामा यी सबैमा व्यायामको सकारात्मक परिणामलाई विज्ञानले पुष्टि गरिसकेको छ । बेफाइदा पनि कुनै नदेखिएकाले नियमित व्यायाम, योगा आदिलाई प्रबर्धन गर्नु मनासिव नै हुनसक्छ । त्यस्ता व्यक्तिहरूको दिमागमा राम्रा रसायनतत्त्वहरू वृद्धि हुने र स्नायु कोषिकालाई दुरूस्त राख्नसक्ने भनी न्युरो वैज्ञानिकहरूले प्रस्ताव गरेका छन् ।

### संरचनात्मक अभ्यास (cognitive exercise)

विभिन्न संरचनात्मक, सम्वेदनात्मक अभ्यास गर्ने बानी भएका व्यक्तिहरूमा डिमेन्सियाको समस्या कम पाइएको छ । कमसेकम ढिलो उमेरमा भए पनि डिमेन्सियाको समस्या सुरू हुनसक्ने देखिएको छ । समस्या समाधान गर्ने अभ्यासहरूले दिमागलाई चुस्त राख्न मद्दत गर्नेगर्छ । नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा सन् २०१९ को तथ्याङ्क ले ६० वर्ष उमेर माथिको जनसङ्ख्या ८.७ प्रतिशत रहेको देखिन्छ भने सो सङ्ख्या सन् २०५० मा १८.६ प्रतिशत पुग्ने अनुमान छ । वृद्धवृद्धाको जनसङ्ख्या सँगसँगै

डिमेन्सियाको घटनाहरू पनि बढ्ने अवश्यम्भावी छ । अल्जाइमर रोगको निदान गर्न सजिलो भए पनि ठोस उपचार भने अझै आइसकेको छैन । गुमाउन लागेको स्मरणशक्तिलाई सहयोग पुऱ्याउने हेतुले संरचनात्मक (cognitive) अभ्यासहरू गर्नु उत्तम हुन्छ । उदाहरणस्वरूप चीनमा ६५ वर्ष कटेका मानिसहरूलाई प्रौढ शिक्षा सञ्चालन गरेर स्मरणशक्ति तथा व्यक्ति विकासमा सफल कार्यक्रमहरू स्थापना गरिएका छन् ।

## जीवनशैली

विशेषगरी स्वस्थ जीवन जिउनु यसको रोकथामका लागि प्राथमिकता हुनुपर्छ । धुम्रपान, मदिरासेवन र विषादीयुक्त खानपिन परित्याग गर्नुपर्छ । द ल्यान्सेट (The Lancet) मा छापिएको सोधपत्रअनुसार धुम्रपान चारवर्ष छोड्दा पनि आउँदो ८ वर्षसम्म डिमेन्सियाको जोखिम निकै कम हुने देखाएको छ । साथसाथै चुरोट खानेहरूको संगतमा बस्नेहरूमा पनि यसको जोखिम बढिहुने देखाएको छ । धुम्रपानको विषयमा वर्जित नै गरिने सन्देशप्रवाह व्याप्त भए पनि रक्सिजन्य पदार्थमा भने त्यस्तो गरेको पाइँदैन । मदिरा थोरै मात्रामा खान मिल्ने कुरालाई इन्टरनेट सामाजिक सञ्जालमा निकै तदारूकताका साथ फैलाइएको पाइन्छ तर समग्र स्वास्थ्य र मनोविज्ञान अध्ययन गर्दा रक्सिजन्य पदार्थलाई दुरूत्साहन नै गर्नुपर्ने हुन्छ । अत्याधिक रक्सी सेवनले डिमेन्सियाको जोखिम ह्वात्तै बढ्ने देखिएको छ । शुद्ध खानपिनले शरीरका कोषिकाहरू अब्बल रहने गर्छन् ।WHO काअनुसार डिमेसिया रोकथाममा mediterranean diet को अवधारणा अघि सारेको छ । जसमा हरियो सागपात, फलफूल, गेडागुडी, अन्न मुख्यरूपमा पर्नेगर्छन् ।

नियमित शारीरिक व्यायाम र सामाजिक अन्तक्रियाका क्रियाकलापमा सम्लग्नता हुनु जीवन सक्रिय बनाउनु हो । सक्रिय जीवन जिउने कलाले मस्तिष्कलाई पनि सक्रिय बनाइराख्ने हुँदा स्मरणशक्ति बलियो बनाउन मद्दत गर्छ र यस्तो स्वस्थ जीवनशैली रोग लाग्नुभन्दा धेरै पहिले स्वस्थ रहेको अवस्थामा अपनाउन सकेको खण्डमा डिमेन्सियाबाट धेरै हदसम्म बच्न सकिने केही अनुसन्धानले देखाएका छन् । शुद्ध खानपिनले शरीरका कोषिकाहरू अब्बल रहने गर्छन् । फलफूल, सागपात, माछाको सेवन धेरै गर्ने व्यक्तिहरूमा डिमेन्सियाको जोखिम कम पाइएको छ ।

## रक्तनलीय जोखिम न्युनीकरण

उच्च रक्तचाप र मधुमेह भएका बिरामीहरूले औषधी नियमित सेवन गरेर पनि डिमेन्सियालाई केही हदसम्म रोकथाम गर्नसकिन्छ । भास्कुलर डिमेन्सिया अल्जाइमरसँगै देखिने हुनाले यसको उपचार गरेमा अवश्य फाइदा देखिनसक्छ । साथसाथै रक्तचाप र मधुमेहका औषधी प्रभावकारी हुनाले सो रोगहरूको नियन्त्रणले मुटुसम्बन्धी, पक्षघातसम्बन्धी रोगबाट केही हदसम्म जोगिन सकिन्छ । बाराम्बार हुने स-सानो पक्षघातले पनि डिमेन्सियालाई बढाउने हुनाले त्यसको रोकथाम हितकारी नै मान्न सकिन्छ । अल्जाइमर रोग र भास्कुलर डिमेन्सिया दुवैमा रक्तनलीलाई कमजोर बनाउने विभिन्न माथि उल्लेखित तत्त्वहरू हावी भएको पाइन्छ । जुन व्यक्तिले ४० वर्षको उमेर आसपासमा धुम्रपान, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या देख्छन् त्यस्ता मानिसहरूलाई भविष्यमा डिमेन्सिया हुने जोखिम बढी हुने पुष्टि भएको छ । यी सबको रोकथाममा सानै उमेरदेखि नै स्वस्थ जीवनशैली अवलम्बन गर्नु बुद्धिमानी हुन्छ ।

## उपचारयोग्य कारणहरू

अल्जाइमर रोग डिमेन्सियाको प्रमुख कारण भए पनि धेरै कारणहरू उपचार योग्य हुन्छन् । रक्सी सेवन, भिटामिन बि-१२ को कमी, थाइराइडको समस्या, मस्तिष्कको ट्युमर तथा मस्तिष्कको कोठामा पानी भरिने, भृडी, मस्तिष्कको इन्फेक्सन आदि उपचार गरेमा ठिक हुनसक्ने समस्याहरू हुन् ।

त्यसैले कसैलाई डिमेन्सियाको समस्या देखिँदैमा पागलको संज्ञा दिनु र उपचारबाट हरेस खाइहाल्नु पर्ने स्थिति भने हुँदैन ।

डिमेन्सियाको समस्यालाई हेर्ने दृष्टिकोण परिवर्तन हुनु आजको आवश्यकता हो । यसलाई पागलपनसँग दाँजेर हेर्ने हुनाले समाजमा लान्छना लाग्ने गरेको पाइन्छ । त्यसैले यस समस्याको बारेमा शिक्षा तथा जनचेतना फैलाउने, डिमेन्सियाका बिरामीलाई एक्ल्याउने काम बन्द गर्ने, सामाजिक कार्यमा सहभागी बनाउने, प्राथमिक उपचार केन्द्रका कर्मचारीलाई तालिम व्यवस्थापन गर्ने नीति लिनु अपरिहार्य देखिन्छ ।

## सरकारको भूमिका

डिमेन्सियाको समस्या दिन प्रतिदिन विकराल हुँदै गए पनि सरकारको नीति तथा बजेट कार्यक्रममा विशेष ग्राह्यता अझै प्राप्त गर्न नसकेकाले यस समस्याको सम्बोधनमा ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ । औषधी उपचारमा आर्थिक सहयोगका साथसाथै बुढ्यौलीको रोगको लागि भनेर चिकित्सकलाई विशेष तालिमको व्यवस्था गर्नुपर्छ । स्वास्थ्यकर्मीलाई तालिमको व्यवस्था गरेर यस समस्याको निदान र उपचारमा विशेष मद्दत गर्नसकिन्छ । यस समस्यालाई घरपरिवारले पागलपनको संज्ञा दिने हुनाले डिमेन्सियालाई पनि अरू जनचेतनामूलक कार्यक्रमका साथमा जोडेर प्रस्तुत गर्नुपर्ने देखिन्छ । चेतना सुधार नभई यस समस्यालाई हेर्ने दृष्टिकोण परिवर्तन हुनसक्दैन । स्कुलको पाठ्यक्रमदेखि विभिन्न तहका पाठ्यक्रममा अनिवार्य एउटा चेतनामूलक पाठ समावेश गर्न सकिएमा दीर्घकालीन जनचेतना वृद्धिमा सहयोग पुग्नसक्छ । वृद्धभत्ता दिने कार्यक्रमले केही राहत मिलेको अनुभव वृद्धहरूबाट सुन्ने गरिएको छ । त्यसमा डिमेन्सियाका बिरामी रेखदेख गर्नका निम्ति चिकित्सकको सिफारिसमा थप बजेटको व्यवस्था गर्न सकेमा पारिवारिक हेरचाह राम्रो हुनसक्छ । मन्दिर, गिर्जाघर, मस्जिदजस्ता धार्मिकस्थलहरूमा वृद्धहरूको बाहुल्यता देखिने हुनाले डिमेन्सियासम्बन्धी जनचेतना कार्यक्रमहरू गर्नसकिन्छ । विविध सांस्कृतिक विशेषता बोकेको हाम्रोजस्तो देशलाई माटो सुहाउँदो उपचार पद्धतिको विकास गर्न डिमेन्सियामा खोज अनुसन्धानको लागि पहल गर्नुपर्ने हुन्छ । डिमेन्सियाको आधिकारिक तथ्याङ्क पनि यकिन गर्नसक्नु पहिलो खुड्किलो हुनसक्छ ।

डिमेन्सिया लक्षित नीति तथा नियमहरू तय नभएको, डिमेन्सियामा पारङ्गत स्वास्थ्यविद्हरूको अभाव भएको र पुर्नस्थापना केन्द्रहरू नभएको अवस्थामा डिमेन्सियाको समस्यालाई सम्बोधन गर्न गम्भीर हुनुपर्ने देखिन्छ । नेपालमा नै डिमेन्सियाको चेतना नभएको समयमा काठमाडौं बाहिर यस समस्याको दूरावस्था अकल्पनीय हुनसक्छ । स्वास्थ्य सेवाका मुख्य पात्र मानिएका सेवाप्रदायक जिल्ला अस्पतालहरूमा समेत डिमेन्सियाको बारेमा चासो न्युन देखिन्छ । सरकारले यस क्षेत्रमा गर्नसक्ने कार्यहरू निम्नानुसार बुँदागत गरिएको छ ।

१. सरकारले राष्ट्रिय तथा क्षेत्रीय नीति, रणनीति र कानुन तर्जुमा गर्नसक्ने र सो प्रक्रियामा डिमेन्सियाका बिरामी र स्वजनको प्रत्यक्ष संलग्नता सुनिश्चित गर्नसक्ने ।
२. सरकारको स्वास्थ्या शाखामा डिमेन्सिया उपशाखा सिर्जना गरी विशेष जिम्मेवारी, भूमिका र त्रैमासिक कार्यसम्पादन मूल्याङ्कन अनिवार्य गर्ने ।
३. डिमेन्सियाको यकिन तथ्याङ्क, स्रोतसाधन र भविष्यको रूपरेखा निर्धारण गरी स्वास्थ्यमा बजेटको व्यवस्था गर्ने ।
४. रणनीति तय गर्ने, कानुन बनाउने, सेवा मूल्याङ्कन गर्ने सबै निकायको पारस्परिक सहयोगमा नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने ।
५. डिमेन्सिया पीडित व्यक्तिहरूको सुरक्षा, स्वतन्त्रता, अधिकार र स्वास्थ्यसम्बन्धी पहुँच सुनिश्चित गर्ने ।
६. मानवधिकारमुखी लैङ्गिक समानतामा आधारित डिमेन्सियाका बिरामीको सेवाको बिस्तार गर्ने ।
७. व्यापक जनचेतनामूलक रङ्गमञ्च, भेला, कार्यक्रम, दृश्य चित्रहरू, चलचित्र बनाउन सक्ने ।

८. स्वास्थ्यकर्मीको सीप र ज्ञान अभिवृद्धिका लागि तालिम सेमिनार सञ्चालन गर्ने ।
९. अस्पतालहरूमा उपचारात्मक सेवालाई मानसिक, सामाजिक र रोग निवारणात्मक स्वास्थ्य प्रणालीसँगै एकीकृत गर्ने ।
१०. डिमेन्सिया रोग निदान र उपचार गर्न आवश्यक पर्ने जनशक्ति, स्वास्थ्यसामग्री, अनुसन्धानात्मक जाँचहरूको प्रत्याभूति गर्ने ।
११. डिमेन्सियासम्बन्धी खोजमूलक अनुसन्धानको लागि विशेष पहल गर्ने ।
१२. डिमेन्सिया रोगलाई पनि नसर्ने रोगहरूजस्तै उच्च रक्तचाप मधुमेहजस्ता कारकतत्त्वहरूलाई लक्षित कार्यक्रमहरूमा महत्त्वपूर्ण स्थान दिने ।
१३. डिमेन्सियालाई स्कुलदेखि उच्च शिक्षाको स्वास्थ्यसम्बन्धी पाठ्यक्रममा अनिवार्य समावेश गर्नसक्ने ।
१४. डिमेन्सिया मैत्री पारिवारिक र सामाजिक वातावरण सिर्जना गर्न पीडित बिरामीको हेरचाह गर्ने, स्वजनलाई रोजगारको व्यवस्था गर्नसक्ने ।
१५. डिमेन्सियाले गर्दा हुने आर्थिक बोझलाई कम गर्न ज्येष्ठ नागरिकको डिमेन्सियासम्बन्धी स्वास्थ्यविमा लागू गर्ने ।

## समाज र परिवारको भूमिका

डिमेन्सियाका विरामीलाई समाज र परिवारको साथविना उपचार गर्न सकिँदैन । समाजमा वृद्धवृद्धाहरूको क्लब बनाएर सामाजिक अन्तरक्रियाका क्रियाकलापहरू गर्नसकिन्छ । धार्मिक कार्यहरूले व्यक्तिमा सकारात्मक सोच बढ्नेगर्छ । त्यसैले समयसमयमा तीर्थाटनको लागि सबैलाई साथमा लिएर जान सकिन्छ । प्राकृतिक अवलोकनका लागि आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटन गर्नसकिन्छ । यस कार्यले गर्दा एक्लोपनाले डिमेन्सियालाई जटिल बनाउनबाट रोक्नसकिन्छ । व्यक्तिको आत्मशक्ति पनि बढ्नेहुन्छ । भजनमण्डली, सङ्गीत कार्यक्रमले सबै डिमेन्सियाका बिरामीलाई एकसाथ अन्तरक्रियामा सहभागी बनाउन सकिन्छ । वृद्धअवस्थामा घरमा एक्लै बस्नुले डिमेन्सियालाई जटिल बनाउन सक्छ । त्यसैले मिलन दिवस, जन्मोत्सव, वार्षिकोत्सव, चाडपर्वहरू आदि विशेष दिनहरूलाई मनाउने कार्यले वृद्धहरूमा बाँच्ने मनोबल बढ्नेगर्छ । समाजमा घुलमिल हुने आत्मविश्वास जाग्छ । जीवनको सार्थकता पनि महसुस भइरहन्छ । पूजाकक्ष, व्यायामकक्षको व्यवस्था गर्नाले वृद्धहरूलाई सक्रिय हुन प्रोत्साहन गर्दछ । साथसाथै बिरामीहरूलाई एकैसाथ भेटघाट गर्ने वातावरण मिलाएर एकअर्कामा सुखदुख अनुभव साटासाट गर्ने गर्दा जीवन जिउने आधार बन्नसक्छ ।

## References


- WHO. Global Action Plan on the Public Health Response to Dementia 2017-2025 (internet) https://www.who.int/mental_health/neurology/dementia/policymaker_infosheet.pdf
- WHO. WHO launches new platform for knowledge exchange on dementia (internet) https://www.who.int/news/item/05-05-2021-who-launches-new-platform-for-knowledge-exchange-on-dementia
- Petersen RC, Stevens JC, Ganguli M, et al. Practice parameter: Early detection of dementia: Mild cognitive impairment (an evidence-based review). Report of the Quality Standards Subcommittee of the American Academy of Neurology. Neurology 2001; 56:1133.
- Recognition and initial assessment of Alzheimer's disease and related dementias. Clinical Practice Guidelines, Number 19, AHCPR; U.S. Department of Health and Human Services Agency for Health Care Policy and Research, 1996

- U.S. Preventive Services Task Force. Guide to clinical preventive services, 2nd ed, Williams and Wilkins, Baltimore 1996.
- Espeland MA, Luchsinger JA, Baker LD, et al. Effect of a long-term intensive lifestyle intervention on prevalence of cognitive impairment. Neurology 2017; 88:2026.
- Butler M, McCreedy E, Nelson VA, et al. Does Cognitive Training Prevent Cognitive Decline?: A Systematic Review. Ann Intern Med 2018; 168:63.
- Daviglus ML, Plassman BL, Pirzada A, et al. Risk factors and preventive interventions for Alzheimer disease: state of the science. Arch Neurol 2011; 68:1185.
- Martin R, Griffith HR, Belue K, et al. Declining financial capacity in patients with mild Alzheimer disease: a one-year longitudinal study. Am J Geriatr Psychiatry 2008; 16:209.
- Widera E, Steenpass V, Marson D, Sudore R. Finances in the older patient with cognitive impairment: "He didn't want me to take over". JAMA 2011; 305:698.
- Nichols LO, Martindale-Adams J, Burns R, et al. Translation of a dementia caregiver support program in a health care system--REACH VA. Arch Intern Med 2011; 171:353.
- WHO. Towards a dementia plan: a WHO guide. ( internet) https://www.who.int/publications/i/item/towards-a-dementia-plan-a-who-guide ISBN: 978–92–4–151413–2
- Hall CB, Derby C, LeValley A, et al. Education delays accelerated decline on a memory test in persons who develop dementia. Neurology 2007; 69:1657.

# नेपालको जनसङ्ख्या गतिशीलता र विकासमा यसको सम्बन्ध



➲ डा. कमला लामिछाने

## पृष्ठभूमि

विकास मानवको लागि नभई नहुने प्रक्रिया हो भने विकासको लागि मानवको नै जरूरत पर्दछ । दक्ष र सन्तुलित जनसङ्ख्याले नै विकास गर्न सक्दछन् । जनसङ्ख्याविना कुनै पनि राज्यको परिकल्पना हुन सक्तैन । मुलुकको समुचित सामाजिक, आर्थिक, सांस्कृतिक र मानवीय विकासको पहिलो स्रोतसाधन भनेको जनसङ्ख्या नै हो । शिक्षित, निरोगी र स्थानीय तहमा पाइने प्राकृतिक स्रोत-साधनको उचित परिचालन गर्न सक्ने र चौतर्फी आर्थिक र सामाजिक विकासमा सघाउ पुऱ्याउने जनसङ्ख्या विकासको सबैभन्दा महत्त्वपूर्ण साधन हो । अर्कातिर जनसङ्ख्याको वृद्धिसँगै गरिबी, भोकमरी पछौटेपन, सामाजिक विभेद (लैङ्गिक, जातिगत, उमेरगत र बसोवासका आधारमा) जस्ता नकारात्मक सूचकहरू बढ्दो अवस्थामा छन् भने यसलाई विकासको बाधककारूपमा पनि हेर्ने गरिन्छ । जनसङ्ख्या आफै विकासको बाधक हुँदैन । जनसङ्ख्याले आफ्ना लागि आफैले गर्ने वा ल्याउने सकारात्मक परिवर्तन नै विकास हो । जनसङ्ख्याले विकासका प्रयासमा दिने योगदान राज्यले उसको चौतर्फी क्षमताको विकास गर्न र आफ्नो वरिपरि भएका प्राकृतिक स्रोत-साधनको उचित उपयोग गर्न सक्ने बनाउन लिएका नीति कार्यक्रम र स्रोत-साधनको लगानीमा भर पर्दछ ।

सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा सम्पन्न जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले जनसङ्ख्या र विकासका क्षेत्रमा नयाँ अवधारणा ल्याएको थियो । त्यसभन्दा अघिको आर्थिक विकासको लागि जनसङ्ख्या नियन्त्रण गर्नुपर्छ भन्ने अवधारणा भन्दा भिन्नै यसले व्यक्तिको प्रजनन स्वास्थ्य र प्रजनन हकको रक्षा गर्ने, लैङ्गिक समानता कायम गरी साधन र स्रोतमा महिला, किशोरी र बालिकाहरूको पहुँच बढाउनेजस्ता विषयमा जोड दिई वर्तमान र भावी पुस्ताको जीवनस्तरमा सुधार ल्याउन सकिने कुरामा जोड दिएको थियो र जनसङ्ख्या सबैको चासोको विषय भएकाले यसको व्यवस्थापनमा सबै क्षेत्रको सङ्लग्नता आवश्यक हुने ठहर गर्दै जनसाङ्ख्यिक क्षेत्रमा २० वर्षका लागि एक कार्ययोजना तय गरेको थियो ।

नेपालको संविधान २०७२ मा जनसङ्ख्या, प्रजननस्वास्थ्य तथा लैङ्गिक समानताजस्ता विषयवस्तु समेटिएका छन् । त्यसैगरी जनसङ्ख्या नीति २०७१ मा जनसङ्ख्याका सवाललाई विकाससँग एकीकरण गर्दै सबै नागरिकको जीवनमा गुणस्तरीय सुधार ल्याउने, प्रजननस्वास्थ्य तथा प्रजननसम्बन्धी मौलिक अधिकारलाई सुनिश्चित गर्ने र जनसङ्ख्या व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्धन गर्ने लक्ष्य रहेको छ ।

दिगो विकास लक्ष्य (२०१५-२०३२) मा गरिबी, भोकमरी, रोक्न सकिने नवजात शिशु मृत्यु र पाँचवर्ष मुनिको बाल मृत्युदर, मातृ मृत्युदर, सबै प्रकारका लैङ्गिक विभेदहरू अन्त्य गर्ने र सुरक्षित पिउने पानी, सरसफाई र आधुनिक ऊर्जाजस्ता आधारभूत सेवाहरूमा हुने वञ्चितीकरण अन्त्य गर्नेजस्ता

➲ लामिछाने, जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुरका उपप्राध्यापक हुनुहुन्छ ।

लक्ष्यहरू छन् । त्यसैगरी नेपालको चालु १५औं योजनाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी शासन व्यवस्थालाई संस्थागत गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत समुदाय, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, सीमान्तकृत तथा वञ्चितीकरणमा परेका समूहहरू, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न तथा पछाडि परेका वर्ग तथा समुदायको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने उल्लेख गरेको छ ।

यी सबै राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्नको लागि जनसङ्ख्यालाई केन्द्रविन्दुमा राखेर विकास गर्नु आवश्यक छ । त्यसर्थ आजको खाँचो भनेको जनसङ्ख्या र विकासका बिचको अन्तरसम्बन्ध केलाउँदै जनसङ्ख्यालाई बहुआयामिक प्राज्ञिक अध्ययन र अनुसन्धानको विषयकारूपमा स्थापित गर्नु हो । यसका साथै यी स्थापित ज्ञान र सीप स्थानीय निकाय र समुदायसम्म सरल तरिकाले पुऱ्याएर जनसङ्ख्या परिवर्तनका कारक तत्त्वहरूको[1] व्यावहारिक व्यवस्थापनमा सघाउ पुऱ्याउनु आजको आवश्यकता हो । अतः नगर तथा गाउँको विकासका लागि राज्य, सरकार वा प्रशासन सबैले जनसङ्ख्याको विवरण अद्यावधिक गरिरहनु पर्दछ । शासनको मूल केन्द्रमा नागरिक नै रहेका हुन्छन् । अतः जनसङ्ख्या विवरणले राज्यका क्रियाकलापलाई दिशानिर्देशको आधार उपलब्ध गराउँछ ।

## नेपालको जनसङ्ख्याको अवस्था र प्रवृत्ति

गरिबी जनसङ्ख्या वृद्धि र वातावरणीय विनाशको त्रिकोणात्मक वृत्तमा रूमलिएको नेपालले यसबाट मुक्ति पाउन आफ्ना आवधिक योजनाहरूमा विभिन्न जनसङ्ख्या नीति अवलम्वन गरेको पाइन्छ । हाम्रो विकासको अभियानमा जनसङ्ख्या वृद्धिले नकारात्मक प्रभाव पार्दै गएको वस्तुगत तथ्यलाई हृदयङ्गम गरी जनसङ्ख्याको वृद्धिदरलाई देशको आर्थिक स्थितिले धान्न सक्ने बनाउन विकासका गतिविधि एवम् आवधिक योजनाहरूमा जनसङ्ख्यासम्बन्धी कार्यक्रमहरूलाई समेत समावेश गर्दैं आइएको छ तर पनि नेपालको जनसाङ्ख्यिक स्थितितर्फ सिंहावलोकन गर्दा यहाँ कम उमेरका व्यक्तिहरूको बाहुल्यता, घट्दो प्रजनन दर, घट्दो मृत्युदर तथा सानै उमेरमा विवाहजस्ता चरित्रहरू रहेको पाइन्छ । जसले राष्ट्रको विकासमा दुरगामी प्रभाव पार्दछ । त्यसैले विकासका क्रियाकलापलाई सहज बनाउनको लागि जनसङ्ख्याको वृद्धि, वितरण, बनावट, संरचना र जनसङ्ख्या परिवर्तनका कारकतत्त्वका प्रवृत्तिलाई बुझ्न आवश्यक हुन्छ ।

## नेपालमा जनसङ्ख्याको वृद्धि र वितरण

देशको जनसङ्ख्या वृद्धि, वितरण र यसमा भएको परिवर्तनको विश्लेषण र मूल्याङ्कन गर्नाले ती पक्षलाई ध्यानमा राखेर क्षेत्रगत विकासका योजना तर्जुमा गर्न र त्यस्ता योजनाबाट लाभान्वित हुने जनसङ्ख्याको सम्भावित आकार पत्ता लगाउन सजिलो हुन्छ । साथै जनसङ्ख्याको वृद्धि, वितरण, आकार र संरचनालाई (उमेर र लिङ्गअनुसार) निर्धारण गर्ने जनसाङ्ख्यिक परिवर्तनका तत्त्वहरू जस्तै- जन्म, मृत्यु, बसाइँसराइ र यी तीनै तत्त्वहरूलाई प्रभाव पार्ने पक्षहरू जस्तै- विवाह र विवाहको उमेर, परिवार नियोजन र यसको प्रयोगको स्तर अनि जनसङ्ख्याका आर्थिक गतिविधिका बारेमा पनि जानकारी राख्नाले जनसङ्ख्यासम्बन्धी योजना तर्जुमा गर्न र नीति निर्माण गर्न सजिलो हुनेछ । यसका साथै देशको भौगोलिक क्षेत्रका आधारमा, प्रदेश र स्थानीय क्षेत्रका आधारमा जनसङ्ख्याको वृद्धि, वितरण र संरचनामा देखिएको परिवर्तनलाई ध्यानमा राख्दै सम्बन्धित जिल्ला तथा स्थानीय

१ जन्म, मृत्यु, बसाईंसराइ, उमेर र लैङ्गिक संरचना, वैवाहिक अवस्था र अन्य

निकायका जनसङ्ख्या र विकाससम्बन्धी देखिएका जल्दाबल्दा मुद्दा र चुनौतीको पहिचान तथा निरूपण गर्ने आधार पनि तय गर्नसकिन्छ ।

**तालिका १: नेपालको जनसङ्ख्या आकार र वृद्धि, १९६८–२०६८**

| जनगणना वर्ष | कुल जनसङ्ख्या | वार्षिक जनसङ्ख्या वृद्धिदर (%) | जनसङ्ख्या दोब्बर हुन लाग्ने समय (वर्षमा) | जनघनत्व (प्रति वर्ग कि.मि) |
|---|---|---|---|---|
| १९६८ | ५,६३८,७४९ | – | – | ३८.३ |
| १९७७ | ५,५७३,७८८ | –०.१३ | – | ३७.९ |
| १९८७ | ५,५३२,५७४ | –०.१७ | – | ३७.६ |
| १९९८ | ६,२८३,६४९ | १.१६ | ६० | ४२.७ |
| २००९/११ | ८,२५६,६२५ | २.३० | ३१ | ५६.१ |
| २०१८ | ९,४१२,९९६ | १.६५ | ४२ | ६४.० |
| २०२८ | ११,५५५,९८३ | २.०७ | ३४ | ७८.५ |
| २०३८ | १५,०२२,८३९ | २.६६ | २६ | १०२.१ |
| २०४८ | १८,४९१,०९७ | २.०८ | ३३ | १२५.६ |
| २०५८ | २३,१५१,४२३ | २.२५ | ३१ | १५७.३ |
| २०६८ | २६,४९४,५०४ | १.३५ | ५१ | १८०.० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१४: तालिका २.१

वि.सं. १९६८ मा प्रथमपटक जनगणना हुँदा नेपालको जनसङ्ख्या ५६ लाख ३८ हजार भएकामा वि.सं. २०६८ मा यो सङ्ख्या वृद्धि भएर करिव २ करोड ६५ लाख पुगेको छ । विगत तीनदशकको वृद्धिदरलाई नियाल्दा वि.सं. २०४८ मा वार्षिक वृद्धि २.०८ प्रतिशत थियो भने वि.सं. २०४८ देखि २०५८ सम्ममा २.२५ प्रतिशत र वि.सं. २०५८ देखि २०६८ सम्ममा वृद्धिदरमा कमी आई १.३५ प्रतिशत रहेको देखिन्छ । वि.सं. २०६८ को जनगणनामा जनसङ्ख्या वृद्धिदरमा केही कमी आए तापनि सङ्ख्यात्मक हिसाबमा प्रत्येक वर्ष जनसङ्ख्या वृद्धि हुँदै गएको छ । यही वृद्धिदर कायमै रहेमा आगामी ५१ वर्षमा नेपालको जनसङ्ख्या दोब्बर हुने अनुमान गरिएको छ (तालिका १) ।

## उमेर र लिङ्गअनुसार जनसङ्ख्याको बनावट

कुनै पनि ठाउँ, क्षेत्र वा देशको जनसङ्ख्यामा विभिन्न उमेरका महिला, पुरुष, केटाकेटी, युवायुवती र बुढाबुढी समावेश हुन्छन् । जनसङ्ख्याको यही उमेर र लिङ्गअनुसारको संरचनालाई उमेर र लिङ्गअनुसारको जनसङ्ख्याको बनोट भनेर बुझिन्छ । जनसङ्ख्यालाई विभिन्न उमेरअनुसार छुट्याएर गणना गरिन्छ भने त्यसलाई उमेरअनुसार जनसङ्ख्याको बनावट भनिन्छ । यसबाट बालबालिकाको सङ्ख्या, विद्यालय जाने बालबालिकाको सङ्ख्या, सक्रिय जनसङ्ख्या र आश्रित जनसङ्ख्याबारे थाहा पाउन सकिन्छ । जनसङ्ख्यालाई महिला र पुरुषको आधारमा छुट्याएर गणना गरिन्छ र कुल जनसङ्ख्यामा महिला र पुरुषको अनुपात कतिकति भनेर प्रस्तुत गरिन्छ भने त्यसलाई लिङ्गअनुसारको जनसङ्ख्याको बनावट भनिन्छ । यसबाट महिला र पुरुषको जनसङ्ख्या कति छ भनेर थाहा पाउन सकिन्छ ।

वि.सं. २०६८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्याको उमेर समूहअनुसारको महिला र पुरुषको वितरण र लिङ्गअनुपात तालिका २ मा देखाइएको छ । पाँच-पाँच वर्षको उमेर समूहअनुसार नेपालको जनसङ्ख्या अध्ययन गर्दा जनसङ्ख्याको वितरण भिन्नभिन्न भएको पाइन्छ । जनसङ्ख्याको झण्डै ३५ प्रतिशत १५ वर्ष मुनिका बालबालिकाले ओगटेका छन् भने आधाभन्दा केही बढी (५७%) जनसङ्ख्या १५-५९ वर्ष समूहमा रहेको पाइन्छ । अर्को झण्डै ८ प्रतिशत जनसङ्ख्या ६० वर्ष वा सोभन्दा माथि उमेर समूहका छन् । जनसङ्ख्याको यस्तो बनावट हुनुमा विगतमा उच्चप्रजनन दर र घट्दो मृत्युदर नै प्रमुख कारण मान्न सकिन्छ । जनसङ्ख्याको बनोट हेर्दा उल्लेखनीय कुरा के देखिन्छ भने बढ्दो उमेरसँगै जनसङ्ख्या पनि घट्दै गएको देखिन्छ । उदाहरणका लागि १० देखि १४ वर्ष उमेर समूहमा जनसङ्ख्या सबभन्दा बढी देखिन्छ र त्यसपछिका उमेर समूहमा जनसङ्ख्या क्रमशः घट्दै गएको पाइन्छ ।

**तालिका २: उमेर र लिङ्गअनुसार जनसङ्ख्याको बनोट र वितरण, नेपाल, २०६८**

| उमेर समूह | जम्मा | पुरूष | महिला | लिङ्ग अनुपात |
|---|---|---|---|---|
| ०-४ | ९.६९ | १०.२३ | ९.१८ | १०५ |
| ५-९ | १२.१० | १२.७३ | ११.५० | १०४ |
| १०-१४ | १३.१२ | १३.७३ | १२.५४ | १०३ |
| १५-१९ | ११.०७ | ११.२३ | १०.९१ | ९७ |
| २०-२४ | ८.९० | ८.१३ | ९.६३ | ७९ |
| २५-२९ | ७.८५ | ७.१४ | ८.५२ | ७९ |
| ३०-३४ | ६.५५ | ६.०० | ७.०७ | ८० |
| ३५-३९ | ६.०६ | ५.७६ | ६.३३ | ८६ |
| ४०-४४ | ५.२३ | ५.१४ | ५.३२ | ९१ |
| ४५-४९ | ४.४३ | ४.४८ | ४.३८ | ९६ |
| ५०-५४ | ३.८० | ३.९४ | ३.६६ | १०१ |
| ५५-५९ | ३.०९ | ३.२१ | २.९७ | १०२ |
| ६०-६४ | २.८६ | २.८७ | २.८५ | ९५ |
| ६५ -६९ | २.०९ | २.१६ | २.०३ | १०० |
| ७०-७४ | १.४९ | १.५५ | १.४३ | १०२ |
| ७५+ | १.७० | १.६६ | १.६७ | ९६ |
| जम्मा जनसङ्ख्या | २६,४९४,५०४ | १२,८४९,०४१ | १३,६४५,४६३ | ९४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१२ *Population National Report, Page 65*


नेपालमा २०६८ सालको जनगणनाअनुसार देशभित्र नियमित बसोवास गर्ने कुल जनसङ्ख्या (२६,४९४,५०४) मध्ये महिलाको सङ्ख्या करिब ५२ प्रतिशत वा १३,६४५,४६३ थियो जुन त्यसबेला देशमा भएका पुरुषको सङ्ख्या (१२,८४९,०४१) भन्दा करिब आठलाखले बढी थियो । यसको आधारमा महिला पुरुषका बिचको लैङ्गिक अनुपात निकाल्दा प्रति १०० महिलामा ९४ मात्रै पुरुष भएको देखिन्छ । यसको मतलव देशमा प्रति १०० महिलामा ६ जना पुरुषको कमी छ । यो अनुपात गणना गर्दा यदि जनगणनाका बेला बिदेशमा भएका १,६८४,०२९ पुरुष र २३७,४०० महिलालाई पनि जोडेर हेर्ने हो भने प्रति १०० महिलामा पुरुषको सङ्ख्या ५ जनाले बढी वा लैङ्गिक अनुपात १०५ हुन आउँछ । लैङ्गिक अनुपात सन्तुलन हेर्नको लागि हाल देशभित्र बसोवास गर्नेको आधारमा मात्र नहेरेर सो मुलुकका स्थायी बासिन्दा तत्कालका लागि जहाँसुकै बसेका भए तापनि के कति सङ्ख्यामा छ भनेर

हेर्नु उपयुक्त देखिन्छ । यसरी हेर्दा २०६८ सालको जनगणनाकै आधारमा प्रति १०० पुरुषमा ५ जना महिलाको कमी भएको देखाउँछ ।

## जनसाङ्ख्यिक लाभांशको समय

रेखाचित्र १ काअनुसार विगत ५० वर्षको नेपाली जनसङ्ख्याको उमेरअनुसारको संरचनाको विश्लेषण गर्दा के देखिन्छ भने कुल जनसङ्ख्याको अनुपातमा बाल उमेरकाहरूको (१५ वर्ष मुनि) हिस्सा निकै घटेर गएको छ भने बुढ्यौली उमेरकाहरूको सङ्ख्या बढिरहेको देख्न सकिन्छ ।

**रेखाचित्र १: फराकिलो उमेर समूहअनुसार नेपालको जनसङ्ख्याको बनोटमा आएको परिवर्तन**




स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१४ *Population Monograph of Nepal,Vol I, Table 3.20*

हाल नेपालमा जनसङ्ख्याको करिब ५७ प्रतिशत हिस्सा काम गर्न सक्ने १५–५९ वर्ष उमेर समुहको छ । घट्दो जन्मदर र बढ्दो आयुका कारण यो हिस्सा अबको दुईदशकमा ६८ प्रतिशतको हाराहारीमा पुग्ने अनुमान छ । अर्थात् हाल जनसङ्ख्याको ठुलो हिस्सा उत्पादनशील उमेरको छ । यस्तो अवस्था विकासका लागि सुनौलो अवसरको रूपमा लिइने गरिन्छ । जन्मदर र मृत्युदर दुबैको घट्दोक्रम सँगसँगै उमेरअनुसार जनसङ्ख्याको संरचनामा परिवर्तन भई परनिर्भरभन्दा उत्पादनशील जनस्रोतको सङ्ख्या बढ्दै जान्छ र उपलब्ध उत्पादनशील जनस्रोतको उपयुक्त तरिकाले उपयोग गरी देशको आर्थिक विकासमा तिव्रता ल्याउन सकिने कालखण्ड सुरू हुन्छ । यस्तो कालखण्डलाई जनसङ्ख्या अध्ययनशास्त्री र अर्थशास्त्रीहरू 'जनसाङ्ख्यिक लाभांशको समय' भन्छन् तर यस्तो समय मोटामोटी दुई-तीन दशकसम्म मात्र रहन्छ ।

नेपालमा जनसाङ्ख्यिक लाभांशको समय सुरू भइसकेको छ । जनसङ्ख्या वृद्धिदरको घट्दो क्रम र काम गर्नसक्ने उमेरका मानिसहरूको उमेर ढल्किँदै जाने कारण दुई-तीन दशकपछि जनसाङ्ख्यिक लाभांशबाट फाइदा लिने समय घट्दैजान्छ । त्यसैले हाल उपलब्ध जनशक्तिलाई उचित समयमा नै सुव्यवस्थापन गरी देश विकासमा सहीरूपले परिचालन गर्न सक्नुपर्छ । दुई-तीन दशकपछि हालको ठुलो सङ्ख्यामा रहेको जनशक्ति प्रौढावस्थामा जाने र जनसङ्ख्या वृद्धिदरको घट्दो क्रमले गर्दा काम गर्नसक्ने उमेरको जनशक्ति कम हुँदैजान्छ । त्यसैले समयमा नै यो जनशक्तिको उचित उपयोग तथा सही व्यवस्थापन गर्न सकिएन भने भविष्यमा ठुलो समस्या निम्तिन सक्दछ । अधिक विकसित देशहरू अहिले यस्तै अवस्थाबाट गुज्रिरहेका छन् ।

इतिहासमै पहिलोपटक नेपालमा परनिर्भर जनसङ्ख्या कम छ । आर्थिक दृष्टिकोणले सक्रिय र उत्पादनशील जनसङ्ख्या बढी छ । यो अवस्थामा उपलब्ध जनशक्तिलाई दिगो सामाजिक–आर्थिक विकासमा लगाउन सकेनौँ भने समय फर्केर आउँदैन । उत्पादनशील जनस्रोतको उत्पादकत्व बढाउन सीपमूलक शिक्षा र तालिमको खाँचो छ । जनस्रोतको आवश्यकता र सार्मथ्यको पहिचान गरी व्यवसायमूलक तालिम सञ्चालन गर्न लगानी बढाउनु जरुरी छ । उत्पादनशील जनसङ्ख्याको उत्पादकत्व बढाउन स्वस्थ्य मानवको खाँचो हुने भएकाले स्वास्थ्य सेवाको विकास र विस्तार गर्नुपर्छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक विविधता, व्यावसायीक कृषि उपजमा विशाल सम्भाव्यतामा उत्पादनशील मानवस्रोतको उपयोगिता देश विकासका लागि ठुलो अवसर हो ।हाल देशमा उत्पादनशील उमेरको मानवस्रोतमध्ये पुरुषभन्दा महिलाको सङ्ख्या धेरै छ । त्यसैले महिला सहभागिताबिना देश विकास सम्भव छैन ।

झट्ट हेर्दा जनसाङ्ख्यिक लाभांशबाट फाइदा उठाउन सजिलो देखिए पनि सोचेजस्तो तरिकाले आफैँ यो लाभांश प्राप्त हुँदैन । उपयुक्त नीति र प्रभावकारी कार्यान्वयनविना यो सम्भव छैन । जनसाङ्ख्यिक लाभांशको प्राप्तिका लागि नेपालले बालबालिकामा लगानी गर्नुपर्छ । जनसाङ्ख्यिक अवसरको फाइदा उठाउने समय हामीसँग सीमित छ । सन् १९९२ देखि सुरु भएको यस जनसाङ्ख्यिक अवसरको समयावधि अहिले आधा भइसकेको छ र यो अवसरको अवधि सन् २०४७ मा बन्द हुनेछ (NPC, 2017) । अबको ३०–४० वर्षपछि वृद्धवृद्धाको सङ्ख्या बढ्दैजान्छ । एकातिर बालबालिकाको सङ्ख्या र सक्रिय जनशक्ति घट्दै जानु र अर्कोतिर सक्रियरूपमा काम गर्न नसक्ने उमेरका मानिस बढ्दा तिनीहरूको रेखदेख कसरी गर्ने भन्ने अर्को ठुलो चुनौती निकट भविष्यमै आउँदैछ । नेपालको अर्थव्यवस्था तुलनात्मकरूपले विकासको प्रारम्भिक चरणमै भए पनि जन्मदर र मृत्युदरका हिसाबले नेपालको जनसाङ्ख्यिक सङ्क्रमणकालले प्रगति गरेको मान्नुपर्छ । नेपालमा विवाह गर्ने र पहिलो बच्चा जन्माउने उमेर समग्ररूपमा निकै चाँडो भएकै अवस्थामा नेपालमा जनसाङ्ख्यिक सङ्क्रमण कालको सुरुवात भएको हो । जसका कारण नेपालमा नयाँ खालको अवसर पनि छ । ढिलो विवाह गर्ने र ढिलो बच्चा जन्माउने प्रवृत्तिलाई प्रोत्साहन गर्ने खालका नीतिहरूमा लगानी गरेर नेपालको जनसाङ्ख्यिक अवसरको अवधिलाई लम्ब्याउन सकिन्छ ।

## जनसङ्ख्या परिवर्तनका कारकतत्त्व

जनसङ्ख्या अध्ययन बहुआयामिक र गतिशील विषयवस्तु हो । यसमा आउने परिवर्तनले समाजका आर्थिक, सामाजिक, सांस्कृतिकलगायत हरेक पक्षमा प्रभाव पार्दछ । यसलाई गतिशील बनाउने तीन पक्षहरूमा

(क) प्रजननको अवस्था र दर
(ख) मृत्युको अवस्था र दर र
(ग) बसाइँसराइको प्रकृया पर्दछन् ।


यी तीनै पक्षहरूको जनसङ्ख्या र समाजका विविध पक्षसँग दोहोरो कारक र निर्धारकको सम्बन्ध रहेको हुन्छ । जस्तो की उच्च प्रजनन दर र शिशु मृत्यु दरले महिला सशक्तीकरणमा बाधा पुऱ्याएको हुन्छ भने महिलाको पछौटेपनका कारण प्रजनन र शिशु मृत्यु दर उच्च हुन्छ ।

## प्रजननको अवस्था

जनसङ्ख्याको आकार परिवर्तनमा योगदान पुऱ्याउने कारकतत्त्वमध्ये प्रजनन सबैभन्दा महत्त्वपूर्ण हो । प्रजननको प्रवृत्तिलाई केलाउँदा नेपालमा कुल प्रजनन दर क्रमशः घट्दै गएको देखिन्छ ।

कुल प्रजनन दर उमेरअनुसारको प्रजनन दरको योग हो । यसको पछाडिको मान्यता भनेको गणना अवधिको उमेरअनुसारको प्रजनन प्रवृत्तिलाई आफ्नो प्रजनन उमेरभरि कायम राखेको खण्डमा हाल १५ देखि १९ वर्ष उमेर समुहकी प्रजनन गतिविधिमा सामेल भएकी एउटी महिलाले ४९ वर्षको प्रजनन उमेर काटेर जाँदा कुल प्रजनन दरले देखाए बराबर जीवित बच्चा जन्माउने छिन् । यसरी हेर्दा नेपालमा सन् १९९६ को झण्डै पाँच (४.६) बच्चा बराबरको कुल प्रजनन दर क्रमशः घट्दै गएर सन् २०११ मा २.६, २०१६ मा २.३ र २०१९ मा २.० मा झरेको देखिन्छ (रेखाचित्र २) ।

**रेखाचित्र २ : कुल प्रजनन दरको अवस्था, प्रवृत्ति र आएको परिवर्तन सन् १९९६ देखि २०१९**




स्रोतः नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण, २०१७ र नेपाल बहुसूचक सर्वेक्षण, २०१९

सैद्धान्तिक मान्यताअनुसार, समाजका सबै अवयवहरूको समुचित व्यवस्था र विकास भएको अवस्थामा कुल प्रजनन दर २.१ हुनु मुलुकको प्रतिस्थापन तहको प्रजनन हो । जुन मान्यताअनुसार एक दम्पतीले आफ्नो जीवनको अन्त्यमा आफ्नो सङ्ख्या बराबरको मानवसङ्ख्या छोडेर जानेछन् । जनसङ्ख्याको ग्रामीण र शहरी बसोबासको हिसावले हेर्दा नेपालको शहरीक्षेत्रमा सन् २००१ देखिनै कुल प्रजनन दर प्रतिस्थापनको तहमा पुगेको देखिन्छ भने सन् २०११ पछि सो तहभन्दा तल जान थालेको छ ।

प्रदेशअनुसार प्रजनन दरमा भिन्नता हेर्दा प्रदेश दुई र कर्णाली प्रदेशमा अझै कुल प्रजनन दर तीनको हाराहारीमा छ भने पछिल्लो स्रोतअनुसार वाग्मती, गण्डकी र लुम्बिनी यी तीन प्रदेशमा यो प्रतिस्थापनको तहभन्दा तल झरेको देखिन्छ । समग्र देश र प्रदेश एकमा प्रतिस्थापनको तहमा छ भने सुदुरपश्चिम प्रदेशमा थोरै माथि छ (तालिका ३) । यसबाट अब के निष्कर्षमा पुग्नुपर्ने हुन्छ भने अबका दिनमा कुनै पनि निकायका सरकारले प्रजनन नियन्त्रणका नभै उचित मातृशिशु स्वास्थ्य सेवा र प्रोत्साहनका कार्यक्रममार्फत् प्रत्येक जन्म चाहेको जन्म बनाउने र प्रजनन दरलाई योभन्दा तल जान नदिनेतिर ध्यान दिनुपर्ने हुन्छ ।

**तालिका ३ : प्रदेशअनुसारको प्रजनन दर, २०१९**

| क्षेत्र | कुल प्रजनन दर | उमेरअनुसारको प्रजनन दर (१५ देखि १९ वर्ष उमेर समूह प्रति १००० मा) | १८ वर्ष भन्दा पहिलै पहिलो बच्चा जन्माउने २० देखि २४ वर्ष उमेर समूहका महिलाको प्रतिशत |
|---|---|---|---|
| नेपाल | २.० | ६३ | १३.८ |
| प्रदेश १ | २.० | ६१ | ११.९ |
| प्रदेश २ | २.७ | ९६ | १९.४ |
| बाग्मती प्रदेश | १.६ | ४० | ७.९ |
| गण्डकी प्रदेश | १.८ | ५८ | १७.७ |
| लुम्बिनी प्रदेश | १.९ | ५७ | १२.६ |
| कर्णाली प्रदेश | २.७ | ८१ | २४.१ |
| सुदुरपश्चिम प्रदेश | २.४ | ६० | १४.० |

स्रोतः *नेपाल बहुसूचक सर्वेक्षण, २०१९

किशोरावस्थामा प्रजननका गतिविधिमा लाग्ने महिलाको अनुपात कर्णाली र प्रदेश दुईमा अन्य प्रदेशको तुलनामा निकै बढी देखिएको छ । यसले ती प्रदेश सरकार र त्यहाँ भित्रका स्थानीय सरकारले किशोरकिशोरी लक्षित स्वास्थ्य कार्यक्रम र विवाहको उमेर बढाउने चेतनामूलक कार्यक्रममा लक्षित हुनुपर्ने देखिन्छ ।


## मृत्युको अवस्था

जनसाङ्ख्यिक दृष्टिकोणमा मृत्यु भन्नाले कुनै पनि क्षेत्रमा बसोवास गर्ने मानिसहरूमा हुने मृत्युको कारणले जनसङ्ख्याको आकारमा कमी आउनु अथवा घटनु हो । प्रजनन र बसाइँसराइ स्थिर अवस्थामा (Stationary stage) रहेमा मृत्युले जनसङ्ख्यालाई घटाउने काम गर्दछ । यसलाई जनसङ्ख्या परिवर्तन गर्ने ऋणात्मक शक्ति (Negative force) भनिन्छ । त्यसैले समाजमा हुने मृत्युको कारण र त्यसबाट आउन सक्ने परिणाम आदिका बारेमा सङ्ख्यात्मक र गुणात्मक पक्षको अध्ययन, विश्लेषण गर्न सूक्ष्मरूपले तथ्याङ्कहरू संकलन गर्न जरूरी हुन्छ । यस्ता तथ्याङ्कहरूको विश्लेषण गरी यसैको आधारमा स्थानीय निकायहरूबाट निर्माण गरिएका नीति तथा कार्यक्रमहरू प्रभावकारी हुन्छन् ।

शिशु र बाल मृत्युदरसम्बन्धी जानकारी देशको जनसाङ्ख्यिकीय मूल्याङ्कनसँग सम्बन्धित छ र यो कुनै पनि देशको जनसङ्ख्या र सामाजिक आर्थिक विकासका साथै गुणस्तरीय जीवनको एक महत्त्वपूर्ण सूचक पनि हो । यसले मृत्युको उच्च जोखिममा हुनसक्ने बच्चाहरूको पहिचान गर्न मद्दत गर्नसक्छ र जोखिम कम गर्नको लागि बनाइने रणनीतिहरूको लागि मार्गनिर्देश गर्दछ, जस्तैः जन्मान्तर बढाउने आदि ।

सन् १९७० को दशकमा अति उच्च (३८ प्रतिहजार जनसङ्ख्यामा) रहेको कोरा मृत्युदर त्यसपछि क्रमशः घट्दै आएर २०११ मा ७ मा झरेको छ । तथ्याङ्क स्रोतका आधारमा अघिल्लो अनुमान अवधिको भन्दा पछिल्लो अनुमान अवधिमा कतैकतै मृत्युदर बढ्न गएको पनि देखिन्छ । यो प्रक्रिया सन् १९७० को दशकको मध्यदेखि सन् १९८० को दशकको मध्यसम्म चलिरहेको पाइन्छ । त्यसपछि सन् १९९० को दशकमा आएर उक्त दरमा कुनै उतारचढाव नभई लगातार घट्दै गएको पाइन्छ । रेखाचित्र ३ बाट एकपछि अर्को तथ्याङ्कका आधार वर्षमा शिशु मृत्यु दर पनि उल्लेख्यरूपले घट्दै गएको कुरा प्रष्ट देखिन्छ ।

**रेखाचित्र ३ : पाँचवर्ष मुनिका बालबालिका मृत्युदरको प्रवृत्ति**




## बसाइँसराइको अवस्था

नेपालको जनसङ्ख्या व्यवस्थापनको एउटा प्रमुख समस्या भनेको अव्यवस्थित बसाइँसराइ हो । बसाइँसराइलाई पूर्णरूपले बन्देज लगाउन सकिँदैन । मानिसको चाहना वा स्वनिर्णयबाट हुने बसाइँसराइ स्वेच्छिक हो । यस्तो बसाइँसराइ प्रायः गरेर कम विकसित क्षेत्रबाट बढी विकसित क्षेत्रमा हुन्छ । नेपालको सन्दर्भमा हालका दिनहरूमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइ सर्ने क्रम तीव्ररूपमा बढ्दो छ । बढ्दो शहरीकरणले यो प्रवृतिको पुष्टि गर्दछ । त्यसैगरी हिमालबाट पहाड र हिमाल र पहाडबाट तराईमा पनि बसाइँ सर्ने क्रम अत्याधिक छ । यस प्रकारको असन्तुलित बसाइँसराइले विकास निर्माणमा पनि असन्तुलन ल्याउँछ ।

बसाइँसराइको अर्को महत्त्वपूर्ण पक्ष भनेको बाह्य बसाइँसराइ हो । नेपालबाट देशबाहिर जाने अन्य देशबाट विभिन्न कारणले नेपाल भित्रिने जनसङ्ख्या यो समूहमा पर्दछन् । बाह्य बसाइँसराइमा नेपाल र भारतबिच नै धेरै हुन्छ । खुला सीमाना र आर्थिक, सामाजिक तथा सास्कृतिक समानताका कारण नै यी दुई देशबिच बसाइँसराइ बढी भएको हो । हालका दिनहरूमा आएर श्रमको लागि भारतबाहेकका तेश्रो मुलुकहरूमा बसाइँ सर्ने क्रम तीव्र भएको छ । स्वदेशमा रोजगारीका अवसरहरू नभएका कारण युवाहरू कामको लागि खाडीलगायतका देशहरूमा जाने गर्दछन् । यसबाट प्राप्त हुने विप्रेषणले केही फाइदा पुऱ्याए पनि कालान्तरमा यसलाई निरूत्साहित गर्नु नै राष्ट्रका लागि श्रेयकर हुनेछ । यस्तै बाह्य बसाइँसराइमा हाल देखिएको नयाँ प्रवृति शैक्षिक बसाइँसराइ हो । सयौं मात्रमा नेपाली युवाहरू शिक्षाको लागि विदेशिने गरेका छन् । त्यो समूहमा शिक्षित र आर्थिकरूपले सक्षम युवाहरू नै पर्दछन् । ती युवाशक्ति शिक्षा पूरा गरेपछि पनि उतै काम गरेर बस्ने हुनाले देशले ठुलो सम्पत्ति गुमाउने गरेको छ । त्यस्ता युवाहरूलाई स्वदेश फर्किन प्रेरित गर्ने र उनीहरूको सीप र क्षमताअनुसारका अवसरहरू प्रदान गरिएमा प्रतिभा पलायनको जटिल समस्या हल हुनसक्दछ ।

बसाइँसराइलाई पूर्णतः रोक लगाउन नसकिए तापनि यसलाई ब्यवस्थित गर्न समयमा नै प्रभावकारी योजना निर्माण नगरेमा यसले जनसङ्ख्या वितरणमा असन्तुलन बढाउँछ । तसर्थ विकासका पूर्वाधारहरू

निर्माण गर्दा बसाइँसराइको दर तथा प्रवृतिलाई पनि विशेष ध्यान दिनु आवश्यक हुन्छ । जसले गर्दा ती पूर्वाधारहरूले लामो समयसम्म काम गर्नेछन् ।

## विकासको लागि जनसाङ्ख्यिक प्रवृत्तिको महत्व

जनसङ्ख्याको आकार र उमेर संरचनाले सामाजिक प्रक्रियाहरूलाई र अन्ततः एक देशको समग्र आर्थिक र सामाजिक विकासका प्रक्रियाहरूलाई नै प्रभावित गर्नसक्छ भन्ने कुरा लामो समयदेखि प्रमाणित भइसकेको छ । विकासको लागि चाहिने श्रोतहरू मध्येको महत्त्वपूर्ण श्रोत जनसङ्ख्या, विकासको परिचालक तथा प्रयोगकर्ता दुवै हो । जनसङ्ख्याको संरचना, वनोट तथा परिचालनमा देशको आर्थिक, सामाजिक, साँस्कृतिक विकासको आधार खडा हुन्छ । हाल नेपाल जनसङ्ख्याको वनोट तथा संरचनाको आधारमा चुनौती तथा अवसर दुबैका बिचमा छ । तुलनात्मकरूपमा जनसङ्ख्याको उच्च वृद्धिदर, किशोरकिशोरी तथा युवावर्गको बाहुल्य, वृद्धवृद्धाको संङ्ख्यामा क्रमशः बढोत्तरी, भौगोलिकरूपमा जनसङ्ख्याको असमान वितरण आदि हाल नेपालको जनसङ्ख्याका मुख्य विशेषताहरू हुन् ।

जनसङ्ख्याको उचित व्यवस्थापनले विकासको अवसरमा उल्लेख्य सुधार गर्दछ भने सही व्यवस्थापनको अभावमा राष्ट्रलाई थप भार मात्र पर्नजान्छ । जनसङ्ख्या भनेको राष्ट्रको दायीत्वमात्र नभई उत्पादनको लागि चाहिने अत्यावश्यक श्रोत पनि हो । जनसङ्ख्या भित्र विगत, वर्तमान र भविष्य हुन्छ । अनुभव तथा ज्ञानले निपुण जेष्ठ नागरिक; सीप, क्षमता र दृढताले भरिपूर्ण उत्पादनशील युवाशक्ति र राष्ट्रिय दायीत्व निर्वाह गर्ने राष्ट्रको सम्पती बालबालिकाहरूको उचित रेखदेख, परिचालन र व्यवस्थापनले नै विकासको राष्ट्रिय लक्ष्य हासिल हुनसक्दछ ।


राज्यले भौतिक संरचना गर्दा जनसङ्ख्याको वनोट, संरचना तथा प्रवृतिलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । जनसङ्ख्याको गतिशीलतालाई ध्यान नदिई बनाइएका संरचनाबाट मानिसले पाउनुपर्ने उचित सेवा तथा सुविधा उपलब्ध गराउन अप्ठ्यारो हुन्छ भने मानवश्रोतको उच्चतम परिचालन पनि प्रभावित हुनजान्छ । विकासका हरेक क्रियाकलापहरूले मानव कल्याणलाई केन्द्रमा राखेको हुनुपर्छ । जनसङ्ख्याको वनोट, संरचना, वितरण तथा गतिशीलताले उक्त क्रियाकलापहरूलाई प्रत्यक्ष असर पुऱ्याएको हुन्छ । यिनीहरू बिचको तालमेल भएन भने लक्षित उद्देश्यमा पुग्न असजिलो हुन्छ । उपलब्ध श्रोत र साधनहरूको समुचित प्रयोग गरी राष्ट्रको सर्वाङ्गिण विकास गर्नको लागि जनसङ्ख्याको संरचनालाई विशेष ध्यान दिनुपर्दछ । विकासका प्रतिफल सबै नेपाली सामु पुऱ्याउन, कार्यक्रम तथा योजनाहरूबाट अधिकतम् प्रतिफल लिन र विकासका हरेक क्रियाकलापमा जनसमुदायको उल्लेख्य सहभागिता गराउन जनसङ्ख्याको विशेषता, त्यसको आवश्यकता र क्षमताको लेखाजोखा गर्नु अनिवार्य हुन्छ । जनसङ्ख्याका विशेषताहरूलाई हृदयङ्गम गरी उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्दै उत्पादन क्षमता वृद्धि गरी कालान्तरमा समृद्ध नेपालको निर्माण गर्न र नेपालीहरूको जीवनको गुणस्तर वृद्धि गर्नसकिन्छ ।

## जनसङ्ख्या र विकास अन्तर्सम्बन्ध

जनसङ्ख्या स्वभावतः बहुक्षेत्रगत एवम् बहुआयामिक विषय भएको वस्तुतथ्यलाई मनन गरी जनसङ्ख्या नीति तर्जुमा गर्ने गरिएको छ तापनि नेपालको आर्थिक, भौतिक र सामाजिक विकास र जनसङ्ख्याका प्रक्रियाबिच तालमेल हुन नसकेबाट हाम्रा विकासका प्रयासहरू सार्थक हुन सकेका छैनन् । आज विश्वमा विज्ञान र प्रविधिका क्षेत्रमा भएको उल्लेखनीय प्रगतिबाट मानवजीवनमा व्यापक परिर्वतन भएको छ ।

जनसङ्ख्या  परिवर्तनका तीन तत्त्वहरू (जन्म, मृत्यु र बसाइँसराइ) को परिवर्तनले जनसङ्ख्याको आकार, बनावट (लिङ्ग, उमेर) र वितरण (शहरी र ग्रामिण, भौगोलिक क्षेत्रमा) लाई प्रभाव पार्दछ । यस्तो परिवर्तनले साधन र श्रोतको माग गर्दछ र यस्ता साधन र श्रोतको उपलब्धता हाम्रा विकासको स्तरमा निर्भर गर्दछ (रेखाचित्र ४) । त्यसैले जनसङ्ख्या र विकासबिचको यो अन्तरसम्बन्धलाई सरकारका हरेक नीति तथा योजनामा ख्याल गरिएको खण्डमा वाञ्छित समाजिक, आर्थिक तथा जनसाङ्ख्यिक नतिजाहरू प्राप्त गर्न सकिनेछ ।

**चित्र ४ : जनसङ्ख्या र विकासको अन्तर्सम्बन्ध**




Adapted from: Herrin, 1986

## उपसंहार

नेपालको जनसङ्ख्या घट्दोरूपमा रहेको, बालकको तुलनामा बालिकाको सङ्ख्या न्यून हुन थालेको, बसाइँसराइ उच्च रहेको, आर्थिकरूपले सक्रिय जनसङ्ख्या उच्च भए पनि राज्यले सहीरूपमा काममा लगाउन नसकेकाले विदेशीने क्रम उच्च रहेको र ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दो क्रममा रहेको छ । युवाहरूको बाहुल्यता, घट्दो मृत्युदर, घट्दो प्रजनन दर, घट्दो तर उच्च मातृ तथा शिशु मृत्युदर, उच्च तथा स्थिर नवजात शिशु मृत्युदर, तुलनात्मकरूपमा कम औसतआयु, बढ्दो जेष्ठ नागरिकहरूको सङ्ख्या र युवा जनशक्तिको वैदेशिक पलायन, जनसङ्ख्याको असमान वितरण, अव्यवस्थित आन्तरिक बसाइँसराइ र बढ्दो अन्तर्राष्ट्रिय बसाइँसराइ, लैङ्गिक असमानताजस्ता तमाम जनसङ्ख्यासम्बन्धी मुद्दाहरू पहिचान गरी यसको सम्बोधनका लागि उपयुक्त रणनीति तथा कृयाकलापहरू छनौट गर्न सघाउ पुऱ्याउन र जनसङ्ख्या व्यवस्थापनसम्बन्धी कृयाकलाप सञ्चालनमा प्रत्यक्ष सम्लग्न व्यक्तिहरूलाई जनसङ्ख्या र यसको व्यवस्थापनका सम्बद्ध विषयवस्तुको ज्ञान, सीप प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

जनसङ्ख्या अध्ययन सम्बद्ध विविध विषयवस्तुहरू, स्वास्थ्य र जनसङ्ख्याका क्षेत्रमा भएका विभिन्न अध्ययन, अनुसन्धान तथा सर्भेक्षणहरूले प्रतिस्थापन गरेका अद्यावधिक तथ्याङ्कहरू र जनसङ्ख्या व्यवस्थापनसम्बन्धी समकालीन मुद्दाहरू र यसको सम्बोधनका लागि लिनुपर्ने रणनीतिहरूमा समेत जनसङ्ख्याका पक्षहरू समावेश गर्नु अपरिहार्य भएको छ ।

राज्यका बिभिन्न (संघीय, प्रदेश र स्थानीय) तहका नीति निर्माता, जनसङ्ख्या व्यवस्थापक, कार्यक्रम व्यवस्थापन तथा सञ्चालनमा सम्बद्ध व्यक्तिहरूले नेपालको जनसङ्ख्या स्थितिबारे जान्नु । जनसङ्ख्याको वृद्धि, बनोट, वितरण र यसमा विभिन्न जनगणना अवधिमा आएको परिवर्तनलाई पनि बुझ्ने । लिङ्ग र उमेरअनुसार नेपालको हालको जनसङ्ख्याको बनोटलाई केलाउने र जनसङ्ख्या परिवर्तनका मुख्य तत्त्वहरू (जन्म, मृत्यु बसाइँसराइ) मा आएको परिवर्तनलाई केलाएर जनसङ्ख्याका मुख्य पक्षहरू जस्तै विवाह, परिवार नियोजन, शिक्षा, रोजगारी आदिका वारेमा पनि जानकारी प्राप्त गरेर भावी योजना बनाउन सकेमा प्रभावकारी हुनेछ ।

जनसङ्ख्या विकासको मूलआधार मात्र नभई देशको अस्तित्व स्थापना गर्ने एक मूलमापक पनि हो । त्यसैले जनसङ्ख्या र विकाससँग जोडिएका महत्त्वपूर्ण बहुआयामिक क्षेत्रहरूको नीति, निर्माण र कार्यक्रमलाई सरकारले प्राथमिकतामा पार्नुपर्छ । विकास आयोजना र कार्यक्रम तर्जुमा गर्दा तिनको जनसाङ्ख्यिक प्रभावसमेत अध्ययन गरी तिनको उपयुक्तता पुष्टि गरेर मात्र कार्यक्रम कार्यवन्यन गर्नुपर्छ ।

हालका दिनमा विद्यालयका तल्लो तहका कक्षामा भर्ना हुने विद्यार्थीको सङ्ख्या क्रमशः एकपछि अर्को वर्षमा कम हुँदै गएका तथ्याङ्क आउन थालेका छन् । हाल काम गर्ने उमेर समूहका जनसङ्ख्याको आकार पहिला कहिल्यै नभएको ठुलो देखिए तापनि उनीहरू क्रमशः बुढ्यौलीतिर गएपछि भावी श्रमशक्तिमा कमी हुन थाल्ने हुन्छ । यसको निराकरणका लागि परिवार व्यवस्थापनमा सबै उमेरकाको उत्तिकै मात्रामा परिवारमा उपस्थिति हुनुपर्ने तर्फ व्यावहारिक जनचेतनाका कार्यक्रम सञ्चालन आज देखिकै आवश्यकता हुन्छ ।

सन्तुलित जनसङ्ख्याको वितरण र प्रभावकारी जनसङ्ख्या व्यवस्थापनको मार्गमा जनसङ्ख्याका खासखास सूचकहरूमा सुधार गर्नुपर्ने अवस्था छ । सेवासुविधाकै अभावका कारण नागरिकले जन्मथलो छाडेर अन्यत्र बसाइँसराइ गर्नुपर्ने बाध्यताको अन्त्य गर्नका लागि सबै ठाउँमा आवश्यक पूर्वाधार निर्माण गरी अव्यवस्थित शहरीकरणलाई व्यवस्थित गर्नतर्फ सरकारको ध्यान पुग्नुपर्दछ ।

देशको आधा हिस्साभन्दा बढी रहेका महिलाको स्वास्थ्य विशेष गरी यौन तथा प्रजनन स्वास्थ्य, शिक्षा, लैंगिक समानता, रोजगारीजस्ता विषयहरूमा राज्यले विशेषरूपमा ध्यान दिन सकेमा मुलुकको विकासमा यसले ठुलो योगदान पुऱ्याउन सकिनेछ ।

## सन्दर्भ सामग्रीहरू


- Bolom, D.E., David C. D., & Sevilla, J. (2003). *The demographic dividend: A new perspective on the economic consequences of population change*. Retrieved from http://www.rand.org/
- Central Bureau of Statistics (CBS) & UNICEF (2019). *Multiple Indicator Cluster Survey 2019 (Key Indicators)*. Kathmandu: CBS &UNICEF
- Central Bureau of Statistics (2012). *Poulation National Report.* Kathmandu: CBS
- Central Bureau of Statistics (CBS) (2014). *Population Monograph of Nepal*, Vol. I. Kathmandu: CBS
- Herrin, A.N. et al., (1986). Integrating Population and Development Planning, *Asia-Pacific Journal*, 1 (1), pp. 15-21.
- Ministry of Health, Nepal, New ERA & ICF. (2017). *Nepal Demographic and Health Survey 2016.* Kathmandu, Nepal: Ministry of Health, Nepal.

- National Planning Commission (NPC). (2017). Demographic Changes in Nepal: Trends and Policy Implications. Kathmandu: NPC
- राष्ट्रिय योजना आयोग, (२०१७). नेपाल दिगो विकास लक्ष्यहरूः वर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३०. काठमाडौंः राष्ट्रिय योजना आयोग
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, (२०७१). राष्ट्रिय जनसङ्ख्या नीति २०७१. काठमाडौंः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
- संविधानसभा सचिवालय (२०७२). नेपालको संविधान २०७२. काठमाडौंः संविधानसभा सचिवालय

# राष्ट्रिय जनगणना र उपयोगिता



➲ ढुण्डिराज लामिछाने

## पृष्ठभूमि

सामान्य अर्थात् साँघुरो अर्थमा जनगणना शब्दले व्यक्तिहरूको गन्ती गर्नुलाई बुझाउँछ । फराकिलो अर्थमा व्यक्तिको गन्तीका अतिरिक्त जनसङ्ख्याका विशेषताहरूको गणनासमेत गरिन्छ । जनगणना भन्नाले विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग, लिङ्ग तथा उमेर समूहका समग्रमा हामी कति छौं, कहाँ छौ, कुन अवस्थामा छौ भन्ने कुरा थाहा पाउनु पनि हो । यिनै प्राप्त विवरणहरूका आधारमा नै राज्यले आम नागरिकहरूको हितका लागि अब के गर्नुपर्छ, कहिले गर्नुपर्छ, कसरी गर्नुपर्छ ? कहाँ गर्नुपर्दछ ? भन्ने आधार प्राप्त हुन्छ । आधुनिक समयमा जनगणनाको परिभाषाभित्र जनसङ्ख्याको वृहतक्षेत्र अटाएको पाइन्छ । संयुक्त राष्ट्र सङ्घले आधुनिक जनगणलाई व्यक्तिको विवरण सङ्कलनदेखि नतिजा प्रसारणसम्मको समष्टिगत प्रकृया भनेको छ । जनगणना भनेको कुनै निश्चित समयमा देशभर वा कुनै निश्चित सीमाभित्र बसोबास गर्ने सबै मानिसहरूको जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरणहरू सङ्कलन गरी उक्त विवरणहरू प्रशोधन, विश्लेषण, प्रकाशन एवं प्रसारण गर्ने समष्टिगत प्रक्रियालाई “जनगणना” भनिन्छ ।

संयुक्त राष्ट्र सङ्घले जनगणनामा आवश्यक मुख्य चारवटा कुरा हुनुपर्ने भनी औंल्याएको छ । पहिलो, प्रत्येक व्यक्ति र वासस्थानको अलगअलग गणना गर्नुपर्दछ । दोस्रो, निश्चित क्षेत्रभित्र बसोबास गर्ने सबै व्यक्तिको गणना गर्नुपर्दछ । तेस्रो, निश्चित समयभित्र सबै व्यक्तिको गणना गर्नुपर्दछ र व्यक्तिमा निहीत घटनाको विवरण लिँदा तोकिएको समयभित्र घटेका घटनाहरू मात्र विवरण लिनुपर्दछ र चौथो, निश्चित समय अवधिमा (हरेक १० वर्ष वा पाँच वर्ष) जनगणना दोहोऱ्याएर गर्नुपर्दछ ।

जनगणनामा व्यक्ति गणना गर्नका लागि मुख्यतया दुईवटा विधि छन् । पहिलो तत्काल गणना वा छोटो अवधिमा गणना गरिन्छ । यो विधिअनुसार जनगणनाको समयमा जो जहाँ भेटिएको छ त्यहीँबाट (de-facto method) निजको गणना गरिन्छ । यो फ्रेन्च मोडल हो । अहिले यो मोडल धेरैले प्रयोग गर्न छाडिसकेका छन् । नेपालमा अहिलेसम्म यो विधिको प्रयोग गरिएको छैन ।

दोस्रो विधिमा व्यक्तिको अक्सर बसोबास गर्ने ठाउँलाई आधार (modified de-jure) मानेर गणना गरिन्छ । यसमा जसलाई जहाँ पायो त्यहीँ गणना गरिँदैन । अक्सर बसोबास गरेको स्थान स्थायी बसोबास हुन पनि वा नहुन पनि सक्छ । एकवर्षको अवधिमा कहाँ धेरै समय बसेको छ भन्ने कुराले फरक पार्छ । जस्तैः- गाउँमा बुबाआमा मात्रै बस्छन् भने त्यहाँ बुबाआमाको मात्रै गणना हुन्छ । गाउँमा छोराछोरी कहिलेकाहीँ मात्र जान्छन् तर धेरैजसो समय शहरमा बस्छन् भने उनीहरूको गणना शहरमै हुन्छ । नेपालमा जनगणनाहरू अक्सर बसोबासका आधारमा गरिएका छन् ।

➲ लामिछाने, केन्द्रीय तथ्याङ्क विभागका निर्देशक हुनुहुन्छ ।

## नेपालमा जनगणनाको ऐतिहासिक पृष्ठभूमि

नेपालमा जनगणना लिने प्रचलन आजभन्दा १०९ वर्ष पहिले वि.सं. १९६८ सालबाट सुरू भएको हो । जुन बेला चन्द्रशमसेर प्रधानमन्त्री थिए । प्रत्येक दश/दश वर्षमा जनगणना हुँदै आएको छ । अब हुन गइरहेको जनगणना बाह्रौँ शृङ्खलाको हो र मुलुक सङ्घीयतामा प्रवेश गरे पश्चात्को पहिलो जनगणना हुनेछ । जनगणनामा मुलुकको भूभागभित्र रहेका सबै घर, परिवार र व्यक्तिहरूको गणना गर्नुपर्नेहुन्छ । नेपालमा वि.सं. २०१८ सालभन्दा पहिलेका जनगणनाहरू लगभग १० वर्षको अन्तरालमा र वि.सं. २०१८ सालभन्दा पछिका जनगणनाहरू ठिक १० वर्षको अन्तरालमा गरिँदै आएको छ । पछिल्लो जनगणना वि.सं. २०६८ सालमा भएको थियो, जसले जनगणनाको १०० वर्षको इतिहास रचेको थियो ।

नेपालमा गरिएका जनगणना विभिन्न समयमा विभिन्न उद्देश्यबाट गरिएको पाइन्छ । वि.सं. १९६८ भन्दा पहिले सन् १८९४ मा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा नेपालमा जनगणनाको प्रयास भएको थियो भन्ने रहेको छ । उक्त अवधिमा काठमाडौंको केही विस्तृत विवरणसहित नेपालको केही भागको जनसङ्ख्या उपलब्ध रहेको पाइएको छ । उक्त गणना सफल हुन नसकेको, गणनाविधिको बारेमा जानकारी नभएको, नेपालका केही क्षेत्र र भूभागमात्र समेटिएकाले देशभरको जनसङ्ख्या प्राप्त हुन नसकेकाले यसलाई आधिकारिक जनगणना मान्न नसकेको देखिन्छ । नेपालको आधिकारिक जनगणनाहरूको संक्षिप्त पृष्ठभूमि निम्नअनुसार रहेको पाइन्छ ।

**वि.सं. १९६८:** नेपालको पहिलो जनगणना मुडगन्तीको रूपमा मान्ने गरिन्छ । यस गणनामा ४० वटा महलमा घर (पक्की, कच्ची, फुस), जात, उमेरअनुसार जनसङ्ख्या, काम दिनसक्ने नसक्ने, लेखपढ गर्न जान्ने, इलम (खेती, व्यापारी, जागिर (जङ्गी र निजामति, बेइलमी), चौपाया, गाडा, डोली आदिजस्ता प्रश्नहरू रहेका थिए । यस जनगणनामा ५६ लाख ३९ हजार व्यक्तिको गणना भएको देखाइएको छ । यस जनगणनाका कुनै पनि विवरण प्रकाशन भएका छैनन् । यस जनगणनामा कुल जनसङ्ख्याबाहेक अन्य विववरण प्रकाशन भएको पाइँदैन ।

**वि.सं. १९७७:** यस जनगणनामा वि.सं. १९६८ सोधिएका प्रश्नहरूको अतिरिक्त नोकर र बाँधा तथा करियाको सङ्ख्या सोधिएको देखिन्छ । नेपालमा मानिसलाई दासकारूपमा किनबेच गर्ने र घरेलु कामदार, कमारो, बाँधा बनाएर राख्नेजस्ता सामाजिक विकृतिको विवरण सङ्कलनले गणनाको सामयिक महत्त्व रहेको मान्न सकिन्छ । यस जनगणनामा ५५ लाख ७५ हजार जनसङ्ख्या गणना भएको थियो ।

**वि.सं. १९८७:** यस जनगणनामा ५५ लाख ३३ हजार जनसङ्ख्या पुगेको देखाइएको छ । यस जनगणनामा वि.सं. १९६८ सोधिएका प्रश्नहरूका अतिरिक्त नोकर र बाँधा तथा मुगलानबाट पेन्सन पाउने र नपाउने व्यक्तिको सङ्ख्या पनि सोधिएको छ ।

**वि.सं. १९९८:** वि.सं. १९९५ मा स्थापित "जनसङ्ख्या गोश्वरा" नामको अड्डाले जनगणना सम्पन्न गरेको थियो । यस जनगणनामा वि.सं. १९६८ सोधिएका प्रश्नहरूको अतिरिक्त मुगलान गएका र मुलानीय (नेपालमा भएका) को विवरण मात्र थप गरिएको देखिन्छ । यसपटकको जनसङ्ख्या ६२ लाख ८४ हजार पुगेको थियो ।

मूलतः वि.सं. १९६८ देखि वि.सं. १९९८ मा भएका जनगणनाहरू व्यक्ति गणना र मुडगन्ती (Head Count) कारूपमा मात्र सीमित थिए । उक्त गणनामा सोधिएका प्रश्नहरू सीमित थिए र राष्ट्रिय जनगणनाको उद्देश्यअनुरूप गणनाको नियम, प्रश्नहरूको परिभाषा गरेको पाइँदैन । ती गणनाका सम्पूर्ण नतिजा पनि प्रकाशनमा ल्याइएको पाइँदैन ।

**वि.सं. २००९/२०११:** वि.सं. २००७ सालको जनक्रान्तिको कारणले २००८ सालमा हुने जनगणना स्थगित भएको थियो । वि.सं. २००९ सालमा पहिलोचरण अन्तर्गत महोत्तरी जिल्लाबाहेक पूर्वका जिल्लाहरूमा जनगणना सम्पन्न भयो भने पहिलो चरणमा हुन नसकेका क्षेत्रमा वि.सं. २०११ सालमा सम्पन्न भएको थियो । दुबै चरण गरेर नेपालको कुल जनसङ्ख्या ८२ लाख ५७ हजार पुगेको देखिन्छ । यस जनगणनालाई अन्तर्राष्ट्रिय मान्यता र गणनाको नियम, प्रश्नहरूको परिभाषा र देशभरीको गणनामा एकरूपता कायम गरी अरू मुलुकको जनसाङ्ख्यिक तथ्याङ्कसँग तुलना गर्न सकिने जनगणना भएकाले वैज्ञानिक जनगणना सुरुवाती वर्षको रूपमा समेत लिइन्छ । यस जनगणनाको विस्तृत विवरणसहितको प्रतिवेदन प्रकाशन गरिएको थियो ।

**वि.सं. २०१८:** साविकको "सङ्ख्या विभाग" खारेज भई केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएपश्चात् भएको जनगणनालाई पहिलो मानिन्छ । यस गणनामा पहिलोपटक जायजन्म र श्रमशक्तिसम्बन्धी प्रश्नहरू राखिनुका साथै व्यवस्थित गरिएको थियो । यस जनगणनामा ९४ लाख १३ हजार जनसङ्ख्या पुगेको थियो ।

**वि.सं. २०२८:** पहिलोपटक कम्प्युटरद्वारा तथ्याङ्क प्रशोधन गरिएको थियो । यो समय पञ्चायति शासनव्यवस्था लागु भएको अवस्था थियो । यो गणनामा एककरोड १५ लाख ५६ हजार जनसङ्ख्या पुगेको छ ।

**वि.सं. २०३८:** जनगणनामा पहिलोपटक नक्सा तयार गरिएको भए तापनि गुणस्तरीय नक्सा उत्पादन हुन नसकेकाले प्रयोगमा आएन । नेपालमा पहिलोपटक जनगणनाको गुणस्तर जाँचका लागि गणनोत्तर सर्वेक्षण (Post Enumeration Survey) गरिएको थियो । यो गणना स्थलगत कार्य सरकारी कर्मचारीहरूबाट सम्पन्न गरिएको थियो । यस जनगणनामा १ करोड ५० लाख २३ हजार जनसङ्ख्या पुगेको थियो ।

**वि.सं. २०४८:** नेपालमा वि.सं.२०४७ सालमा प्रजातन्त्र पुनर्स्थापनापश्चात्को पहिलो जनगणना गरिएको थियो । नेपाल अधिराज्यको संविधान २०४७ मा जनगणनाको विशेष दायित्व थप गरिएको थियो । यस जनगणनामा शिक्षकहरूबाट स्थलगत कार्य सम्पन्न गरिएको थियो । यस जनगणनामा १ करोड ८४ लाख ९१ हजार जनसङ्ख्या पुगेको थियो । पहिलोपटक परिवारले कृषि कार्यमा प्रयोग गरिएको जग्गाको पूर्णरूपमा गणना गरिएको थयो ।

**वि.सं.२०५८:** इ.सन् को नयाँ शताब्दीको साथै सहस्राब्दीको पहिलो जनगणनाको रूपमा लिइने गरिन्छ । यसमा दुई प्रकारका फारामहरू मध्ये लगत १ सबै घरपरिवार सोध्नेगरी (पूर्ण गणना) र लगत २ छनोट भएका घरका परिवारलाई सोध्ने गरी (नमुना छनोट विधिका आधारमा) गणना गरिएको थियो । अप्रत्याशित दरवार हत्याकाण्ड (राजा वीरेन्द्रको वंशनाश हुनेगरी भएको हत्याकाण्ड) का कारण जनगणनाको लगत सङ्कलन कार्यक्रम एकहप्तापछि सरेको थियो । यस जनगणनामा २ करोड ३१ लाख ५१ हजार जनसङ्ख्या पुगेको थियो ।

**वि.सं. २०६८:** नेपालको इतिहासमा जनसङ्ख्याको लगत लिने परम्पराको एकसय वर्ष पूरा भएको थियो । वि.सं.२०५८ को जस्तै नमुना छनोटविधिको प्रयोग गरिएको थियो तर छनोट एकाइ परिवार मानिएको (वि.सं.२०५८ मा छनोट एकाइ घर रहेको) थियो । यस जनगणनामा २ करोड ६४ लाख ९४ हजार जनसङ्ख्या पुगेको थियो । वि.सं.२०७८ सालमा हुने जनगणनामा करिव तीनकरोड जनसङ्ख्या र ७० लाख घरपरिवार पुग्ने अनुमान गरिएको छ ।

## राष्ट्रिय जनगणना २०७८ को क्षेत्र

वि.सं.२०७८ सालमा गर्न लागिएको जनगणना नेपाल सङ्घीय संरचनामा गइसकेपछिको पहिलो जनगणना हो । यो जनगणना सातसय ५३ वटै पालिकामा हुनेछ । यसमा चारसय ६० गाउँपालिका, दुईसय ९३ नगरपालिका, महानगरपालिकाहरू, उपमहानगरपालिकाहरू, सातवटै प्रदेश र केन्द्र सरकारका लागि आवश्यक पर्ने आधारभूत विवरणहरू सङ्कलन गरिन्छ । यो जनगणना पनि अन्तर्राष्ट्रियस्तरमा गरिने गणनाजस्तो हुन्छ । यसमा सङ्ख्याका साथै जनसङ्ख्याका विशेषताहरूका बारेमा पनि गणना गरिन्छ । पहिला सङ्ख्यामात्रै थियो भने अहिले विशेषताहरू पनि थपिएका छन् । महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, उमेर, शिक्षा, स्वास्थ्य र जातजातिका विशेषता, भाषागत विशेषता, धर्म, उमेरगत विशेषता, अपाङ्गता, बालबालिकाको अवस्था, हिमालमा बस्ने, पहाडमा बस्ने, तराईमा बस्ने, रोजगार प्राप्त, बेरोजगार, सक्रिय जनसङ्ख्या, निष्क्रिय जनसङ्ख्या, बच्चा जन्माएका, मृत्यु भएका आदि जनसङ्ख्याको परिभाषा आकारका साथै सम्बद्ध विशेषताहरू जनगणनामा समेटिने छन् ।

सैद्धान्तिक हिसाबले नयाँ नभए पनि सङ्कलन गरिने विशेषताहरू कति लिने भन्ने सबैको चासोको विषय हो । एकथरी देशहरूले एउटा समयमा भए पनि सबै विवरण लिनुपर्छ भन्दै आएका छन् । अर्काथरी देशहरूले आधारभूत तथ्याङ्क मात्रै सङ्कलन गर्ने हो भन्दै आएका छन् । अमेरिकाले १० वटा जति प्रश्न राखेर तथ्याङ्क सङ्कलन गर्ने गरेको छ तर नेपालले भने झण्डै ८० प्रश्न सोध्ने योजना गरेको छ । यो जनगणनामा घर तथा घरपरिवार सूचीकरण प्रश्नावली, मुख्य प्रश्नावली र सामुदायिक प्रश्नावली गरी तीन प्रकारका प्रश्नावली प्रयोग गरिएको छ ।

सरकारले राष्ट्रिय जनगणनाको प्राप्त तथ्याङ्कबाट नीति निर्माण, सेवा वितरण, स्रोत बाँडफाँड, तथ्यमा आधारित निर्णय आदि गर्न उपयोग गर्दछ । अध्ययन अनुसन्धानकर्तालाई विभिन्न अध्ययन अनुसन्धान तथा नीति पृष्ठपोषणको लागि आवश्य हुन्छ भने प्राज्ञिक क्षेत्रले अनुमान र प्रक्षेपण, नीति पृष्ठपोषण, शिक्षण कार्यमा प्रयोग गर्दछन् । त्यसैगरी कम्पनी तथा सङ्घसंस्था तथा लगानीकर्ताले आम व्यक्तिलाई सेवा वितरण, नयाँ बजारको अध्ययन तथा लगानी क्षेत्र पहिचान गर्न प्रयोग गर्नेछन् । पत्रकारहरूले सही सूचना तयारी तथा सम्प्रेषण र तुलनात्मक विश्लेषण गरी आम नागरिकलाई सचेतना अभिवृद्धि गर्न प्रयोग गर्दछन् भने आम समुदाय र नागरिकलाईसमेत जनगणनाका तथ्याङ्क समुदायको विकास र सामाजिक सुरक्षा प्राप्त भए नभएको र विकासको अवस्था थाहा पाउने तथा सरकारले गरेको कामको मूल्याङ्कन गर्न सजिलो हुन्छ ।

## राष्ट्रिय जनगणना २०७८ महत्त्व

समयको साथसाथै जनगणनाले जनताले राज्यको लागि गर्नुपर्ने दायित्वभन्दा पनि राज्यले उनीहरूका लागि के गर्न सक्दछ भन्ने कुरामा बढी केन्द्रित हुनथाल्यो । जनसङ्ख्या तथा जनशक्तिलाई श्रोत तथा साधनकारूपमा हेर्ने काम कहिल्यै पनि भएन । जसको कारण भार तथा अभिसाप बन्नपुग्यो । जबसम्म दृष्टिकोण परिवर्तन हुँदैन, यस्तै नै हुन्छ । देशको हालत पनि फेरिन सक्दैन । यो एक प्रमाणित सत्य पनि हो । मानव संसाधन यस्तो श्रोत र साधन हो जसको विकल्प छैन । यसलाई बेवास्ता गरेर प्रगति सम्भव छैन । Porf. Kenneth Prewitt, Columbia University ले भनेका छन्; जनगणना राजनीति र विज्ञानको सम्मिश्रण हो । राजनीति किनभने शक्ति र अर्थ (पैसा), कति मानिस कहाँ बस्छन् भन्ने कुरासँग सम्बन्धित हुन्छ । विज्ञान किनभने प्राविधिकरूपले जटिल विधिहरू विभिन्न वैज्ञानिक विधाहरूबाट अनुशरण गरिएको हुन्छ । आजको सयममा जनगणनाको महत्त्वलाई निम्नअनुसार व्यक्त गर्न सकिने देखिन्छ ।

- राष्ट्रिय जनगणनाः सङ्ख्या मात्रै बताउने हैन, सभ्यता बचाउने अभियान हो ।
- राष्ट्रिय जनगणनाः सार्वजनिक सम्पत्ति निर्माणकार्यमा सबैको अपनत्व र सहभागिता जरूरी छ ।
- राष्ट्रिय जनगणनाः राज्य र राजनीतिका लागि अपरिहार्य हुन्छ ।
- राज्यको कल्याणकारी योजनाको लागि जनगणना अपरिहार्य छ ।
- समावेशी विकासका लागि समावेशी तथ्याङ्क आधार आवश्यक हुन्छ ।
- राजनैतिक दृष्टिकोणले जनगणना लोकतन्त्रको प्राण हो ।
- विकासको दृष्टिकोणले जनगणना नीति, कार्यक्रम तथा योजनाको ढाँचा कोर्ने मुख्य स्रोत हो ।
- लैङ्गिक, अल्पसङ्ख्यक र सीमान्तकृत वर्गको दृष्टिकोणले जनगणना अधिकार स्थापित गर्ने सुनौलो मौका हो ।
- तथ्याङ्कको महत्त्वको दृष्टिकोणले जनगणना राष्ट्रिय महाअभियान, उत्सव तथा राष्ट्रिय तथ्याङ्क प्रणालीको आधारस्तम्भ हो ।
- सम्वृद्धिका लागि समावेशी विकास, समावेशी विकासका लागि समावेशी तथ्याङ्क जरूरी हुन्छ ।

विद्यमान अवस्थामा जनगणनाको महत्त्वलाई तीन क्षेत्रमा वर्गीकरण गरी अध्ययन गर्नसकिन्छ ।

**राजनैतिक महत्त्व**

- राज्य (सङ्घीय) संरचनाको आधार तय गर्न ।
- निर्वाचन क्षेत्र निर्धारण, व्यवस्थापिका संसदको आधार अर्थात् सभासद्हरूको सङ्ख्या निर्धारण, नगर तथा गाउँपालिकाको वर्गीकरण गर्न ।
- भौगोलिक, लैङ्गिक समानता र सामाजिक समावेशी संरचनाका आधार निर्माण गर्न ।
- मौलिक हकअधिकारको संरक्षण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको आधार तयार हुने ।

**विकास योजना र लोककल्याणकारी महत्त्व**

- केन्द्रीय तथा स्थानीय विकास योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा उपयोग हुने ।
- सामाजिक, आर्थिक तथा वातावरणीय कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा उपयोग हुने ।
- सामाजिक सुरक्षा योजना (वृद्ध भत्ता, बालविकास अनुदान आदि) तथा लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न ।
- सङ्घीय, प्रदेश तथा स्थानीय सरकार सञ्चालन, जिल्ला, नगरपालिका, गाउँपालिकाको विकास अनुदानको आधार ।
- जनसङ्ख्या व्यवस्थापको महत्त्वपूर्ण आधार हुने ।

**तथ्याङ्कीय महत्त्व**

- जनसङ्ख्यासम्बन्धी आधारभूत तथ्याङ्क (जनसङ्ख्याको आकार, बनावट, वितरण र वृद्धि) प्राप्त गर्न ।
- विभिन्न तथ्याङ्कीय सर्वेक्षणहरूका लागि सूची वा फ्रेम प्राप्त गर्न ।
- अन्तराष्ट्रिय सन्धी, सम्झौता तथा प्रतिबद्धता तथा सूचकहरू निर्माण गर्न ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्यहरू मापन गर्न प्रयोग हुने ।
- आगामी २० वर्षको लागि जनसङ्ख्या प्रक्षेपण गर्न ।

- राष्ट्रिय सर्वेक्षणको सहयोगमा लघुक्षेत्र अनुमान विधिबाट स्थानीय तहका महत्त्वपूर्ण सूचकहरू अनुमान गर्न जस्तैःगरिबी दर, बेरोजगार दर, परिवार नियोजनको साधन प्रयोग दर आदि ।

## नेपालमा जनगणनाको विकल्प छ ?

सर्वप्रथमत, जनगणनाको विकल्पमा व्यक्तिगत घटना पञ्जीकरण, राष्ट्रिय सर्वेक्षण तथा प्रशासनिक अभिलेखले काम गर्दैन ? नेपालमा जनगणना नभै नहुने हो ? जस्ता प्रश्नको उत्तर खोज्न जरूरी छ ।

जनसङ्ख्यासम्बन्धी तथ्याङ्कहरू सङ्कलन गर्ने अर्को महत्त्वपूर्ण स्रोत पञ्जीकरण पनि एक हो । व्यक्तिको जन्मदेखि मृत्युपर्यन्तका सबै घटनाहरूलाई व्यक्तिगत घटनाहरू भनिन्छ । सरकारले जन्म, मृत्यु बसाइँसराइजस्ता व्यक्तिगत घटना दर्ता गर्न ऐनको व्यवस्था गरेको छ । सो काम थालेको करिव ६० बर्ष हुँदा पनि सन्तोष लाग्ने गरी प्रगति हासिल हुन सकेको छैन । हाल यो कार्यको कार्यान्वयन गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागले गर्दछ र स्थानीयस्तरमा गाउँ तथा नगरपालिकाहरूले व्यक्तिगत घटना दर्ताको अभिलेखीकरण कार्य गर्दछन् । यस प्रणालीबाट व्यक्तिगत घटनालाई समयमै अद्यावधिक गर्न नसकेको, घटना दर्ता गर्ने चलन अपुरो, दक्ष र समर्पित कर्मचारीको अभाव, संस्थागत क्षमता कमजोर आदि रहेका छन् । नेपालमा जनसङ्ख्या तथा जन्म मृत्यका घटनालाई अद्यावधिक बनाइराख्ने अन्य कुनै संयन्त्र नभएको र यसलाई अझ व्यवस्थित हुन कम्तीमा दुईदशक लाग्ने देखिन्छ ।

अव अर्कोतर्फ संवैधानिक तथा कानुनी व्यवस्था र सूचनाको उपलब्धता र पहुँचतर्फ विचार गरौं । नेपालमा जनगणना हरेक दशवर्षमा गर्नुपर्ने नेपालको संविधानले नै व्यवस्था गरेको छ । राज्यको नीति तथा निर्देशक सिद्धान्तमा जनसङ्ख्या र विकासलाई सँगै लिएर जानुपर्छ भनी आत्मसाथ गरेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचनमा जिल्लाबाट प्रतिनिधित्व गर्ने सदस्यको सङ्ख्या निर्धारण गर्न २०४८, २०५८ र २०६८ सालका जनगणनाको उपयोग गरिएको थियो ।

अन्य प्रशासनिक अभिलेखबाट जनसङ्ख्या अद्यावधिक अभिलेखजस्तै जनसङ्ख्या रजिष्टर राख्ने सरकारी संयन्त्रको व्यवस्था छैन । नेपालमा विभिन्न राष्ट्रियस्तरका सर्वेक्षणहरूका माध्यमबाट जनसङ्ख्याका तथ्याङ्क प्राप्त गर्ने गरिएको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, नेपाल प्रजनन सर्वेक्षण, नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल पारिवारिक बजेट सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचकाङ्क सर्वेक्षण, राष्ट्रिय बसाइँसराइ सर्वेक्षण आदिजस्ता ठुलाठुला राष्ट्रिय सर्वेक्षणहरू गरिने गरेका भए पनि यस्ता प्रतिनिधिमूलक सर्वेक्षणले जिल्ला तथा स्थानीय तहको तथ्याङ्क र सूचना दिन सक्दैनन् ।

जनगणना नगरे के हुन्छ भन्ने प्रश्नको उत्तरका लागि अमेरिकी सांसद एस.एस. कक्सले सन् १८७९ मा भनेको भनाइ आज पनि सान्दर्भिक देखिन्छ । उनका अनुसार "उचित तरिकाले सरकार सञ्चालन गर्नका लागि जनगणना पहिले पनि अपरिहार्य हुन्थ्यो आज पनि छ । जनगणना नभएको देशमा सुशासन कायम गर्न सकिँदैन । जनगणना जति चाँडोचाँडो र सही किसिमले गरिन्छ उत्ति नै राम्रोसँग सरकार सञ्चालन गर्नसकिन्छ"। तसर्थ नेपालको परिप्रेक्षमा जनगणनाको विकल्प समयसापेक्ष चुस्त र दुरूस्त जनगणना नै हो र जनगणनामा नसमेटिएका विषयवस्तुहरू समावेश गरी विभिन्न विषयगत सर्वेक्षणाहरू सञ्चालन गर्नुपर्दछ ।

## नागरिकले जनगणनाको अपनत्व किन लिनु पर्दछ ?

नागरिकले जनगणनाको अपनत्व लिने प्रश्नको उत्तर खोज्नको लागि दुई प्रश्नहरूका उत्तर खोज्नु पर्नेहुन्छ । जस्तैः किन जनगणनाका तथ्याङ्क सबै पक्षलाई आवश्यक छ ? जनगणनामा नागरिकको दायित्व हुँदैन ? आदि ।

इतिहास केलाउने हो भने जव राज्य र नागरिकको अवधारणाले आधिकारिक मान्यता पायो त्यसै समयबाट राज्यहरूले जनगणना गर्ने र नागरिकको हिसाव राख्ने चलन चलाउँदै आएको मान्न सकिन्छ । आधुनिक राज्यको अवधारणाअनुसार हेर्दा जनगणना योजनबद्ध विकासको अवधारणाको अभिन्न पाटो हो । जनगणना देश विकासको मार्गचित्र कोर्ने एउटा महत्त्वपूर्ण माध्यम भएकाले यसप्रति सबै तह र तप्काको खास चासो हुन्छ नै । नेपालको संविधानको पूर्णकार्यन्वयनका लागि जनगणनाको खास महत्त्व हुन्छ । खासगरी मौलिक हकसम्बन्धी व्यवस्थामा बालबालिकाको हक, महिलाको हक, ज्येष्ठ नागरिकको हक, दलितको हक, आवासको हक, रोजगारीको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक आदिजस्ता महत्त्वपूर्ण कुरा नागरिकले कति प्राप्ति गरेका छन् भन्ने कुरा जनगणनाबाट प्राप्त हुने तथ्याङ्कबाट थाहा हुन्छ ।

***जनगणनाको इतिहासमा १२ औं जनगणना भए पनि सङ्घीय संरचनामा पहिलो जनगणना यसको महत्त्वपूर्ण विशेषताकारूपमा लिन सकिन्छ । यस गणनाले सङ्घ प्रदेश र स्थानीय तहको आधार तथ्याङ्क प्रदान गर्दछ । राष्ट्रिय जनगणना २०७८ विगतमा गरिएको जनगणनाजस्तै प्रत्येक व्यक्ति गणना (मुडगन्ती) अक्सर बसोबासको आधारमा गरिन्छ । विगतको जनगणनामा भन्दा हालको जनगणनाका प्रश्नावली तथा विधिहरूमा केही भिन्नताहरू रहेका छन् ।***

जनगणना किन र के फाइदाका लागि भन्ने आम मानिसहरूले सोध्न सक्छन् । व्यक्ति र व्यक्तिमा रहेको विशेषताको आंकलन नगरी बनाइएका योजनाहरू प्रायः असफल नै हुन्छन् वा केही प्रभावहीन हुनसक्छन् । खासमा जनगणनाबाट जस्तैः जनसङ्ख्या, महिला, पुरुष र अन्य लिङ्गीको सङ्ख्या, मानिसहरूको उमेर, शिक्षा, जातजाति, धर्म, भाषा, अपाङ्गता भएका व्यक्तिको सङ्ख्या र प्रकार, पेशा, व्यावशाय, जन्म, मृत्यु, बसाइँसराइ, आदिजस्ता सूचना जनगणनाबाट सङ्कलन गरिन्छ । यिनै सूचनाका आधारमा केन्द्र, प्रदेश तथा स्थानीय सरकारले विकास निर्माण, समावेशीता, समुदायको पहिचान, कुनै सेवा क्षेत्रको विस्तार आदिजस्ता नीतिहरू बनाउँछन् । जसले गर्दा सही तथ्याङ्क उपलब्ध गराइयो भने विकास निर्माणका सही र तथ्यगत योजना बन्ने भए; गलत तथ्याङ्क भयो भने योजना पनि गलतै बन्ने भए । गलत तथ्याङ्कमा आधारित योजना आजसम्म कहीं पनि सफल भएको देखिँदैन । त्यसकारण आफ्नो गाउँठाउँको भौतिक, सामाजिक तथा आर्थिक विकास निर्माणलाई प्रभावकारी बनाउन, आफ्नो उपस्थिति नीति निर्माण तहमा प्रभावकारी बनाउनका लागि पनि हरेक नागरिकले जनगणनामा आफ्नो अपनत्व लिन र आफ्नो दायित्व र कर्तव्य छ भन्ने कुरा बिर्सनु हुँदैन ।

जनगणनामा सामान्य नागरिकदेखि सम्माननीय राष्ट्रपतिसम्मका पारिवारिक तथा व्यक्तिगत विवरणहरू सङ्कलन गरिन्छ । यो महाअभियान सफल पार्नका लागि हरेक नागरिकको उत्तिकै दायित्व हुन्छ । जनगणनाका सन्दर्भमा नागरिकको मुख्य दायित्व भनेको यसको प्रचारप्रसार, गणक तथा गणना सामग्रीको सुरक्षा र संरक्षण गर्नु र गणकलाई सही सूचना दिनु नै हो । कानुनी हिसावले हेर्ने हो भने विक्रम संवत् २०७२ सालमा जारी नेपालको संविधानको धारा ४८ मा प्रत्येक नागरिकको कर्तव्य किटान गरिएको छ । राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु आदि विषयहरू नागरिकका कर्तव्यकारूपमा मूल कानुनमा उल्लेख गरिएको छ । नागरिक कर्तव्य आफैमा फराकिलो विषय हो । यी सबै दायित्व जनगणना प्रयोजनको लागि पनि उत्तिकै सान्दर्भिक हुन्छन् र नागरिकले निर्वाह गर्नुपर्ने हुन्छ । नागरिक कर्तव्यको कुरा संविधान ऐन कानुनमा राखेर मात्र उद्देश्य पूरा हुनेहोइन । यसले त नागरिकको देशप्रतिको प्रेम भाव, भक्ति, स्वाभिमान, आस्थालाई सङ्केत गरिरहेको हुन्छ । सोको पालनाले थप परिष्कृत गराउँदै लैजाने विषय हो । त्यसैले जनगणनामा

वेवास्था हैन नजिकबाट चासो राखी आम नागरिक तथा समुदायले निष्क्रिय भई गणकले सोधेका प्रश्नको उत्तर दिने, गणकको साथमा घरघर गई तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने, गलत विवरण दिन प्रभाव र दबाव दिने वा गलत गतिविधि वा अभियान चलाउने कार्यको निगरानी र निरूत्साही गरेर नागरिकको दायित्व र कर्तव्य पूरा गर्नुपर्दछ ।

संस्थागतरूपमा हेर्ने हो भने जनगणनाको तथ्याङ्कबाट दिगो विकासका लक्ष्यहरूको मूल्याङ्कन गर्न सहज हुने, सङ्घ, प्रदेश र स्थानीय तहले बनाउने नीति योजना तथा कार्यक्रमहरू सही र तथ्यपरक बन्छन् । राष्ट्रिय कृषिगणनालगायत ठुलाठुला सर्वेक्षणहरू सञ्चालनमा र नियमित तथ्याङ्क उत्पादन हुन्छन् । जनगणना समयमा नै गर्न सकिएन भने यसबाट चौतर्फी असर गर्नुका साथै समृद्ध नेपाल, सुखी नेपालीको आकांक्षा र सोको मूल्याङ्कनमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## राष्ट्रिय जनगणना २०७८ को विशेषता

***राष्ट्रिय जनगणना २०७८ को विशेषता***

- *कानुनी व्यवस्था*
- *पूर्ण गणना*
- *लैंगिक समानता तथा समाजिक समाबेशी जनगणनामा जोड*
- *तथ्याङ्क संकलनमा प्रविधिको प्रयोग*
- *महत्पूर्ण प्रश्नहरू थप तथा परिमार्जन*
- *जनगणनामा नक्शाको व्यापक प्रयोग*
- *प्रचारप्रासर शैलीमा परिमार्जन*
- *बेरोजगार तथा शिक्षित युवाहरू परिचालन*
- *लगत प्रशोधन तथा नतिजा प्रकाशन परिमार्जन*
- *पूर्व कोडेड प्रश्नहरू*
- *मातृ मृत्यु र मृत्यूको कारणको अध्ययन*
- *सामुदायिक प्रश्नावलीको प्रयोग*
- *मेरो गणना मेरो सहभागिता राष्ट्रिय जनगणना २०७८*

जनगणनाको इतिहासमा १२ औं जनगणना भए पनि सङ्घीय संरचनामा पहिलो जनगणना यसको महत्त्वपूर्ण विशेषताकारूपमा लिन सकिन्छ । यस गणनाले सङ्घ प्रदेश र स्थानीय तहको आधार तथ्याङ्क प्रदान गर्दछ । राष्ट्रिय जनगणना २०७८ विगतमा गरिएको जनगणनाजस्तै प्रत्येक व्यक्ति गणना (मुडगन्ती) अक्सर बसोबासको आधारमा गरिन्छ । विगतको जनगणनामा भन्दा हालको जनगणनाका प्रश्नावली तथा विधिहरूमा केही भिन्नताहरू रहेका छन् र ती यस प्रकार रहेका छन् ।

**कानुनी व्यवस्थाः** सङ्घ, प्रदेश र स्थानीय तह एवं निजी तथा गैरसरकारी क्षेत्रबिच समन्वय र सहकार्य गर्ने मार्गचित्रसहित राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश २०७६ र राष्ट्रिय जनगणना तथ्याङ्क सङ्कलनदेखि तथ्याङ्क प्रकाशनसम्मका चरणहरूको प्रक्रियासहितको राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका २०७७ पहिलोपटक जारी गरिएको छ ।

**पूर्ण गणनाः** राष्ट्रिय जनगणना २०५८ र २०६८ मा केही प्रश्नहरू (लगत १) सम्पूर्ण घरपरिवारमा र केही प्रश्नहरू (लगत २) छटनी विधिबाट सङ्कलन गरिएको थियो । यो जनगणनामा सबै स्थानीय तहका वडासम्म तथ्याङ्क प्राप्त गर्न, सबै प्रश्नहरूको विवरण सबै घरपरिवारमा प्राप्त गर्ने गरी एउटै प्रश्नावली तयार गरिएको छ । यसबाट स्थानीय तहमा सम्भव भएसम्म अधिक सूचकहरू तयार गर्न सकिने हुन्छ ।

**लैङ्गिक समानता तथा सामाजिक समाबेशी जनगणनामा जोडः** कुनै व्यक्तिको पहिचान वा सामाजिक अवस्था र स्थितिको विश्लेषण गर्दा उसको आर्थिक पक्षका साथसाथै अन्य पक्षहरू जस्तैः उमेर, लैङ्गिक पहिचान, सामाजिक मूल्यमान्यता, भाषा, परम्परागत संस्कार, संस्कृति, अपाङ्गता, धार्मिक आस्था आदि विविध पक्षहरूलाई केलाएर हेरिनु पर्दछ । यी विविध पक्षसँग व्यापक छलफल, प्रश्नावली निर्माण र गणना पुस्तिका निर्माणमा सरोकारवालाको संलग्नता, तालिममा प्रशिक्षककारूपमा

सहभागिता, प्रचारप्रसार सामग्री तयारी र वितरण, प्रदेश तथा स्थानीयस्तरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन र लैङ्गिक समानता तथा समाजिक समावेशी सन्दर्भपुस्तिका गणनामा खटिने सबै गणक, सुपरिवेक्षक, प्रशिक्षक तथा कर्मचारीहरूलाई वितरण गरिएको थियो ।

**तथ्याङ्क सङ्कलनमा प्रविधिको प्रयोगः** काठमाडौं जिल्लाका महानगरपालिका र नगरपालिकाहरूमा यसपटक कम्प्युटर एसिस्टेड पर्सनल इन्टरभिविङ (क्यापी) प्रयोग गरिने व्यवस्था गरिएको छ । यो प्रविधिमा फारम भरिरहनु पर्दैन, ट्याब (ट्याब्लेट) मा तथ्याङ्क सङ्कलन गरिनेछ । यसका लागि २५०० ट्यावलेट व्यवस्था गरिएको छ । त्यसैगरी नेपाल बाहिर रहेका नेपाली दुतावास तथा महाबाणिज्य दुतावासहरूमा रहेका कर्मचारीहरूको विवरण इसेन्स (इन्टरनेट) मार्फत् विवरण सङ्कलन गरिने छ । यसपटक परम्परागत कागजी प्रश्नावली, क्यापी र इसेन्सस अर्थात् मल्डिमोडल एप्रोचविधि तथ्याङ्क सङ्कलनमा प्रयोग गरिने छ ।

**महत्त्वपूर्ण प्रश्नहरू थप तथा परिमार्जनः** जनगणनाले विगतका जनसाङ्ख्यिक, आर्थिक र सामाजिक अवस्थामा कस्तो परिवर्तन आयो भनेर हेर्ने भएकाले सोधिने आधारभूत प्रश्नहरूमा खासै परिवर्तन गरिँदैन । यो जनगणनामा केही प्रश्न थप तथा परिमार्जन गरिएका छन् । जस्तै, विगतमा आवासीय घरहरूको मात्र तथ्याङ्क सङ्कलन गरिएकामा यसपटक देशका गैरआवासीय घरहरूः उद्योग, विद्यालय, सिनेमा हलसहितका सबै खालका भवनहरूको गणना गरिनेछ । सरकारी अनुदानमा कति घर निर्माण भए भन्ने तथ्याङ्क पनि सङ्कलन गरिनेछ । त्यस्तै कति नागरिकको बैङ्क तथा वित्तीय संस्थामा खाता छ, ऋण लिने कति छन्, परिवारमा प्राविधिक शिक्षा लिने छन् कि छैनन् वा पाँच वर्षमुनिका बालबच्चाको जन्मदर्ता छ कि छैन भन्ने तथ्याङ्क पनि सङ्कलन गरिनेछ । विगतका जनगणनाहरूमा मातृभाषा र दोस्रो भाषा के हो भन्ने प्रश्न मात्र सोधिन्थ्यो । यसपटक पूर्खाको भाषा के हो भनेर पनि सोधिनेछ । यस्तो तथ्याङ्कबाट पूर्खाकै भाषा मातृभाषाकारूपमा हस्तान्तरण हुँदै आएको छ कि छैन भनी हेर्न सहयोग गर्छ । त्यस्तै, सामुदायिक प्रश्नावली पनि जनगणनामा पहिलोपटक राख्दैछौं । देशभित्रका सम्पूर्ण वडाहरूको सामाजिक, आर्थिक र पूर्वाधारको अवस्था सबै वडा कार्यालयबाट सङ्कलन गरिनेछ । शैक्षिक अवस्थासम्बन्धी र आर्थिक क्रियाकलापसम्बन्धी प्रश्नमा सुधार र परिमार्जन गरिएको छ ।

**जनगणनामा नक्साको व्यापक प्रयोगः** विगत जनगणनामाजस्तै यसपटक पनि गणनाक्षेत्र नक्साको प्रयोग गरिएको छ । गणनाक्षेत्र नक्साहरूलाई शुद्ध बनाउन डिजिटल म्यापिङ सिस्टमबाट नक्सा उत्पादन र सेन्सस म्याप एपसमेत बनाई सुपरिवेक्षक तथा गणकले गणना गरिने क्षेत्रका नक्सा मोवाइलमा नै हेर्न सक्ने बनाइएको छ । २०५८ सालको जनगणनामा शहरीक्षेत्रको मात्र गणनाक्षेत्र नक्सा बनाइएको थियो भने यसपटकको जनगणनामा देशभरका ग्रामीण तथा शहरीक्षेत्रको समेत गणनाक्षेत्र नक्सा बनाइएको छ ।

**प्रचारप्रसार शैलीमा परिमार्जनः** यसपटकको जनगणना प्रचारप्रसारको लागि तीनै तहका सरकारका अतिरिक्त गैरसरकारी तथा नीजि क्षेत्र र आम नागरिकले समेत सहकार्य र सहयोग गर्नसक्ने कानुनी व्यवस्था गरिएको छ । दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्रजस्ता सरकारी संस्थाहरू र राष्ट्रिय अपाङ्ग महासङ्घ तथा अन्य अपाङ्गता क्षेत्रका सङ्घसंस्था, बालबालिकासँग सम्बन्धित सस्था, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको संस्था आदिसँगको सहकार्यमा प्रचारप्रसार गरिने व्यवस्था मिलाइएको छ । प्रचारप्रसारमा आमसमुदाय तथा नागरिकको भूमिकालाई समेत कानुनमा नै व्यवस्था गरी जनगणनाको इतिहासमा पहिलोपटक महत्त्वपूर्ण स्थान दिएको छ ।

**बेरोजगार तथा शिक्षित युवाहरू परिचालनः** यसअधिका जनगणनामा गणक र सुपरिवेक्षक अधिकांश सरकारी विद्यालयका शिक्षकहरू रहने व्यवस्था रहेको थियो तर यसपटक गणक र सुपरिवेक्षकमा

सम्बन्धित स्थानीय तहको तथ्याङ्क सङ्कलन गर्न सोही स्थानकै शिक्षित बेरोजगार युवालाई छानिएको छ । यसबाट बढी विश्वसनीय तथ्याङ्क सङ्कलन हुने अनुमान छ यद्यपि शिक्षकहरूको भूमिका प्रशिक्षक र जनगणना अभियन्ताकारूपमा रहने व्यवस्था गरिएको छ ।

**लगत प्रशोधन तथा नतिजा प्रकाशन परिमार्जन:** विगतका जनगणनाहरूमा लगत प्रशोधनकार्य परामर्शदाताबाट गराउने गरिएको र यसपटकको जनगणनामा केन्द्रीय तथ्याङ्क विभाग आफैले करारमा कर्मचारी भर्ना गरी प्रत्यक्ष नियन्त्रण र व्यवस्थापनमा तथ्याङ्क प्रशोधन कार्य गर्नेछ । वि.सं.२०५८ सालमा अपनाइएको जनगणनाको माइक्रो (स्याम्पल) डाटासेट सर्वसाधरणलाई वितरण गरिएको र यसपटक पनि निरन्तरता दिइनेछ । यसका अतिरिक्त जनगणनाका नतिजाहरू रिडएवल फर्मेटजस्तै एक्सेलमा उपलब्ध गराउनुका साथै स्थानीय तहसम्म तथ्याङ्कीय प्रतिवेदन सार्वजनिक गरिनेछ । अर्को महत्त्वपूर्ण कुरा यसपटक जनसङ्ख्या मोनोग्राफको स्थानमा नीति सुझावसहित विभिन्न विषयगत प्रतिवेदन तयार गरिनेछ । जस्तैः जनसङ्ख्या बनोट र प्रवृति, लैङ्गिक अवस्था, ज्येष्ठ नागरिक, बालबालिका, युवा, घरायसी सेवासुविधाको अवस्था, शैक्षिक अवस्था, श्रमशक्तिको अवस्था, मृत्यु तथा मातृमृत्यु, प्रजनन, अपागङ्ता, जातजाति, भाषा, धर्म आदि विश्लेषणात्मक प्रतिवेदन तयार गरिनेछ ।

**पूर्व कोडेड प्रश्नहरू:** अघिल्ला जनगणनाहरूमा तथ्याङ्क सङ्कलन गरिसकेपछि सङ्केतीकरण (कोडिङ) केन्द्रमा नै गरिएको थियो तर त्यसो गर्दा समय, खर्च बढी लाग्ने भएकाले यसपटक उत्तरदाताले दिएको जवाफलाई अक्षरमा लेखेर त्यसलाई तत्काल गणक तथा सुपरिवेक्षकबाट सङ्केतीकरण गरिनेछ । त्यसपश्चत् केन्द्रमा समेत कोडिङहरूको पुनः जाँच तथा परिक्षण गरिनेछ । त्यसैले सङ्केतीकरणको क्रमसङ्ख्या तलमाथि पर्यो भनेर विवाद गर्नुपर्ने अवस्था अन्त्य हुने र सही तथ्याङ्क प्राप्त गर्न सकिने हुन्छ ।

**मातृमृत्यु र मृत्युको कारणको अध्ययन:** मृत्युसम्बन्धी प्रश्न सबैभन्दा संवेदनशील र चुनौतीपूर्ण छ । नेपालमा पहिलोपटक (सम्भवत विश्व समुदायमा पहिलो हुनुपर्दछ) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहकार्यमा स्वास्थ्य विज्ञहरूबाट मातृमृत्युको प्रमाणीकरण र थप अध्ययन गरी मातृमृत्यु दर र मातृमृत्युका कारणहरू उत्पादन गरिनेछ ।

**सामुदायिक प्रश्नावलीको प्रयोग:** वि.सं.२०४८ सालमा नेपालमा पहिलोपटक जनगणनामा सामुदायिक प्रश्नावली प्रयोग गरिएको थियो । आन्तरिक प्रयोजनका लागि मात्र प्रयोग गरिएको यो प्रतिवेदन सार्वजनिक गरिएको थिएन । यसपटकको जनगणनामा विस्तृतरूपमा वडाले नागरिकलाई दिने सेवासुविधाका अतिरिक्त वडाको आम्दानीको स्रोत, वडामा आयत हुने र वडाबाट निकासी हुने कृषि तथा गैरकृषि उत्पादनको अवस्था, वडाका भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार तथा वातावरण र विपद्सम्बन्धी प्रश्नहरू राखिएका छन् । यसबाट शहरीकरणको अवस्थाको बारेमा विवरणसमेत प्राप्त गर्नसकिन्छ । यस सामुदायिक प्रश्नावलीबाट अध्ययन अनुसन्धानको लागि सरकार तथा सरोकारवालाहरूलाई निकै महत्त्वपूर्ण आधार तयार हुनेछ ।

**मेरो गणना मेरो सहभागिता राष्ट्रिय जनगणना २०७८:** झट्ट हेर्दा जनगणना अहिले भइरहेकोजस्तो लागे पनि दुई वर्षअघिदेखि नै प्रश्नावली निर्माणसहितका तयारी सुरु भइसकेको हुन्छ । यसपटक जनगणनाको तयारीका क्रममा विभिन्न जातजाति, भाषा, धर्म, वर्ग, लिङ्ग, क्षेत्र आदि समुदाय, राजनीतिक दलका प्रतिनिधि आदिसँग निरन्तर छलफल गर्दै निजहरूकै सुझावबमोजिम जनगणनामा सोधिने प्रश्नावली तयार पारिएको छ । केन्द्रदेखि वडा तहसम्म जनगणना कार्यान्वयन र सहजीकरणका लागि विभिन्न समिति बनाइएका छन् । जनप्रतिनिधिहरूको सक्रिय सहभागिता रहनेछ । तीनै तहका सरकार, गैरसरकारी तथा नीजि क्षेत्रको समेत सहभागिता र सहकार्य रहेको छ । जसले गर्दा विश्वसनीय तथ्याङ्क सङ्कलनमा सहयोग पुग्नेछ ।

## के जनगणनामा व्यक्तिको विवरण गोप्य रहन्छ ?

जनगणनामा व्यक्तिले दिएको व्यक्तिगत तथा पारिवारिक विवरण तथ्याङ्क ऐन २०१५ र यसबमोजिम जारी भएका जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश २०७६ ले गोपनीयताको सुनिश्चित गरेको छ । जनगणनाबाट प्राप्त तथ्याङ्कहरू व्यक्तिगतरूपमा नभई सामूहिकरूपमा मात्र प्रकाशन र प्रयोग गरिन्छ अर्थात् कुनै व्यक्ति, संस्था वा व्यवसायलाई पहिचान गर्ने जानकारीलाई प्रकाशन गरिँदैन । कानुनी व्यवस्थाअनुसार राष्ट्रिय जनगणनामा सङ्कलन गरिने विवरणहरू कुनै पनि कर प्रयोजन तथा अन्य कानुनी प्रमाणकारूपमा प्रयोग गर्नमिल्दैन । व्यक्तिले दिएको विवरण जनगणनामा खटिने सबै कर्मचारीहरूले संरक्षण र गोप्य राख्ने सपथ खाएका हुन्छन् । यस विपरित काम गरेमा निजहरूलाई प्रचलित कानुन बमोजिम दण्ड र जरिवाना गरिने व्यवस्था पनि रहेकोछ । गोपनीयताको व्यवस्था विश्वका देशहरूले सञ्चालन गर्ने जनगणना यसै अनुरूप लागु भएको अवस्था पनि छ ।

## के जनगणना स्थानीय सरकारले गर्न सक्छ ?

स्थानीय सरकारले पूर्णरूपमा जनगणनाका तयारी, तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्नसक्ने व्यवस्था प्रचलित कानुन र नीतिमा छैन तर सङ्घको व्यवस्थापनमा प्रदेश र स्थानीय तहको सहयोग, समन्वय र सहकार्यमा जनगणना गर्नसकिन्छ र गर्नु पनि पर्दछ । नेपालको संविधानले राष्ट्रिय जनगणना हरेक दसवर्षमा गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी सङ्घको कार्यक्षेत्रमा केन्द्रीय तथ्याङ्क अन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानक र गुणस्तरका विषयवस्तु परेका छन् । तथ्याङ्क ऐन २०१५ र तथ्याङ्क नियमहरू २०४१ ले गणना तथा सर्वेक्षणहरू केन्द्रीय तथ्याङ्क विभागले गर्ने व्यवस्था भएको र विभागले गरेको गणना तथा सर्वेक्षणहरू स्थानीयस्तरबाट गर्न नपाउने व्यवस्था रहेको छ । प्रदेश तथा स्थानीय तहले विद्यमान अवस्था जनगणना गर्न नसक्ने केही महत्त्वपूर्ण कारणहरू यस प्रकार रहेका छन् ।

(क) अन्तर्राष्ट्रिय नियम, तथ्याङ्कका परिभाषा, प्रश्नावलीमा स्तरीकृत, अवधारणा र वर्गीकरणहरूको अनुशरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य तथ्याङ्क नियमित उत्पादन र उपलब्ध गराउनु सङ्घको महत्त्वपूर्ण दायित्वभित्र पर्दछ ।

(ख) स्थानीस्तरको तथ्याङ्कीय पूर्वाधार, क्षमता र दक्ष जनशक्तिको अभाव आदि हुने ।

(ग) स्थानीयस्तरले आआफ्नै ढङ्गले गर्ने र प्राप्त तथ्याङ्कको तुलना र समग्रतामा प्रकाशन गर्न नसकिने ।

(घ) केन्द्रले मानक र गुणस्तरका मापदण्ड तयार गर्ने र सबै स्थानीयस्तरले जनगणना सञ्चालनमा एकरूपता दिन सक्ने संयन्त्र विकास हुन नसक्ने ।

यसपटकको जनगणना प्रदेश तथा स्थानीय तहको लागि कोशेढुङ्गा सावित हुने देखिन्छ । नयाँ सरकार बनेसँगै जनगणनाबाट तथ्याङ्क प्राप्त हुने र यसपटकको योजनाअनुसार स्थानीयस्तरको तथ्याङ्क र सूचकहरू उपलब्ध हुने देखिन्छ । यसमा प्रदेश र स्थानीय तहले निम्न गुणस्तरी तथ्याङ्क प्राप्त गर्न निम्न कार्यहरूमा सहयोग गर्न सक्नेछन् ।

(क) प्रदेशमा हुने प्रदेश समन्वय परिषद्को नियमित बैठकमा राष्ट्रिय जनगणनाको एजेण्डमा छलफल गरी जनगणनामा सहयोगको लागि निर्देशन जारी गर्ने ।

(ख) प्रदेश सरकारले समन्वय, सहकार्य र सहयोग परिचालन गर्ने स्थानीय तहहरूसँग र केन्द्रीय तथ्याङ्क विभागसँग सम्पर्कका लागि प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा फोकल युनिट (समन्वय डेस्क) स्थापना गर्ने ।

(ग) प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रमा क्रियाशील सञ्चार माध्यम, निजी क्षेत्र, नागरिक समाज, शैक्षिक संस्था आदिसँग समन्वय गरी सहयोग र सहकार्य गर्ने वातावरण निर्माण गर्ने ।

(घ) सबै स्थानीय तहका विद्यालयहरूमा जनगणनाको बारेमा विद्यार्थीहरूलाई सचेतना अभिवृद्धि गर्ने ।

(ङ) प्रदेश तथा स्थानीय तहमा रहेका सरकारी निकायहरूले आवश्यक प्रचारप्रसारका लागि अनिवार्यरूपमा कम्तिमा एउटा ब्यानर कार्यालयमा राख्ने व्यवस्था मिलाउने ।

(च) प्रदेश र स्थानीय तहले जनगणनाको स्थानीय तहस्तरीय हुने तालिम कार्यक्रममा आवश्यक सहजीकरण गर्ने र तथ्याङ्क सङ्कलन कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

(छ) प्रदेश तथा स्थानीय तहले प्रचारप्रसार तथा पैरवीको लागि सरकारी तथा गैरसरकारी निकाय, नीजि क्षेत्र तथा आम नागरिकलाई सहयोगको लागि अपिल जारी गर्ने ।

## आगामी राष्ट्रिय जनगणना २०७८ को तयारी र कोभिड १९ सङ्क्रमणको प्रभाव

केन्द्रीय तथ्याङ्क विभागको नेतृत्वमा राष्ट्रिय जनगणना सम्पन्न गर्ने जिम्मेवारी भए तापनि सबै सरकारी, गैरसरकारी, नीजि क्षेत्र तथा आम नागरिक समुदायको सहयोगविना गणना सम्पन्न गर्न सम्भव हुँदैन । यसपटकको जनगणनाको नारा मेरो गणना, मेरो सहभागिता तय गरिएको र सोअनुसार विगत दुई बर्षदेखि विभिन्न तह र तप्कामा जनगणनाको तयारी छलफल गरी सुझाव सङ्कलन गरिएको थियो । वि.सं.२०७८ असार ८ गते सम्पन गर्ने गरी जनगणना कार्यतालिका तयार भएको थियो ।

तयारीको सिलसिलामा अपाङ्ग महासङ्घ, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, युवा सञ्जाल, ज्येष्ठ नागरिक सञ्जाल, एकल महिला, बालबालिका सञ्जाल, जनजाती आदिवासी महासङ्घलगायत विभिन्न जातजाति, धर्म, भाषासँग आबद्ध संस्था र जनसङ्ख्या विज्ञ, अर्थशास्त्री, समाजशास्त्री तथा मानवशास्त्रीहरूसँग छलफल तथा अन्तरक्रिया गरी प्रश्नावली तथा अन्य तयारी कार्यका लागि सुझाव लिइएको थियो । प्रदेश सरकार तथा प्रदेश सांसद, स्थानीय तहका प्रमुख तथा उपप्रमुखसमेत संलग्न हुने प्रदेश समन्वय परिषद्मा जनगणनाको बारेमा छलफल, प्रदेश सरकारसँग छलफल तथा अन्तरक्रिया, सबै जिल्ला तथा स्थानीय तहमा अन्तरक्रिया र प्रदेशस्तरीय पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

त्यसैगरी संवैधानिक आयोगहरूः राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग, मुस्लिम आयोग र भाषा आयोगलगायत सङ्घीय सरकारका मन्त्रालय, विभाग र अन्य निकायहरूबिच छलफल, अन्तरक्रिया र बैठक निरन्तररूपमा गरिएको छ ।

प्रदेश तथा जिल्ला र स्थानीय तहमा जनगणना कार्यालय स्थापना, समन्वयकारी समितिहरू र सल्लाहकार समिति र संयन्त्रहरू निर्माण गरी जनगणना कृयाकलापहरू स्थानीयस्तरमा अगाडि बढाइएको छ । जनगणना सामग्रीहरू सबै जिल्लामा पुऱ्याउने कार्य सम्पन्न गरी सुपरिवेक्षक तथा गणकहरूको अनलाइन भर्ना दरखास्त आह्वान गरिएको थियो जसमा करिव २ लाखजनाले दरखास्त फाराम भरेका थिए ।

यसैबिच कोभिड-१९ को बढ्दो सङ्क्रमणको कारण विभिन्न जिल्लाहरूमा लकडाउन तथा निषेधाज्ञा घोषणाबाट असहज परिस्थिति उत्पन्न भएको र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/१/१९

को बैठकबाट "राष्ट्रिय जनगणना, २०७८ का सम्पूर्ण गतिविधि स्थगन गर्ने" निर्णयअनुरूप सबै जिल्लामा २०७८ वैशाख १६ गतेदेखि सञ्चालित तालिम मिति २०७८/१/२१ गतेदेखि रोकिएको थियो । यो अवस्था जनगणनाको इतिहासमा निकै पीडाजनक अवस्थाको रूपमा लिन सकिन्छ ।

## राष्ट्रिय जनगणना २०७८ को अवसर, समस्या र चुनौती

हरेक जनताको घरदैलामा सरकार पुग्ने एकमात्र कार्यक्रम जनगणना हो । आगामी राष्ट्रिय जनगणना सङ्घीय संरचनामा एक अवसरको रूपमा रहे पनि यसको सञ्चालनमा केही चुनौती भने छन् । तीन तहका सरकार सञ्चालनमा छन् । तीनवटै तहमा आवधिक योजना तयार भएका छन् । व्यक्ति, नागरिक समुदाय, सङ्घसंस्था, अन्तर्राष्ट्रिय समुदाय, सरकार सबैलाई आवश्यक तथ्याङ्क जनगणनाले मात्र उपलब्ध गराउन सक्ने देखिएकाले पनि यसको माग अझ बढेको छ । राष्ट्रिय जनगणनाको तथ्याङ्क शुद्ध, यथार्थ, पूर्ण, विश्वसिलो र समयसापेक्ष हुनुपर्दछ । यसका लागि सबैको सहभागिता र सहयोग आवश्यक हुन्छ ।

प्रत्येक १० वर्षमा एकपटक मात्र हुने जनगणनाले सरकारले परिकल्पना गरेअनुसार "समृद्ध नेपाल : सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न आधार तथ्याङ्क उपलब्ध गराउने छ । "मेरो गणना, मेरो सहभागिता, राष्ट्रिय जनगणना २०७८" भन्ने जनगणनाको मूलनाराका साथ जनगणनाका क्रियाकलापहरू अगाडि बढेका छन् । यसमा आम नागरिक तथा समुदाय सबैको सहयोगको अपेक्षा विभागले लिएको देखिन्छ ।

तीन तहका सरकार २०७३ र २०७४ सालको सेरोफेरोमा गठन भएपश्चात् वि.सं. २०६८ सालको जनगणनाका (पाँच बर्ष पुरानो) तथ्याङ्क प्रयोग गरी नीतियोजना तथा कार्यक्रम कार्यान्वयन भएका थिए भने यसपटक जनगणना वि.सं. २०७८ सालमा सम्पन्न हुन सके अब बन्ने तीनै तहका सरकारले ताजा तथ्याङ्कको आधारमा नीति निर्माण योजना तथा कार्यक्रम बनाउन राम्रो अवसर मिल्नेछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको गाउँघरमा सिंहदरवार परिकल्पना कार्यान्वयन भए नभएको मापन गर्न पनि आगामी जनगणना महत्त्वपूर्ण हुनेछ । यी मुख्य अवसरका साथसाथै राष्ट्रिय जनगणना २०७८ मा निम्नअनुसारका समस्या र चुनौतिहरू रहनसक्ने देखिन्छ ।

(क) जन, वन, कृषि, उद्योग, प्राकृतिक स्रोतजस्ता सूक्ष्म तथ्याङ्कलाई जनसङ्ख्या तथ्याङ्कसँग आवद्ध गराउनु, जनसङ्ख्यालाई योजनासँग आवद्ध गराउनु, योजनालाई स्थानीयस्तरसम्म पुऱ्याउनु, तथ्याङ्कको उपयोगमा स्थानीय तहको क्षमता विकास गर्नुजस्ता पक्ष जटिल छन् । तीनै तहका सरकारबिच निरन्तर समन्वय, सहकार्य र सहयोग कायम गर्ने कार्य जटिल रहेको छ ।

(ख) यसपटकको जनगणनामा कोभिड-१९ सङ्क्रमण र बाढी पहिरोजस्ता विपद् आइपरेका छन् । कोभिडका कारणले नेपालसहित करिव ६० देशमा जनगणना प्रभावित भएका छन् । कोभिड र बाढी पहिरोलाई छलेर जनगणना सम्पन्न गर्न निकै चुनौतीपूर्ण रहेको छ । स्वास्थ्यका मापदण्ड र गणनामा खटिने गणक तथा सुपरिवेक्षक र अन्य सबै कर्मचारीहरूलाई नियमित खोपकेन्द्रबाट कोभिडको खोप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भएको छ ।

(ग) स्थानीय बेरोजगार युवाहरूलाई जनगणनामा सहभागिता गराउने योजनाअनुरूप गणक तथा सुपरिवेक्षक भर्नाका लागि अनलाइन दरखास्त आह्वान गरी करिव ५० हजारलाई रोजगारीको अवसर हुनेछ । एकदेखि दुई महिनाको करार जागिर हुने भएकाले गणना अवधिसम्म टिकाइ राख्न निकै गारो हुने देखिएको छ । अधिकाङ्श युवाहरूले राम्रो अवसरकारूपमा लिएको भए पनि केही युवाहरूले यसलाई गम्भीररूपमा लिन नसकेको अवस्था सुपरिवेक्षकको नियुक्ति र तालिमका समयमा अनुभव गरिएको छ ।

(घ) जनगणनाबाट सङ्कलित व्यक्तिगत विवरणहरू तथ्याङ्क ऐन २०१५ बमोजिम गोपनीयता कायम गरिएको हुन्छ र उक्त विवरणहरू तथ्याङ्कीय प्रयोजनका लागि मात्र समग्ररूपमा प्रकाशित वा प्रयोग गरिन्छ । यी कुराहरू पनि आम नागरिकहरूलाई बुझाउनु जरूरी छ ।

(ङ) जनगणनामा उत्तरदाताहरूको आधारभूत व्यक्तिगत विवरण तोडमोड गर्ने गरी प्रभाव, दवाव, लोभलालचमा पार्ने किसिमले सञ्चारका माध्यम, सभा, सम्मेलनलगायतका प्रचारप्रसार तथा अन्य गलत गतिविधि वा अभियान कसैले पनि गर्नगराउनु हुँदैन । जनगणनाका आधिकारीक सन्देश व्यापकरूपमा प्रचारप्रसार गरी गलत मनसायबाट गरिने क्रियाकलापहरूबाट सजग रहन आम समुदाय र नागरिकमा सन्देश दिनुपर्ने हुन्छ ।

(च) जनगणनामा गणना गर्न गाह्रा केही समूहहरू पनि हुन्छन्; जस्तै सीमान्तकृत, लोपोन्मुख तथा अल्पसङ्ख्यक समूहहरू वा पहिचान गर्न गाह्रा विषयहरू । अपाङ्गता भएका व्यक्तिहरूको पनि विवरण सङ्कलन गर्नु चुनौतीपूर्ण छ । शारीरिक अपाङ्गता भन्दा पनि मानसिक वा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्न अझै चुनौतीपूर्ण छ । त्यसैगरी यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको सही सङ्ख्या ल्याउन परिवारबाट नै सहज नहुने र परिवारलाई वा सोही व्यक्तिलाई समेत यौनिकताको बारेमा धेरै पछि थाहा हुने भएकाले यी तथ्याङ्कहरू सहीरूपमा सङ्कलन गर्नु चुनौतीकै विषय हुन्छ । यसैलाई मध्यनजर गरिकन सरोकारवाला सङ्घसंस्था तथा व्यक्तिहरूसँग निरन्तर छलफल समन्वय र सहकार्यबाट जनगणना सम्पन्न गरिनुपर्दछ ।

## निश्कर्ष

जनगणना कार्य गर्ने भनेको सार्वजनिक सम्पत्ति निर्माण कार्य हो । सार्वजनिक भौतिक पूर्वधारका काम जस्तैः बाटोघाटो तथा पुल निर्माण गर्नु आदि पूँजीगत निर्माणको रूपमा तथ्याङ्क उत्पादनलाई विश्व समुदायले लिन थालेका छन् । जनगणनाले तल्लो प्रशासनिक तहसम्मकै जनसङ्ख्याको आकार, प्रकार र संरचना दिन सक्नेहुन्छ । यस्ता तथ्याङ्कका आधारमा राज्यले आम नागरिकहरूको हित हुनेगरी आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तय गर्नसक्ने हुन्छ र बनेका कार्यक्रमहरूको पनि अनुगमन र मूल्याङ्कन गर्नसक्ने हुन्छ । यसरी तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रमहरूले मात्र राज्यले परिकल्पना गरे बमोजिमको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न मद्दत पुऱ्याउन सक्नेहुन्छ । जनगणनाजस्तो सार्वजनिक सम्पत्ति निर्माण कार्यमा आम नागरिकहरूको अपनत्व र सहभागिताले मात्र शुद्ध, यथार्थ, पूर्ण, विश्वासिलो र समयसापेक्ष तथ्याङ्क उत्पादन गर्न सकिन्छ । जनगणनाको तथ्याङ्क विकासका लक्ष्य हासिल भए नभएको मूल्याङ्कनका लागि निकै उपयोगि हुन्छ । गरिबी निवारण, खाद्य सुरक्षा, शिक्षामा सहयोग, स्वास्थ्य सेवामा अनुदान, विशेष समूह वा उमेरका व्यक्तिलाई सहयोग, पोषणका कार्यक्रमहरूमा यसको व्यापक उपयोग हुन्छ । वर्तमान सरकारको सम्बृद्धिको नारा सार्थक बनाउन नयाँ संविधानअनुसार पुनसंरचना भएका ७५३ स्थानीय एकाइहरूको वडा तहसम्ममा विकास नीति, योजना तथा कार्यक्रम निर्धारण गर्न, जनसङ्ख्या र विकाससम्बन्धी सम्पूर्ण सूचाङ्कहरूको विश्लेषण गरी जनसङ्ख्या व्यवस्थापन गर्न, क्षेत्रीय विकासका लागि रणनीति बनाउन तथा दिगो विकास लक्ष्यहरूको विकास प्रगति अनुगमन गर्नसमेत सहयोग पुग्दछ । जनगणनाको उपयोगिता नागरिक आम समुदायलाई नै आवश्यक हुने र भावी सन्ततीको लागि पनि उत्तिकै महत्त्व राख्ने भएकाले सवल र सर्वस्वीकार्य जनगणना सम्पन्न गर्नु सङ्घीय संरचनालाई अवसरको रूपमा लिनुपर्दछ ।

## सन्दर्भ सूची


- केन्द्रीय तथ्याङ्क विभाग (२०७८), गणना पुस्तिका, राष्ट्रिय जनगणना २०७८ केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।
- केन्द्रीय तथ्याङ्क विभाग (२०७८), सुपरिवेक्षण पुस्तिका, राष्ट्रिय जनगणना २०७८ केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।
- केन्द्रीय तथ्याङ्क विभाग (२०६६), नेपालमा आधिकारिक तथ्याङ्क प्रणाली तथा विधि, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।
- केन्द्रीय तथ्याङ्क विभाग (२०७८), लैंगित समानता तथा सामाजिक समावेशी सन्दर्भ पुस्तिका, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार र यु.एन.वुमेन नेपाल ।
- कानुन तथा संसदीय प्रबन्ध मन्त्रालय (२०१५), तथ्याङ्क ऐन २०१५, नेपाल गजेट, भाग २, खण्ड ८ श्री ५ को सरकार ।
- बास्तोला, तुङ्ग शिरोमणि (२०७८), जनगन्तीका सय वर्ष, नेपालका जनगणनाहरू, काठमाडौं नेपाल ।
- लामिछाने, ढुण्डिराज (२०७८), जनगणनामा नागरिक दायित्व, कार्तिक १३, २०७७ बिहीबार गोरखापत्र दैनिक, काठमाडौं नेपाल ।
- Nation (2000), Handbook on census management for population and housing censuses, Department of Economic and Social Affairs Statistics Division, UN, New York.
- Statistics Korea (2018), Innovation and Advancement of Census Methodologies and Applications, Statistics Korea and ASIA PACIFIC POPULATION INSTITUTE.

# पर्यावरण र मानव विकास



धर्म के.सी.

पृथ्वीमा जीवको उत्पत्ति र तिनीहरूबाट क्रमिकरूपमा विकास हुँदै मानव जातिको उत्पत्ति हुने क्रमदेखि नै पर्यावरण र जीवहरूबिच अन्योन्याश्रित सम्बन्ध रहिआएको छ । वातावरणमा विविध कारणले आएका परिवर्तनहरूसंगै कुनै जीवहरू विकास हुँदैजाने र कुनै जीवहरू लोप हुँदैजाने प्रक्रिया चलिरहेको छ । प्राकृतिक घटनाहरू जस्तै भौगर्भिक अवस्थामा आउने परिवर्तन (tectonic plate) सर्ने, भूकम्प, ज्वालामुखी विस्फोटन आदिले वातावरणमा ठुला परिवर्तन ल्याएका छन् । जसको कारण मानव विकासमा सुरूका चरणबाट नै ठुला-ठुला असर परेका थिए । हाम्रा पूर्खाहरू यिनै कारणले गर्दा कति लोप भए, कति बसाइ सरे भने कति बिस्तारै नयाँ वातावरणसँग घुलमिल हुँदै र तद्अनुरूपका वंशानुगत परिवर्तन हुँदै आज हामी यस अवस्थासम्म आइपुगेका हौँ । करिब ४० लाखवर्ष पहिले जब मानव जातिको पहिलो पूर्खा (दुई खुट्टाले हिड्न सक्ने) उत्पत्ति भयो । त्यस बेलादेखि आजको अवस्थामा आइपुगेको मानव सभ्यताले वातावरणमा आएको परिवर्तन वा यसको संरक्षण वा विनासका असरहरू प्रत्यक्ष वा परोक्षरूपमा भोग्दै आइरहिएको छ ।

मानवीय क्रियाकलापहरूले वातावरणमा परेका असरहरूको विस्तृत अध्ययन करिब सन् १९०० बाट सुरु भयो र यसको तुलना औद्योगिक क्रान्तिपूर्व (सन् १८५०-१९००) को अवस्थासँग गर्ने गरिन्छ । औद्योगिक क्रान्तिपूर्व मानवले वातावरणमा पारेका असरहरू अत्यन्तै नगन्यरूपमा थिए । जब १८औं शताब्दीमा बेलायतबाट औद्योगिक क्रान्ति सुरु भयो त्यसपश्चात् मानव र वातावरणबिचको सम्बन्ध फेरिन सुरु गर्यो । युरोप, उत्तर अमेरिका, एसिया र अन्यत्र औद्योगिकीरण बढ्दैजाने क्रममा प्राकृतिक श्रोतहरू माथि मानवीय अतिक्रमण तिव्ररूपमा बढ्दै गयो । जसको फलस्वरूप वायुमण्डलमा कार्बनलगायत अन्य प्रदुषणहरू पनि बढ्दै गए । गत शताब्दीमा भएका अध्ययन अनुसन्धानहरूले मानवीय क्रियाकलापहरूका कारण जल, जमिन र वायुमण्डलमा अकल्पनीय परिवर्तन र प्रदुषण बढिरहेको देखाएको छ । यिनै परिवर्तनका असरहरू हामीले केही वर्ष यता निरन्तर भोग्दै आइरहेका छौँ ।

## वातावरणीय समस्या

आजका मुख्य वातावरणीय समस्याहरू भनेका वातावरण प्रदुषण (जल, स्थल र वायु), जलवायु परिवर्तन, वनजंगल विनाश, प्राकृतिक श्रोतहरूको अत्यधिक दोहन, जैविक विविधताको क्षयीकरण हुन् । जनसङ्ख्या वृद्धि, अव्यवस्थित शहरीकरण, असन्तुलित पूर्वाधार विकास, एकीकृत र योजनावद्ध विकासको अभाव, अस्पताल, शहरी तथा औद्योगिक क्षेत्रहरूबाट निस्कने विभिन्न प्रकारका फोहोर र प्रदुषणको सही व्यवस्थापन नहुनु, विषादीहरूको अत्याधिक प्रयोग, प्राकृतिक स्रोतहरूको अत्यधिक र अव्यवस्थित प्रयोग आदि विद्यमान वातावरणीय समस्याहरूका प्रमुख कारक तत्त्वहरू हुन् । हाम्रो संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा जिउन पाउने अधिकार प्रत्याभूत गरेको छ तर हामीले यसलाई व्यवहारिकरूपमा अनुभव गर्न भने पाएका छैनौं । यसको सुनिश्चतताको लागि आवश्यक नीति, कानुन, मापदण्ड निर्माण र तिनीहरूको प्रभावकारी कार्यान्वयन हुनु अपरिहार्य

के.सी., Climate Advocacy International का कार्यकारी निर्देशक हुनुहुन्छ ।

छ । हाम्रो राष्ट्रिय वातावरण नीति २०७६ ले वातावरण संरक्षण र वातावरणीय स्वच्छताका लागि सरोकारवाला सबै निकाय र तहहरूकाबिच समन्वय र साझा प्रतिबद्धता हुनु, ठुला उद्योग, यातायात तथा शहरी बस्तीमा मानवीय क्रियाकलापहरूबाट हुने जल, जमिन, ध्वनि र वायु प्रदुषण नियन्त्रण गर्नु, प्लाष्टिकलगायत फोहोरमैलाको उचित व्यवस्थापन गर्नु, शहरी हरियाली कायम गर्नु, विकास र वातावरणबिच सन्तुलन कायम गर्नु, वातावरण प्रदुषण गर्नेहरूलाई दायित्व बहन गराउनु, जनचेतना अभिवृद्धि गरी नागरिकहरूलाई उत्तरदायित्व बोध गराउनु, आवश्यक अध्ययन अनुसन्धान गरी त्यसका उपलब्धिहरूको सही कार्यान्वयन गर्नु, सार्वजनिक र निजी क्षेत्रहरूबिच सहकार्य र साझेदारी गर्नु अत्यावश्यक कार्यहरूकारूपमा औल्याएको छ । वैज्ञानिक अध्ययनहरूले हालैका वर्षहरूमा नेपाललगायत विश्वभरि नै देखिएका विनाशकारी डढेलो, उष्ण वायु, तुफान, आँधीबेहरी, अतिवृष्टि, अनावृष्टि, बाढि, पहिरो, खडेरी, डुबान, हिमपहिरोलगायत अन्य प्राकृतिक विपदहरू अधिकाँश मानवीय क्रियाकलापहरूका कारण उत्पन्न भएका वातावरणीय प्रकोपहरू हुन्भन्ने देखाइएको छ । हाम्रा तराईका उर्वरभूमि हरेक वर्ष जस्तै डुबानमा परेका र त्यसबाट ठुलो जनधनको क्षति बेहोर्नु परेको छ । मध्यपहाडी भेगमा बाढिपहिरो नियमित घटनाजस्तै भइरहेको छ र विरलै वर्षा हुने उच्च हिमाली भेगमा यस वर्ष अतिवृष्टि भई केही हिमाली जिल्लाहरू र त्यसका तल्लो क्षेत्रहरू (down stream) मा ठुलो जनधनको क्षति भएको छ । त्यसैगरी ग्रीष्म याममा हजारौ हेक्टर वनजङ्गल आगलागी भई नष्ट हुँदै आएका छन् । जसका कारण हाम्रा जैविक विविधताहरू लोप हुँदै जाने, मरूभूमीकरण हुने, पानीका मुहान सुक्ने, वायु प्रदुषण हुने आदि समस्याहरू बढिरहेका छन् ।

*मानव विकासको निमित्त आर्थिक विकास र भौतिक पूर्वाधारको विकास संगसंगै हुनु अत्यावश्यक छ तर यस किसिमका विकासहरू मानव अधिकारमा आधारित दिगो विकासका सिद्धान्तमा आधारित हुनु पर्दछ जहाँ मानव विकास साध्य नभएर साधनहरू मात्र हुन् र साधनहरूको प्रभावकारी उपयोग गरी साध्य प्राप्त गरिन्छ ।*

## दिगो विकासका लक्ष्य र वातावरणीय मुद्दा

दिगो विकासका लक्ष्यहरू जसलाई विश्वका लक्ष्यहरू (Global Goals) पनि भनिन्छ । पाँच स्तम्भहरू; पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारी (Planet, People, Prosperity, Peace and Partnership-5P) मा आधारित छ । संयुक्त राष्ट्र संघले सन् २०१५ मा यस अवधारणा पृथ्वीको धान्न सक्ने क्षमता (carrying capacity) को सीमाभित्र रहेर विश्वव्यापी साझेदारीको माध्यमबाट मानिसको जीवनमा समृद्धि ल्याउने, विश्वमा शान्ति कायम गर्ने उद्देश्यले ल्याइएको हो । मानव विकासको निमित्त आर्थिक विकास र भौतिक पूर्वाधारको विकास सँगसँगै हुनु अत्यावश्यक छ तर यस किसिमका विकासहरू मानव अधिकारमा आधारित दिगो विकासका सिद्धान्तमा आधारित हुनुपर्दछ । जहाँ मानव विकास साध्य नभएर साधनहरू मात्र हुन् र साधनहरूको प्रभावकारी उपयोग गरी साध्य प्राप्त गरिन्छ । वातावरण परिवर्तन र प्रदुषण, वन विनाश, मरूभूमीकरण, जैविक विविधताको ह्रास के हो ? आदि दिगो विकासका चुनौतिहरू हुन् । सन् २०३० सम्ममा हासिल गर्ने उद्देश्य लिई जारी गरिएको दिगो विकास लक्ष्यका कार्यसूची अर्न्तगत १७ वटा लक्ष्य, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचकहरू छन् । नेपालले यसलाई स्थानीयकरण गर्ने क्रममा अन्य २४७ वटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ । अन्य राष्ट्रहरूलेजस्तै नेपालले पनि दिगो विकासलाई राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणाकारूपमा लिएको छ । यी लक्ष्यहरू प्राप्त गर्न सरकार (तीनै तह), निजी क्षेत्र, सामुदायिक क्षेत्र र अन्य सरोकारवालाहरू मिली सबैले उत्तिकै भूमिका निर्वाह गर्नुपर्दछ । राष्ट्रिय योजना आयोगले विभिन्न दातृ निकायहरूको सहयोगमा तयार पारेको प्रतिवेदन तथा वित्तीय रणनीतिअनुसार नेपालमा दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक औसत रू. २०२४.८ अर्ब आवश्यक पर्दछ र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५

प्रतिशत निजी क्षेत्र र बाँकी सहकारी तथा गैरसरकारी क्षेत्र र पारिवारिक स्रोतबाट योगदान हुने अनुमान गरिएको छ । यसबाट प्रष्ट हुन्छ कि दिगो विकास लक्ष्यहरू सरकारको एकतर्फी प्रयासबाट मात्र प्राप्त गर्न सम्भव छैन र सरकार आफैँमा पनि स्थानीय, प्रदेश र सङ्घीय सरकारको सहकार्य अपरिहार्य छ । दिगो विकास लक्ष्यहरू कुनै न कुनैरूपमा वातावरणसंग सम्बन्धित भए पनि केही लक्ष्यहरू जस्तैः लक्ष्य ९-पूर्वाधार निर्माण, समावेशी र दिगो औद्योगीकरण, लक्ष्य १२-दिगो उपभोग र उत्पादन प्रणालीको सुनिश्चितता, लक्ष्य १३-जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण, लक्ष्य १४-दिगो विकासका लागि महासागर, समुन्द्र र समुन्द्रि स्रोत साधनहरूको संरक्षण र समुचित प्रयोग, लक्ष्य १५-जमिनमा जीवन प्रत्यक्षरूपमा वातावरण संरक्षणसँग सम्बन्धित छन् ।

## वातावरणसम्बन्धी नीति, रणनीति, ऐन, नियम, कानुन

मानव र वातावरणबिचको द्वन्द्व घटाई वातावरण संरक्षणको लागि नेपाल सरकारले विभिन्न नीति, रणनीति, नियमावली, ऐन, कानुन बनाउने र तिनीहरूलाई बेला-बेलामा परिमार्जन गर्दै आएको छ । विकेन्द्रीकरणको सिद्धान्तअनुरूप हाल स्थानीय सरकार र प्रदेश सरकारहरूले पनि आफ्नो दायित्व भित्र पर्ने र त्यसले वातावरणमा पार्ने असरहरूलाई आधार बनाएर विभिन्न नीति, नियम र कार्यनीति बनाइरहेका छन् ।

नेपाल सरकारले बनाएका वातावरण संरक्षणसँग प्रत्यक्ष सम्बन्ध राख्ने मुख्य-मुख्य नीति, ऐन, नियमावली कार्यक्रम, योजनाहरू यस प्रकार छन् :

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
२. जडिबुटी एवं गैरकाष्ठ वन पैदावार विकास नीति, २०६१
३. संरक्षित क्षेत्र भित्र भौतिक पूर्वाधारहरू निर्माण एवं संरचनासम्बन्धी कार्यनीति, २०६५
४. सिमसार नीति, २०६९
५. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
६. राष्ट्रिय वन नीति, २०७५
७. राष्ट्रिय वातावरण नीति, २०७६
८. वातावरण संरक्षण ऐन, २०७६
९. वन ऐन, २०७६
१०. राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
११. राष्ट्रिय कृषि-वन नीति, २०७६
१२. वातावरण संरक्षण नियमावली, २०७७
१३. दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०१७
१४. नेपाल जैविक विविधता रणनीति
१५. पञ्चवर्षीय योजना

समग्रमा यी नीति नियमहरू, ऐन-कानुनहरू र योजनाहरूको मुख्य उद्देश्य वातावरण संरक्षण, दिगो विकास र न्यून कार्बन हरित विकास (low carbon green growth) लाई बढोत्तरी गर्दै पर्यावरण र मानव जातिको विकासबिच सन्तुलन कायम गर्नु हो । हामीले यिनीहरूको कार्यान्वयन कति सशक्त ढङ्गले गरेका छौ र निर्धारित लक्ष्यहरू प्राप्त गर्न कुन तहमा हामी छौं त्यो अझै गहन छलफलको विषय बनेको छ ।

नेपाल वातावरणमा प्रत्यक्ष र परोक्ष सम्बन्ध राख्ने अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूमा हस्ताक्षरकर्ता पक्ष भएकाले पनि यसको तत्सम्बन्धी कार्यहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व छ । नेपाल सरकारले वातावरण संरक्षण, वायुमण्डल, स्वच्छ पानी, हानिकारक पदार्थ, जलवायु परिवर्तन, समुन्द्रि वातावरण, जैविक विविधतता, ध्वनी प्रदुषण, आँणविक सुरक्षा, सिमसार क्षेत्र संरक्षण, रासायनिक विषादी आदिसम्बन्धी

थुप्रै अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरेको छ । हाम्रा राष्ट्रिय लक्ष्य र समग्र विश्वको लक्ष्य प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय सहयोग पनि प्राप्त भइरहेका छन् । यदाकदा अन्तर्राष्ट्रिय मञ्चहरूमा हाम्रै विज्ञहरूबाट पनि सुनिँदै आएको आलोचना भनौं वा तितोसत्य भनौं "नेपालीलाई कुनै पनि अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गर्न हतारो हुन्छ तर कार्यान्वयन भने फुर्सदमा गर्ने विषय भएको छ" ।

## वातावरणीय समस्या र तिनीहरूका जड

माथि उल्लेखित विभिन्न वातावरणीय समस्याहरूसँग हामी हरेकवर्ष साक्षातकार गर्दैआइरहेका छौं । यी समस्याहरू क्रमशः घट्नुको साटो झन्-झन् बढ्दै गइरहेको हामीले अनुभूति गर्दैआएका छौं । वर्षेनी यी प्रकोपहरूबाट हामीले ठुलो जन-धनको क्षति बेहोर्नु परेको छ साथै यसले राष्ट्रिय अर्थतन्त्रमा ठुलो नोक्सानी पुऱ्याएको छ । यति हुँदा-हुँदै पनि हामीले किन यी समस्याहरूको स्थायी समाधानको निमित्त सशक्त कदम चाल्न सकेका छैनौं भन्ने विषयमा गहन अध्ययन, अनुसन्धान र छलफल हुनु आवश्यक छ । कतै हामीले वातावरणीय मुद्दाहरूलाई कम महत्त्व दिएका त छैनौ ? कतै हाम्रा नीति-नियमहरू कार्यान्वयनका पक्षहरू फितला भएका त छैनन् ? कतै हाम्रा भौगौलिक अवस्थिति र विकासका योजनाहरूबिच तारतम्य नमिलेका त छैनन् ? कतै हामीमा स्रोत साधनहरूको चरम अभाव त भएका छैनन् ? कतै हामीले अपूर्ण अध्ययन अनुसन्धान र प्राविधिक ज्ञानको कमीमै हाम्रा योजनाहरू अगाडि बढाएका त छैनौ ? कतै आवश्यक जनचेतनाको अभावले यी समस्याहरू देखा परेका त होइनन् ? पक्कै पनि यस्तैयस्तै प्रश्नहरू सुनिरहेका छौ र विषयहरू दिनानुदिन भोगिरहेका वातावरणीय समस्याहरूका कारक र दिगो समाधानका अप्ठ्याराहरू हुन् ।

केही उदाहरणहरू दिनुपर्दा मुख्यरूपमा नेपालमा देखिएको हालको बुझाइ वन नै समग्र वातावरण हो भन्ने देखिएको छ । वातावरण संरक्षणमा वन संरक्षण र वन पैदावारहरूको व्यवस्थित उपयोगको गहन भूमिका हुन्छ । यति हुँदाहुँदै पनि वन मात्र वातावरणको सम्पूर्णरूप होइन । सङ्घीय वन तथा वातावरण मन्त्रालयको अवधारणामा नै केही त्रुटिपूर्ण देखिन्छन् । जहाँ वातावरणलाई एउटा विभाग र जलवायु परिवर्तनलाई एउटा महाशाखामा सीमित गरिएको छ । अन्य विकसित र धेरै विकासशील राष्ट्रहरूमा वातावरण मन्त्रालय वा वातावरण तथा जलवायु परिवर्तन मन्त्रालयको अवधारणा केही वर्ष अगाडिदेखि नै सुरू भइसकेका छन् । यसको फलस्वरूप उनीहरूले वातावरण संरक्षण र जलवायु परिवर्तनका मुद्दाहरूमा ठुलो उपलब्धि हासिल गर्न सफल भएका छन् । सरकारको मन्त्री हुने क्रममा पनि वन तथा वातावरण मन्त्रालय प्रायः गरी अन्तिम रोजाइको मन्त्रालय हुनु पनि तितोसत्य हो । यसले हाम्रो राजनैतिक नेतृत्वको वातावरण संरक्षणमा काम गर्ने कम इच्छाशक्ति झल्काउँछ । विकसित राष्ट्रहरू जस्तैः संयुक्तराज्य अमेरिका, बेलायत, क्यानडा, न्युजिल्यान्ड, युरोपियन युनियनका सदस्य राष्ट्रहरू, जापान, अष्ट्रेलिया, दक्षिण कोरिया हाम्रै छिमेकी राष्ट्र भारतमा पनि राष्ट्र प्रमुख वा प्रधानमन्त्रीहरू जलवायु परिवर्तन र वातावरण संरक्षणसम्बन्धी विषयवस्तुहरूमा आफैं प्रत्यक्ष वा गहनरूपमा सहभागी भइरहेका हुन्छन् । यसले गर्दा राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा यसको कार्यान्वयन र मुद्दाहरू जोडदाररूपमा उठाउन सफल भएका छन् ।

त्यसैगरी हामीले विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर त गऱ्यौं तर त्यसको कार्यान्वयन समयसापेक्ष सहज र चुस्तरूपमा गर्न नसक्दा नेपालले विभिन्न अन्तर्राष्ट्रिय निकायहरूबाट लिनसक्ने ठुलो आर्थिक र प्राविधिक सहयोग गुमाउनु परेको छ । जलवायु परिवर्तनको क्षेत्रमा सन् २००८ देखि विकसित राष्ट्रहरूले विकासशील राष्ट्रहरूमा क्योटो प्रोटोकल (Kyoto Protocol) अन्तर्गत उपलब्ध गराउने स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism) र कार्बनको व्यापार (Emission Trading) मार्फत् भित्रिनसक्ने ठुलो आर्थिक तथा प्राविधिक सहयोग नेपालले गुमायो तर त्यहीबेला हामीजस्तै अन्य राष्ट्रहरूले अरबौं डलर जलवायु परिवर्तन न्युनीकरणसम्बन्धी परियोजनाहरू कार्बन उत्सर्जन घटाउन र त्यसको अन्तर्राष्ट्रिय व्यापार गर्नका लागि भित्र्याउन सफल भए । सरकारले

निजी क्षेत्रलाई कार्बन व्यापारको अनुमति नदिएर, जुन विशेष गरी निजी क्षेत्रले नै गर्नुपर्ने र सरकारले सहजीकरण गर्नुपर्ने कार्य थियो । देशलाई प्राप्त हुने ठुलो अवसरबाट हामी चुक्यौं । हाल विभिन्न देशहरू जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता (Paris Agreement) को अग्र कार्यान्वयनमा लागिरहेका छन् । यससम्बन्धी नीतिमा अन्तर्राष्ट्रिय सहमति यही नोभेम्बरमा हुन गइरहेको संयुक्त राष्ट्रसङ्घ जलवायु परिवर्तन सम्मेलन (COP 26) मा पारित हुने अधिक सम्भावना छ । अन्य मुलुकहरूजस्तै नेपाल पनि पेरिस सम्झौता अन्तर्गतको दफा ६.४ मा उल्लेखित अन्तर्राष्ट्रियरूपमा हस्तान्तरण हुने न्युनीकरण उपलब्धिहरू (Internationally Transferred Mitigation Outcomes, ITMOS) सम्बन्धी कार्यनीति तत्काले बनाई तत्सम्बन्धी परियोजनाहरूलाई आकर्षण गर्न सकियो भने यसबाट पनि हामीले ठुलो फाइदा लिन सक्छौं साथै यसले नेपाल र विश्वमा जलवायु परिवर्तनसम्बन्धी असरहरू न्युनीकरण गर्न ठुलो योगदान पुऱ्याउँछ । हाम्रो प्रशासनिक झन्झट र ढिलासुस्तिले हामी फेरि पनि क्योटो प्रोटोकलबाट लाभ लिन चुक्यौं । त्यही अवस्था Paris Agreement मा पनि नआउला भन्न सकिँदैन । युरोपका केही राष्ट्रहरूले आफ्नो राष्ट्रिय प्रतिबद्ध योगदान (Nationally Determined Contributions) प्राप्त गर्नको निमित्त अग्रगामी कदम चाली सन् २०१८ देखि नै पेरिस सम्झौताअनुरूपका कार्यक्रमहरू अन्य विकासशील राष्ट्रहरूसँगको सहकार्यमा सञ्चालन गरिसकेका छन् । जसबाट फाइदा लिन हामीले अझै सकेका छैनौं । त्यसैगरी जलवायु परिवर्तनमा उपलब्ध हुने विश्वकै सबैभन्दा ठुलो कोष हरित जलवायु कोष (Green Climate Fund) बाट पनि नेपालले खासै फाइदा लिन सकेको देखिँदैन । यसको लागि सरकारी तथा निजी क्षेत्रको साझेदारीमा उपयुक्त कार्यनीति बनाउनुपर्ने तथा आवश्यक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नुपर्ने देखिन्छ । सरकारले निजी क्षेत्रबाट आउने जलवायु परिवर्तनसम्बन्धी परियोजनाहरूका प्रस्तावहरूलाई पारित गर्ने वा अनुमति दिने कार्यलाई राष्ट्रिय हितमा हुनेगरी अन्य राष्ट्रहरूमा जस्तै सरलीकरण र सहजीकरण गर्नुपर्ने अत्यावश्यक छ ।

धेरै टाढा नजाऊँ, विगत केही महिनाको अन्तरालमा हामीले भोगेका प्राकृतिक विपत्तिहरूको नै उदाहरण लिने हो भने तिनीहरूले पनि हाम्रो नीति नियम कार्यान्वयन पक्षमा भएका कमजोरीहरू चित्रित हुन्छन् । नदि किनारमा निर्माण हुने कुनै पनि आयोजना वा बस्ती विकास गर्नु पूर्व त्यस नदिमा विगत १०० वर्षमा बाढिको अवस्था कस्तो थियो भन्ने अध्ययन हुनुपर्दछ तर हाम्रा अधिकांश आयोजनाहरूले कोठे अध्ययनको भरमा आवश्यक कागजात वा प्रतिवेदन बनाउनुका साथै वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनसमेत सरसर्ती अन्य प्रतिवेदनबाट उतार्ने (copy and paste) गरेको देखिन्छ । जसको फलस्वरूप भविष्यमा यस्ता आयोजनाहरूले ठुलो क्षति बेहोर्नुपर्ने हुन्छ । विभिन्न जलविद्युत आयोजनाहरू, खानेपानी आयोजनाहरू र तटीय क्षेत्रमा निर्माण भएका भौतिक संरचनाहरूमा पुगेका क्षतिहरू यस्तै कमी कमजोरी र लापरवाहीका उदाहरणहरू हुन् । काठमाडौंमा विगत दशकौंदेखिको प्रयत्नबाट ल्याइएको मेलम्ची खानेपानी आयोजनाको दुर्दशा पनि यसकै नमुना हो । यसको भविष्य अझै अन्यौलपूर्ण छ । पहुँच, राजनैतिक संरक्षण र गैरकानुनी तरिकाले गरिएका नदि उत्खनन वा चुरे उत्खनन पनि प्राकृतिक श्रोतहरूमा गरिएका चरम दोहन हुन् । यिनीहरूले पनि वातावरण विनाश र प्राकृतिक प्रकोप बढाउनमा ठुलो भूमिका खेलेका छन् । कानुनको कडाइका साथ सही कार्यान्वयन गरी यस्ता अवैद्य कार्यहरू रोक्न अत्यावश्यक छ ।

## समाधानका उपाय, चुनौती र अवसर

मानवले प्रकृतिलाई न त जित्न सक्छ न त आफ्नो वशमा नै लिन सक्छ तसर्थ मानव सभ्यताको लागि हामीले प्रकृति संगसंगै यसलाई नबिगारिकन वा नकारात्मक असरहरूलाई न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गरी जिउनु पर्दछ । नागरिक स्वयम्, समाज र राष्ट्रले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनुपर्ने योगदानहरू र खेल्नुपर्ने भूमिकाहरू छन् । नागरिकको तर्फबाट हामीले गर्नसक्ने कार्यहरूमा, स्थानीय

स्तरमा नै उब्जाइएका खाद्यान्न वा तरकारीको खपत गर्ने, फोहोरको मात्रा कम गर्ने, उत्पादित फोहोरलाई पुनः प्रयोग गर्ने, प्रशोधन गर्ने (Reduce, Reuse, Recycle), प्राकृतिक श्रोतहरूको सकेसम्म कम प्रगोग गर्ने, विषादीहरूको प्रयोग नगर्ने वा कम प्रयोग गर्ने, प्राङ्गारिक वस्तुहरूको उत्पादन र खपत गर्ने, अनावश्यक यात्रा नगर्ने, मासुजन्य खाद्य पदार्थ प्रयोग नगर्ने वा कम प्रयोग गर्ने, खाली जमिनमा वृक्षारोपण गर्ने, आफ्नो वरपरको वातावरण स्वच्छ र सफा राख्ने, जनचेतना फैलाउने, Eco-level भएका सामाग्रीहरू मात्र किन्ने वा प्रगोग गर्ने, स्वच्छ ऊर्जाको प्रयोग बढाउने र ऊर्जाको समुचित उपयोग गर्ने आदि हुन् । त्यसैगरी समाजले पनि माथि उल्लेखित कामहरू सामाजिक सहकार्यमा गर्नसक्दछ । कति कार्यहरू व्यक्तिले मात्र गर्नुभन्दा सामाजिकरूपमा गर्दा त्यसको प्रतिफल राम्रो आउँछ । जस्तै, फोहोरमैला व्यवस्थापनमा समुदायले मिलेर कम्पोष्ट प्लान्ट बनाउँदा यसबाट बढी लाभ प्राप्त हुनसक्छ । घर-घरमा सानो-सानो सोलार प्यानल र छुट्टा-छुट्टै ब्याट्रि राख्नुभन्दा सामुदायिक सोलार प्यानल राख्दा यसले बढी वातावरणीय र आर्थिक लाभ दिनसक्छ । सामुदायिक वनको अवधारणाबाट नेपालले लिएको फाइदा विश्वभर नै नमुनाको रूपमा लिइन्छ ।

सरकारले गर्नुपर्ने कार्यहरू विशेष गरी उपयुक्त नीति, नियम, योजना निर्माण र तिनीहरूको सही कार्यान्वयन हुन् । सरकारले अनुगमन, मूल्याङ्कन, प्रोत्साहन एवं दण्ड जरिवाना, विभिन्न निकायहरूबिच समन्वय एवं साझेदारी, निजी क्षेत्रसंग सहकार्य, अन्तर्राष्ट्रिय समुदायसंग सहकार्य, जनचेतना तथा क्षमता अभिवृद्धि आदिजस्ता कार्यहरू निरन्तर र प्रतिफल छिटो दिने तरिकाका साथ गर्नुपर्दछ । माथि उल्लेखित भएजस्तै आगामी दिनहरूमा नेपालले अन्तर्राष्ट्रिय समुदायबाट लिनसक्ने वातावरण संरक्षण र जलवायु परिवर्तनसम्बन्धी सहयोगको लागि सम्बन्धित मन्त्रालय, विभाग वा पक्षहरूले आवश्यक प्रक्रियाहरूलाई सरलीकरण र सहजीकरण गरी छिटोछरितो तथा देशको हितमा हुने गरी आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ । क्षणिक तथा केही व्यक्तिको मात्र लाभ हुने गरी हाम्रा प्राकृतिक श्रोत तथा साधनहरूलाई दुरूपयोग हुनदिनुहुँदैन । अन्यथा त्यसको नकारात्मक असर वर्तमानमा हामी र आगामी पुस्ताहरूले पछिसम्म भोगिरहनुपर्नेछ ।

## निश्कर्ष

मानव विकासको लामो कालखण्डमा मानिसले नभोगेका प्राकृतिक प्रकोपहरू हामीले हाम्रो आधुनिक सभ्यता र औद्योगीकरणपछि भोग्न बाध्य भइरहेका छौ । मानवीय क्रियाकलापले गर्दा उत्पन्न भएका जल, जमिन र वायु प्रदुषण आगामी शताब्दीमा पृथ्वीले थेग्नसक्ने क्षमताभन्दा बढी हुने दिशामा उन्मुख छ र यसलाई क्रमशः घटाई नियन्त्रण गरिएन भने हाल विश्वभरी देखिएका वातावरणीय संकटहरू अझ बढेर मानव अस्तित्व नै खतरामा पर्ने सङ्केतहरू देखिएका छन् । मानव क्रियाकलापहरूबाट उत्पन्न भएको हरितगृहग्याँसको मात्रा वायुमण्डलमा अत्याधिक भएर पृथ्वीको औषततापक्रम हरेकवर्ष बढिरहेको छ । यही क्रम जारी रह्यो भने यो बढेर औद्योगिक क्रान्तिपूर्व भन्दा २ डिग्री सेन्टिग्रेडमाथि छिट्टै नै पुग्ने देखिन्छ । यसो हुँदा हिमशिखरहरू तिव्ररूपमा पग्लिने, हिउँपहिरो जाने, कतै अनावृष्टि हुने, कतै अतिवृष्टि हुने, वनजंगलमा आगलागी नियन्त्रण बाहिर जाने, समुन्द्र तटीय देशहरूका अधिकांश भू-भाग डुबानमा पर्ने आदिजस्ता समस्याहरूले ठुलो क्षति निम्त्याउँछन् । वैज्ञानिक अध्ययनहरूले वातावरणमा आएका यस्ता अप्रत्यासित परिवर्तनहरूले विभिन्न विनाशकारी रोगहरू निम्त्याउने र फैलने कुरासमेत औंल्याएका छन् । जसले हाल देखिएको कोभिडको महामारीभन्दा पनि खतरनाक रोगहरू फैलन सक्ने सङ्केत गर्दछ ।

त्यसैले आजको आवश्यकता भनेको पर्यावरण र मानवबिचको सङ्घर्ष वा द्वन्द्वलाई कम गर्दै बाच्नु नै हो । यसका लागि व्यक्तिले आफ्ना तर्फबाट निभाउनु पर्ने जिम्मेवारी त छँदै छ, त्योभन्दा पनि सरकारले शीघ्र उचित कदम चाल्नुपर्दछ । थुप्रै नीति, नियम, योजना, रणनीति र कार्यनीति हुँदाहुँदै पनि हामी लक्ष्यहरू प्राप्त गर्नमा पछि पर्नुको एउटा मुख्य कारण कार्यान्वयनपक्ष फितलो भएर नै

हो । तसर्थ हाम्रा नीति नियमहरूलाई समयसापेक्ष परिमार्जन वा परिवर्तन गर्दै त्यसको कार्यान्वयन कडाइका साथ गर्दै र आवश्यक सहयोग अन्तर्राष्ट्रिय समुदायहरूसंग लिँदै अगाडि बढ्नुपर्दछ । सरकारले वातावरण मैत्री, उपभोक्ता मैत्री, नविनतम एवं इनोभेटिभ प्रविधिहरू जस्तैः इन्फ्रारेड विद्युतीय चुलो, सुधारिएको चुलो, राष्ट्रिय प्रशारण लाइनमा जोडिने स्मार्ट मिटरिङसहितको सोलार होम, पोल्न नपर्ने इट्टालगायत अन्य यस्तै प्रविधिहरूलाई आवश्यक अनुदान दिई प्रचारप्रसार गर्नुपर्ने पनि देखिन्छ । अन्यथा हामी अझ ठुला विपत्तिहरू भोग्न तयारी अवस्थामा रहनुपर्छ । अन्तर्राष्ट्रिय समुदायले निर्धारण गरेको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरूसंग हाम्रा लक्ष्यहरूको हाम्रा आवश्यकताअनुरूप मेल गराई तिनीहरूबाट पनि अधिकलाभ लिनसक्ने गरी कार्य गर्नुपर्दछ । हाल अन्तर्राष्ट्रिय नीति तथा राजनीतिको केन्द्रमा रहेको जलवायु परिवर्तनसम्बन्धी विभिन्न नीति तथा सम्झौता र संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यहरू मेल खानेगरी हाम्रा योजनाहरू बनाउँदै कार्यान्वयन गर्नु नितान्त आवश्यक छ । यसबाट हामी हाम्रो लक्ष्य प्राप्त गर्नसक्दछौं । यसले नै पर्यावरण र मानव विकासबिचमा सन्तुलन कायम गराउन गहन भूमिका खेल्दछ । हामीसंग दोश्रो संसार छैन तसर्थ यही पृथ्वीको संरक्षण गर्दै आफू बाच्ने र आगामी पुस्ताहरूको लागि यसलाई कमसेकम यही अवस्थामा राखिदिने हामी मानवजातिको जिम्मेवारी हो ।

## सन्दर्भ सामाग्री


१. नेपाल सरकारका वातावरण, जलवायु परिवर्तन, वन, संरक्षित क्षेत्र, जीवहरू आदिसम्बन्धी नीतिहरू, ऐनहरू, कानुनहरू

२. नेपाल सरकारका पञ्चवर्षीय योजनाहरू

३. नेपाल सरकारले हस्ताक्षर गरेका विभिन्न अन्तराष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौताहरू जस्तैः Kyoto Protocol, Paris Agreement

४. नेपाल सरकारको राष्ट्रिय प्रतिबद्धता योगदान (Nationally Determined Contributions – NDCs)

५. United Nations Framework Convention on Climate Change (UNFCCC) बाट प्रकाशित विभिन्न प्रतिवेदन र नीतिहरू

६. Intergovernmental Panel on Climate Change (IPCC) बाट प्रकाशित विभिन्न वैज्ञानिक प्रतिवेदनहरू

७. हरित जलवायु कोष (Green Climate Fund- GCF) ले प्रकाशित गरेका विभिन्न नीतिगत कागजातहरू, बैठक प्रतिवेदनहरू

८. संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यहरू (UN Sustainable Development Goals) सम्बन्धी विभिन्न प्रतिवेदनहरू

९. विभिन्न देशहरूका NDCs र राष्ट्रिय कार्बन व्यापारसम्बन्धी नीतिहरू, नियमहरू, प्रक्रियाहरू आदिसम्बन्धी कागजातहरू

# राष्ट्रिय जनसङ्ख्या नीति
# २०७१

## १. पृष्ठभूमि

जनसङ्ख्या बहुपक्षीय सरोकारको विषय हो । यसको व्यवस्थापनमा सबै क्षेत्रको संलग्नता आवश्यक छ । जनसङ्ख्याको वृद्धि, बनावट र वितरणलाई वैज्ञानिक रूपमा व्यवस्थापन गर्नसके जनसङ्ख्याले राष्ट्रिय विकासमा सकारात्मक योगदान पुऱ्याउँछ । जनसङ्ख्यामा परिवर्तन ल्याउने प्रमुख तीन तत्व जन्म, मृत्यु र बसाइसराइ हुन् । जनसङ्ख्यालाई राष्ट्रिय विकासको गतिसँग सुहाउँदो बनाउन यी विषयहरूमा सरकारको स्पष्ट नीति तथा कार्ययोजना आवश्यक छ ।

जनसङ्ख्या परिवर्तनशील भएकाले यसका लक्ष्यहरू भौगोलिक सामाजिक तथा आर्थिक संरचना अनुसार फरकफरक हुन्छन् । जनसङ्ख्याको विषयमा नियन्त्रण भन्दा वितरण र व्यवस्थापन महत्वपूर्ण हुन्छन् । नेपालले सन् १९९४ को कायरोमा सम्पन्न भएको जनसङ्ख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन तथा अन्य विभिन्न सम्मेलनहरूमा पारित कार्ययोजनाका आधारमा जनसङ्ख्याको व्यवस्थापनका पक्षमा जोड दिएको छ । यसै आधारमा हाल जनसङ्ख्या तथा विकाससम्बन्धी २० वर्षे (२०६७–२०८७) दीर्घकालीन योजना (Population Perspective Plan) कार्यान्वयनमा रहेको छ ।

जनसङ्ख्या तथा विकाससम्बन्धी दीर्घकालीन योजनाले जनसङ्ख्याको प्रक्षेपण गरी देशलाई आवश्यक पर्ने स्वास्थ्य, इन्जिनियरिङ्, कृषि, शिक्षा तथा अन्य क्षेत्रका दक्ष प्राविधिकहरू भौगोलिक आधारमा भन्दा पनि जनघनत्वका आधारमा न्यायोचित वितरण गर्नुपर्ने मान्यता राखेको छ । नेपालमा प्रतिमहिला प्रजननदर घटे पनि सङ्ख्यात्मक रूपमा नेपालको जनसङ्ख्या वृद्धि हुँदै गएको छ । जन्मदर घट्दो र वृद्ध जनसङ्ख्याको अनुपात बढ्न केही समय लाग्ने अवस्थाका बीचमा देशमा भएको श्रम शक्तिलाई जनसाङ्ख्यिक लाभांश (Demographic Dividend) का रूपमा उपयोग गर्नु आवश्यक हुन्छ ।

देशको अर्थतन्त्रलाई सबल बनाउन सरकारी प्रयासले मात्र सम्भव नहुने भएकाले सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज एवं साझेदार सबै पक्षको सहभागिता र सहकार्यमा जनसङ्ख्याको समुचित व्यवस्थापन गर्नु आवश्यक छ ।

## २. विगतका प्रयासहरू

नेपालमा जनगणनाको प्रारम्भ वि.सं. १९६८ देखि नै भए तापनि २००८ देखि मात्र वैज्ञानिक रूपमा गणना गरी त्यसका तथ्याङ्कलाई नीति निर्माणमा प्रयोग गरिएको हो । त्यसपछि प्रत्येक दस वर्षमा जनगणना गर्ने गरिएको छ । सर्वेक्षणतर्फ पहिलो पटक वि.सं. २०३३ मा नेपाल प्रजनन सर्वेक्षण (Nepal Fertility Survey) भएको हो । त्यसपछि बसाइसराइ सर्वेक्षण (Migration Survey) लगायतका सर्वेक्षणहरू विभिन्न समयमा सम्पन्न गरिएका छन् । जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण भने प्रत्येक पाँच वर्षमा गर्ने गरिएको छ । यसका अतिरिक्त आवधिक रूपमा श्रम शक्ति सर्वेक्षण र जीवनस्तर सर्वेक्षणसमेत हुने गरेका छन् ।

नेपालमा बेग्लैरूपमा जनसङ्ख्या नीति तर्जुमा नभए पनि योजनाबद्ध विकाससँगै जनसङ्ख्या नीतिका विषयहरू केही हदमा सम्बोधन हुने गरेको पाइन्छ । योजनामा समाविष्ट नीतिका आधारमा पहिलो पञ्चवर्षीय योजनादेखि पाँचौँ योजनासम्ममा बसाइसराइ र परिवार नियोजन तथा मातृशिशु स्वास्थ्यसम्बन्धी कार्यक्रममा जोड दिइएको थियो । छैटौं योजनामा जनसङ्ख्या वितरण र बसाइसराइको व्यवस्थापन, सातौँ योजनामा जनसङ्ख्या वृद्धिदर र आर्थिक विकासबीच सन्तुलन र आठौँ योजनामा क्षेत्रगत नीतिका रूपमा जनसङ्ख्याको महत्वलाई स्वीकार गरी राष्ट्रिय नीतिसहित उपयुक्त स्थान प्रदान गरियो । नवौं योजनामा बीस वर्षे दीर्घकालीन दृष्टिकोण प्रस्तुत गरिएको र त्रिवर्षीय योजना (वि.सं.२०६७/६८–२०६९/७०) को अन्त्यसम्ममा कुल प्रजनन दरलाई प्रतिस्थापन तहमा पुऱ्याउने लक्ष्य राखिएको थियो । तीन वर्षीय अन्तरिम योजना (वि.सं.२०६४/६५–२०६६/६७) तथा त्रिवर्षीय योजना (वि.सं.२०६७/६८–२०६९/७०) मा समेत सानो र गुणस्तरीय परिवारको अवधारणासहित जनसङ्ख्या वृद्धिदर घटाई गरिबी निवारणलाई टेवा दिने, जनसङ्ख्या व्यवस्थापन र यससँग सम्बन्धित कार्यक्रमलाई विकासका सबै कार्यक्रमहरूसँग आबद्ध गर्ने तथा बसाइसराइ प्रक्रियालाई व्यवस्थित गरी जनसङ्ख्या व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो । तेह्रौं योजना (२०७०/७१–२०७२/७३) भने नेपाललाई सन् २०२२ भित्र अति कमविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोचका साथ, देशमा व्याप्त गरिबी घटाई आम जनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्य र गरिबीका रेखामुनि रहेको जनसङ्ख्यालाई १८ प्रतिशतमा झार्ने लक्ष्य लिई कार्यान्वयनको चरणमा रहेको छ ।

राष्ट्रिय जनसङ्ख्या रणनीति, वि.सं. २०४० (सन् १९८३), राष्ट्रिय स्वास्थ्य नीति २०७१, दोस्रो दीर्घकालीन स्वास्थ्य योजना वि.सं. २०५४–२०७४ गरिबी निवारणको रणनीतिक दस्तावेज, पहिलो नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम (वि.सं. २०६२/६३-२०६६/६७), र दोस्रो नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम वि.सं. २०६७/६८–२०७१/७२ तर्जुमा भएका र यिनले प्रत्यक्ष वा परोक्षरूपमा जनसङ्ख्याका विषयलाई केही हदसम्म सम्बोधन गरेका छन् ।

जनसङ्ख्यालाई संस्थागतरूपमा सम्बोधन गर्ने क्रममा सर्वप्रथम राष्ट्रिय योजना आयोगको सचिवालयअन्तर्गत जनसङ्ख्या महाशाखाको स्थापना गरिएको थियो । वि.सं. २०३० मा राष्ट्रिय योजना आयोगबाट जनसङ्ख्यासम्बन्धी कार्यदल तथा वि.सं. २०३१ मा जनसङ्ख्या नीति तथा समन्वय बोर्डको गठन गरियो । यसै बोर्डलाई वि.सं. २०३७ मा राष्ट्रिय जनसङ्ख्या आयोगमा परिणत गरियो । देशमा बहुदलीय व्यवस्थापनको पुन: स्थापनापछि वि.सं. २०४७ मा सो आयोग समेत विघटन भयो र जनसङ्ख्या विषय क्षेत्रलाई महाशाखाका रूपमा फेरि राष्ट्रिय योजना आयोगमा व्यवस्थित गरियो । साथै जनसङ्ख्याको विषयलाई राष्ट्रिय नीति निर्माणमा उच्च महत्व प्रदान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय जनसङ्ख्या समितिको समेत व्यवस्था गरियो । जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (सन् १९९४, कायरो) पछि जनसङ्ख्यालाई राष्ट्रियस्तरमा प्राथमिकता दिने क्रममा वि.सं. २०५२ मा पहिलोपटक बेग्लै जनसङ्ख्या तथा वातावरण मन्त्रालयको स्थापना गरियो । सुधारका क्रममा वि.सं. २०६१ मा उक्त मन्त्रालयको विघटन भई त्यसको जनसङ्ख्या महाशाखालाई स्वास्थ्य मन्त्रालयमा समाहित गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नामाकरण गरियो । हालसम्म यसै मन्त्रालयमा व्यवस्थित जनसङ्ख्या महाशाखालाई नै जनसङ्ख्यासम्बन्धी नीति तथा कार्यक्रमहरूको जिम्मेवारी प्रदान गरिएको छ ।

## ३. वर्तमान स्थिति

तुलनात्मकरूपमा जनसङ्ख्याको उच्च वृद्धिदर, किशोरकिशोरी तथा युवावर्गको बाहुल्य, वृद्धवृद्धाको सङ्ख्यामा क्रमश: बढोत्तरी, भौगोलिक रूपमा जनसङ्ख्याको असमान वितरण आदि हाल नेपालको जनसङ्ख्याका मुख्य विशेषताहरू हुन् । वि.सं. १९६८ मा प्रथम पटक जनगणना हुँदा नेपालको जनसङ्ख्या ५६ लाख ३८ हजार भएकोमा वि.सं. २०६८ मा यो सङ्ख्या वृद्धि भएर करिब २ करोड ६५ लाख पुगेको छ । विगत तीन दशकको वृद्धिदरलाई नियाल्दा वि.सं. २०४८ सम्म वार्षिक वृद्धि २.०८ प्रतिशत थियो भने वि.सं. २०४८ देखि २०५८ सम्ममा २.२५ प्रतिशत र वि.सं. २०५८ देखि २०६८ सम्ममा वृद्धिदरमा कमी आई १.३५ प्रतिशत रहेको देखिन्छ । वि.सं. २०६८ को जनगणनामा जनसङ्ख्या वृद्धिदरमा केही कमी आए तापनि सङ्ख्यात्मक हिसाबमा प्रत्येक वर्ष जनसङ्ख्या वृद्धि हुँदै गएको छ ।

तथ्याङ्कअनुसार वि.सं. २०६८ मा नेपालको कुल प्रजननदर २.६ रहेको थियो । कुल जनसङ्ख्यामध्ये १४ वर्षसम्मका ३५ प्रतिशत, १० देखि १९ वर्षका किशोरकिशोरी २४ प्रतिशत, १५ देखि २४ वर्षका युवा २० प्रतिशत, १५ देखि ५९ वर्षका वयस्क ५७ प्रतिशत तथा ६० वर्षमाथिका जेष्ठ नागरिक ८.१ प्रतिशत रहेका थिए । जेष्ठ नागरिकको सङ्ख्या वि.सं. २०३८ मा ५.६ प्रतिशत मात्र रहेकोमा वि.सं. २०६८ मा ८.१ पुगेको देखिन्छ ।

जनसङ्ख्याको आकार परिवर्तनमा योगदान पुर्‍याउने कारक तत्वमध्ये प्रजनन सबैभन्दा महत्वपूर्ण हो । वि.सं. २०३० (सन् १९८०) को दशकमा यसको दर प्रतिमहिला ६ सन्तानभन्दा बढी रहेकोमा वि.सं. २०६८ मा २.६ सन्तानका हाराहारीमा झरेको देखिन्छ । भौगोलिक हिसाबले उच्च हिमाली क्षेत्र तथा तराईमा यो दर बढी देखिन्छ । अशिक्षित (३.७) र अति गरिब (४.१) समूहमा अन्यभन्दा प्रजननदर उच्च रहेको छ ।

जनसङ्ख्या परिवर्तनको दोस्रो कारक तत्व मृत्यु हो । वि.सं. २०६८ को तथ्याङ्कअनुसार औसत आयु ६६.६ वर्ष रहेको छ भने नेपाल मानव विकास प्रतिवेदन, २०१४ का अनुसार औसत आयु ६८. ८ वर्ष रहेको छ । सहस्राब्दी विकास लक्ष्य र आवधिक योजनाको लक्ष्य प्राप्तिका क्रममा नवजात शिशु मृत्युदर स्थिर भए तापनि कुल मृत्युदरमा आएको सुधारले औसत आयुमा भने सकारात्मक प्रभाव पारेको छ । त्यसै गरी मातृ मृत्युदरमा समेत उल्लेखनीय सुधार आएको छ ।

जनसङ्ख्या परिवर्तनको तेस्रो कारक तत्व बसाइसराइ हो । नेपालको करिब एक चौथाई जनसङ्ख्या आफू जन्मेका स्थानमा बस्दैनन् । यति हुँदाहुँदै पनि आन्तरिक तथा अन्तर्राष्ट्रिय आप्रवासनमा पर्याप्त ध्यान पुग्नसकेको छैन । वि.सं. २०६८ को तथ्याङ्कअनुसार प्रत्येक दिन अनुमानित १,२०० नेपाली युवा अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्रै देशबाट बाहिरिएका पाइन्छन् । यसरी विदेश भएको श्रम शक्तिबाट सन् २०१०/११ मा रू २ खर्ब ५९ अर्ब रूपैयाँ विप्रेषणका रूपमा प्राप्त भएको अनुमान भए तापनि यसको ठूलो हिस्सा (८२ %) उपभोगमा र जम्मा २ (दुई) प्रतिशत मात्र पूँजी निर्माणमा लगानी भएको देखिन्छ । लाभ

लागतका दृष्टिबाट यसमा सुधारको खाँचो छ । वि.सं. २०४८ मा कुल जनसङ्ख्याको करिव ३ (तीन) प्रतिशत विदेशमा रहेकोमा वि.सं. २०६८ मा यो सङ्ख्या बढेर करिव सात प्रतिशत पुगेको छ । आन्तरिक बसाइसराइले अव्यवस्थित सहरीकरणलाई तीब्रता दिएको छ । नेपालमा सहरी क्षेत्रहरूको जनसङ्ख्या वि.सं. २००९/११ (सन्१९५२/५४) मा तीन प्रतिशत मात्र भएकोमा वि.सं. २०६८ को जनगणनाअनुसार १७ प्रतिशत र वि.सं. २०७१ मा थपिएका गरी कुल १९१ नगरक्षेत्रको जनसङ्ख्याको प्रतिशत ४५ को हाराहारीमा पुगेको पाइन्छ । सन् २०१० को अनुमान अनुसार गरिबीका रेखामुनि रहेको जनसङ्ख्या अझै एक चौथाई भएकाले कुल गार्हस्थ्य उत्पादनमा भएको कमी समेतलाई ध्यानमा राखी जनसङ्ख्याको वैज्ञानिक व्यवस्थापन गर्नु आवश्यक छ ।

**तालिका १ : जनसङ्ख्या परिवर्तनका प्रमुख कारक तत्वहरूको विगत बीस वर्षको तुलनात्मक स्थिति**

| सि.नं. | सूचक / वर्ष वि सं / ईसं (सन्) | २०४८ १९९१ | २०५३ १९९६ | २०५८ २००१ | २०६३ २००६ | २०६८ २०११ | २०७१❆ २०१४ |
|---|---|---|---|---|---|---|---|
| १ | कुल प्रजननदर (TFR), प्रति महिला | ५.८ | ४.६ | ४.१ | ३.१ | २.६ | २.३* |
| २ | वार्षिक जनसङ्ख्या वृध्दिदर, प्रतिशत * | २.०८ | - | २.२५ | - | १.३५ | १.३५ |
| ३ | कोरा मृत्युदर (CDR), प्रति हजार * | १३.३ | - | १०.८ | - | ७ | ७ |
| ४ | शिशु मृत्युदर (IMR), प्रति हजार जीवित जन्म | १०७ | ७९ | ६४ | ४८ | ४६ | ३३ * |
| ५ | औसत आयु (वर्ष) * दुवै | ५४.३ | - | ६०.४ | - | ६६.६ | ६८.८ |
| | पुरूष | ५५.० | - | ६०.१ | - | ६५.५ | - |
| | महिला | ५३.५ | - | ६०.७ | - | ६७.९ | - |
| ७ | घरपरिवारको औसत आकार * | ५.६ | - | ५.४ | - | ४.८ | ४. ६* |
| ८ | अनुपस्थित जन-सङ्ख्या, प्रतिशत * | ३.६ | - | ३.३ | - | ७.३ | - |
| ९ | कुल बसाइसराइ * | १८३११५६ | | २१७१७२४ | | | - |
| | हिमाल | -१६१,६५५ | - | -२५५,१०३ | - | | - |
| | पहाड | - ७५३,९२३ | - | -८३०,७५९ | - | ४५,१७,२८७ | - |
| | तराई | ९१५,५७८ | - | १,०८५,८६२ | - | | - |

❆ टिप्पणी : वि सं २०७१ (ई सं २०१४) को अङ्क अनुमानित । स्रोत : * केन्द्रीय तथ्याङ्क विभाग, अन्य : नेपाल परिवार स्वास्थ्य सर्वेक्षण, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण ।

## ४. समस्याहरू र चुनौती हरू :

जनसङ्ख्या र विकासबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । जनसङ्ख्याको सही व्यवस्थापनले आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष योमदान गर्दछ । जनसङ्ख्या व्यवस्थापन आफैमा बहुआयामिक र बहुक्षेत्रगत विषय हो । यस क्षेत्रमा हाल विद्यमान समस्या र चुनौतीहरू निम्नानुसार रहेका छन् ।

### *४.१ प्रमुख समस्याहरू :*

४.१.१ विकासका सबै प्रयासको केन्द्रविन्दु र सबै प्रतिफलको उपभोक्ता जनसङ्ख्या नै हो । विकास आयोजनाको तर्जुमा, कार्यान्वयन र अनुगमनमा जनसङ्ख्या व्यवस्थापनका कार्यक्रमलाई सबै सरकारी, गैर सरकारी र निजी क्षेत्रबाट आन्तरिकीकरण (Internalization) गर्न सकिएको छैन ।

४.१.२ आर्थिक पछौटेपन, अशिक्षा, भौगोलिक विकटता, अव्यवस्थित बसाई सराई, उच्च पहाडी क्षेत्रमा छरिएर रहेका वस्तीहरू, पितृसत्तात्मक पुरातनवादी सोच र कार्यशैलीले जनसङ्ख्या र विकासका बीच सन्तुलन कायम गर्न सकिएको छैन ।

४.१.३ उत्पादनशील जनशक्ति विदेसिँदा नेपालको कृषि तथा अन्य क्षेत्रको उत्पादनमा नकारात्मक असर गर्नुका साथै ग्रामीण क्षेत्रको उमेर संरचना र लैङ्गिक अनुपात बदलिएर बालबालिका, महिला र वृद्धहरू मात्र ग्रामीण क्षेत्रमा रहने अवस्था सिर्जना भएको छ । यसका साथै देशको आन्तरिक कारण विस्थापित जनशक्तिलाई सम्मानपूर्वक उत्पादनशील कार्यमा संलग्न गराउने प्रभावकारी संरचनाको अभाव छ ।

४.१.४ बालविवाह, उच्च प्रजननदर, कम उमेरमै र थोरै समयको अन्तरालमा गर्भधारण, परिवार नियोजनका साधनको माग एवं उपयोग गर्नसक्ने क्षमतामा कमी आदिका कारण प्रजनन तथा मातृस्वास्थ्यमा अपेक्षित सुधार हुन सकेको छैन ।

४.१.५ अवसरको खोजी, प्राकृतिक विपत्ति (जस्तै भूक्षय, बाढी पहिरो आदि) र उब्जाउ जमिनको विनाशका कारण आन्तरिक बसाइसराइले गर्दा तीव्ररूपमा बढ्दै गएको सहरीकरणलाई व्यवस्थित गर्न सकिएको छैन ।

४.१.६ विकास व्यवस्थापन र जनसङ्ख्या व्यवस्थापनका बीचमा अध्ययन, अनुसन्धान तथा नीति र कार्यक्रममा सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा नागरिक समाजबीचको समन्वयात्मक एवं प्रभावकारी सहकार्यको अभाव छ ।

४.१.७ राज्यका केन्द्रदेखि स्थानीयसम्मका सबै तहमा र विभिन्न क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं मूलप्रवाहीकरण गर्न सकिएको छैन ।

४.१.८ जेष्ठ नागरिकहरूको वृद्धिदरको अनुपातमा उनीहरूको स्वास्थ्य हेरचाहलगायत विभिन्न सरोकारका विषयहरूको प्रवर्धनमा अपेक्षित सुधार हुन सकेको छैन ।

४.१.९ जनसङ्ख्यासम्बन्धी वर्गीकृत तथ्याङ्कको सङ्कलन, विश्लेषण तथा राष्ट्रिय नीतिमा पृष्ठपोषण गर्नसक्ने समयोचित र प्रतिनिधिमूलक प्रभावकारी अनुसन्धानको खाँचो छ ।

### ४.२ प्रमुख चुनौतीहरू :

४.२.१ राष्ट्रियरूपमा नीति तथा कार्यक्रम तर्जुमा गर्दा जनसाङ्ख्यिक सूचक, जनसाङ्ख्यिक गतिशीलता एवं आर्थिक तथा भौतिक विकासका सूचकहरूबीच सन्तुलन कायम गर्ने ।

४.२.२ उत्पादनशील जनशक्तिलाई स्वदेशमै राख्ने प्रभावकारी व्यवस्थापन, बदलिएको उमेर संरचना र लैङ्गिक अनुपातले पार्ने दुस्प्रभाव व्यवस्थापन गर्ने ।

४.२.३ विवाह, यौन, परिवार नियोजनका साधनको माग एवं उपयोग, गर्भधारण, प्रजनन तथा प्रजनन् स्वास्थ्यलाई अधिकारका रूपमा लिने अवस्था सृजना गर्ने ।

४.२.४ प्राकृतिक प्रकोप (जस्तै भूक्षय, बाढी पहिरो आदि) बाट हुनसक्ने सम्भावित मानवीय क्षतिको न्यूनीकरण एवं प्रकोप व्यवस्थापन गर्ने ।

४.२.५ नीति निर्माणलाई टेवा पुऱ्याउने गरी विकास र जनसङ्ख्या व्यवस्थापनका बीचमा हुने सम्बन्धलाई (स्थान र समुदाय अनुसार) आवधिकरूपमा अध्ययन, अनुसन्धान गर्ने प्रभावकारी परिपाटीको विकास गर्ने ।

४.२.६ जनसङ्ख्या वृद्धिका अनुपातमा आर्थिक तथा सामाजिक विकासका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने ।

४.२.७ समाजको स्वरूप अझै पितृसत्तात्मक भएको र राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमामा महिला र लैङ्गिक, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदाय सीमान्तकृत तथा अल्पसङ्ख्यक समूहको पहुँच राज्यको हरेक क्षेत्र र तहमा न्यून भएकाले यसलाई प्रभावकारी रूपमा सन्तुलित बनाउने ।

## ५. नयाँ नीतिको आवश्यकता :

जनसङ्ख्या बहुआयामिक विषय हो । देशको आर्थिक तथा सामाजिक विकासका लागि समन्वयात्मक रूपमा यसको समुचित व्यवस्थापन आवश्यक छ । नेपालमा जात, जाति, भाषा, धर्म, लिङ्ग र बसोबास एवम् भूगोलका आधारमा भएका विभिन्न असमानताहरूलाई सम्बोधन गर्न, प्रजननदर घटाउन, विवाहको उमेर बढाउन, बसाइसराइ र सहरीकरणलाई व्यवस्थित गर्न आवश्यक छ । सामाजिक, आर्थिक तथा राजनैतिक निर्णयमा प्रमुख भूमिका नै जनसङ्ख्याको हुने भएकाले सबै क्षेत्रमा सुधारका

लागि सबै सरोकारवाला निकायका बीच समन्वय, सहकार्य र तादात्म्य राख्ने एक राष्ट्रिय जनसङ्ख्या नीतिको खाँचो अनुभव गरिएको छ ।

## ६. राष्ट्रिय जनसङ्ख्या नीतिको भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू :

- राष्ट्रिय जनसङ्ख्या नीतिको भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू देहाय वमोजिम रहेका छन् ।

### ६.१ भावी सोच

- हरेक नागरिकलाई गुणस्तरीय जीवनयापन गर्ने अवसरको बृद्धि भएको हुनेछ ।

### ६.२ ध्येय

- जनसङ्ख्या, वातावरण र विकास बीच सामञ्जस्य कायम गरी नागरिकलाई अधिकारमा आधारित जनसङ्ख्या र विकासका एकीकृत सेवा प्रवाहको सुनिश्चितता गर्दै उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण बनाउने ।

### ६.३. लक्ष्य

६.३.१ जनसङ्ख्याका सवालहरूलाई विकाससँग एकीकरण गर्दै सबै नागरिकको जीवनमा गुणस्तरीय सुधार ल्याउने, प्रजननस्वास्थ्य तथा प्रजननसम्बन्धी मौलिक अधिकारलाई सुनिश्चित गर्ने र जनसङ्ख्या व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्धन गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

६.३.२ सहस्राव्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्य समेतलाई ध्यानमा राखी यो नीति कार्यान्वयनमा आएपछि बीस वर्ष (वि सं २०९० वा सन् २०३४) भित्रमा नेपालले हासिल गर्न सक्ने लक्ष्य देहायानुसार निर्धारण गरिएको छ ।

**तालिका २ : जनसङ्ख्यासम्बन्धी सूचक हरूको आगामी २० वर्षका लक्ष्य**

| सि.नं. | सूचक / लक्षित वर्ष वि सं / ईसं (सन्) | २०९० / २०३४ |
|---|---|---|
| १ | कुल प्रजननदर (TFR), प्रति महिला | २.१ |
| २ | वार्षिक जनसङ्ख्या वृध्दिदर, प्रतिशत | १.१ |
| ३ | कोरा मृत्युदर (CDR), प्रति हजार | ५.० |
| ४ | शिशु मृत्युदर (IMR), प्रति हजार जीवित जन्म | २५.० |
| ५ | औसत आयु (वर्ष) दुवै | ७५.० |
| | पुरूष | ७४.० |
| | महिला | ७६.० |
| ६ | घरपरिवारको औसत आकार | ४.१ |
| ७ | अनुपस्थित जनसङ्ख्या, प्रतिशत | ५.० |
| ८ | साक्षरता प्रतिशत (दस वर्षमाथिको जनसङ्ख्या) | ९५.० |
| ९ | परिवार नियोजन साधनमा पहुँच हुने सम्भाव्य दम्पती प्रतिशत | ९०.० |
| १० | सहरी जनसङ्ख्या, प्रतिशत | ६०.० |

यस तालिकाको प्रमुख उद्देश्य देहाय वमोजिम रहेका छन् :

### ६.४. उद्देश्यहरू

६.४.१ जनसङ्ख्या र विकासबीच तादात्म्य कायम गरी जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा विकास गर्ने,

६.४.२ यौन र प्रजननस्वास्थ्य, परिवार नियोजनजस्ता सेवाहरूलाई अधिकारमुखी कार्यक्रमका रूपमा विकास गर्ने,

६.४.३ स्वस्थ जीवनयापनका लागि स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय बनाउने,

६.४.४ वाह्य तथा आन्तरिक बसाइसराइ र सहरीकरणलाई व्यवस्थित गर्ने,

६.४.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विकासका सबै आयामहरूमा समाहित गर्ने,

६.४.६ जनसाङ्ख्यिक तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने, र

६.४.७ राष्ट्रिय उत्पादकत्व वृद्धिका लागि सक्रिय जनङ्ख्यालाई उत्पादनशील र उद्योगमुखी बनाउने।

## ७. नीतिहरू

७.१ जनसङ्ख्या र विकासबीच तादात्म्य कायम गर्न जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा लिँदै सरोकारवाला निकायका बीचमा सम्पर्क र समन्वय स्थापित गरिने छ।

७.२ यौनस्वास्थ्य, परिवार नियोजन र सुरक्षित गर्भपतनलगायतका प्रजननस्वास्थ्य सेवालाई अधिकारमुखी कार्यक्रमका रूपमा विकास गरिने छ।

७.३ स्वस्थ जीवनयापनका लागि उपयुक्त जीवन शैली एवं वातावरणको निर्माण गरिने छ।

७.४ वाह्य तथा आन्तरिक बसाइसराइ र सहरीकरणको प्रभावकारी व्यवस्थापन गरिने छ।

७.५ लैङ्गिक, यौनिक, भाषिक, आर्थिक, सामाजिक एवं क्षेत्रीयरूपमा पछिपरेका समूह र शारीरिक,मानसिक तथा बौद्दिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशीकरण गर्दै जनसङ्ख्या र विकासमा मूलप्रवाहीकरण गर्न नीति,कानुन तथा संस्थागत व्यवस्थामा सुधार गरिने छ।

७.६ जनसङ्ख्या क्षेत्रका नीतिनिर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत संरचनाको सुदृढीकरण गरिने छ।

७.७ जनसङ्ख्या तथा विकासबीचको अन्तरसम्बन्धको सूचना प्रविधिसमेतका उपयोगबाट अध्ययन, अनुसन्धान र विश्लेषण गरी नीति निर्माण र कार्यक्रम तर्जुमाका लागि सरोकारवाला निकायहरूलाई पृष्ठपोषण गरिने छ।

७.८ विकास आयोजना र कार्यक्रम तर्जुमा गर्दा तिनको जनसाङ्ख्यिक प्रभावको समेत अध्ययन गरी तिनको उपयुक्तता पुष्टि गरेर मात्र कार्यक्रम कार्यान्वयन गरिने छ।

७.९ जनसङ्ख्याको लाभांश (Demographic Dividend) हुने हिस्सा र खास गरी युवा समूहलाई रोजगारमूलक कार्यमा उपयोग गरिने छ।

## ८. रणनीतिहरू

**नीति ७.१: जनसङ्ख्या र विकासबीच तादात्म्य कायम गर्न जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा लिँदै सरोकारवाला निकायका बीचमा सम्पर्क र समन्वय स्थापित गरिने छ।**

*८.१ नीति ७.१ का रणनीतिहरू*

८.१.१ विद्यमान क्षेत्रगत नीति, योजना तथा कार्यक्रमहरूको जनसाङ्ख्यिक दृष्टिकोणवाट पुनरावलोकन गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउन केन्द्रदेखि स्थानीय तहसम्मका संस्थागत एवं व्यवस्थापकीय पक्षमा सुधार गरिने छ।

८.१.२ नेपाललाई सन् २०२२ सम्म विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्ने लक्ष्यप्राप्तिका लागि विभिन्न विषयगत क्षेत्रमा आवश्यक पर्ने दक्ष तथा प्राविधिक जनशक्तिको प्रक्षेपण गरी सोहीअनुसार जनशक्ति उत्पादन एवम् आपूर्तिको व्यवस्था मिलाइने छ। उत्पादित जनशक्तिलाई वित्तीय तथा गैरवित्तीय प्रोत्साहनका व्यवस्थाद्वारा स्वदेशमै सेवा गर्ने वातावरण निर्माण गर्दै प्रतिभा पलायनलाई क्रमश निरूत्साहित गरिने छ।

८.१.३ जनसङ्ख्याका विविध पक्षहरूलाई सामाजिक, आर्थिक तथा भूराजनीतिक विकासका आयामहरूमा एकीकृत गर्दै प्रभावकारी व्यवस्थापन गरिने छ ।

८.१.४ विकासका सबै आयामहरूसँग समन्वय गरी गरिबी रेखाभन्दा मुनि रहेका जनसङ्ख्यालाई गरिबी निवारणका कार्यक्रमद्वारा सम्बोधन गरिने छ ।

८.१.५ उपलब्ध साधन र स्रोतहरूको अधिकतम उपयोग गरेर सम्पूर्ण जनसङ्ख्याको सामाजिक र आर्थिक जीवनलाई गुणस्तरीय बनाइने छ ।

८.१.६ जेष्ठ नागरिकको अनुभव, सीप र उद्यमशीलता युवावर्गमा हस्तान्तरण गर्ने संयन्त्रको विकास गरिने छ । साथै सार्वजनिक निकायहरूमा लामो अवधि कार्य गरी सेवा निवृत्त भएका राष्ट्रसेवकहरूको अनुभव, ज्ञान र सीपको उपयोग गरिनेछ ।

८.१.७ दिगोरूपमा वातावरणीय विकास र संरक्षणका लागि जलवायु परिवर्तनमा केन्द्रीत भएर उपलब्ध साधन स्रोत र जनसङ्ख्याको आकारबीच सन्तुलन कायम हुने कार्यक्रमहरू समन्वयात्मक रूपमा सञ्चालन गरिने छ ।

८.१.८ जनसङ्ख्या व्यवस्थापनका लागि विकासका साझेदार, सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाहरूसँगको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिने छ ।

८.१.९ बढीभन्दा बढी जनसङ्ख्यालाई स्वदेशमै उत्पादनमूलक काममा लगाउने उद्देश्यसाथ भरिसक्य प्रत्येक निर्वाचन क्षेत्र, नभए प्रत्येक नगरपालिका वा जिल्ला सदरमुकाममा कम्तीमा एक औद्योगिक क्षेत्र स्थापना गरिने छ ।

८.१.१० दुई वा सोभन्दा कम सङ्ख्यामा सन्तान जन्माउन प्रोत्साहित गरिने छ ।

**नीति ७.२ : यौनस्वास्थ्य, परिवार नियोजन र सुरक्षित गर्भपतनलगायतका प्रजननस्वास्थ्य सेवालाई अधिकारमुखी कार्यक्रमका रूपमा विकास गरिने छ ।**

***८.२ नीति ७.२ का रणनीतिहरू***

८.२.१ सबै नागरिकलाई सुरक्षित र व्यवस्थित यौन तथा प्रजनन् स्वास्थ्य सेवालाई अधिकारका रूपमा विकास गरी यसको पहुँच बढाइने छ ।

८.२.२ परिवार नियोजनका साधन र यसको उपयोगबारे जानकारी एवम् गुणस्तरीय सेवा प्रदान गरिने छ ।

८.२.३ परिवार नियोजनको अपरिपूर्त मागलाई पूरा गर्ने, वितरण तथा सेवाको गुणस्तर वृद्धि गर्ने, तथा उपयोगी सूचनाहरू उपयुक्त सञ्चारमाध्यमबाट नियमितरूपमा स्थानीय तहसम्म प्रवाह गर्ने व्यवस्था गरिने छ ।

८.२.४ सुरक्षित गर्भपतन सेवा एवम् गर्भपतनपछिका स्याहारको पहुँच सुनिश्चित गरिने छ । गरिब र सीमान्तकृत समूहका महिलालाई यस्तो सेवा नि:शुल्करूपमा उपलब्ध गराइने छ ।

८.२.५ आमा र शिशुको स्वास्थ्यमा सुधार ल्याउन गर्भपरीक्षण, प्रसूति तथा प्रसूतिपश्चात हुने समस्यालाई सम्बोधन गर्न गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार गरिने छ ।

८.२.६ सीमान्तकृत एवं लोपोन्मुख जाति (राउटे, कुसुण्डा, चेपाङ्ग, राजवंशी, चमार, मुसहर, वादी, राजी आदि) संरक्षण गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

८.२.७ कम्तीमा बीस वर्ष पूरा भएपछि मात्र विवाह गर्न प्रोत्साहन गरिनेछ । मनोवैज्ञानिक, सामाजिक तथा आर्थिक रूपमा सक्षम भएपछि मात्र सन्तान जन्माउने व्यवस्थालाई प्रोत्साहित गरिने छ ।

८.२.८ विवाह गर्ने उमेर बढाउन र उपयुक्त जन्मान्तरका लागि प्रभावकारी सूचना, शिक्षा, सञ्चार तथा व्यवहार परिवर्तनका लागि सञ्चारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

८.२.९ बाँझोपन तथा अल्पबाँझोपनको समस्यालाई मागका आधारमा सम्बोधन गरिने छ ।

८.२.१० महिला, पुरुष र तेस्रो लिङ्गी, किशोरकिशोरी र युवाहरूका लागि सहज वातावरणमा प्रजनन् स्वास्थ्य तथा यौन शिक्षाको पहुँचमा सुनिश्चितता गरिने छ ।

८.२.११ किशोरकिशोरीहरूलाई लागुपदार्थको दुर्व्यसन, व्यभिचार, यौन दुराचारजस्ता कार्यबाट टाढा राख्न पैरवी तथा बहस कार्यक्रम सञ्चालन गरिने छ ।

८.२.१२ मातृ मृत्युदर घटाउन मातृस्वास्थ्य केन्द्रित स्वास्थ्य सेवाको विस्तार गरिने छ ।

**नीति ७.३ : स्वस्थ जीवनयापनका लागि उपयुक्त जीवन शैली एवं वातावरणको निर्माण गरिने छ ।**

*८.३ नीति ७.३ का रणनीतिहरू*

८.३.१ जनसङ्ख्याको कोरा मृत्युदर घटाई औसत आयु वृद्धि गरिने छ ।

८.३.२ धूम्रपान, मद्यपान जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने वस्तुको उत्पादन तथा विक्री वितरणलाई प्रभावकारी नियमन गरिने छ ।

८.३.३ स्वस्थ खानपान, आहार, व्यवहार तथा व्यायामयुक्त स्वस्थ जीवनशैली अपनाउन स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चारका माध्यमबाट सचेतना प्रवर्धन गरिने छ ।

८.३.४ प्रदूषणविहीन वैकल्पिक ऊर्जा विकासमा जोड दिंदै, ग्रामीण क्षेत्रमा धूवाँरहित चूल्होको प्रवर्धन गर्न स्थानीय निकायसँग समन्वय गरी आवश्यक कार्यनीति तय गरिने छ ।

८.३.५ जेष्ठ नागरिकहरूको स्वस्थ जीवनका लागि आवश्यक स्वास्थ्य उपचार एवं क्रियाशील जीवनशैली प्रवर्धन गर्दै जेष्ठ नागरिक सम्वन्धी विद्यमान कानूनमा भएका प्रावधानहरूलाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ ।

८.३.६ परम्परागत रूपमा नेपाली समाजले अवलम्बन गर्दै आएको पारिवारिक मूल्य र मान्यतालाई सम्मान गर्दै सानो परिवारको अवधारणालाई प्रोत्साहित गरिने छ ।

८.३.७ जलवायुमा आएको परिवर्तनलाई समेत ध्यानमा राख्दै वातावरणीय सन्तुलन, प्रवर्धन तथा संरक्षणका कार्यलाई जनसङ्ख्या कार्यक्रमसित स्थानीय र राष्ट्रिय तहमा समन्वय गरिने छ ।

**नीति ७.४: वाह्य तथा आन्तरिक बसाइसराइ र सहरीकरणको प्रभावकारी व्यवस्थापन गरिने छ ।**

*८.४ नीति ७.४ का रणनीतिहरू*

८.४.१ स्वदेशमै उद्योगधन्दाको विकास र आय आर्जनका क्रियाकलापद्वारा, रोजगारीका अवसर वृद्धि गर्दै वैदेशिक रोजगारीमा जाने दर घटाउने कार्यक्रममा सहयोग पुऱ्याइने छ ।

८.४.२ कामदारहरूको अधिकार र चाहना सुरक्षित गर्न अत्यधिक सङ्ख्यामा नेपाली कामदार लैजाने देशहरूसँग प्रभावकारी श्रम कूटनीति (Labor Diplomacy) प्रवर्धनमा सहकार्य गरिने छ ।

८.४.३ विदेश जानचाहने कामदारहरूलाई सीप विकासका अवसर सुदृढ गर्न तथा सम्बन्धित देशको परिवेश, भाषा, संस्कृति, सामान्य कानुन र सुविधाबारे जानकारी गराउन समन्वय गरिने छ ।

८.४.४ श्रम आदानप्रदान गर्ने राष्ट्रबीच उनीहरूले निर्वाह गर्नुपर्ने दायित्व तथा जिम्मेवारीको स्पष्ट रेखाङ्कन गरी समझदारी (Memorandum of understanding) गर्न सम्बन्धित निकायलाई पृष्ठपोषण दिइने छ ।

८.४.५ आन्तरिक बसाइसराइबाट स्थानीय बासिन्दा/रैथानेहरूको आर्थिक सामाजिक, साँस्कृतिक विकासमा विचलन हुन नदिन कार्यक्रमहरू सञ्चालन गरिने छ ।

८.४.६ योजनाबद्धरूपमा आवास, खानेपानी, सडक, बिजुली, सञ्चार, शिक्षा, स्वास्थ्यजस्ता आवश्यक पूर्वाधार पूरा भएका क्षेत्रहरूलाई सहरी क्षेत्रका रूपमा विकास गर्न र पूर्वाधारहरू ग्रामीण तहसम्म विस्तार गर्दै लैजान सरोकारवाला निकायहरू सँग समन्वय र सहकार्य गरिने छ ।

८.४.७ स्रोतसाधनको 'प्रभावकारी लागत उपयोग'का साथै सेवा, सुविधामा जनताको सहज पहुँच बढाउन आवश्यक पूर्वाधार सुविधा सम्पन्न बस्ती (Settlement) हरूको विकास गरी कम जनसङ्ख्यायुक्त र छरिएर रहेका ससाना बस्तीलाई त्यस्ता बस्तीमा स्थानान्तरण गरी व्यवस्थित गरिने छ ।

८.४.८ जनसङ्ख्याको क्षेत्रीय सन्तुलन कायम गर्न बसाइसराइको प्रवाहलाई कम जनघनत्व भएका र नयाँ सहरतर्फ मोड्न (Redirect) उपयुक्त कार्यनीति अवलम्बन गरिने छ । साथै राष्ट्रिय भू-उपयोग नीति, २०६९ अनुरूप आवासीय क्षेत्रको व्यवस्थाका लागि जोखिम रहित क्षेत्रहरूको पहिचान गरी ती क्षेत्रहरूमा पूर्वाधारयुक्त, सुविधा सम्पन्न र वातावरणीय दृष्टिले उपयुक्त शहरीकरणको विकास गर्ने ।

८.४.९ वातावरणीय तथा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षतिलाई ध्यानमा राख्दै बस्तीहरूको जोखिमको मात्राको अध्ययन गरी आवश्यक कार्यक्रम प्रभावकारीरूपले अघि बढाउन सरोकारवालाहरू सँग समन्वय र सहकार्य गरिने छ ।

८.४.१० युवा जनसङ्ख्या नै जनसाङ्ख्यिक लाभांश (Demographic dividend) भएकाले तिनबाट राष्ट्रिय उत्पादकत्वमा उचित लाभ प्राप्त गर्न उपयुक्त अवसरहरूको सिर्जना गरिने छ ।

८.४.११ आन्तरिक र बाहय बसाइसराइ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिने छ ।

**नीति ७.५ :** लैङ्गिक, यौनिक, भाषिक, आर्थिक, सामाजिक एवं क्षेत्रीयरूपमा पछिपरेका समूह र शारीरिक,मानसिक तथा बौद्धिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशीकरण गर्दै जनसङ्ख्या र विकासमा मूलप्रवाहीकरण गर्न नीति,कानुन तथा संस्थागत व्यवस्थामा सुधार गरिने छ ।

### *८.५ नीति ७.५ का रणनीतिहरू*

८.५.१ स्थानीय भाषा एवं परिवेशका आधारमा समेत शिक्षा, सूचना र सञ्चारको प्रवाह गरी सबै नागरिक तथा लक्षित समूहमा जनसाङ्ख्यिक सन्देश प्रवाह गरिने छ ।

८.५.२ शिक्षामा सबैका लागि समान अवसर प्रदान गर्न प्राथमिक र माध्यमिक शिक्षामा विद्यालय जाने उमेरका बालबालिकाको शतप्रतिशत भर्ना गराउने वातावरण सिर्जना गर्न एवम् औपचारिक तथा अनौपचारिक शिक्षाको पाठ्यक्रममा उमेरअनुसारको प्रजनन तथा यौनशिक्षा समावेश गर्न आवश्यक सहकार्य गरिने छ ।

८.५.३ लिङ्ग, उमेर, यौनको छनौट र जुनसुकै दृष्टिले समेत अल्प समूहमा पर्नेहरूमाथि हुने सबैखाले हिंसा र जेष्ठ नागरिकमाथि हुने दुर्व्यवहार उन्मूलन गर्न उपयुक्त ऐन कानुनको तर्जुमाका लागि तथा कार्यान्वयनका लागि सम्बन्धित निकायहरूलाई सहजता प्रदान गरिने छ ।

८.५.४ जेष्ठ नागरिकहरूको अनुभव, क्षमता र सीपलाई समाज विकासमा लगाउने वातावरण सृजना गरिने छ ।

८.५.५ सीमान्तकृत तथा लोपोन्मुख समूहको वस्तुगतरूपमा पहिचान गरी उनीहरूको संस्कृतिको संरक्षण र आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गरिने छ ।

८.५.६ राष्ट्रिय परिचय पत्रका साथै सेवा पहुँचमा सहयोग पुग्ने खालका लक्षित समूह केन्द्रित परिचय पत्रको व्यवस्था गर्न सहजीकरण गरिने छ ।

८.५.७ लैङ्गिक सशक्तीकरण तथा समताका लागि विषयगत क्षेत्रमा लैङ्गिक बजेटको अवधारणालाई कार्यान्वयन गरिने छ ।

८.५.८ एच.आई.भी एड्सबाट सङ्क्रमित, लैङ्गिक हिंसाबाट पीडित, मानसिक समस्या वा रोग भएका तथा अपाङ्गता भएका व्यक्तिहरूको सेवाका लागि पुनस्थापना केन्द्रहरूको व्यवस्था गरिने छ ।

८.५.९ जनसाङ्ख्यिक विकास कार्यक्रमहरू निर्माण गर्दा महिला, पुरुष, तेस्रो लिङ्गी, लक्षित एवं पिछडिएका वर्ग, समुदाय तथा अल्पसङख्यक समेतलाई सहभागी गराई उनीहरूका आवश्यकतालाई प्राथमिकता दिइने छ ।

८.५.१० सामाजिक सेवा कार्यक्रमअन्तर्गत अति गरिब, असहाय, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलगायत लक्षित वर्गका नागरिकलाई नि:शुल्क वा आंशिक छुट प्रदान गरिदै आएको स्वास्थ्य सेवालाई विस्तार गर्दै लगिने छ।

८.५.११ लैङ्गिक वा यौनजन्य हिंसाबाट प्रभावित नागरिकको स्वास्थ्य उपचार, सुरक्षा, मनोसामाजिक परामर्श, कानुनी उपचार एवं पुनस्थापनका लागि अन्तरमन्त्रालय समन्वय र सहकार्य सुदृढ गर्दै सेवा प्रवाह विस्तार गरिने छ।

**नीति ७.६ : जनसङ्ख्या क्षेत्रका नीतिनिर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत संरचनाको सुदृढीकरण गरिने छ।**

*८.६ नीति ७.६ का रणनीतिहरू*

८.६.१ जनसङ्ख्यासम्बन्धी उच्चस्तरीय विमर्श र नीति निर्देशनका लागि राष्ट्रिय जनसङ्ख्या परिषदलाई चुस्त र प्रभावकारी बनाइने छ।

८.६.२ केन्द्रदेखि स्थानीय तहसम्मका जनसङ्ख्यासम्बन्धी कार्यक्रम सञ्चालन, अनुगमन र समन्वयका लागि उपयुक्त संस्थागत संरचनाको विकास गरिने छ।

८.६.३ जनसङ्ख्यासम्बन्धी कार्यक्रमहरूमा दोहोरोपन आउन नदिन, एवम् कार्यक्रम सुचारुरूपले सञ्चालन भई रहने व्यवस्था सुनिश्चित गर्न, अनुगमन एवं मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइने छ।

८.६.४ विकास योजना तर्जुमा, अनुगमन र मूल्याङ्कनका लागि सरोकारवालालाई आवश्यक पर्ने जनसाङ्ख्यिक तथ्याङ्क सहजरूपले उपलब्ध हुने व्यवस्था मिलाइने छ।

८.६.५ विकासका कार्यक्रम सञ्चालन गर्ने वा सेवा प्रदान गर्ने निकायलाई स्तरीय सेवा प्रदान गर्न सेवाग्राहीका उमेर, लिङ्ग, सांस्कृतिक पहिचान आदिसहितको अनुमानित सङ्ख्याको प्रक्षेपणका आधारमा कार्यक्रम तर्जुमा गर्न प्रोत्साहित गरिने छ।

८.६.६ सरकारी दैनिक कामकाजमा आवश्यक पर्ने सेवाग्राहीको सूचना सङ्कलन गर्दा उमेर, लिङ्ग, सांस्कृतिक पहिचान, शिक्षा आदिजस्ता वर्गीकृत जानकारी अभिलेखमा राख्ने प्रणालीको विकास गरिने छ।

८.६.७ सरकारी तथा गैरसरकारी सङ्घसंस्थाद्वारा कार्यान्वयन गरिएका जनसङ्ख्यासम्बन्धी कार्यक्रमहरूको, अनुगमन मूल्याङ्कन र समीक्षा गरिने छ।

**नीति ७.७ : जनसङ्ख्या तथा विकासबीचको अन्तरसम्बन्धको अध्ययन, अनुसन्धान र विश्लेषण गरी नीति निर्माण र कार्यक्रम तर्जुमाका लागि सरोकारवाला निकायहरूलाई पृष्ठपोषण गरिने छ।**

*८.७ नीति ७.७ का रणनीतिहरू*

८.७.१ जनसाङ्ख्यिक तथ्याङ्कको सङ्ग्रहण, प्रशोधन र विश्लेषण गर्ने केन्द्रीय निकायको क्षमता अभिवृद्धि गरिनेछ।

८.७.२ व्यक्तिगत घटना दर्ताको गुणस्तर र क्षेत्र वृद्धि गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्य सरोकारवालासँग सहकार्य सुदृढ गरिने छ।

८.७.३ जनसङ्ख्या र विकासका विविध क्षेत्रमा हुने अनुसन्धान र अध्ययनहरूको नियमितता, एकरूपता तथा गुणस्तरीयता कायम गर्न एवं तिनका निष्कर्षको राष्ट्रिय नीति निर्माण एवं योजना तर्जुमा उपयोग गर्नका लागि केन्द्रीय तहमा एक नियमन निकायको व्यवस्था गरिने छ।

८.७.४ जनसङ्ख्या र विकासका सूचकहरूको नियमित अनुगमनका लागि जनसाङ्ख्यिक र अरू सर्वेक्षणहरू आवधिक रूपमा सञ्चालन गरिने छ।

८.७.५ देशमा जनसङ्ख्या र विकाससम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र तालिम दिने निकायहरूलाई तिनको क्षमता वृद्धि तथा स्तरोन्नति गर्न सघाउ प्रदान गरिने छ।

८.७.६ जनसङ्ख्या र दिगो विकासबीचको सम्बन्ध प्रगाढ बनाउन जलवायु परिवर्तन, वातावरणीय ह्रास तथा जनसङ्ख्याका विविध पक्षबारे आवश्यक अनुसन्धान गरी व्यवस्थापकीय कार्यमा जोड दिइने छ।

८.७.७ जनसङ्ख्या व्यवस्थापनमा वित्तीय सहयोग पुऱ्याउनका लागि कानुनद्वारा व्यवस्थित गरी जनसङ्ख्या कोषको स्थापना र सञ्चालन गरिने छ।

८.७.८ जनसङ्ख्या व्यवस्थापन सम्बन्धमा जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले गरेका प्रतिबद्धताका साथै जनसङ्ख्यासम्बन्धी अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धताको पूर्ण पालना गरिने छ।

८.७.९ जनसङ्ख्या र विकाससित सरोकार राख्ने विषयका तथा अनुसन्धानका लागि आवश्यक हुने क्षेत्रका तथ्याङ्कलाई सूचना प्रविधि समेतका उपयोगमा नियमित अद्यावधिक हुने गरी व्यवस्थित गरिने छ।

८.७.१० जन्म, विवाह, बसाइसराइ र मृत्युजस्ता व्यक्तिगत घटनाको दर्ता प्रणाली (Civil Registration and Vital Statistics) लाई कानुनीरूपमा समेत अनिवार्य गराइने छ। स्थानीय तहमा अभिलेखमा राखिने तथ्याङ्कलाई राष्ट्रिय मूल सञ्जाल (National Network) मा जोडी हरेक समयमा जनसाङ्ख्यिक सूचना अद्यावधिक हुने प्रणालीको विकास गरिने छ।

८.७.११ जनसङ्ख्यासम्बन्धी तथ्याङ्कको निर्वाध उपयोगलाई प्रोत्साहित गर्न सरोकारवाला मन्त्रालय, तथ्याङ्क विभाग र अन्य सरकारी निकाय, यस विषयमा अध्यापन तथा अनुसन्धानमा दखल भएका विश्वविद्यालय र गैरसरकारी एवम् निजी क्षेत्र समेतका समन्वयमा एक तथ्याङ्क कोष (Data Bank) व्यवस्थित गरिने छ ।

**नीति ७.८ : विकास आयोजना र कार्यक्रम तर्जुमा गर्दा तिनको जनसाङ्ख्यिक प्रभावको समेत अध्ययन गरी तिनको उपयुक्तता पुष्टि गरेर मात्र कार्यक्रम कार्यान्वयन गरिने छ।**

*८.८ नीति ७.८ का रणनीतिहरू*

८.८.१ जुनसुकै क्षेत्रका विकास आयोजना तर्जुमा गर्दा तिनले प्रभावपर्ने जनसङ्ख्यालाई पर्ने असरबारे अध्ययन गरिनेछ।

८.८.२ त्यस्ता आयोजनाबाट त्यसै क्षेत्रका जनसङ्ख्यालाई प्रत्यक्ष वा परोक्षरूपमा लाभ पुग्ने विकल्पहरूलाई प्राथमिकता प्रदान गरिने छ।

८.८.३ आर्थिक लाभका आयोजना भए तिनका प्रतिफल त्यसै आयोजनाबाट प्रभावित हुने जनसङ्ख्याले समेत उपभोग गर्न पाउने व्यवस्थालाई प्राथमिकता दिइने छ।

८.८.४ जनसङ्ख्यालाई प्रत्यक्ष वा परोक्षरूपमा प्रभावित पार्ने र भूमिको प्रयोग गरिने कार्यमा नेपाल सरकारले अवलम्बन गरेको राष्ट्रिय भूउपयोग नीति , २०६९ अनुरूप गर्न जोड दिइने छ।

८.८.५ नेपाल सरकारको जुनसुकै निकाय वा सरकारका अनुमतिमा जोसुकैले कार्यान्वयन गर्ने आयोजना भए तापनि तिनका असरको जनसङ्ख्यिक अध्ययन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विशेषज्ञ संस्थालाई खटाउने छ। यस्तो अध्ययनको लागत भने सम्बन्धित आयोजना वा परियोजनाले नै व्यहोर्नुपर्ने छ।

**नीति ७.९ : जनसङ्ख्याको लाभांश (Demographic Dividend) हुने हिस्सा र खास गरी युवा समूहलाई रोजगारमूलक कार्यमा उपयोग गरिने छ।**

*८.९ नीति ७.९ का रणनीतिहरू*

८.९.१ रोजगारीका क्षेत्र प्रवर्धन गर्दा खास गरी कृषिको आधुनिकीकरण, उद्योगको विकास र विस्तार, व्यापार एवम् युवा जनसङ्ख्याले रोजगारी पाउनसक्ने क्षेत्रलाई पहिचान गरी प्राथमिकता दिइने छ।

८.९.२ युवाहरूलाई स्वावलम्बनका माध्यमबाट हुने स्वरोजगार कार्यक्रमको प्रवर्धन गरिने छ। यसका निमित्त मन्त्रालयले अन्य सरोकारवालाहरूसित समन्वय गर्नेछ।

८.९.३ सरकारी, गैरसरकारी वा निजी क्षेत्रका एवम् सहकारिताका माध्यमबाट समेत वित्तीय व्यवस्थापन गर्ने निकायमार्फत् युवाहरूका लागि रोजगारी प्रवर्धन हुने गरी ऋण तथा प्राविधिक सहायतालाई प्राथमिकता दिइने छ ।

८.९.४ वैदेशिक रोजगारीबाट फर्केका युवाले आर्जन गरेको सीप तथा साधनस्रोतलाई राष्ट्रिय उत्पादन वृद्धिका निमित्त प्रयोग गर्न प्रोत्साहन दिइने छ ।

## ९. संस्थागत संरचना र कानुनी व्यवस्था

### *९.१ संस्थागत संरचना*

#### *९.१.१ राष्ट्रिय जनसङ्ख्या परिषदको गठन*

- जनसङ्ख्यासम्बन्धी विषयको समग्र नीतिगत व्यवस्थापन, संस्थागत संरचनाको निर्माण तथा सुदृढीकरण, कानुन एवं कार्यविधि निर्माण तथा नीति कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारलाई समय समयमा सुझाव दिन एवं निर्देशनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय जनसङ्ख्या परिषदको गठन देहाय अनुसार गरिने छ ।

| | |
|---|---|
| ▪ प्रधानमन्त्री | अध्यक्ष |
| ▪ मन्त्री / राज्यमन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | उपाध्यक्ष |
| ▪ मन्त्री / राज्यमन्त्री, अर्थ मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, उद्योग मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, उर्जा मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, कृषि विकास मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, गृह मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, परराष्ट्र मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, बन तथा भू–संरक्षण मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, भूमि सुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, सहरी विकास मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, सहकारी तथा गरिवी निवारण मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, सिंचाई मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, शिक्षा मन्त्रालय | सदस्य |
| ▪ मन्त्री / राज्यमन्त्री, सूचना तथा संचार मन्त्रालय मन्त्रालय | सदस्य |
| ▪ सभापति, सामाजिक समिति, व्यवस्थापिक - संसद् | सदस्य |

- सदस्य (जनसङ्ख्या विषय क्षेत्र), राष्ट्रिय योजना आयोग — सदस्य
- जनसङ्ख्या विषयका विशेषज्ञहरू मध्येवाट परिषदले मनोनयन गरे अनुसार (एक जना महिला सहित) — चार जना - सदस्य
- जनसङ्ख्या व्यवस्थापन क्षेत्रमा अनुभव भएका व्यक्तिहरूमध्येवाट परिषदले मनोनयन गरे अनुसार (एक जना महिला सहित) — तीन जना - सदस्य
- सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — सदस्य सचिव

- राष्ट्रिय जनसङ्ख्या परिषदका पदेनबाहेक सदस्यको मनोनयन उपाध्यक्षका सिफारिसमा अध्यक्षबाट हुनेछ।
- राष्ट्रिय जनसङ्ख्या परिषदको अध्यक्षको निर्देशनमा अध्यक्षको अनुपस्थितिमा सो परिषदको वैठकको अध्यक्षता उपाध्यक्षले गर्न सक्नेछ।
- परिषदको मनोनीत सदस्यहरूको पदावधि दुई वर्ष हुने छ।

### ९.१.२ *मन्त्रालय*

- यस नीतिले निर्दिष्ट गरेका नीतिगत प्रावधानहरूको व्यवस्थापन एवं कार्यान्वयन गर्न गराउंन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मुख्य जिम्मेवार निकायका रूपमा काम गर्नेछ ।

### ९.१.३ *विभाग*

- केन्द्रदेखि समुदायस्तरसम्मका कार्यक्रम सञ्चालन, रेखदेख, अनुगमन, कार्यक्रम र स्रोतसाधनको बाँडफाँड तथा समन्वयका लागि मन्त्रालय अन्तरगत जनसङ्ख्या विभाग रहनेछ । साथै मन्त्रालय अन्तर्गतको जनसङ्ख्या महाशाखाको साविक कार्य क्षेत्रमा नीतिगत व्यवस्थापन गर्ने जिम्मेवारी तोक्नेगरी साविकको कार्य क्षेत्र र संगठन संरचनामा परिमार्जन गरिनेछ।

### ९.१.४ *सम्पर्क निकाय*

- नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनसङ्ख्या विषय क्षेत्रका अध्ययन, अनुसन्धान तथा तालिम आदि कार्यका लागि सम्बन्धित क्षेत्रमा कार्यरत निकायहरु मध्येवाट आवश्यकतानुसार त्यस्ता संस्थाहरूलाई सम्पर्क निकाय तोक्न सक्नेछ।

## ९.२. *संस्थागत जिम्मेवारी*

माथि उल्लेखित नीतिहरूको कार्यान्वयन गर्नका लागि देहायबमोजिमका मुख्य तथा सहयोगी निकायहरू रहनेछन्।

***तालिका २: नीतिअनुसार जिम्मेवार मुख्य निकाय तथा सहयोगी निकायको पहिचान***

| क्र.स. | नीति | जिम्मेवार निकाय पहिचान | |
|---|---|---|---|
| | | प्रमुख निकाय | सहयोगी निकाय |
| १ | जनसङ्ख्या र विकासबीच तादात्म्य कायम गर्न जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा लिंदै सरोकारवाला निकायहरूका बीचमा सम्पर्क र समन्वय स्थापित गरिने छ। | • राष्ट्रिय योजना आयोगको सचिवालय<br>• स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | • अर्थ मन्त्रालय<br>• वन तथा भूसंरक्षण मन्त्रालय<br>• सिंचाई मन्त्रालय<br>• सहकारी तथा गरिवी निवारण मन्त्रालय<br>• शिक्षा मन्त्रालय<br>• श्रम तथा रोजगार मन्त्रालय<br>• कृषि विकास मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | | | • उद्योग मन्त्रालय<br>• सामान्य प्रशासन मन्त्रालय<br>• सहरी विकास मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय<br>• भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• विकास साझेदार संस्था तथा गैर सरकारी संस्थाहरू |
| २ | यौनस्वास्थ्य, परिवार नियोजन र सुरक्षित गर्भपतनलगायतका प्रजननस्वास्थ्य सेवालाई अधिकारमुखी कार्यक्रमका रूपमा विकास गरिने छ। | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | • शिक्षा मन्त्रालय<br>• सूचना तथा संचार मन्त्रालय<br>• कानुन,न्याय,संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>• गृह मन्त्रालय<br>• विकास साझेदार संस्था तथा गैर सरकारी संस्थाहरू |
| ३ | स्वस्थ जीवनयापनका लागि उपयुक्त जीवन शैली एवं वातावरणको निर्माण गरिने छ। | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• शिक्षा मन्त्रालय<br>• कृषि विकास मन्त्रालय | • महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>• कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय<br>• विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय<br>• भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>• सूचना तथा संचार मन्त्रालय<br>• श्रम तथा रोजगार मन्त्रालय<br>• सहरी विकास मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ४ | वाह्य तथा आन्तरिक बसाइसराइ र सहरीकरणको प्रभावकारी व्यवस्थापन गरिने छ। | • सहरी विकास मन्त्रालय<br>• वन तथा भूसंरक्षण मन्त्रालय<br>• गृह मन्त्रालय<br>• भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>• कृषि विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोगको | • अर्थ मन्त्रालय<br>• उर्जा मन्त्रालय<br>• सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• परराष्ट्र मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | | सचिवालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• शिक्षा मन्त्रालय<br>• स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | • सिचाई मन्त्रालय<br>• उद्योग मन्त्रालय<br>• श्रम तथा रोजगार मन्त्रालय<br>• केन्द्रीय तथ्याङ्क विभाग<br>• विकास साझेदार संस्था तथा गैर सरकारी संस्थाहरू |
| ५ | लैङ्गिक,यौनिक,भाषिक,आर्थिक, सामाजिक एवं क्षेत्रीयरूपमा पछिपरेका समूह र शारीरिक,मानसिक तथा बौद्दिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशीकरण गर्दै जनसङ्ख्या र विकासमा मूलप्रवाहीकरण गर्न नीति,कानुन तथा संस्थागत व्यवस्थामा सुधार गरिने छ। | • प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>• राष्ट्रिय जनसङ्ख्या परिषद<br>• स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• शिक्षा मन्त्रालय<br>• भूमि सुधार तथा व्यवस्था मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय<br>• महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | • सूचना तथा सञ्चार मन्त्रालय<br>• सहकारी तथा गरिबी निवारण मन्त्रालय<br>• गृह मन्त्रालय<br>• कृषि विकास मन्त्रालय<br>• सिचाई मन्त्रालय<br>• उद्योग मन्त्रालय<br>• राष्ट्रिय योजना आयोगको सचिवालय<br>• कानुन,न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय<br>• वन तथा भू–संरक्षण मन्त्रालय<br>• विकास साझेदार संस्था तथा गैर सरकारी संस्थाहरू |
| ६ | जनसङ्ख्या क्षेत्रका नीतिनिर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत संरचनाको सुदृढीकरण गरिने छ। | • राष्ट्रिय जनसङ्ख्या परिषद<br>• स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• राष्ट्रिय योजना आयोगको सचिवालय | • अर्थ मन्त्रालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• सामान्य प्रशासन मन्त्रालय<br>• केन्द्रीय तथ्याङ्क विभाग |
| ७ | जनसङ्ख्या तथा विकासबीचको अन्तरसम्बन्धको सूचना प्रविधिसमेतका उपयोगबाट अध्ययन, अनुसन्धान र विश्लेषण गरी नीति निर्माण र कार्यक्रम तर्जुमाका लागि सरोकारवाला निकायहरूलाई पृष्ठपोषण गरिने छ। | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• राष्ट्रिय योजना आयोगको सचिवालय | • विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय<br>• अर्थ मन्त्रालय<br>• वन तथा भूसंरक्षण मन्त्रालय<br>• केन्द्रीय तथ्याङ्क विभाग<br>• जनसङ्ख्या अध्ययन सम्वन्धी प्राज्ञिक निकायहरू<br>• विकास साझेदार संस्था तथा गैर सरकारी संस्थाहरू |
| ८ | विकास आयोजना र कार्यक्रम | • स्वास्थ्य तथा जनसङ्ख्या | • शिक्षा मन्त्रालय |

| | | | |
|---|---|---|---|
| | तर्जुमा गर्दा तिनको जनसाङ्ख्यिक प्रभावको समेत अध्ययन गरी तिनको उपयुक्तता पुष्टि गरेर मात्र कार्यक्रम कार्यान्वयन गरिने छ। | मन्त्रालय<br>• राष्ट्रिय योजना आयोगको सचिवालय<br>• अर्थ मन्त्रालय<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• विकास आयोजना कार्यान्वयन गर्ने विभिन्न सरकारी निकायहरू | • उर्जा मन्त्रालय<br>• कृषि विकास मन्त्रालय<br>• वन तथा भू–संरक्षण मन्त्रालय<br>• सहरी विकास मन्त्रालय<br>• भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>• भूमिसुधार तथा व्यवस्था मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय<br>• महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>• सिचाई मन्त्रालय<br>• जनसङ्ख्या अध्ययन सम्वन्धी प्राज्ञिक निकायहरू<br>• साझेदार तथा गैर सरकारी संस्थाहरू |
| ९ | जनसङ्ख्याको लाभांश (Demographic Dividend) हुने हिस्सा र खास गरी युवा समूहलाई रोजगारमूलक कार्यमा उपयोग गरिने छ। | • स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>• श्रम तथा रोजगार मन्त्रालय<br>• युवा तथा खेलकुद मन्त्रालय<br>• कषि विकास मन्त्रालय<br>• सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>• शिक्षा मन्त्रालय | • अर्थ मन्त्रालय<br>• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>• राष्ट्रिय योजना आयोगको सचिवालय<br>• उद्योग मन्त्रालय<br>• उर्जा मन्त्रालय<br>• सिंचाई मन्त्रालय<br>• जनसङ्ख्या अध्ययन सम्वन्धी प्राज्ञिक निकायहरू |

### ९.३ *कानुनी व्यवस्था*

९.३.१ जनसङ्ख्या सम्वन्धी छरिएर रहेका कानूनहरूलाई एकीकृत गरी समयसापेक्ष रूपमा सुधार तथा परिमार्जन गरि लागू गरिने छ।

९.३.२ जनसङ्ख्याका सवै सवालहरू समेट्ने गरी राष्ट्रिय जनसङ्ख्या ऐन निर्माणका साथै नियमावली एवं आवश्यक निर्देशिका तथा कार्यविधिहरू निर्माण गरी राष्ट्रिय जनसङ्ख्या नीतिको प्रभावकारी रूपले कार्यान्वयनको व्यवस्था गरिने छ।

## १०. आर्थिक पक्ष

१०.१. सरकारी स्रोत, वैदेशिक सहयोग र ऋण, तथा गैरसरकारी एवम् निजी क्षेत्रको लगानी नै समग्रमा यस राष्ट्रिय जनसङ्ख्या नीति, कार्यान्वयनका मुख्य आधार हुनेछन्। यस नीतिको कार्यान्वयनको लागि वनाइने योजना तथा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था तत् तत् समयमा नेपाल सरकारले गर्नेछ।

## ११. अनुगमन तथा मूल्याङ्कन

११.१ जनसङ्ख्या व्यवस्थापनका लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रमहरूको प्रत्येक तहमा नियमितरूपले अनुगमन र मूल्याङ्कन गरिने व्यवस्था गर्न चुस्त र प्रभावकारी संयन्त्र बनाई कार्यान्वयनमा ल्याइने छ । यसका लागि राष्ट्रिय योजना आयोगले तर्जुमा गरी व्यवहारमा ल्याएको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन ढाँचा तथा सङ्घीय तथा स्थानीय विकास मन्त्रालयले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणालीसमेतलाई ध्यानमा राखी प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ ।

११.२ अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई समेत सहयोगी हुने जनसङ्ख्या व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कार्यान्वयन गर्दै लगिने छ ।

११.३ नीति कार्यान्वयनको आवधिक मूल्याङ्कन गर्दै मूल्याङ्कनवाट प्राप्त नतिजाका आधारमा नीतिलाई परिमार्जन गरिनेछ ।

## १२. अपेक्षित उपलब्धि

१२.१ जनसङ्ख्या व्यवस्थापन एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाहको माध्यमवाट मातृशिशु तथा बाल मृत्युदरमा कमी आई गुणस्तरीय जीवनयापन एवं अपेक्षित औसत आयु वृद्धि भएको हुनेछ ।

१२.२ आन्तरिक तथा बाह्य बसाइसराइ एवं सहरीकरणको समुचित व्यवस्थापन भएको हुनेछ ।

१२.३ जनसङ्ख्या व्यवस्थापन एवं निर्णय प्रक्रियामा लैङ्गिक मूल प्रवाहीकरण भएको हुनेछ ।

१२.४ जेष्ठ नागरिक, उपेक्षित एवं सीमान्तकृत वर्ग, लोपोन्मुख समुदायलगायत लक्षित वर्गको सामाजिक न्याय एवं सुरक्षाको प्रत्याभूति भएको हुनेछ ।

१२.५ सरकारी, गैरसरकारी निकाय, निजी क्षेत्र र नागरिक समाजवाट राष्ट्रिय जनसङ्ख्या नीतिलाई पूर्णरूपमा समर्थन गर्दै त्यसको कार्यान्वयन तथा परिमार्जनमा स्वस्फूर्त रूपमा सहभागी भएको अवस्था हुनेछ ।

१२.६ यो नीतिको प्रभावकारी कार्यान्वयनवाट मुलुकको अन्य क्षेत्रका विभिन्न राष्ट्रिय नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुग्न गई प्रभावकारिता अभिवृद्दि हुनेछ ।

## १३. जोखिमहरू :

१३.१ जनसङ्ख्या नीतिमा उल्लेख गरेअनुसार आर्थिक, मानवीय र भौतिक स्रोतहरू उपलब्ध नहुने सम्भावना हुनेछ ।

१३.२ जनसङ्ख्या व्यवस्थापनको क्षेत्र वहुपक्षीय सरोकारको विषय भएकोले सरोकारवाला निकायहरूको सहयोग र सहकार्य विना यसको कार्यान्वयन प्रभावकारी हुन सक्दैन ।

१३.३ यो नीति कार्यान्वयनका लागि उपयुक्त कानुनी व्यवस्था, संस्थागत संरचना, दक्ष जनशक्तिको उपलव्धता र सक्षम व्यवस्थापकीय क्षमताको आवश्यकता पर्दछ ।

## १४. नीतिमा परिमार्जन :

राज्य पुर्नसंरचना हुँदा संघीय संरचना अनुरूपका सरकारको दायित्व भित्र पर्ने गरी छुट्टयाई यस नीतिको परिमार्जन गर्नु पर्ने आवश्यकता हुन सक्दछ ।

## १५. वाधा, अड्काउ फुकाउने :

यस नीतिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा वा विवाद उत्पन्न भएमा नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यस नीतिको व्याख्या गरी वाधा अड्काउ फुकाउन सक्नेछ ।

## १६. खारेजी :

यो नीति स्वीकृत भई लागू भए पछि राष्ट्रिय जनसङ्ख्या समिति विघठन हुनेछ ।

# जनसङ्ख्या तथा विकासका लागि सांसदहरुको राष्ट्रिय मञ्च, नेपाल (National Forum of Parliamentarians on Population and Development, NFPPD-Nepal) परिचय

***जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल***

*जनसङ्ख्या र विकासका लागि एशियाली सांसदहरूको मञ्चसित आवद्ध भई वि.स.२०७१ सालमा जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल (National Forum of Parliamentarians on Population and Development, NFPPD - Nepal) एक संस्थाका रूपमा स्थापना भएको हो । जनसङ्ख्या तथा विकासका बिचको सम्बन्धलाई योजना, नीति, रणनीति, परियोजना निर्माण, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनसमेतका तहमा प्रगाढ बनाई यसको प्रतिफलका रूपमा जनताको जीवनस्तरलाई माथि उकास्न बहस, पैरवी र सचेतनाका माध्यमबाट सहयोग पुऱ्याउनु यसको प्रमुख लक्ष्य रहेको छ । संस्थाका सदस्यहरूका अनुभवका आधारमा जुनसुकै राष्ट्रियस्तरका कार्यहरू सुशासनयुक्तरूपमा गर्नसक्ने क्षमता भएकाले जनगणना, जनसङ्ख्या व्यवस्थापन, स्वास्थ्य र विकासका निमित्त सचेतीकरण गराई कार्यक्रमलाई सहजरूपमा सफल बनाउन मुख्य भूमिका हुनेछ ।*

जनसङ्ख्या र विकासकाबिचमा अन्योन्याश्रित सम्बन्ध छ । जनसङ्ख्याले विकासलाई प्रभाव पार्दछ । विकासको अवस्थाले पनि जन्म, मृत्यु, बसाइँसराइजस्ता जनसङ्ख्याका विषयलाई असर पुऱ्याउँछ । जनसङ्ख्याका प्रवृत्तिलाई नीति-निर्माणमा प्रतिविम्वित गराउनुपर्छ किनकी तिनको आधारमा बन्ने रणनीति तथा परियोजनाहरूले जनताको अवस्था, आवश्यकता र चाहनालाई सम्बोधन गर्नसकोस् । त्यसैले एकातिर विकासका सबै प्रयासहरूमा जनसङ्ख्याका सूचकहरूलाई सामुन्ने राखिनुपर्दछ भने अर्कातिर जनसङ्ख्याका प्रवृत्तिहरूलाई राष्ट्रले चाहेको तरिकाले परिमार्जन गरी विकासका सूचकको आधारमा कार्यक्रम तर्जुमा गर्नुपर्ने हुन्छ । सन् १९९४ को सेटेम्बर ५ देखि १३ सम्म कायरोमा भएको जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (International Conference on Population Development-ICPD) ले पारित गरेका १६ भागमा बाँडिएका कार्ययोजनाले विकासको मूल केन्द्रविन्दु मानव हुनुपर्दछ भनी वकालत गरेको छ । यसै विषयलाई समेत ध्यानमा राखी सन् १९८१ मा थाइल्याण्डमा विधिवत्‌रूपमा स्थापना भइसकेको जनसङ्ख्या र विकासका लागि एशियाली सांसदहरूको मञ्च (Asian Forum of Parliamentarians on Population and Development-AFPPD) ले विभिन्न देशका सांसद् र केन्द्रीय सरकारका तहमा जनसङ्ख्या र विकासका नीतिलाई प्रभावकारीरूपमा समावेश गराई जनताको जीवनस्तर वृद्धिका लागि काम गर्ने दृष्टिले सन् १९९४ कै अक्टोवर महिनामा ICPD का कार्ययोजनामा प्रभावकारीरूपमा कार्यान्वयन गर्न यस क्षेत्रका सांसदहरूलाई आह्वान गऱ्यो ।

जनसङ्ख्या र विकास एकआपसमा पूरक भएकाले राष्ट्रिय नीति-निर्माणमा यी दुईबिचमा तालमेल बनाई राख्न सरकारलाई समय-समयमा घच्घच्याइराख्न नेपालमा सांसदहरूको ठुलो भूमिका हुने कुरालाई आत्मसात गर्दै जनसङ्ख्या र विकासका लागि एशियाली सांसदहरूको मञ्चसित आवद्ध भई वि.स.२०७१ सालमा जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल (National Forum of Parliamentarians on Population and Development, NFPPD - Nepal ) एक संस्थाकारूपमा स्थापना भएको हो । यसको स्थापनामा नेपालमा भएका प्रमुख राजनीतिक दलहरूको समझदारी रहेको र व्यवहारिकरूपमा संसदमा रहेका प्रमुख दलहरूबाट सहमतिको आधारमा नेतृत्व सञ्चालन गर्ने परिपाटिसमेत अङ्गिकार गरी हाल ११ जनाको कार्यसमिति रहेको छ । मञ्चको नियमित कार्य सञ्चालन गर्नका लागि मूल कार्यसमितिमा समन्वय गर्नेगरी अन्य उपसमितिहरू तथा विभागहरू स्थापना गर्ने प्रावधानसमेत रहेका छन् । यी उपसमितिहरूले स्थानीय

विकास तथा उत्तरदायी सरकार, लैङ्गिक समानता तथा महिला सशक्तीकरण, बालबालिका तथा युवासरोकार र जेष्ठनागरिक कल्याणजस्ता विषयक्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि स्थापित गरिएको छ ।

जनसङ्ख्या तथा विकासकाबिचको सम्बन्धलाई योजना, नीति, रणनीति, परियोजना निर्माण, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनसमेतका तहमा प्रगाढ बनाई यसको प्रतिफलकारूपमा जनताको जीवनस्तरलाई माथि उकास्न बहस, पैरवी र सचेतनाका माध्यमबाट सहयोग पुऱ्याउनु यसको प्रमुख लक्ष्य रहेको छ । संस्थाका सदस्यहरूका अनुभवका आधारमा जुनसुकै राष्ट्रियस्तरका कार्यहरू सुशासनयुक्तरूपमा गर्नसक्ने क्षमता भएकाले जनगणना, जनसङ्ख्या व्यवस्थापन, स्वास्थ्य र विकासका निमित्त सचेतीकरण गराई कार्यक्रमलाई सहजरूपमा सफल बनाउन मूख्य भूमिका हुनेछ । नेपाल सरकारका मन्त्रालयहरू, विभागहरू राष्ट्रिय योजना आयोग, अन्य सरकारी निकायहरू, नेपालमा कार्यरत दातृ संस्थाहरू, अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी निकाय, नागरिक समाज, शहकारी, विश्वविद्यालय, विद्यालय र समुदायमा आधारित संस्था तथा समूह यस संस्थाका साझेदार हुनेछन् । सम्बन्धित सरोकारवालाहरू सँग समन्वय गर्ने, सहकार्य गर्ने र कार्यक्रम सञ्चालन गर्ने, नेपाल सरकारले जनसङ्ख्या व्यवस्थापन गर्नका लागि बनाएका उद्देश्य, नीति नियम, ICPD र दिगो विकासका लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण रणनीति बनाएर कार्यान्वयनमा यस संस्थाको महत्त्वपूर्ण भूमिका हुनेछ ।

## मञ्चबाट हालसम्म सम्पन्न गरिएका मुख्य कार्यहरू

संविधान निर्माणका समयमा र तत्पश्चात् पनि वर्तमान संविधानको कार्यान्वयनको लागि यस संस्थाले संघ, प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । संस्थाको स्थापना कालदेखि हालसम्म सम्पन्न गरेका मुख्य कार्य :-

- जनसङ्ख्या र विकाससम्बन्धी अन्तराष्ट्रिय सम्मेलन (ICPD) मा जनसङ्ख्या र विकाससम्बन्धी उल्लेख गरिएका विषयमा संघीय र प्रदेश तहका सांसदहरूलाई सचेतीकरण कार्यक्रम,
- सन् २०१६ मा जनसङ्ख्या र विकासका लागि एशियाली सांसदहरूको मञ्चको दक्षिण एशियाली सांसदहरूको लागि बालविवाह रोक्ने सम्बन्धमा सहआयोजककारूपमा अन्तराष्ट्रिय कार्यक्रम सम्पन्न गरी बालविवाह रोक्नका लागि काठमाडौं घोषणा पत्र जारी,
- संविधान कार्यान्वयन सम्बन्धमा देशको शासन प्रणालीलाई सवलीकरण गराउन संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारसँग समन्वय गरी कानुन निर्माणका प्रक्रियाका लागि पैरबी,
- वित्तीय व्यवस्थापन र स्थानीय सरकारबाट गरिने विभिन्न प्रकारका सेवाप्रवाहका बारेमा अन्तराष्ट्रिय विशेषज्ञहरूसँग अनुभव तथा सिकाइ आदानप्रदान कार्यक्रम,
- विश्वव्यापी दिगो विकास लक्ष्य (SDG) का बारेमा संघीय सांसदहरू र प्रदेशसभा सदस्यहरूसँग छलफल तथा अन्तरक्रिया,
- बालविवाह रोकथामका लागि देशका सातै प्रदेशमा सचेतीकरण तथा अन्तरक्रिया,
- संघीय तथा प्रदेश सभामा संविधान कार्यान्वयन सम्बन्धमा एकरूपता निर्माणसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न । संघीय र प्रदेश तहका सांसदहरू र अन्य सरकारी निकायका कर्मचारीहरूलाई अन्तरसरकारबिचको समन्वय, लैङ्गिक समानता, सामाजिक समावेशी, कोभिड-१९ महामारी र खोपका बारेमा छलफल तथा अन्तरक्रिया,
- नेपालको शासन प्रणालीमा संघीय अभ्यास र अन्तरसरकारबिचको अन्तरसम्बन्धका बारेमा संघीयस्तरमा भर्चुअल तालिम सञ्चालन,
- स्वास्थ्य, जनसङ्ख्या व्यवस्थापन र विकासका बारेमा वागमती, लुम्बिनी र गण्डकी तीन प्रदेशमा राष्ट्रिय सभा र प्रदेश सभाका सदस्यहरू तथा स्थानीय तहका जनप्रतिनिधिहरूलाई सचेतीकरण कार्यक्रम,
- वोध अभिव्यक्ति/सृजनशीलता (Knowledge Product) का लागि संस्थाले विभिन्न प्रकारका पुस्तक प्रकाशन,
- संसदीय समितिहरू (केही) को वार्षिक कार्ययोजना निर्माणमा छलफल गरिएको छ ।

जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल

National Forum of Parliamentarians on Population and Development, NFPPD - Nepal

अनामनगर, काठमाडौं ।

फोन नं.: ०१५७०६७३४

ईमेल: nfppd2071@gmail.com

वेबसाइट: https://nfppd.org.np/